अर्थनीति

सेजन स्मारिका २०७५

कस्तो विकास ?

Our Star Humble Hero,

Sandeep Lamichhane

National Cricket Team Player

"I've always felt my parents' support even when I'm at tournaments, miles away."

Isn't it amazing when technology reaches out and brings you closer to your goals? It's the belief we're driven by.

Today. Tomorrow. Together.

#SandeepLamichhane
#TodayTomorrowTogether

Ncell
an axiata company

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
Hydroelectricity Investment & Development Company Limited

सन् २०६८ साल आषाढमा स्थापना भएको यस कम्पनीलाई हाल ६ वर्षका अबधि पुरागी ७ औं वर्षमा चलिरहेको छ। हालसम्मको कम्पनीको व्यावसायिक उपलब्धिहरु यस प्रकार छन्।

हालसम्मका उपलब्धिहरू

- कम्पनीले कुल ५७८MW क्षमताका १५ वटा जलविद्युत आयोजनाहरु जम्मा ८ अर्व २८ करोड रुपैयाँ ऋणको रुपमा लगानी गरि सकेको छ।
- साथै कम्पनीले ५ वटा कम्पनीहरुमा ३४ करोड रुपैयाँ बराबरको शेयर लगानी गरेको छ।
- कम्पनीले यस आ.ब. देखि जलबिधुत परियोजनाहरुमा पनि शेयर लगानी गर्न सुरु गरेको छ र यसै अन्तरगत ४२६ MW क्षमताको फुकोट कर्णाली जलबिधुत परियोजनाहरुमा १० प्रतिशत शेयर मुल्य बराबरको रकम करीब रु १ अर्ब २६ करोड लगानी गर्ने निर्णय गरेको छ
- कम्पनीले हाल सम्म रु. ३ अर्व १२ करोड खुद नाफा गरेको छ जस मध्ये गत आब २०७४(२०७५को खुद नाफा ८३ करोड नेपाली रुपैयाँ रहेको छ।
- स्थापनाकाल देखि हाल सम्म सरकारलाई विभिन्न आर्थिक वर्षहरुमा गरी कुल १ अर्व ३३ करोड रुपैयाँ आयकर बुझाएको छ।
- हाल सम्म कम्पनीले रु१ अर्व .८० करोड लाभान्ससेयर धनीहरुलाई वितरण गरेको छ।

अगामी ५ वर्षको योजना/लक्ष्य

- कम्पनीले आगामी ५ वर्षको लागि व्यावसायिक योजना तयार गरी सञ्चालक समितिको अनुमोदन गरी सकेको छ। जसअनुसार कम्पनीले आगामी ५ वर्षमा तपसिल बमोजिम लक्ष्य राखेको छ।
  - निजी क्षेत्रबाट निर्माण गरिने कुल ५६५ :ध क्षमताको विभिन्न ८ वटा जलविद्युत आयोजनामा रु. ५ अर्व ९ करोड रुपैयाँ सेयरको रुपमा लगानी गर्ने।
  - सरकारी निकायबाट निर्माण गरिने कुल १६४० :ध क्षमताका विभिन्न ५ वटा जलविद्युत आयोजनाहरुमा रु. १६ अर्व २१ करोड रुपैयाँ शेयरको रुपमा लगानी गर्ने
  - त्यस्तै निजीक्षेत्रबाट निर्माण हुने कुल १०३३ :ध क्षमताका विभिन्न १८ वटा जलविद्युत आयोजनाहरुमा रु. १४ अर्व ४६ करोड रुपैयाँ ऋणको रुपमा लगानी गर्ने लक्ष्य राखेको छ।
- कम्पनीले माथि उल्लेखित उपलब्धि हासिल गर्न स्वदेशी तथा विदेशी वित्तिय संस्थाहरुबाट आवश्यक स्रोतको व्यवस्था गरी परिचालन गर्ने लक्ष्य राखेको छ।

छबि राज पोखेल
प्रमुख कार्यकारी अधिकृत तथा समस्त कर्मचारी परिवार

थुप्रै योजना, उच्च बोनस दर
नेपाल लाइफको बीमित हुने, सारा नेपालीको रहर !

NEPALLIFE सुरक्षा र समृद्धि

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...

प्रधान कार्यालयः हेरिटेज प्लाजा ५, दोस्रो तल्ला, कमलादी, काठमाडौं । फोनः ४५६९०८२ । फ्याक्सः ४५६९०६९ । पो. ब. नं. ११०३०
ई-मेलः info@nepallife.com.np । वेबसाइटः www.nepallife.com.np www.facebook.com/Nepallife.Insurance

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

कस्तो विकास ?

एक दशक लामो हिंसात्मक विद्रोह र करिब त्यति नै अवधिको राजनीतिक सङ्क्रमण पार गरेको नेपाली समाज यतिखेर सामान्यकालका लागि अभ्यासरत छ । 'जनताद्धारा, जनताका लागि, जनताको सरकार' निर्माणको प्रयासमा झन्डै सात दशक खर्चेको समाज त्यसबाट प्राप्त पछिल्लो राजनीतिक व्यवस्था, सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने प्रयासमा छ । नयाँ व्यवस्थालाई सम्बोधन गर्ने संविधान निर्माण गरेर तीन तहका निर्वाचन सफलतापूर्वक सम्पन्न गरिसकेको मुलुक यतिखेर आर्थिक समृद्धि हासिल गर्ने तीव्र आकाङ्क्षामा छ ।

अर्थात्, यतिखेर राजनीतिक स्थिरता र आर्थिक समृद्धितर्फको नेपाली विश्वास उक्लिएको छ । गत वर्ष सम्पन्न तीन तहकै निर्वाचनमा देखिएको उल्लेख्य जनसहभागितालाई स्थिरता र समृद्धितर्फ व्यक्त आकाङ्क्षाकै परिणाम मान्न सकिन्छ ।

निर्वाचनबाट देशमा संसदीय गणितका आधारमा बलियो सरकार निर्माण भएको छ । यो सरकार निर्वाचनताका आम नागरिकमा देखिएको समृद्धितर्फको हुटहुटीलाई पुँजीकृत गर्दै बनेको हो भन्दा अत्युक्ति नहोला । राजनीतिक स्थिरताका लागि नागरिकले स्थिर सरकारलाई प्राथमिकता दिए, अब स्थिर स्वरूप प्राप्त गरेको सरकारले नागरिकको आकाङ्क्षा बनेको समृद्धिका लागि काम गर्नुपर्नेछ ।

तर, सरकारको पहिलो नौ महिनाको प्रस्तुतिले आम नागरिकको निर्वाचनकालीन उत्साह पातलिँदै गएको र सरकारका कामकारबाही जनअपेक्षाको कसीमा खरो उत्रन नसकेको देखिन्छ । यो हाम्रो सामान्यकालीन राजनीतिको निरन्तरता वा समृद्धिप्रतिको नागरिक आकाङ्क्षाका लागि मात्र नभई सामाजिक स्थिरताकै निम्ति जोखिमपूर्ण अवस्था हो । नागरिकलाई राज्यका सेवाप्रवाह गर्ने मुख्य दायित्व बोकेको सरकारको किंकर्तव्यविमूढ अवस्थाले समाजमा सामूहिक निराशा बढाउने जोखिम हुन्छ । र, यस्तो अवस्थामा नागरिक संस्थाहरूको पनि दायित्व रहन्छ- सरकारलाई बाटो देखाउने ।

२०७२ सालमा संविधानसभाबाट जारी संविधान मुलुकको इतिहासमा थपिएको अर्को नयाँ संविधान मात्र होइन, नेपाली राज्यमा युगौंदेखि कायम राजकीय, प्रशासकीय, आर्थिक, सामाजिक र सांस्कृतिक थितिहरूमाथिको परिवर्तन पनि हो । त्यही परिवर्तनका लागि संविधान अनुकूलका कानुन निर्माण भएका/भइरहेका छन् । बनेका वा बन्न लागेका कानुन संविधानले निर्दिष्ट गरेको लक्ष्य प्राप्तिका लागि अनुकूल रहेको/नरहेकोबारे विमर्श पनि चलिरहेको छ । संविधान र कानुन माध्यम मात्र हुन्, जसलाई परिवर्तित राज्यव्यवस्थाअन्तर्गत नेपाली आकाङ्क्षा सम्बोधनको जग मान्न सकिन्छ । जबसम्म राज्य र नागरिकबीचको सम्बन्धमा देखिने र महसुस हुने गरीको आत्मीयता कायम हुन सक्दैन, तबसम्म राज्य व्यवस्थामा भएको परिवर्तनसँग नागरिक आकाङ्क्षा जोडिन सक्दैन । र, यो आत्मीयता सरकारको 'डेलिभरी'देखि बौद्धिक तहतप्कामा हुने विमर्शसम्मले नागरिक आकाङ्क्षासँग आत्मसात् गर्दा मात्र विकसित हुन सक्छ ।

समृद्धि- लगभग सबैले स्वीकार गरेको आजको नागरिक आकाङ्क्षालाई एक शब्दमा गर्न सकिने सम्बोधन हो । धेरथोर आर्थिक पाटोमा मात्र सीमित रहेर व्याख्या भइरहेको 'समृद्धि'बारे समष्टिमा विमर्श हुन नसक्दा परिवर्तित राज्य व्यवस्थाबाट अपेक्षित समन्यायिक प्राप्ति सबैका लागि हुन नसक्ने निश्चित छ ।

समृद्धि आफैंमा आर्थिक उपार्जन मात्र होइन । यसको प्राप्तिका लागि हुने क्रियाकलाप समेत समृद्ध हुनुपर्छ । समाजबाट अपेक्षित समृद्धिभित्र रोजगारी बढाउने विषय मात्र नभई कुशल सार्वजनिक सेवा प्रवाह पनि पर्छ । कृषि उपार्जन बढाउन अत्यावश्यक जलाधार संरक्षणको पाटो पनि नेपाली समृद्धिसँगै जोडिएको विषय हो ।

यिनै तथ्यलाई दृष्टिगत गरेर नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले २१औं वार्षिक साधारणसभाका क्रममा प्रकाशन गर्न लागेको स्मारिका 'अर्थनीति'मा यस पटक 'कस्तो विकास ?' शीर्षकमा विभिन्न विमर्शयोग्य आलेखहरू समेटिएको छ । आर्थिक, सामाजिक, सांस्कृतिकलगायतका क्षेत्रसँग सम्बन्धित स्वास्थ्य, शिक्षा, कर्मचारी संयन्त्र, मानव संशाधन, भौतिक पूर्वाधार, कृषि, पर्यटन, जलस्रोत आदि विषयमा कस्तो नीति वा कार्यक्रम अङ्गीकार गर्दा देशले नागरिक आकाङ्क्षाअनुरूप फड्को मार्न सक्छ भन्नेबारेमा सम्बन्धित क्षेत्रका विज्ञहरूको विचारलाई 'अर्थनीति'मा समेटिएको छ । अर्को शब्दमा भन्दा सेजनले यस पटक आम चाहना बन्नपुगेको समृद्धि प्राप्तिका लागि 'कस्तो विकास' भन्ने अवधारणामार्फत 'फरवार्ड लुकिङ' दस्तावेज पेस गर्ने प्रयास गरेको छ । प्रत्येक क्षेत्र र विषयमा निहित सबल र दुर्बल पक्ष उजागर गर्दै पेस गरिने यथार्थ चित्रणसँगै बदलिएको परिवेशमा हाम्रो आवश्यकताको पहिचान गर्न सक्दा नीति निर्माण र कार्यान्वयनको तहमा समेत सकारात्मक दबाब पुग्ने विश्वास सेजनको छ ।

-सम्पादन मण्डल

अर्थनीति

नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा २१औं वार्षिकोत्सवका अवसरमा प्रकाशित

सम्पादन/व्यवस्थापन

किरण नेपाल

मधुकर दाहाल

भूमीश्वर पौडेल

भानु भट्टराई (स्केच)

द्वारिका काफ्ले (तस्बिर)

विश्वराज सापकोटा (लेआउट)

राजन पौडेल

सुन्दर दाहाल

सचिवालय

नेपाल आर्थिक पत्रकार समाज (सेजन)

अनामनगर, काठमाण्डौ

फोन नं. : ०१-४१०२९७४

इमेल : nepal.sejon@gmail.com

www.sejonnepal.org.np

प्रकाशित प्रति: १००००

प्रिन्टिङ :बीटी सप्लायर्स एन्ड प्रिन्टिङ प्रेस

बुद्धनगर, काठमाडौं

भविष्य आफ्नै हातमा
जिम्मेवार भई बचत गर्न Orange Savings, वार्षिक ७% ब्याजदरमा
♦ रु. ५,००० को न्यूनतम मौज्दात
♦ नि:शुल्क डेविट कार्ड, मोबाईल र ईन्टरनेट बैंकिङ्ग सेवा
♦ रु. १,००,००० बराबरको मेडिकल बीमाको साथै रु ५,००,००० बराबरको व्यक्तिगत दुर्घटना बीमा
♦ जुनसुकै ए.टि.एमबाट पैसा झिक्दा शुल्क नलाग्ने
बचत राम्रो हो ।
www.laxmibank.com
लक्ष्य छ, लक्ष्मी बैंक छ ।
लक्ष्मी बैंक
abritti media

हाम्रा लेखक

आशिष गजुरेल
लगानी बोर्डमा परामर्शदाताका रूपमा कार्यरत यातायात इन्जिनियर हुन् ।

खड्गबहादुर बिष्ट
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का पूर्वअध्यक्ष हुन् ।

गोकर्ण अवस्थी
सेजनका निवर्तमान अध्यक्ष हुन् ।

डा. गोविन्दराज पोखरेल
राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।

जीवन राई
कृषि उद्यमी तथा उच्चमूल्य बाली प्रवर्द्धन अभियन्ता हुन् ।

दीपेन्द्रबहादुर क्षेत्री
राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष तथा नेपाल राष्ट्र बैङ्कका पूर्वगभर्नर हुन् ।

नीरज खनाल
अन्तरप्रेरणा प्रालिका प्रमुख कार्यकारी अधिकृत तथा स्टार्टअप अभियन्ता हुन् ।

किशोर थापा
सहरी विकासका विज्ञ तथा पूर्वसचिव हुन् ।

गगन थापा
सङ्घीय संसदका सांसद तथा पूर्वस्वास्थ्यमन्त्री हुन् ।

गोपीनाथ मैनाली
भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव हुन् ।

चन्द्रकिशोर
मधेस मामिलाका जानकार एवम् पत्रकार हुन् ।

जुगल भुर्तेल
सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत हुन् ।

नरबहादुर थापा
नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक हुन् ।

प्रत्यूष वन्त र लोकरञ्जन पराजुली
अनुसन्धानमूलक संस्था मार्टिन चौतारीमा आबद्ध अध्येता हुन् ।

पुरूषोत्तम नेपाल
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव हुन् ।

मधुकर उपाध्या
पानी तथा जलाधारविज्ञ हुन् ।

मोहना अन्सारी
राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य हुन् ।

विश्व पौडेल
काठमाडौं विश्वविद्यालयका एसोसिएट प्रोफेसर तथा आईएलओका आर्थिक सल्लाहकार हुन् ।

शारदा रिजाल
महिला उद्यमी महासङ्घ अध्यक्ष हुन् ।

शिशिर खनाल
टिच फर नेपालका प्रमुख कार्यकारी अधिकृत हुन् ।

डा. सूर्यराज आचार्य
यातायात पूर्वाधार विज्ञ हुन् ।

हरिभक्त शर्मा
नेपाल उद्योग परिसङ्घका अध्यक्ष हुन् ।

भवानी राणा
नेपाल उद्योग वाणिज्य महासङ्घकी अध्यक्ष हुन् ।

मनीष झा
तथ्याङ्क विश्लेषणसम्बन्धी काम गर्ने फ्याक्ट्स नेपालमा आबद्ध छन् ।

डा. युवराज खतिवडा
अर्थमन्त्री हुन् ।

शान्तराज सुवेदी
पूर्वअर्थसचिव हुन् ।

शिव गाउँले
खोज पत्रकारिता केन्द्रका अध्यक्ष हुन् ।

डा. सतीश देवकोटा
युनिभर्सिटी अफ मिनेसोटा मोरिसमा अध्यापनरत अर्थशास्त्री हुन् ।

डा. स्वर्णिम वाग्ले
अर्थशास्त्री तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।

(वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।)

यसभित्र

विकास सुहाउँदो सार्वजनिक यातायात
आशिष गजुरेल..... ११

अबका नेपाली सहर
ई. किशोर थापा १५

ऊर्जा विकासमा मौलिक मोडल
खड्गबहादुर बिष्ट १९

बिमाबाट स्वास्थ्यमा सुलभ पहुँच
गगन थापा..... २३

दिगो विकास लक्ष्य : समृद्धिको प्रतिवद्धता
गोकर्ण अवस्थी..... २७

पुनर्संरचनाको आवश्यकता
गोपीनाथ मैनाली..... ३२

ग्रामीण विकासको बदलिँदो परिवेश
डा. गोविन्दराज पोखरेल..... ३७

देहातका लागि सुदिन
चन्द्रकिशोर..... ४०

उच्चमूल्य बालीबाट आर्थिक उत्थान
जीवनप्रसाद राई..... ४३

यही हो विकासका लागि जुर्मुराउने समय
जुगल भुर्तेल ४८

समकालीन परिस्थितिमा स्वायत्त केन्द्रीय बैङ्क
दीपेन्द्रबहादुर क्षेत्री..... ५२

अबको बैङ्किङ
नरबहादुर थापा ५६

'नवउद्यम' आर्थिक समृद्धिको जग
नीरज खनाल..... ५९

विश्वविद्यालय शिक्षामा बहुलताका स्वरूप
प्रत्यूष वन्त, लोकरञ्जन पराजुली ६३

सङ्घीयता र स्थानीय आर्थिक विकास
पुरुषोत्तम नेपाल..... ६८

निजीक्षेत्रसँगको साझेदारीमा समृद्धि
भवानी राणा..... ७३

पहिला जलाधार संरक्षण
मधुकर उपाध्या ७७

समृद्धिका लागि तथ्याङ्क संस्कार
मनीष झा..... ८०

समावेशिता, मानवअधिकार र विकास
मोहना अन्सारी ८३

समाजवाद उन्मुख विकासको कार्यदिशा
डा. युवराज खतिवडा ८७

आर्थिक वृद्धि र न्यायपूर्ण वितरणको प्रश्न
डा. विश्व पौडेल..... ९२

करको सत्यता, वाध्यता र नेपालको आयकर
डा. शान्तराज सुवेदी ९६

अव सोच बदलौ
शारदा रिजाल १००

सम्पत्ति, स्वामित्व र सार्वजनिक हितमा सर्वोच्च अदालतका तीन फैसला १०३
शिव गाउँले .....

समृद्धिका लागि सार्वजनिक शिक्षाको सुदृढीकरण
शिशिर खनाल १०७

कृषिबाट दोहोरो अङ्कको वृद्धिको सूत्र
डा. सतीश देवकोटा १११

मेरूदण्डीय यातायात प्रविधि कुन ?
डा. सूर्यराज आचार्य ११५

समुन्नत नेपालको न्यारेटिभ
डा. स्वर्णिम वाग्ले १२१

समृद्धिका लागि करमा क्रमभङ्गता
हरिभक्त शर्मा..... १२७

जनता सुरक्षा बचत खाता

जनताको सुरक्षामा हाम्रो साथ

दुर्घटना बीमा
रु. १०,००,०००/-
सम्म

अस्पताल खर्च
रु. १,००,०००/-
सम्म

औषधि उपचार खर्च
रु.५,०००/-
सम्म

७%

*शर्तहरु लाग्नु हुनेछ ।

न्यूनतम मौज्दात रु. १०,०००/-

विशेषताहरु:

- दैनिक मौज्दातमा वार्षिक ७% व्याजदर
- लकर सुविधामा ५०% छुट
- ATM, ABBS, Internet Banking तथा अन्य सुविधाहरु

बीमा सहकार्य:

नेको इन्सुरेन्स लि.
Neco Insurance Ltd.
MAKE A VISIBLE DIFFERENCE

Janata Bank
नेपाली जनताको बैंक, जनता बैंक

केन्द्रीय कार्यालय
सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाडौं
फोन: ०१-४१०१६३४, ४१०१६३५
इमेल: info@janatabank.com.np
वेभसाइट: www.janatabank.com.np

Standard Chartered

Achieve your financial goals by banking with the Bank that banks the World.

Whether you are saving for an investment or securing your family's future; or working on a plan that connects you to the wider world, Standard Chartered provides the perfect platform. Our extensive network & strong cross border abilities make us the bank of your choice for all your banking solutions.

As an integral part of a leading banking group, we serve in more than 60 of the world's most dynamic markets. Our purpose is to drive commerce and prosperity through our unique diversity, and our heritage and values are expressed in our brand promise, Here for good.

Widen your global network by banking safely and securely at your doorstep.

Open an account today!

To open your account online, log in to our website or visit our nearest branch today.

sc.com/np

Here for good

*Terms and conditions apply.

विकास सुहाउँदो सार्वजनिक यातायात

काठमाडौंका लागि अहिले उपयुक्त विकल्प बीआरटी देखिन्छ । बीआरटीको विकासपछि बिस्तारै रेलतर्फ लाग्नु उपयुक्त हुन्छ ।

आशिष गजुरेल

यातायात आज संसारकै आधारभूत आवश्यकता हो । सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउन यसको प्रयोग विधि र प्रयोजन महत्त्वपूर्ण छ । हाम्रो दैनिकीसँग जोडिएका विविध गतिविधि तथा स्थल (विद्यालय/कलेज, कार्यालय, अस्पताल, कलेज, बजार) सम्म आउजाउका साथै आफन्तसँगको भेटघाट जस्ता सामाजिक क्रियाकलापलाई यातायातले नै सम्भव र सहज बनाइरहेको छ । यसका अतिरिक्त मालसामान ओसारपसार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार संवर्द्धन र विकास आदि जस्ता आर्थिक क्रियाकलाप यातायात सुविधासँग नै जोडिएका हुन्छन् ।

विकास भन्नासाथ हामीमध्ये अधिकांशको मस्तिष्कमा सम्म मिलेको फराकिलो सडक र त्यस वरपर आधुनिक अग्ला घरको प्रारूप आउँछ । हुन पनि जस्तोसुकै विकासका लागि सडक न्यूनतम आधार हो । विमानस्थल, जलविद्युत् आयोजना जस्ता ठूला पूर्वाधार विकास पनि सडक पहुँचबिना कल्पना गर्न सकिँदैन । कम्तीमा ती पूर्वाधार विकासका लागि आवश्यक सामान ढुवानी र कामदार ओसारपसारका लागि सडक चाहिन्छ नै ।

बेलायतको आर्थिक क्रान्तिलाई रेलमार्ग विकासले सहयोग गरेको थियो । तर नेपाल जस्तो भूपरिवेष्ठित देशका लागि यातायातमा सडकको नै आवश्यकता अधिक छ । नेपालमा सडक सञ्जाल अहिले करिब ९० हजार किलोमिटर र सवारीसाधनको सङ्ख्या झन्डै ३० लाखको हाराहारीमा पुगेको छ । काठमाडौं उपत्यकाभित्र नै १२ लाख सवारी गुडिरहेका छन् । त्यसमध्ये ८० प्रतिशत त मोटरसाइकल मात्र छन् । त्यसपछि निजी कार ८ प्रतिशत छ । सार्वजनिक यातायात पुछारमा छ, जम्मा ५ प्रतिशत मात्र ।

काठमाडौंको जनसङ्ख्या अहिले करिब ५० लाख पुगेको अनुमान छ । यी जनसङ्ख्याको आवतजावतमा उपत्यकाभित्र दैनिक ३५ लाख ट्रिप यात्रा हुने गरेको केही अध्ययनले देखाएका छन् । विश्व बैङ्कले सन् २०१३ मा गरेको अध्ययनले काठमाडौंमा पाँच हजार तीन सय पाँच ओटा सार्वजनिक यातायातका साधन रहेको देखाएको थियो, जुन उपत्यकाको जनसङ्ख्याका लागि बिल्कुलै अपर्याप्त हो । काठमाडौंको सार्वजनिक यातायातको अवस्था अत्यन्त दयनीय भएको उक्त अध्ययनको निष्कर्ष छ ।

यसबाहेक पनि व्यवहारमै हामीमध्ये धेरैले सार्वजनिक यातायात प्रयोग गर्दा यसको स्तर र सास्तीको कैयौं अनुभूति बटुलेका छौं । हामीले गुन्द्रुक जस्तो कोचिएर पनि यात्रा गरेकाले निर्धक्क भएर सार्वजनिक सवारीसाधन चढ्ने दिनको अनौठो पर्खाइ छ ।

अहिले काठमाडौंको बिकराल ट्राफिक समस्या एउटा मुख्य छलफलको विषय बनेको छ । सवारीसाधनको भीडका कारण उपत्यकाका सडकमा ट्राफिक जाम स्वाभाविक जस्तै भएको छ । त्यसमाथि मोटरसाइकल अत्यधिक छन् । सुविधाजनक सार्वजनिक सवारीधनहरू अपर्याप्त छन्, जसले गर्दा सार्वजनिक यातायातमा भीड र कोचिएर यात्रुले ठगिएर यात्रा गर्नुपर्ने बाध्यता छ । यहाँका सडक प्रयोगमा ट्राफिक नियम उल्लङ्घन नौलो दृश्य होइन । सबै प्रयोगकर्ताका लागि सडक सुरक्षित छैन । यसका बाबजुद सडक सञ्जाल अपर्याप्त छ । पार्किङस्थलको समस्या झन् भयावह छ । महानगर र देशकै

राजधानी भएर पनि रात्रिसेवा नभएको सहर हो– काठमाडौं । उल्लिखित यी तथ्य हुन्, जसले काठमाडौंको सडक यात्राको वास्तविकता प्रस्ट्याउँछ ।

सार्वजनिक यातायातको यस्तो कुरूप चित्र बदल्न के गर्ने भन्ने अहिलेको मूल प्रश्न हो । सार्वजनिक यातायातमा उपलब्ध राम्रा विकल्पहरूमध्ये सही मूल्याङ्कन गरी काठमाडौंका लागि उपयुक्त प्रणाली छनोट तथा विकासमा आजै नलागे राजधानीको यातायात अवस्था काबुबाहिर जानेछ । जुन सहरी व्यवस्थापनका दृष्टिले पनि असाध्यै चुनौतीपूर्ण हुनेछ ।

काठमाडौंका केही सडकखण्ड चौडा पारिएका छन् । यद्यपि हाम्रो यो यातायात बेथितिको दीर्घकालीन समाधान होइन । फराकिला सडकसँगै उचित सार्वजनिक यातायात प्रणाली विकासले मात्र यातायात अव्यवस्थाको दीर्घकालीन हल दिन्छ ।

पहिला बीआरटी अनि रेल

सार्वजनिक यातायातका विकल्पका रूपमा पम्परागत बस सेवा, बस र्‍यापिड ट्रान्जिट (बीआरटी), ट्राम, मेट्रो रेल, लाइट रेल र ट्याक्सीको प्रयोग विश्वव्यापी रूपमा चल्दै आएका छन् । संसारकै उदाहरण हेर्ने हो भने काठमाडौंका लागि अहिले उपयुक्त विकल्प बीआरटी देखिन्छ । बीआरटीको विकासपछि बिस्तारै रेलतर्फ लाग्नु उपयुक्त हुन्छ । बीआरटी भनेको एउटा बस सिस्टम हो, जुन प्रायः छुट्टै लेनमा हिँड्छ र कुनै अवस्थामा मिश्रित ट्राफिकमा पनि सञ्चालन गर्न सकिन्छ, जसले रेल र बसहरूका राम्रा विशेषताहरू प्रयोग गर्छ ।

काठमाडौं जस्तै संरचना भएका सहरहरू - बोगोटा (कोलम्बिया), कुरितिबा (ब्राजिल), अहमदावाद (भारत) लगायतमा यस्तै सार्वजनिक सवारी सञ्चालनमा छन्, जसले सहरी यात्रुलाई राम्रो सेवा दिइरहेका छन् ।

मेट्रोको लागत बीआरटीको तुलनामा १० देखि शतप्रतिशतले बढी हुन्छ । यस्तै, लाइट रेल पनि बीआरटीभन्दा ४ देखि २० प्रतिशतसम्मले महँगो हुन्छ । बीआरटीको सञ्चालन खर्च पनि मेट्रो र लाइट रेलभन्दा निकै कम पर्छ । त्यसैले काठमाडौंको सार्वजनिक यातायातका लागि बीआरटी उपयुक्त छ ।

बीआरटीमा जटिल इन्जिनियरिङ प्रयोग नहुने भएकाले यो यातायात प्रणाली सञ्चालन गर्न छिटो र सरल हुन्छ । रेललाई जस्तो बीआरटी सञ्चालन गर्न विशेष लाइन चाहिँदैन र बिजुली नभए पनि हुन्छ । बीआरटीको अर्को राम्रो पक्ष, यसलाई विभिन्न चरणमा विकास गरेर पूरा गर्न सकिन्छ । कम लागतमै सञ्चालनमा ल्याउन सकिने यो प्रणालीको यात्रु क्षमता भने बढी हुन्छ । विश्वसनीय र सुविधाजनक हुनुका साथै गन्तव्यसम्म डाइरेक्ट र प्रिमियम सेवा दिन सफल पनि छ यो । संरचनाका दृष्टिले काठमाडौंसँग मिल्दोजुल्दो बोगोटामा तीन वर्षमा यो सेवा सञ्चालनमा आएको थियो । बोगोटामा यो तीन चरणमा विकास गरिएको हो ।

बोगोटाको ८० लाख जनसङ्ख्याका लागि औसत एक सय यात्रु क्षमताका लगभग १८ हजार बस सञ्चालन गरिएका छन् । यही अनुपातको सोझो हिसाबले काठमाडौंको करिब ४० लाख जनसङ्ख्याका लागि त्यति नै यात्रु क्षमताका झन्डै ९ हजार बस आवश्यक हुने देखिन्छ । तर पाँच वर्षअघिको अध्ययनले काठमाडौंमा जम्मा ५ हजार ३ सय ५ मात्र सार्वजनिक सवारी चल्ने देखाएको थियो, जुन अहिले केही बढेको छ । तथापि, आवश्यक सङ्ख्यामा पुगेको छैन । भएका सार्वजनिक सवारीसाधनमा अधिकांश थोरै सिट क्षमताका छन् । काठमाडौंमा ठूला बसको सङ्ख्या नै कम भएकाले पनि यात्रुले राम्रो सेवा पाउन नसकेका हुन् ।

यद्यपि, कति सङ्ख्यामा बस चाहिन्छन् भन्ने इन्जिनियरिङ अध्ययनले निर्क्योल गर्ने विषय हो । र सार्वजनिक यातायातको सञ्चालन मोडल पनि महत्त्वपूर्ण छ । उदाहरणस्वरूप बोगोटामा सार्वजनिक निजी-साझेदारी (पीपीपी) मोडलबाट सार्वजनिक बससेवा सञ्चालन भएको छ । र नाफामै छ । निजीक्षेत्र सञ्चालन र व्यवस्थापनमा सरकारी क्षेत्रभन्दा निकै प्रभावकारी हुने हुनाले यस्तोमा निजीक्षेत्रलाई नै संलग्न गराउनुपर्छ ।

> काठमाडौंका लागि अहिले उपयुक्त विकल्प बीआरटी देखिन्छ । बीआरटीको विकासपछि बिस्तारै रेलतर्फ लाग्नु उपयुक्त हुन्छ ।

नेपालमा दिनप्रतिदिन निजी सवारीसाधनको सङ्ख्या बढ्दो छ । बर्सेनि १५ देखि १७ प्रतिशतले सवारीसाधन बढिरहेको तथ्याङ्क छ । सार्वजनिक यातायात सञ्चालन राम्रो नभएकाले पनि यसरी बर्सेनि निजी सवारीसाधन बढ्दै गएको हो । सार्वजनिक सवारीसाधन सुरक्षित, प्रयोगकर्तामैत्री, सस्तो, भरपर्दो, वातावरणमैत्री र आरामदायी हुनुपर्छ । तर नेपालमा 'सस्तो'बाहेक सार्वजनिक यातायातमा हुनुपर्न अरू कुनै गुण भेटिँदैन । यसैले सकीनसकी निजी सवारीसाधन किन्न नेपाली बाध्य छन् । सार्वजनिक यातायात त गरिबका लागि मात्र हो भन्ने धारणा हामीकहाँ स्थापित छ । यो सोचमा परिवर्तन ल्याउन सार्वजनिक यातायातमा सघन सुधारको खाँचो छ ।

समाधानका उपाय

सर्वप्रथम, राजनीतिक स्तरबाटै नेपालमा सार्वजनिक यातायातमा दिगो प्रणाली विकास गर्नुपर्छ भन्ने कुराको बोध हुनुपर्छ । सरकारबाट यसको विकासको प्रतिबद्धता आएपछि त्यसका लागि एउटा अलग्गै निकाय स्थापना गरिनुपर्छ । सोपछि बीआरटी सेवा सञ्चालनको विस्तृत अध्ययन गरिनुपर्छ । अध्ययनबाट सेवा सञ्चालनको ढाँचा तथा प्रणाली, प्रविधि, आवश्यक सवारी सङ्ख्या, वित्तीय पाटो (लागत, आम्दानी, खर्च, प्रतिफल आदि) र वातावरणीय तथा सामाजिक प्रभाव इत्यादि पक्षहरूको विस्तृत विवरणसहितको प्रतिवेदन तयार गर्नुपर्छ ।

त्यसपछि सक्दो चाँडो यसलाई विकास गर्नतिर लाग्नुपर्छ । काठमाडौंको मुख्य सडक (ट्रङ्क रूट)मा एक सयभन्दा बढी यात्रु बोक्ने बस र सहायक सडक (फिडर रूट)मा साना सवारीसाधन चलाउन सकिन्छ । ठूलो क्षमताका बस चलाउँदा सडकको क्षेत्र पनि कम ओगटिन्छ, जसबाट ट्राफिक जाम पनि कम हुन्छ र सडकमा कम सवारीसाधन हुनेबित्तिकै दुर्घटना पनि घट्छ ।

बीआरटी विकास गर्दा पाइलट प्रोजेक्टका रूपमा पहिलो चरणमा २७.५ किमि रिङरोडमा यो सञ्चालन गर्न सकिन्छ । त्यसपछि मुख्य सडकमा बीआरटी सेवा सञ्चालन गर्दै विभिन्न चरणमा यसको विकास गर्नुपर्ने हुन्छ ।

बीआरटी सञ्चालनका लागि एउटा छुट्टै लेन बनाउनु राम्रो हुन्छ । अहिले रिङरोडमा त्यसका लागि एउटा छुट्टै लेन बनाउने ठाउँ पनि पुग्छ । सँगै यसका लागि ट्राफिक लाइटलाई प्राथमिकता दिएर स्वचालित बनाउनुपर्छ । भाडा तिर्ने प्रणाली पनि स्वचालित र एकीकृत लागू गराउनुपर्छ । र यसको सञ्चालन निजीक्षेत्रले गर्नुपर्छ । बस सबै वर्गलाई हुने किसिमको आकर्षक, उच्च क्षमताको, आरामदायी, सस्तो, विश्वसनीय र सुरक्षित हुनुपर्छ । यति भयो भने निजी सवारीसाधन चढ्ने पनि बीआरटीतिर आकर्षित हुन्छन् ।

त्यस्तो सहर राम्रो मानिन्छ, जहाँ गरिबले कारमा यात्रा गर्नुभन्दा धनी वर्ग सार्वजनिक यातायात प्रयोग गर्छन् । बेलायती प्रधानमन्त्रीदेखि फ्रान्सका राष्ट्रपतिसम्म सार्वजनिक यातायातमा यात्रा गर्छन् ।

बेलायती पूर्वप्रधानमन्त्री डेभिड क्यामरून, फ्रान्सका पूर्वराष्ट्रपति फ्रन्क्वोइस होलान्ड, न्युयोर्कका पूर्वमेयर बिल दे ब्लासिओले सार्वजनिक यातायात प्रयोग गर्ने गरेको उदाहरण हामीसामु नै छन् ।

सार्वजनिक यातायातको राम्रो सुविधा हुने हो भने गरिब, मध्यमवर्गीय र धनी सबै वर्गले यसको प्रयोग गर्नेमा दुई मत हुन्न । किनकि, मोटरसाइकल चलाउनेदेखि निजी कार चढ्नेहरूका पनि आआफ्नै व्यथा छन् । मोटरसाइकल सुरक्षाका दृष्टिकोणबाट निकै जोखिमपूर्ण छ । पानी पर्दा, जाडो वा गर्मी हुँदा मोटरसाइकल चढ्नु अति नै कष्टदायक हुन्छ । कार चढ्नेलाई यातायात निकै मँहगो हुन्छ । साथै सधैं पार्किङ र जामले सताइरहन्छ । गुणस्तरीय सार्वजनिक यातायात यी समस्याको समाधान हो ।

टिकट तथा समय तालिका एकीकृत प्रणालीबाट व्यवस्थापन गर्दै सफा, आरामदायी, भरपर्दो र सुरक्षित सार्वजनिक यातायातको माध्यम काठमाडौंमा सुरू गर्नुबाहेक अहिले सार्वजनिक यातायात समस्या हल गर्ने अर्को उत्तम विकल्प छैन । यसैले सरकारले यो अवस्थाको निकासका लागि जति सक्दो चाँडो बीआरटीको विकासमा लाग्न जरूरी छ ।

अर्घाखाँची
ओ.पि.सि. सिमेन्ट

हो रै छ, अर्घाखाँची सिमेन्ट नै सबैभन्दा उत्कृष्ट रै छ !

PRISMA - O-M/18

सही मूल्य, सही तौल, सही गुणवत्ता

आफ्नै खानीको चुनढुंगा | सबैभन्दा बलियो र भरपर्दो | अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधि | सुरक्षित भविष्य

आफ्नै चुनढुंगा खानी भएको अत्याधुनिक एफ.एल.एस. डेनिस प्रविधिबाट उत्पादन गरि सही तौल मापन गरिएको सम्भवतः नेपालकै सबैभन्दा ठूलो ओ. पि. सि. सिमेन्ट उद्योग।

सबैभन्दा स्तरीय सिमेन्ट

अबका नेपाली सहर

पुराना सहरहरूको मौलिकता जोगिने गरीको संरक्षण र संवर्द्धन तथा आधुनिक प्रविधिको प्रयोगमार्फत नयाँ सहरको विकास नै नेपालीले चाहेको वास्तविक सहरी विकास हो ।

किशोर थापा

हाल विश्वको आधाभन्दा बढी जनसङ्ख्या सहरमा बस्छन् । सहरीकरणले प्रायः सबैजसो देशलाई गाँजेको छ । सन् २०३० सम्ममा विश्वको दुईतिहाइ जनसङ्ख्या सहरमा बस्ने अनुमान गरिएको छ । नेपालमा पनि सहरीकरण तीव्र गतिमा भइरहेको छ । सरकारले ६ ओटा महानगर, ११ ओटा उपमहानगर र २ सय ७६ ओटा नगरपालिका घोषणा गरेको छ, जहाँ देशको कुल जनसङ्ख्याको ६५ प्रतिशत बसोवास गर्दछन् ।

यद्यपि, नगरपालिका क्षेत्रमा बस्ने सबै जना सहरिया हुन् भन्न सकिन्न । किनकि त्यहाँका धेरै बासिन्दा अझै पनि कृषि पेसामा निर्भर छन् । सहरीकरणको प्रमुख लक्षण भनेकै कृषिबाट गैरकृषि पेशामा जनसङ्ख्याको रूपान्तरण र गाउँबाट सहरमा मानिसको बसाइसराइ हो । नेपालमा एकातिर आआफ्नो गाउँ वा बस्तीलाई नगरपालिका घोषणा गरियोस् भन्ने माग गरिन्छ भने अर्कोतिर कुनै पूर्वाधार नभएको ठाउँलाई हचुवाका भरमा नगरपालिका घोषणा गरियो भनेर विरोध पनि हुन्छ । राजनीतिकर्मीहरू आआफ्ना निर्वाचन क्षेत्रका पूर्वाधार नभएका बस्तीहरूलाई नगरपालिका घोषणा गर्न चाहन्छन् । जनता पनि नगरपालिका घोषणा भएपछि सेवासुविधा पाइएला र जग्गाको भाउ बढ्ला भने भ्रममा पर्छन् । नगरपालिकाहरूमा जब निर्वाचित जनप्रतिनिधिले आफ्नो तलबभत्ता र अन्य सुविधा वृद्धि गर्न नयाँ कर लगाउन थाले, त्यसपछि नागरिकहरू झसङ्ग भए र थाहा पाए– नगरपालिका घोषणाको मूल्य कति महँगो हुन्छ ।

भौगोलिक रूपमा नेपालका अधिकांश सहर तराई र भित्री मधेसमा अवस्थित छन् । राजमार्गका आसपास, पूर्व-पश्चिम राजमार्ग र उत्तर-दक्षिण राजमार्गको चौबाटोमा पनि तीव्र रूपमा सहरीकरण भइरहेको छ । अन्य देशमा सहरीकरण र औद्योगिकीकरण सँगसँगै भइरहेको हुन्छ । तर नेपालमा त्यसो भएको छैन । प्रशासनिक केन्द्र, बजार केन्द्र र भारतीय सीमा नाकामा सहरीकरणको चाप बढी देखिन्छ ।

देशको सबभन्दा ठूलो सहरी क्षेत्र काठमाडौं उपत्यका हो, जहाँ १६ ओटा नगरपालिका र दुई ओटा महानगरपालिका पर्छन् । यसको आकार र जनघनत्व अन्य सहरको तुलनामा निकै बढी छ । अन्तर्राष्ट्रिय विमानस्थल, राजनीतिक तथा प्रशासनिक शक्तिको केन्द्र भएका कारण काठमाडौं उपत्यकामा देशको कुल सहरी जनसङ्ख्याको एकचौथाइ भाग बसोवास गरिरहेको अनुमान गरिएको छ ।

२०७४ वैशाखमा स्थानीय तहको निर्वाचनताका नगरपालिका प्रमुखका उम्मेदवारहरूले सहरी विकासका मुद्दा जोडदार रूपमा उठाए । स्मार्ट सिटी, ग्रिनसिटी, मेट्रो रेल, मोनोरेलका कुरा निकै चर्चामा आए । सपनाहरू पनि निकै बाँडियो । नागरिकका अपेक्षा पनि निकै बढ्यो ।

सहर र अर्थतन्त्र

देशको अर्थतन्त्रमा सहरी क्षेत्रको योगदान निकै ठूलो हुन्छ र यसलाई आर्थिक विकासको इन्जिन पनि मानिन्छ । तर नेपालका सन्दर्भमा केही औद्योगिक सहरलाई छाडेर अधिकांश सहर उत्पादनमा भन्दा विदेशी वस्तुको खपत र उपभोग केन्द्रका रूपमा रहेका वा विकास भएका छन् । देशमा वार्षिक रूपमा भित्रिने करिब ७ खर्ब रेमिट्यान्सको ठूलो हिस्सा सहरमा घरजग्गा किन्न, घरबहाल लिन, गरगहना, सौन्दर्यप्रसाधन

आपराधिक गतिविधि बढेको देखिन्छ । आम नागरिकमा अधिकारको चेतना बढेसँगै कर्तव्य र दायित्वबोध नहुनाले सरकारले सुरू गरेका कतिपय विकास निर्माणका आयोजनामा अवरोध सिर्जना हुने गरेको छ । नयाँ सहरी क्षेत्रको विकास र विद्यमान सहरको विस्तारका लागि जग्गा विकास र व्यवस्थापन गर्न नसक्दा जथाभावी प्लटिङ गर्ने वा खेतबारीमा घर बन्ने क्रम जारी छ ।

आधुनिक उपभोक्तावादी संस्कृतिको विकाससँगै पुराना बस्ती र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्न कठिन हुँदै छ । विशेषगरी काठमाडौं उपत्यकामा देशका विभिन्न भागबाट बसाइँ सरेर आउनेहरूको चापका कारण पुराना बस्तीहरूको अस्तित्व नै सङ्कटमा परेको र रैथाने नेवार समुदायको रीतिरिवाज तथा धर्मसंस्कृतिमाथि अतिक्रमण हुँदै गएको आवाज सुनिन थालेको छ । भर्खरै सङ्घीय संरचनामा गएसँगै स्थानीय, प्रदेश र सङ्घीय सरकारको काम कर्तव्य र अधिकारबारे अन्योल कायमै छ ।

किन्न र खानपिनका लागि खर्च भइरहेको छ । हाम्रा सहरहरूमा उद्योग, कलकारखाना स्थापना गर्नेभन्दा रेस्टुराँ, गहना/तयारी कपडा/सौन्दर्य सामग्री इत्यादिका पसल, औषधि पसल, अस्पताल, नर्सिङ होम, एजुकेसनल कन्सल्टेन्सी, म्यानपावर व्यवसायका कार्यालय, ट्राभल एजेन्सी आदि खुल्ने क्रम बढ्दो छ ।

उद्योगधन्धा र कलकारखानालाई सहरको मेरूदण्ड मानिन्छ । रोजगारी सिर्जना गर्न र स्थानीय सरकारको राजस्व बढाउने यी भरपर्दो आधार मानिन्छन् । तर नेपालमा यसको अभावमा नगरपालिकाको आर्थिक आधार निकै कमजोर मात्र छैन कि नगरवासीका लागि रोजगारी र आयआर्जनका अवसर पनि न्यून देखिन्छन् ।

> आधुनिक उपभोक्तावादी संस्कृतिको विकाससँगै पुराना बस्ती र ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्न कठिन हुँदै छ ।

प्रमुख मुद्दा र चुनौती

हाल देशमा सहरीकरणले आर्थिक तथा सामाजिक अवसरका ढोका खोल्नुका साथै विभिन्न सामाजिक तथा वातावरणीय समस्या पनि पैदा गरेको छ । एकातर्फ अव्यवस्थित बसोवासले सहरको स्वरूप बिग्रँदै छ भने अर्कोतर्फ पूर्वाधारको कमीले सहरवासीको जीवन कष्टकर हुँदै गएको छ । तराई मधेसका सहरहरूमा बाढी तथा डुबानको जोखिम बढ्दै छ । पहाडी क्षेत्रमा पहिरोको जोखिम बढिरहेको छ ।

पहिलेका धेरै गाउँहरू अहिले नगरपालिका बनेका छन् । तर नगरपालिकामा हुनुपर्ने व्यवस्थापकीय क्षमताको अभावले गर्दा तिनले आफ्नो कार्यसम्पादन गर्न सकेका छैनन् । बेरोजगारी र असुरक्षाका कारण

नयाँ सहर बनाउने, पुरानालाई सुधार्ने

देशका विभिन्न भागमा सानाठूला सहर छन् । कतिपय सहरको इतिहास निकै पुरानो भए तापनि तिनीहरू असाध्यै जीवन्त छन् । कतिपय सहर मोटरबाटो निर्माण भएसँगै अस्तित्व नै लोप हुने अवस्थामा पुगेका छन् । यस्ता सहरहरू मौलिक वास्तुकला र संस्कृतिका दृष्टिले महत्त्वपूर्ण छन् । ती सहरको पुनरूत्थान गरी पर्यटनको विकास गर्न सकिने सम्भावना छ । उदाहरणका लागि तनहँको बन्दीपुर, जुन कुनै समय जिल्लाको व्यस्त सदरमुकाम थियो । तर पृथ्वी राजमार्गको निर्माणसँगै सदरमुकाम दमौलीमा सारिएपछि यो उजाड बन्न पुगेको थियो । लामो समयको अन्तरालपछि स्थानीय र त्यहाँबाट बसाइँ सरेर अन्यत्र गएका केही प्रभावशाली व्यक्तिको प्रयासबाट अहिले आन्तरिक पर्यटनको केन्द्र बनेको छ, बन्दीपुर । त्यस्तै अन्य पुराना बस्तीहरूमा भोजपुरको टक्सार, धनकुटा, सङ्खुवासभाको चैनपुर, नुवाकोट, दोलखा, बागलुङ, तानसेन, डोटीको सिलगढी इत्यादिलाई लिन सकिन्छ । ती बस्तीहरूको सुधार तथा विकास गरेर स्थानीयवासीको जीवनस्तरमा सुधार गर्दै पर्यटनलगायतका गतिविधि बढाउन सकिन्छ ।

त्यस्ता बस्तीको संरक्षण र विकास गर्दा पुरानो क्षेत्रको मौलिकता कायम गर्दै आधुनिक सेवासुविधाको व्यवस्था गर्नु आवश्यक छ । किनकि नयाँ पुस्ताको माग र रूचिअनुसारका सुविधा नभईकन उनीहरूलाई त्यहाँ टिकाउन सकिन्न । साथै, बाहिरबाट आउने पर्यटकका लागि पनि

न्यूनतम सेवासुविधा आवश्यक हुन्छ । त्यहाँका सार्वजनिक बाटो, चोक, मठमन्दिर, कलात्मक भवनहरू, सार्वजनिक स्थल आदिलाई क्षति नपुऱ्याई सेवासुविधाको विकास गर्न सकिन्छ । भविष्यमा थपिने जनसङ्ख्याका लागि नयाँ क्षेत्रको विकास गर्दा आधुनिक सहरको शैली अपनाउन सकिन्छ । तर नयाँ क्षेत्रमा पनि पुरानो बजारको स्वरूप झल्किने वास्तुकलाको प्रवर्द्धन गर्नु उपयुक्त हुन्छ ।

मल्लकालमा समृद्ध भक्तपुर सहर कालान्तरमा बिग्रँदै मानिसहरू बस्नै नसक्ने अवस्थामा पुगेपछि सरकारबाट भक्तपुर विकास परियोजना लागू गरी करिब १५ वर्षको निरन्तर प्रयासपछि यो पुनर्निर्माण गरिएको हो । हाल भक्तपुर देशकै एउटा सांस्कृतिक नगरका रूपमा परिचित छ । र विदेशी पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । पर्यटनबाट प्राप्त आम्दानीबाट भक्तपुर नगरपालिकाले नगरवासीका लागि विभिन्न सेवासुविधा उपलब्ध गराउन सक्षम भएको छ ।

पुरानो सहरको संरक्षण र विकास गरेर नाम कमाएका सहरको उदाहरणका रूपमा इटालीको रोम, जापानको क्योटो र नारा सहरलाई लिन सकिन्छ, जहाँको अर्थतन्त्रको मेरूदण्डका रूपमा पर्यटनलाई लिइन्छ ।

पुराना सहर बजारको विकास गर्दा माथिका विषयमा ध्यान दिने र नयाँ सहर विकास गर्दा आधुनिक तरिका अपनाउनु उपयुक्त हुन्छ । तर आधुनिक सहर विकास गर्ने बहानामा पुराना बस्ती, वास्तुकला, सांस्कृतिक सम्पदा मास्ने काम गर्नु उचित हुँदैन ।

दिगो सहरी विकासको रणनीति

सहरी विकासका क्षेत्रमा हाल देखिएका चुनौती र समस्या समाधान गर्ने नसकिने होइन । नेपालले भर्खरभर्खर आधुनिक सहरी विकासमा पाइला चाल्न थालेको हुँदा समस्यालाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा सरोकारवालाहरू, प्राज्ञ, राजनीतिकर्मी, नागरिक समाज, पेसाकर्मीका आआफ्ना तर्क, अडान र मान्यता हुन सक्छन् । तर देशको बृहत्तर हितका लागि हाल भइरहेको सहरीकरणलाई व्यवस्थित गर्नुपर्नेमा कसैको मतभेद हुनुहुँदैन । सहरी क्षेत्रको समग्र विकासका लागि निम्न उपाय अपनाउनुपर्छ–

- सबै पक्षको सहभागिता र समन्वयमा योजना तर्जुमा गर्ने र सो योजनाअनुसार विकास, निर्माण र सहरको शासन व्यवस्था सञ्चालन गर्ने ।
- निजी लगानीकर्तालाई आकर्षित गर्ने किसिमका नीतिनियम बनाउने र सोअनुसार निर्णय गर्दै जाने ।
- जनप्रतिनिधिले आफूले तर्जुमा गरेको नीतिमा अडिग रही विकास निर्माण कार्यको नेतृत्व गर्दै जाने ।
- पूर्वाधारमा जस्तै जनशक्तिमा पनि लगानी गर्ने नीति लिने । नगरपालिकाले आफूलाई आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्न उपलब्ध जनशक्तिका लागि तालीम तथा उत्प्रेरणाको व्यवस्था गर्ने र नयाँ जनशक्ति उत्पादनमा जोड दिने ।
- नागरिक कर्तव्यबारे जनचेतना वृद्धि गर्दै नागरिकमा स्वयम् सेवाको भावना जागृत गर्ने ।
- नयाँ नगरपालिकाले आफ्ना वडाहरूलाई सहरी र ग्रामीण क्षेत्रका रूपमा वर्गीकरण गर्ने र सोअनुसार भवन निर्माण मापदण्ड, राजस्व सङ्कलनको कार्यविधि बनाउने । यसबाट सामाजिक न्याय र समावेशिता सुनिश्चित हुनेछ ।
- नागरिकहरूमा गुणस्तरीय निर्माण कार्यको महत्त्व बुझाउँदै सरकारद्वारा आम नागरिकको सुख र सुबिस्ताका लागि गरिने सार्वजनिक निर्माणमा गुणस्तर सुनिश्चित गर्न मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी कडाइका साथ लागू गर्ने ।
- पुराना बस्ती तथा सहरको मौलिकता कायम र त्यहाँका सम्पदाको संरक्षण गर्न स्थानीयमा जनचेतना वृद्धि गर्दै त्यस्ता बस्तीमा परम्परागत काष्ठकला, हस्तकला तथा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्ने ।

> “व्यक्तिगत र पार्टीगत लाभहानिका आधारमा निर्णय लिने, संस्थागत क्षमता विकासतर्फ ध्यान नदिई व्यक्तिवादी सोच राख्ने, नागरिकले तिरेको करलाईआफ्नोतलबभत्ता र सुविधामा खर्च गर्ने र उत्कृष्टताभन्दा राजनीतिक पहुँचमा जोड दिने हालको प्रवृत्तिमा व्यापक सुधार गर्नुपर्ने खाँचो छ ।

अगाडिको बाटो

स्थानीय निर्वाचन सम्पन्न भई ५ वर्षका लागि जनप्रतिनिधिले नगरपालिका सम्हालेको अहिलेको अवस्थामा सहरी विकासका लागि ठोस योजनासहित अगाडि बढ्ने अवसर प्राप्त भएको छ । व्यक्तिगत र पार्टीगत लाभहानिका आधारमा निर्णय लिने, संस्थागत क्षमता विकासतर्फ ध्यान नदिई व्यक्तिवादी सोच राख्ने, नागरिकले तिरेको करलाई आफ्नो तलबभत्ता र सुविधामा खर्च गर्ने र उत्कृष्टताभन्दा राजनीतिक पहुँचमा जोड दिने हालको प्रवृत्तिमा व्यापक सुधार गर्नुपर्ने खाँचो छ । नगर प्रमुखले आम नागरिकको हितका लागि पार्टीको कार्यकर्ताका रूपमा नभई सबैको साझा नेताका रूपमा प्रस्तुत हुन सक्नुपर्छ ।

देशभित्र नगरपालिकाहरूमा एकआपसमा लगानी भित्र्याउन, नागरिकमैत्री सेवासुविधा विस्तार गर्न, छिटोछरितो सेवा दिन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, समावेशी सहरी समाज निर्माण इत्यादिमा प्रतिस्पर्धा गराउनु पनि आवश्यक छ । लगानीकर्तालाई कहाँ लगानी गर्दा बढी प्रतिफल आउँछ भन्ने जानकारी प्रदान गर्न र विभिन्न विकल्पको अध्ययन गर्न पनि यस्तो प्रतिस्पर्धाले सजिलो बनाउँछ ।

यसैगरी आफूलाई दिइएको अधिकार र कार्यक्षेत्रभित्र पर्ने कार्यसम्पादन गर्न आवश्यक जनशक्तिको व्यवस्था बेलैमा गर्नु आवश्यक छ । लोकतन्त्र र सङ्घीयताको वास्तविक अभ्यास हुने ठाउँ भनेकै नगर क्षेत्र हुन्, जहाँ देशको दुईतिहाइ जनसङ्ख्या बसोवास गर्दछ । सङ्घीय संरचनामा गएपछि सहरी विकास नगरपालिका र प्रदेश सरकारको कार्यक्षेत्रमा परेको छ । तसर्थ ती दुईतहका सरकारबीच सहकार्य पनि आवश्यक छ, जसका लागि प्रदेश र स्थानीय तहले आफूलाई प्रतिस्पर्धी होइन कि सहयोगीको भूमिकामा रहनुपर्दछ ।

NS No .166

ISO 9001 CERTIFICATE NO. 54187
ISO 9001:2015



EVERYWHERE WE STAND

We stand everywhere for everyone since 25 years thanking all our valued customers for standing beside us.

We present you transformers ranging upto 10 MVA and 132 KV voltage class.



Nepal Ekarat Engineering Co. Pvt. Ltd

OFFICE:
Jaycees Marg, Thapathali, Kathmandu, Nepal, P.O. Box: 1939
Tel: +977 1 4243436, 4244857, 4252169 | Fax: +977 1 4253612 | Email: info@neek-transformer.com

FACTORY:
Thana Bharyang, Nawalpur, Hetauda
Tel: +977 057 520994, 520935 | F: +977 057 520689 | Emali: works@neek-transformer.com

ऊर्जा विकासमा मौलिक मोडल

निजीक्षेत्रबाट उल्लेखनीय विद्युत् उत्पादन र प्राधिकरणको कुशल नेतृत्वको परिणामस्वरूप जलविद्युत् क्षेत्र सफल बाटोतर्फ लागेको छ ।

खड्गबहादुर बिष्ट

केही समययता विद्युत् व्यवस्थापनमा देखिएको सुधारले लगभग आधा समय लोडसेडिङमै बस्नुपर्ने बाध्यता हटेको छ । जैविक ऊर्जाबाट क्रमिक रूपमा आधुनिक ऊर्जामा देश बढिरहेको छ । यद्यपि, नेपाल ऊर्जा सुरक्षाको पूर्णअनुभूतिको अवस्थासम्म भने आइसकेको छैन । विश्व तापीकरणको मूल स्रोत तथा नेपालको वैदेशिक मुद्रा सञ्चिति दोहनको मुख्य कारण आयातित पेट्रोलियम नै हो, जसलाई सम्भाव्य परिमाणसम्म घटाउन वा प्रतिस्थापन गर्न सके मात्र नेपाल ऊर्जा सुरक्षाउन्मुख हुनेछ ।

ऊर्जाका स्रोत र यसको सुरक्षा वर्तमान विश्वको एउटा प्रमुख चिन्ता र चासोको विषय पनि हो । यसैले ऊर्जा विश्व राजनीतिको केन्द्रमा झन्झन् गाढा हुँदै गएको छ ।

डिजेल तथा पेट्रोल इन्जिनको आविष्कारसँगै पेट्रोलियम पदार्थको प्रयोग विश्वभर नै व्यापक हुन गयो । सात बहिनीका रूपमा चिनिने संसारका सात ठूला कम्पनीले पेट्रोलियमको अन्वेषण, प्रशोधन र बिक्रीवितरण कार्यमा संसारभरि उपलब्धमध्ये अधिकतम पेट्रोलियम स्रोत आफ्नो अधिनमा राख्न सफल भए ।

खाडी तथा अरब राष्ट्र र इजरायलबीचको चिसो सम्बन्धका साथै राजनीतिक परिवर्तनका कारण पेट्रोलियमलाई राजनीतिक हतियार बनाइयो । सन् १९७३ मा भएको इन्धन सङ्कटका बेला सउदी अरब र पेट्रोलियम उत्पादन गर्ने अन्य ओपेक राष्ट्र (अर्गनाइजेसन अफ पेट्रोलियम एक्सपोर्टिङ कन्ट्रिज)हरूले पश्चिमा मुलुकहरू विशेषगरी क्यानडा, नेदरल्यान्ड, बेलायत, अमेरिका र जापानलाई नाकाबन्दी मात्रै गरेनन्, तेलको मूल्य प्रतिब्यारेल ३ डलरबाट १२ डलर पुऱ्याए । यसले राजनीतिमा ऊर्जा नाकाबन्दीको पूर्ण रूपमा प्रयोगको अभ्यास भएको प्रस्ट देखाउँछ । नेपालमाथि पनि भारतले गरेको २०४४ र २०७२ साल दुवै बेलाको नाकाबन्दीमा अन्य वस्तुभन्दा इन्धन आयातमा कडाइलाई हतियार बनाएको देखियो ।

७० को दशकमा भएको विश्वव्यापी इन्धन सङ्कटबाट सिकेर धेरै देशहरू इन्धनका वैकल्पिक स्रोतमा लागे । परमाणु ऊर्जा, जलविद्युत्, सौर्य र अन्य ऊर्जास्रोतको विकास त्यसैको परिणाम हो ।

नेपालको आयातित पेट्रोलियम इन्धनमा भूराजनीतिक चरित्र छ भने जलविद्युत् पनि विशेषगरी आन्तरिक राजनीनिक खिचातानीको चपेटामा पर्दै आएको छ । अरूण-३ जलविद्युत् आयोजना, महाकाली सन्धि, कोसी सम्झौतालगायत हुँदै पछिल्लो चरणमा बूढीगण्डकी जलाशय आयोजना पनि यसको सिकार बनेको देखिन्छ ।

यस्तै, नेपाल विद्युत् प्राधिकरणमा समेत कर्मचारी थप्ने, हटाउने र विभिन्न निर्णयमा हस्तक्षेप गर्ने प्रवृत्ति नदेखिएको होइन । यद्यपि, पछिल्लो दुई वर्षयता जलविद्युत् आयोजनाहरू कम्पनी मोडलमा बनाउने, विद्युत् प्राधिकरणको सञ्चालक समिति अध्यक्ष राजनीतिक व्यक्ति नहुने जस्ता थितिको थालनी भएको छ । यसका अतिरिक्त निजीक्षेत्रबाट उल्लेखनीय विद्युत् उत्पादन र प्राधिकरणको कुशल नेतृत्वको परिणामस्वरूप जलविद्युत् क्षेत्र सफल बाटोतर्फ लागेको भन्न सकिन्छ ।

अवसर र चुनौती

विनाशकारी भूकम्पबाट करिब १० हजार नेपालीको ज्यान र अर्बौंको भौतिक क्षति, हजारौं नेपाली परिवार घरबारविहीन बनेको वर्ष २०७२ हाम्रा लागि निकै पीडादायी थियो । यद्यपि,

विभिन्न विघ्नबाधाका बीच संविधानसभाको अभूतपूर्व बहुमतबाट गणतान्त्रिक नेपालको संविधान जारी भयो । वर्षौंको राजनीतिक सङ्क्रमणको अवतरणका दृष्टिले सुखद उक्त संविधान जारीको विरोधमा तराई आन्दोलित बन्यो । संविधानलगत्तै देशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भार तसँग सीमामा पर्ने सबै नाकाबाट हुने आयातमा अघोषित नाकाबन्दी लाग्यो । उक्त नाकाबन्दीमा भारतले सबैभन्दा ठूलो हतियार बनायो पेट्रोलियमको आपूर्तिलाई नै । घरको चुलोदेखि यातायात, अस्पताल, होटेल, जलविद्युत् आयोजनालगायत सबै इन्धन अभावका कारण नराम्ररी पिल्सिए । करिब ६ महिना चलेको उक्त नाकाबन्दीबाट भौतिक मात्र नभएर राष्ट्रिय स्वाभिमानमा समेत पुऱ्याएको असरलाई सायदै भुल्न सकिएला ।

तर त्यस घटनाबाट बेहोर्नुपरेका हरेक दुःख र त्यसका अनेक सिकाइमध्ये एउटा ऊर्जाक्षेत्र पनि बन्यो । नेपालले त्यसयता ऊर्जा सुरक्षामा आफ्ना नीतिहरू बनाउन थालेको छ । १० वर्षमा १० हजार मेगावाटको लक्ष्य तोकियो भने जलाशय र पिकिङ जलविद्युत्को दर निर्धारण गरियो । सौर्य ऊर्जामा पनि जोड दिइएको छ । कम्तीमा ९० दिनलाई पुग्ने इन्धन भण्डारणका लागि आवश्यक क्षमताको पूर्वाधार निर्माण कार्य अघि बढ्दै छ । समग्रमा नेपाल एक दशकभित्रै ऊर्जामा आत्मनिर्भर हुने बाटोमा छ ।

यसका बाबजुद नेपालको जलविद्युत् पूर्ण रूपमा नदीको पानी बहावमा आधारित भएकाले सुक्खा र वर्षायामबीचको ठूलो भिन्नतालाई सन्तुलनमा राख्न प्रणालीको क्षमता धेरै अभिवृद्धि गर्नुपर्ने छ । यस्तै विद्युत्को आंशिक (सुक्खायाममा मात्र) उचित प्रयोग हुने र वर्षाको बेला खेर जाने हुँदा त्यस बेला सधैं निर्यात गर्नुपर्ने देखिन्छ । जलाशययुक्त आयोजनाहरूले सुक्खायामको कमी पूर्ति गर्न सक्ने भए पनि वर्षायामको अधिक उत्पादनको व्यवस्थापन कसरी गर्ने भन्ने प्रस्ट योजना छैनन् । चुनौतीका रूपमा देखिएको यो अवस्थाको हलका लागि निम्न बाटोमा अघि बढ्न आवश्यक छ–

- विद्युत्को प्रयोग बढाएर यथासम्भव पेट्रोलियम विस्थापित गर्ने
- मौसमअनुसारको विद्युत दर (सिजनल ट्यारिफ) निर्धारण गर्ने
- विद्युतीय सवारीलाई प्रोत्साहन गर्दै केही अवधिभित्र सार्वजनिक यातायातमा विद्युतीय सवारीसाधान अनिवार्य बनाउने
- जलाशययुक्त आयोजना निर्माण गर्ने
- भान्सामा खाना पकाउनसमेत विद्युतीय उपकरण प्रयोगका लागि प्रोत्साहित गर्ने
- विद्युतीय बजारको व्यवस्थापन गर्ने
- भारतसँगको विद्युत् व्यापार सम्झौता कार्यान्वयन गराउने र भारतीय ऊर्जा मन्त्रालय र केन्द्रीय नियामकले ल्याएको विद्युत् व्यापारलाई बाधा गर्ने अंश संशोधनको पहल गर्ने
- बुटवल-गोरखपुर, अत्तरिया-बरेलीलगायतका अन्तरदेशीय प्रसारणलाइन अविलम्ब सुरू गर्ने

विदेशी लगानी कति सम्भव ?

चर्को एवम् अस्थिर ब्याजदर, सङ्कीर्ण पुँजीबजार, विद्युत् दरको सामयिक मिलान नहुनु, विद्युत् नियमनको कमी इत्यादि जस्ता प्रतिकूलताका बाबजुद पनि केही वर्षयता जलविद्युत्मा स्वदेशी लगानी बढेको छ । र यो क्रम जारी नै छ । यद्यपि विद्यमान प्रतिकूलता वा कमजोरीहरूको समयानुकूल सुधार निश्चय पनि आवश्यक छ ।

वैदेशिक लगानीमा ठूला आयोजना बनाउने चर्चा कैयौं वर्षदेखि हुँदै आएको भए पनि हालसम्म वैदेशिक लगानीसहित कुनै पनि ठूला आयोजना निर्माणमा गएका छैनन् । सम्झौता गरेको दशकपछि अरूण तेस्रो (९०० मेगावाट) बल्ल निर्माण हुन लाग्दै छ । यद्यपि पश्चिम सेती (७०० मेगावाट), तामाकोसी तेस्रो (६५० मेगावाट), बूढीगण्डकी (१२०० मेगावाट), मर्स्याङ्दी (६०० मेगावाट), तिला १ र २ (८४० मेगावाट)लगायतका आयोजना अझै अन्योलमै र अनिश्चित छन् । राजनीति, बजार, विद्युत् खरिदलगायतको अनिश्चतताका कारण यी आयोजना अहिलेसम्म कागजमै सीमित छन् । धेरै वर्ष अलमलमा बितेर लगभग ८ वर्षको प्रयासपछि विद्युत् खरिद सम्झौता सकेको ठूलो आयोजना त्रिशूली-१ को लगानीकर्ता कोरियन कम्पनी अझै मुद्रा जोखिम न्यूनीकरण संयन्त्र (करेन्सी हेजिङ मेकानिज्म)को पर्खाइमा छ ।

वैदेशिक लगानीकर्ताका यी द्वविधा र अनिश्चततामाथि गम्भीर छलफल नगरी आयोजना बनाउन जिम्मा दिने नाममा एकपछि अर्को 'कथित' लगानीकर्ताबीच आयोजना यता र उता मात्र गर्ने खेलमा अलमलिरहँदा कुनै पनि ठूला जलविद्युत् अयोजना अगाडि बढ्ने आधार नभएको प्रस्ट हुन्छ ।

एक दशकमा १० हजार मेगावाट उत्पादन वा त्यस निकटको नतिजा निकाल्न सरकार र सम्बन्धित निकायहरू स्वदेशी तथा विदेशी लगानीका पूर्वाधारमा तुरून्त अगाडि बढ्न आवश्यक छ ।

ऊर्जा मोडल

नेपालको विद्युत् क्षेत्रको प्रगति उल्लेखनीय नभए तापनि सन्तोष गर्न सकिने केही पनि नभएको भने होइन । जलविद्युत् क्षेत्र वा यस

"एक दशकमा १० हजार मेगावाट उत्पादन वा त्यस निकटको नतिजा निकाल्न सरकार र सम्बन्धित निकायहरु स्वदेशी तथा विदेशी लगानीका पूर्वाधारमा तुरुन्त अगाडि बढ्न आवश्यक छ ।

विधामा काम गर्ने दक्ष जनशक्ति नेपालमा अहिले पर्याप्त बनेका छन् । नेपालमा मात्र सीमित नभएर यससम्बन्धी हाम्रा दक्ष जन(शक्तिले भारतलगायत अन्य मुलुकमा समेत प्राविधिक सेवा दिइरहेका छन् । निजीक्षेत्रले जलविद्युत्मा लगानी गरी व्यापारिक रूपमा सफल आयोजना विकास तथा सञ्चालन गर्न सकेका छन् । नेपाली बैङ्कहरूले पनि आफूलाई जलविद्युत्को लगानीमा मात्रै सीमित नगरेर आयोजनाको विश्लेषण गर्ने क्षमता विकास गरिसकेका छन् । धितोपत्र बोर्डले जलविद्युत् आयोजनाको सूक्ष्म अध्ययन गरिरहेका छन् । अर्को सबैभन्दा महत्त्वपूर्ण पक्ष, नेपालीले जलविद्युत्मा लगानी गरेका छन् र यो क्षेत्र नै नेपालको बृहत्तर विकासको इन्जिन हो भन्नेमा आशावादी छन् ।

यसरी नेपालले आफ्नै विद्युत् विकास मोडल बनाएको छ । र, अनुभव पनि गरिसकेको यो मोडल उत्तम छ । अब जलाशययुक्त तथा ठूला पिकिङ आयोजनाको खाँचो छ । साथै विद्युत्को आन्तरिक र बाह्य व्यापारका लागि मार्गप्रशस्त गर्नु नै ऊर्जाक्षेत्र र नेपाल दुवैको हितमा छ ।

नेपालले अबको दशक (सन् २०१८ देखि २०२८ सम्म)लाई ऊर्जा दशक मानेर 'एक घर एक विद्युतीय चुलो'को अभियान सञ्चालन गरेको छ । यो कार्यक्रम दिगो विकासका लक्ष्यअन्तर्गत सन् २०३० सम्ममा पूरा गर्नुपर्ने प्रतिबद्धताभित्रको एउटा हिस्सा पनि हो ।

फ्रान्सको पेरिसमा दुई वर्षअघि भएको अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा नेपालले संयुक्त राष्ट्रसङ्घको जलवायु परिवर्तन (यूएनएफसीसी) मा 'राष्ट्रिय निर्धारित सहभ(ागिता (आईएनडीसी) अन्तर्गत बुझाएको प्रतिबद्धताअनुसार सन् २०२० सम्ममा ४ हजार मेगावाट र सन् २०३० मा १२ हजार मेगावाट जलविद्युत् उत्पादन पुऱ्याउने जनाइएको छ । यस्तै, सन् २०२० भित्रै २० प्रतिशत सवारीसाधन विद्युत्मा आधारित हुने जना(एको छ भने जैविक ऊर्जाको निर्भरता हालको ७० प्रतिशतबाट ३५ प्रतिशतमा झार्ने अठोट लिएको छ ।

पेट्रोलियम पदार्थमा दिएको सहुलियतका कारण यस वर्ष सीमापारभन्दा नेपालमा पेट्रिलियम २० प्रतिशतसस्तो पर्न गएको छ । खपत २१ प्रतिशत बढेको भए तापनि मूल्यवृद्धि र अमेरिकी डलरको विनिमयदर वृद्धिले नेपा(लको पेट्रोलिममा हुँदै आएको खर्च भने करिब ४० प्रतिशतले बढेको छ । यस्तै, एलपीजी ग्यासमा भन्दा विद्युतीय ऊर्जाले पकाएमा ४० प्रतिशत सस्तो हुने हुन्छ भने एलपीजीमा दिएको सहुलियतका कारण सरकारलाई वार्षिक १३ अर्ब रूपैयाँ घाटा भइरहेको छ । यो लगभग वार्षिक ६० मेगावाट क्षमताको जलविद्युत् आयोजना बनाउन पुग्ने रकम हो ।

यसकारण नेपालले पेट्रोलियम खप(तबाट बेहोर्दै आएको तत्कालको आर्थिक तथा वातावरणीय घाटाका साथै दीर्घकालीन राष्ट्रिय हानि न्यून गर्न आफ्नै अनुभवबाट विकसित मौलिक मोडलमा टेकेर जलविद्युत् आयोजना विकासलाई अघि बढाउनु हितकर छ । यसबाट नेपालले अन्तर्राष्ट्रिय समुदायसामु व्यक्त गरेका प्रतिबद्धता पूरा गर्ने चुनौतीबीच समग्रमा हासिल गर्न सक्ने लाभ प्राप्तिका लागि ठूलो अवसर पनि हो ।

नेपाल राष्ट्र बैङ्कको अनुरोध

विदेशको कमाइ बैङ्क वित्तिय संस्था वा रेमिट्यान्स कम्पनीबाटै स्वदेशमा पठाऔं । यसरी पैसा पठाउँदा भुक्तानी लिदा रसीद वा भौचर लिन नबिर्सौं । हुण्डीबाट पैसा पठाउँदा प्रमाणको अधावमा आफ्नो पैसा गुम्ने जोखिम हुनुका साथै अवैध कारोबार गरेबापत दण्ड सजाय पनि हुनसक्छ । हुण्डीबाट रेमिट्यान्स पठाउनु दण्डनीय अपाध हो ।

मान्यता प्राप्त संस्थाबाट रेमिट्यान्स पठाउने बारे घरघरमा चर्चा गरौं ।

Ruslan
It's happy water
for fun people.
Priyanka Karki
Actress
PREMIUM QUALITY
100% PURE VODKA
Your friends from Jawalakhel remind you to celebrate responsibly!

बिमाबाट स्वास्थ्यमा सुलभ पहुँच

स्वास्थ्यलाई मौलिक हकका रूपमा संविधानमा लेखिए पनि उपचार खर्चकै कारण थुप्रै नागरिक घरबारविहीन भएका छन्, ऋणमा डुबेका छन् वा मृत्युवरण गरेका छन् । स्वास्थ्य बिमाले यसबाट मुक्त हुने एउटा आधार दिएको छ ।

गगन थापा

संविधानतः नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने दायित्व सरकारको हो । आधुनिक राज्यबाट नागरिकले अपेक्षा गर्ने न्यूनतम उत्तरदायित्वमध्ये स्वास्थ्य सेवामा पहुँच र त्यसको सुलभता पनि पर्छ । तर हामीकहाँ व्यवहारमा त्यस्तो हुन सकेको छैन । नेपाल यस्तो देश हो, जहाँ कुल स्वास्थ्य खर्चमध्ये बिरामी र उसको परिवारले उपचारका समयमा आफ्नो पकेटबाट गर्नुपर्ने खर्चको हिस्सा झन्डै ५५ प्रतिशत छ । स्वास्थ्य खर्चको आधाभन्दा बढी हिस्सा जनताले व्यक्तिगत रूपमा पकेटबाट निकाल्नुपर्ने र पैसा नभए उपचारबाट नै वञ्चित हुनुपर्ने हाम्रो जस्तो अवस्था सायदै अन्यत्र होला ।

अन्तर्राष्ट्रिय रूपमा जनतालाई उपचारजन्य आर्थिक सङ्कटबाट जोगाउन विभिन्न प्रयास भएका छन् । केही मुलुक सबै स्वास्थ्य सेवा निःशुल्क गर्ने बाटोमा अघि बढेका छन् । यसरी निःशुल्क गर्दैगर्दा सरकारले करदाताबाट पैसा उठाएर त्यो सेवाको मूल्य बेहोर्ने गर्छ । जस्तो, बेलायतमा ७० वर्षअघि नै स्थापित नेसनल हेल्थ सर्भिस (एनएचएस) प्रणाली छ । अर्कोतर्फ, कतिपय मुलुकमा सार्वजनिक स्वास्थ्य बिमामार्फत उपचार खर्च बेहोर्ने गरिन्छ । सफल बिमा योजना अवलम्बन गरेका मुलुकका रूपमा लिइएका जर्मनी, कोरिया, जापानलगायतमा हरेक व्यक्ति अनिवार्य रूपमा स्वास्थ्य बिमामा आबद्ध हुनुपर्छ । त्यहाँ बिमा प्रिमियममा व्यक्तिको समेत योगदान रहन्छ ।

सम्पूर्ण जनतालाई निःशुल्क उपचार गराउन सक्नु आफैंमा राम्रो हो । तर हाम्रो सरकारसँग न त्यसरी खर्च बेहोर्न सक्ने सामर्थ्य छ, न त संरचना नै विकास भएको छ । यद्यपि, हाल सञ्चालित निःशुल्क आधारभूत स्वास्थ्य सेवाले तात्कालिक रूपमा नागरिकलाई ठूलो राहत दिएको छ । र दीर्घकालीन रूपमा आउँदो पुस्तालाई रोग लाग्नबाट बच्ने थुप्रै आधार दिएको छ । राज्यको यो लगानी हुँदाहुँदै पनि अहिले स्वास्थ्य क्षेत्रमा देखिएका थुप्रै जटिलताका कारण व्यक्ति धान्नै नसक्ने उपचार खर्चको मारमा परिरहेका छन् । पछिल्ला दिनमा सरकारले विपन्न नागरिकका लागि मुटु, मिर्गौला, क्यान्सरलगायतका जटिल रोग तथा अन्य उपचारमा सहायता फराकिलो बनाएको छ । तर सबै नेपालीका लागि उपचार खर्च व्यवस्थापन न त चन्दा सङ्कलनबाट हुन्छ, न सरकारी अनुदानबाट नै हुन सक्छ ।

हामी यो अवस्थाबाट मुक्त हुनैपर्छ । यसका लागि दिगो र भरपर्दो समाधान भनेको स्वास्थ्य बिमा नै हो । बिमाले महँगा र अत्यावश्यक सबै उपचार सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउनेछ । स्वास्थ्य बिमाले जनताले स्वास्थ्य सेवा उपभोग गर्दा ठूलो आर्थिक बोझ बेहार्नुपर्ने अवस्थाको अन्त्य गर्नेछ भने नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनेछ । नागरिकको स्वास्थ्य सेवा पाउने अधिकारको सुनिश्चितताका लागि २०७४ सालमा आएको स्वास्थ्य बिमा ऐन एउटा महत्त्वपूर्ण आधारबिन्दु हुनेछ ।

हाम्रो प्रयास

मैले स्वास्थ्यमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा इलाम, कैलाली र बागलुङमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको नाममा स्वास्थ्य बिमा कार्यक्रम सुरू भएको केही महिना मात्र भएको थियो । २०६८ सालदेखि स्वास्थ्य बिमा ऐनको मस्यौदा गर्ने प्रयास भए पनि त्यसले गति लिन सकेको

थिएन । यस किसिमको कार्यक्रमले मात्र हाम्रो उद्देश्यअनुरूपको स्वस्थ्य सेवा हुँदैन भन्ने निष्कर्षका साथ हामीले 'सबै नागरिकलाई अनिवार्य स्वास्थ्य बिमा' भन्ने मान्यताका साथ प्राथमिकतामा राखेर काम गऱ्यौं ।

सरकारी विधेयक मस्यौदा तयार गर्ने क्रममा सरोकारवाला मन्त्रालयसँगै अन्य मन्त्रालयलाई पनि सहमत गराउनुपर्ने हुन्छ । स्वास्थ्य बिमाका लागि हाम्रो परिकल्पना यीमध्ये केही निकायसँग बाझियो ।

सकेसम्म छिटो विधेयकलाई संसद्मा पुऱ्याउन हामीले केही बुँदामा सम्झौता गरेरै भए पनि मस्यौदा तयार गरी संसद्सम्म पुऱ्यायौं । संसद्मा यसबारे छलफल हुँदै गर्दा हामीले छोड्नुपरेका विषय फेरि उठ्नेछन् र संसदले सही दिशामा विधेयक परिमार्जन गर्नेछ भन्ने हाम्रो सोच थियो । यो संसद्को सूचीमा पनि पऱ्यो । तर विडम्बना, त्यतिबेला नेकपा एमालेको संसद् अवरोधका कारण छलफलको विषय बन्न सकेन । त्यसपछि बसेको संसद् बैठकमा प्रस्तुत भएर संशोधनसहित विधयेक पारित भएको थियो ।

एक सांसदको भूमिकामा विधेयकलाई अझ परिमार्जन गर्दै राम्रो स्वरूपमा पारित गर्ने प्रयासस्वरूप आफूले विधयेक मस्यौदाका क्रममा राख्न नसकेका विषय समेटेर मैले नै संशोधन प्रस्ताव दर्ता गरेको थिएँ । ती विषयसमेत समेटेर बनेको स्वास्थ्य बिमा ऐनमा केही महत्त्वपूर्ण विषय लिपिबद्ध गरियो, जसमा यी विषय समेटिएका छन्–

१. हरेक नागरिक स्वास्थ्य बिमामा आबद्ध : पहिलो चरणमा राष्ट्रसेवक कर्मचारीहरू, वैदेशिक रोजगारमा जानेहरूको परिवार र औपचारिक क्षेत्रमा कार्यरत व्यक्ति अनिवार्य बिमामा आबद्ध हुनुपर्नेछ । अनौपचारिक क्षेत्रलाई निश्चित समयभित्र बिमामा आबद्ध गरी सबै नेपालीलाई स्वास्थ्य बिमा अनिवार्य गरिनेछ । विपन्न नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक र अनाथ बालबालिकाका लागि सरकार वा संरक्षकले प्रिमियम बेहोरेर बिमामा आबद्ध गराउनुपर्नेछ ।

२. बिमासँग जोडिने एउटा महत्त्वपूर्ण पक्ष भनेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा हो । बिमाले निःशुल्क भनिएका आधारभूत सेवा समेट्छ वा समेट्दैन ? हाल सञ्चालित आधारभूतबाहेकका निःशुल्क सेवा यथावत् रहन्छन् वा रहँदैनन् ? लगायतका प्रश्न उठेका छन् । संविधानले आधारभूत स्वास्थ्य सेवा निःशुल्क भनेको छ । त्यसको सुनिश्चितता गर्न छाता ऐनको राष्ट्रिय जनस्वास्थ्य सेवा ऐनमा 'आधार भूत स्वास्थ्य सेवा'लाई फराकिलो र व्यवस्थित बनाउन समयानुकूल परिभाषित गरिएको छ । जनताले आफूलाई पायक पर्ने स्वास्थ्य संस्थाबाट त्यस्तो सेवा निःशुल्क प्राप्त गर्नेछन् । बिमाको पूर्ण कार्यान्वयन नहुने बेलासम्म हाल सरकारले प्रदान गरेको आधारभूतबाहेकका निःशुल्क सेवा (मुटु, मिर्गौलालगायत) पनि यथावत् रहनेछन् । बिमामा आबद्ध भएपछि विशिष्ट सेवाको उपचार खर्च बिमामार्फत हुनेछ ।

३. हाल बिमा कार्यक्रममार्फत प्राप्त सुविधामा वृद्धि हुनुका साथै यसको दायरा फराकिलो भएको छ । हाल सञ्चालित कार्यक्रममा बिमित परिवारले एक वर्षमा ५० हजार रूपैयाँसम्मको मात्र सेवा प्राप्त गर्छन्, जसमा गम्भीर प्रकृतिका रोगको उपचार खर्च समेट्न सकिएको छैन । ऐनमा यसको दायरा फराकिलो बनाउने बाटो खुला गरिएको छ । उपलब्ध सबै स्वास्थ्य सेवा बिरामीको आवश्यकताअनुसार बिमामार्फत प्राप्त गर्न सक्नेछन् । त्यसका लागि बिमामा सङ्कलन गरिनुपर्ने योगदान रकम पनि त्यहीअनुसार फराकिलो गरी तोकिनुपर्छ । नियमावलीले यी विषयलाई प्रस्ट गर्छ ।

४. बिमाको प्रिमियम व्यक्तिको आम्दानीको निश्चित अनुपातमा हुनेछ । सबैबाट बराबर रकम प्रिमियमका रूपमा सङ्कलन गर्दा न्यून आय भएको समूहमा बढी आर्थिक भार पर्ने हुँदा आयको निश्चित प्रतिशतका आधारमा योगदान रकम सङ्कलन गर्दा नै बढी न्यायपूर्ण हुन्छ । जस्तो कि, मासिक १५ हजार आम्दानी गर्ने र मासिक दुई लाख आम्दानी गर्नेले बराबर रकम योगदान गर्न सक्दैनन् । र गराउनु पनि न्यायसङ्गत हुँदैन । उनीहरूले आयको निश्चित प्रतिशत योगदान गर्नुपर्छ । तिर्न नसक्ने विपन्न नागरिकको हकमा सरकारले तिरिदिन्छ । यो कुरा ऐनले स्पष्ट बोलेको छ ।

५. सरकारी, निजी र गैरसरकारी स्वास्थ्य संस्थालाई सेवाप्रदायकका रूपमा समेटिएको हुन्छ । राष्ट्रिय स्वास्थ्य बिमा कार्यान्वयन भएपछि बिमितले बिमाको कार्ड लिएर नजिकको स्वास्थ्य संस्थाबाट प्राथमिक उपचार प्राप्त गर्नेछन् । गम्भीर समस्या भए प्राथमिक स्वास्थ्य संस्थाबाट बिमा बोर्डले तोकेको व्यवस्थाअनुसार रिफर भएर माथिल्लो तहको संस्थामा उपचार गर्ने व्यवस्था हुनेछ ।

६. एक स्वायत्त निकायका रूपमा बिमा बोर्ड रहन्छ । बिमा बोर्डले आवधिक रूपमा सेवाको सूची, मापदण्ड र शुल्क निर्धारण गरेर सेवाप्रदायकसँग सम्झौता गर्छ । र त्यहीअनुसार सेवाको मूल्य तिर्छ । सरकारी र निजी दुवै स्वास्थ्य संस्थाले बिमा बोर्डबाट बिमित बिरामीको उपचार गरेबापत आम्दानी गर्छन् र आफ्नो सञ्चालन खर्च बेहोर्नेछन् ।

स्वास्थ्य बिमाका चुनौती

स्वास्थ्य बिमाको पहिलो चुनौती गुणस्तरीय सेवाको उपलब्धता हो । स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध हुन्छ भन्ने विश्वास नहुने बेलासम्म बिमा प्रभावकारी हुन सक्दैन । अहिलेको तौरतरिकाबाट हामीले गुणस्तरीय सेवा पुऱ्याउन सक्दैनौं । नेपालका अधिकांश ठाउँमा त्यहाँको आवश्यकताअनुसारको स्वास्थ्य सेवा पुग्न सकेको छैन । सेवाप्रदायक स्वास्थ्य संस्थामा न जनशक्ति पर्याप्त छन्, न पूर्वाधार, न उपकरण ।

यो वास्तविकतालाई मनन गरेर नै हामीले एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड र त्यसका आधारमा सात वर्षभित्र देशभर गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने परियोजना तयार गरेका थियौं । त्यसअनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँचको विस्तार गर्न, नेपालका स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने समग्र सेवा, जनशक्तिको उपलब्धता एवम् क्षमता विकास र भौतिक पूर्वाधार एवम् औषधिजन्य औजार उपकरणहरूको उपलब्धताको एकीकृत विकास र विस्तार गर्न खाका बनिसकेको थियो । सङ्घीय ढाँचालाई समेत मध्यनजर गरी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको वर्गीकरण भइसकेको थियो, जसअनुरूप अब प्रत्येक गाउँ, नगर, वडामा एउटा स्वास्थ्य इकाइ स्वास्थ्य चौकी, जनता स्वास्थ्य केन्द्र, रहने, प्रत्येक गाउँ, नगरपालिकामा एक प्राथमिक अस्पताल रहने, प्रत्येक प्रदेशमा न्यूनतम एक द्वितीय तहको अस्पताल, एक टर्सियरी अस्पताल र एक प्रतिष्ठान रहनेछ भने सबै प्रदेशमा विशेष विशेषज्ञ सेवा उपलब्ध हुनेछ ।

यसरी वर्गीकृत स्वास्थ्य संस्थामा कुनकुन सेवा उपलब्ध हुन्छन्, त्यसका लागि कति जनशक्ति आवश्यक पर्छ र तिनको उत्पादन कसरी गर्न सकिन्छ, उपकरणहरू कसरी उपलब्ध गराउने, पूर्वाधार निर्माण कसरी गर्नेलगायतको पक्षको अध्ययन गरी त्यसको प्रक्षेपणका आधारमा त्यो आवश्यकतालाई सात वर्षमा कसरी पूरा गर्ने र कति स्रोत आवश्यक पर्छ भन्ने विस्तृत खाका र विवरण तयार गरिएको छ ।

यसरी तयार गरेको खाका र मापदण्ड मन्त्रिपरिषद्बाट स्वीकृतसमेत भइसकेको थियो । यो सफल रूपमा कार्यान्वयन भयो भने स्वास्थ्य बिमा कार्यान्वयन गर्दैगर्दा स्वास्थ्य सेवा गुणस्तरीय हुनेछ । र हाम्रा स्वास्थ्य संस्थाहरू सुविधासम्पन हुनेछन् । त्यस्तै सेवाको गुणस्तर सुनिश्चित गर्न, गुणस्तर मापन र नियमनका लागि एउटा स्वायत्त विशेषज्ञ निकायको आवश्यकताको महसुस गरी त्यसको कानुनी व्यवस्था गर्न गुणस्तर प्रमाणीकरण प्राधिकरण विधेयक मस्यौदासमेत तयार गरिएको थियो । अहिले जनस्वास्थ्य सेवा ऐनले गुणस्तर नियमनका लागि छुट्टै संयन्त्र निर्माण गर्ने व्यवस्था गरेको छ ।

अर्को चुनौती आर्थिक भारको न्यूनीकरण कसरी गर्ने भन्ने हो । उपचार खर्च कम गर्ने एउटा प्रयास भनेको औषधिको मूल्य कम गर्ने हो । अहिले बिरामीले उपचारका लागि तिर्ने मूल्यको सबैभन्दा ठूलो हिस्सा औषधिको छ । सयौं गुणा महँगोमा किन्नुपरेको औषधि मात्र सस्तोमा उपलब्ध गराउन सक्ने हो भने स्वास्थ्योपचार खर्चमा निकै कमी ल्याउन सकिन्छ ।

हामीले लामो अध्ययन गरी नेपालमा औषधि सस्तो कसरी बनाउने भन्ने सन्दर्भमा एक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेका थियौं । मन्त्रिपरिषद्ले यस सन्दर्भमा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवको संयोजकत्वमा एक उच्चस्तरीय अध्ययन सुझाव समिति गठन गरिसकेको छ । हामीले गरेको प्रस्ताव हो, नेपाल सरकारले अन्तर्राष्ट्रिय औषधि कम्पनी वा सरकारसँग औषधि सोझै खरिद गरी आफ्ना अस्पताल फार्मेसीमार्फत बिक्रीवितरण गर्ने । सबै अस्पतालमा आफ्नै फार्मेसी अनिवार्य सञ्चालन गर्नुपर्ने गरी आवश्यक प्रक्रिया द्रुततर गतिमा अगाडि बढेको छ । अधिकांश अस्पतालमा फार्मेसी सुरू भइसकेको छ । जनस्वास्थ्य सेवा ऐनले अनिवार्य फार्मेसीको प्रावधान राखेको छ । त्यसो गर्न सकियो भने सस्तो र सुलभ रूपमा गुणस्तरीय औषधि उपलब्ध गराउने अवस्थाको सुनिश्चित हुनेछ र आर्थिक भार कम हुनेछ । आर्थिक भार कम गर्ने अर्को तरिका भनेको रोग लाग्न नदिने हो । समयमै रोगको पहिचान, रोकथाम र उपचार गर्ने, स्वस्थ जीवनशैली अवलम्बन गर्ने, समयसमयमा परामर्श र परीक्षण गर्ने हो भने व्यक्ति र राज्य दुवैको खर्च कम हुन सक्छ । यसलाई मध्यनजर गरेर पछिल्लो समयमा स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले जनता स्वास्थ्य केन्द्र र पेन प्याकेज जस्ता कार्यक्रम सुरू गरिएको छ । यसको विस्तार विकास आवश्यक छ ।

अन्त्यमा,

हामीले स्वास्थ्यलाई मौलिक हकका रूपमा संविधानमा लेखेका छौं । तर पनि उपचार खर्चकै कारण थुप्रै नागरिक घरबारविहीन भएका छन्; ऋणमा डुबेका छन् वा मृत्युवरण गरेका छन् । अभिभावक बिरामी पर्दा बालबालिकाको भविष्य अन्धकारमा परिरहेको छ । स्वास्थ्य बिमाले यसबाट मुक्त हुने एउटा आधार दिएको छ ।

संविधानले समेत राज्यको दायित्वका रूपमा तोकेको यो विषयलाई कार्यान्वयन गर्न अविलम्ब नियमावली बनाउनुपर्ने, बोर्डलाई क्रियाशील बनाउनुपर्नेमा सरकारले सामाजिक सुरक्षा बिमा कार्यक्रम र स्वास्थ्य बिमा ऐनअनुरूपको नागरिकको स्वास्थ्य बिमाको भेद छुट्याउन नसक्दा यति बेला स्वास्थ्य बिमा कार्यान्वयनले गति लिन सकेको छैन । बिमा ऐनले मार्गनिर्देश गरेअनुसार गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक काम सरकारले नगर्ने हो भने नागरिकको जुन उत्साह स्वास्थ्य बिमाप्रति छ, त्यो कम हुनेछ । र गुणस्तरीय एवम् सुलभ स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउने ठूलो अवसर पनि गुम्नेछ । यसतर्फ सरकारले विशेष ध्यान दिन सकोस् ।

प्रस्तुति : दिलीप पौडेल

> स्वास्थ्य बिमाको पहिलो चुनौती गुणस्तरीय सेवाको उपलब्धता हो । अर्को चुनौती आर्थिक भारको न्यूनीकरण कसरी गर्ने भन्ने हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

सोच बदलौं

एन आई सी एशिया बैंकनै रोजौं

सहज
उत्तरदायी
सबल
विश्वसनीय
गतिशील

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

दिगो विकास लक्ष्य
समृद्धिको प्रतिबद्धता

दिगो विकास लक्ष्य भनेको अबको पुस्ताका लागि आर्थिक वृद्धिसँगै सामाजिक न्याय, सुरक्षाको परिकल्पना गरिएको हो । जलवायु परिवर्तनलगायत समस्या हल गरी भावी पुस्तालाई स्वच्छ र सुन्दर विश्व सुम्पने परिकल्पना हो ।

गोकर्ण अवस्थी

नेपालमा अझै २१.६ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । यसको अर्थ अझै पनि करिब ६० लाख मानिसको दैनिकी निकै कष्टकर छ । गरिबी मापनका लागि लिइने खाद्यतर्फको मानकका रूपमा प्रतिदिन एक जना व्यक्तिलाई सक्रिय जीवन निर्वाह गर्न करिब २२ सय २० क्यालोरी आवश्यक पर्छ र उक्त आवश्यकता पूरा गर्न खर्च जुटाउन नसक्नेलाई गरिब भनेर मापन गर्ने गरिएको छ । त्यसैले, गरिबीले कुपोषणको जोखिम समेतलाई देखाउँछ ।

आर्थिक वर्ष २०७०/७१ को आर्थिक सर्वेक्ष(णले गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामध्ये ८५ प्रतिशतको सरकारी अस्पताल र कृषि केन्द्रहरूसम्म पहुँच नरहेको देखाएको थियो । गरिबीलाई आम्दानी र उपभोगसँगै अन्य आधार भूत आवश्यकतासमेत हेर्ने हो भने यसको असर चौतर्फी छ । बहुआयामिक गरिबी सूचक (एमपीआई)ले यी विषयलाई समेटेको छ । शिक्षा स्वास्थ्य, खानेपानी सरसफाइ यी सबै यसैसँग जोडिएर आउने विषय हुन् ।

यी तथ्याङ्क मात्रै केलाउँदा निराशाजनक अवस्था देखिएला । तर पछिल्ला दशकमा यहाँको सामाजिक क्षेत्रमा भएको सुधारको गति हेर्ने हो भने आशावादी हुने ठाउँ पनि छन् । आठ वर्षमै बहुआयामिक रूपमा गरिबको सङ्ख्या (एमपि(आई) ६५ बाट २८ प्रतिशतमा झरेको छ । पछिल(ला केही दशकमा सामाजिक सेवाको क्षेत्रमा धेरै सुधार भएको छ । औसत आयु बढेको छ । शिक्षामा खुद भर्नादर पनि बढेको छ । सामाजिक क्षेत्रमा यहाँको सुधार अधिकांश अतिकम विकसित मुलुकभन्दा राम्रो छ ।

तथापि, सम्पन्न र सम्मानपूर्वक जीवन यापन गर्न यो पर्याप्त भने होइन । हाम्रो प्रतिव्यक्ति आम्दानीमा ठूलो सुधार हुन सकेको छैन । तीव्र आर्थिक वृद्धि गरिरहेका देशहरूमा पनि असमानता मानव विकासको बाधक बनिरहेको छ । जलवायु परिवर्तनका कारण धर्ती सबैका लागि सधैंका लागि बस्नयोग्य बनिरहने हो कि होइन भनेर चिन्ता बढ्न थालेको छ ।

यिनै चिन्ता र चासो सम्बोधन गर्ने गरी विकास प्रयासमा कोही पनि पछाडि नपरून् वा नपारिऊन् भन्ने सुनिश्चित गर्न विश्वभरका मुलुक सन् २००० देखि नै नयाँ ढङ्गले काम गर्न थालेका थिए । त्यसको परिणामस्वरूप सहस्राब्दी विकास लक्ष्य सार्वजनिक गरेर आर्थिक सामाजिक क्षेत्रमा प्रतिबद्धता आए । धेरै पूरा भए केही अधुरै रहे । जलवायु परिवर्तन, शान्ति सुरक्षालगायतका विषय पनि महत्त्वपूर्ण भएको महसुस गर्न था(लयो ।

त्यसैले सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घमा आयोजित दिगो विकास लक्ष्य सम्मेलनमा सरकार/राष्ट्र प्रमुखहरू विकासको खाका तयार पार्न भेला भए । मानव विकास र पृथ्वीको सुरक्षाका लागि दिगो विकासका १७ लक्ष्यहरू निर्धारण गर्दै लागू गर्न प्रतिबद्धता जनाए, जुन अभूतपूर्व छ । यी मुलुकहरूले भावी सन्तति(लाई स्वच्छ स्वस्थ, समुन्नत र सभ्य समाज हस्तान्तरण गर्न दिगो विकास लक्ष्यलाई आत्मसात् गरेका छन् ।

के हो दिगो विकास लक्ष्य ?

दिगो विकास लक्ष्यले मुख्यतया पाँच 'पी'लाई केन्द्रबिन्दुमा राखेको छ । प्लानेट (पृथ्वी), पिपल

(जनता), पिस (शान्ति), प्रोस्परिटी (समृद्धि) र पार्टनरसिप (साझेदारी) यसका अन्तरवस्तु हुन् । पहिलो, हामी बसोवास गर्ने पृथ्वीको संरक्षण हो । यहाँको जमिन, पानी, हिमाल, पहाड, वनजङ्गल, जीवजन्तुको संरक्षणसंगै दीर्घकालसम्म मानव बसोवासका लागि उपयुक्त स्थल बनाइराख्ने प्रतिबद्धता यसमा छ ।

दास्रो, यहाँ बस्ने हरेक व्यक्तिको समृद्धि पछ्याउने सबै क्षेत्रमा समान अवसर प्रदान गरी समुन्नत जीवन बाँच्न पाउने सुनिश्चितता हो । यसलाई अर्को पी अर्थात् समृद्धि एवम् सम्पन्नतासँग जोडिएको छ । चौथो, शान्ति(लाई यसमा विशेष महत्त्व दिइएको छ भने पाँचौंमा दिगो विकास लक्ष्य हासिल गर्न सबैले हातेमालो गर्नुपर्ने अर्थात् साझेदारी छ ।

यी विषयलाई पछ्याएर १७ लक्ष्य, एक सय ६९ सहायक लक्ष्य र करिब दुई सय ३० भन्दा बढी सूचक समावेश गरिएका छन् । पहिलो र दोस्रो लक्ष्यले विश्वभरबाट गरिबी र भोकमरीको अन्त्य गर्ने भनेको छ । तेस्रो लक्ष्यले सबैलाई सर्वसूलभ स्वास्थ्य पहुँच र चौथोले सबैका लागि शिक्षाको सुनश्चितता गरेको छ । लैङ्गिक समानता पाँचौं लक्ष्य हो भने छैटौं स्वच्छ खानेपानी र सरसफाइसँग सम्बन्धित छ । सातौं लक्ष्यले दिगो ऊर्जा र आठौंले मर्यादित कामका अवसर सिर्जना गरी आर्थिक वृद्धि हासिल गर्ने भनेको छ । नवौं पूर्वाधार विकास र औद्योगिकीकरणसँग सम्बन्धित छ भने दसौंले विश्वभरबाट असमनता हटाउने सुनिश्चितता गर्न खोजेको छ ।

एघारौंमा दिगो सहरी विकास, बाह्रौंमा दिगो उत्पादन र उपभोगका कुरा छन् भने तेह्रौंले जलवायु परिवर्तनका असर रोक्न सबैतिरबाट पहल गर्न आह्वान गरेको छ । चौधौं पानीमुनिको जीवनसँग र पन्ध्रौं जमिनमाथिको जीवनसँग सम्बन्धित छ । सोह्रौंले सबै नागरिकलाई शान्तिपूर्ण र सुरक्षित रूपमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गरेको छ । अन्तिम तर महत्त्वपूर्ण, सत्रौं लक्ष्यले दिगो विकासका यी सबै लक्ष्य हासिल गर्न सबैतिरबाट सहयोग र साझेदारीको आवश्यकतामा जोड दिएको छ ।

नेपालले गत वर्ष तयार पारेको दिगो विकास लक्ष्य वर्तमान अवस्था र रणनीति २०१६-३० मा चार सयभन्दा बढी सूचक समावेश छन् । यसले सम्पन्नताका लागि सबै मुलुक आआफ्नो रणनीति बनाउन स्वतन्त्र रहेको देखाउँछ । यसले यी लक्ष्य कुनै परियोजना नभई सबै मुलुकले आफ्नो समृद्धिका लागि गोलबद्ध भएर जनाएको प्रतिबद्धता रहेको समेत देखाउँछ ।

> प्रभावकारी साझेदारी र लगानीबिना दिगो विकास लक्ष्य हासिल गर्न कठिन हुनेछ । लगानीका परम्परागत स्रोतहरु सरकार र विकास साझेदारसँगै पछिल्लो समय निजीक्षेत्रको भूमिकाको बढी खोजी हुन थालेको छ ।

परियोजना होइन, प्रतिबद्धता हो

यो संयुक्त राष्ट्रसङ्घका सदस्य मुलुकहरूले आफ्नो देश समुन्नत बनाई समृद्धितर्फको यात्रा तय गर्न जनाइएको प्रतिबद्धता हो । सन् २०१५ मा राष्ट्रसङ्घमा सदस्य मुलुकहरू भेला भई यस्तो प्रतिबद्धता जनाएर लक्ष्य तय गरेकाले यो राष्ट्रसङ्घको परियोजना भएको भान धेरैमा परेको छ । राष्ट्रसङ्घका निकायहरूले यसको कार्यान्वयनमा सहजीकरण र समन्वय गरेकाले पनि नेपालमा यसलाई राष्ट्रसङ्घको मात्रै अजेन्डाका रूपमा लिने गरेको पनि पाइएको छ ।

राष्ट्रसङ्घले मूलतः सरकार र अन्य सरोकारवालासँग समन्वय गरेर दिगो विकास लक्ष्य प्रवर्द्धनका काम गर्दै आएको छ । सरकारको आवश्यकताअनुसार नीतिगत सहयोग पनि प्रदान गरेको छ । राष्ट्रसङ्घको भूमिका सदस्य राष्ट्रहरूलाई लक्ष्य हासिल गर्न झकझक्याउने र आवश्यक पर्दा सहयोग गर्ने हो ।

दिगो विकास सबै देशका लक्ष्य हुन् । अर्थात् नेपालका पनि लक्ष्य हो । यसको कार्यान्वयन गर्न मुलुकभित्रका सबैको दायित्व हो । कोही पनि पछाडि नपरून् वा नपारिऊन् 'लिभिङ नो वान बिहाइन्ड' भन्ने मूल मन्त्रलाई समातेकाले यो सबैतिर समानुपातिक विकास गर्ने अवसर पनि हो ।

त्यसैले यी लक्ष्यको कार्यान्वयन नेपाल सरकारको हो । यहाँको निजीक्षेत्रको हो । राजनीतिक दलको हो । व्यवस्थापिका र न्य(ायपालिकाको पनि हो । विकास साझेदार हरूको हो । यहाँका नागरिक समाज र मि(डियाको हो । अर्थात् हामी सबैको हो । यो सबैको समृद्धि उत्थान र विकासका लागि सबैले पहल गर्ने अवसर पनि हो । जहाँ प्रगति पथका कोसेढुङ्गा र लक्ष्य तोकिएका छन् । जसले हामीलाई अगाडि बढ्न अभिप्रेरित गरिरहेका छन् र गरिरहनेछन् ।

सरकारी प्रयास

नेपालमा दिगो विकास लक्ष्य आत्मसात् र कार्यान्वयन गर्ने दिशामा सरकारको प्रयास सराहनीय छ । सन् २०१६ बाट दिगो विकास लक्ष्य कार्यान्वयनमा आए पनि यसको एक वर्षअघि नै अर्थात् सन २०१५ मै सरकारले प्रारम्भिक प्रतिवेदन तयार पारिसकेको थियो । यो प्रतिवेदन तयार पार्नेमा नेपाल पहिलोमध्येको मुलुक बनेको छ ।

सन् २०१७ मा नेपालले सूचकसमेत समावेश गरेर आफ्नो कार्यदिशासहितको 'बेसलाइन' प्रतिवेदन तयार पाऱ्यो । गतवर्ष प्रारम्भिक प्रतिवेदनलाई परिमार्जन गर्दै बेसलाइन प्रतिवेदनका सूचकहरूसमेत समावेश गरेर सन् २०३० सम्मको रणनीति तयार पारेको छ । सन् २०१८ को फेब्रुअरीमा सार्वजनिक भएको 'सस्टनेबल डेभलपमेन्ट गोल्स, स्टेटस एन्ड रोडम्याप २०१६-२०३०' नेपालको दिगो विकास लक्ष्य कार्यान्वयनतर्फको आधारपत्र पनि हो ।

योजना आयोगका अनुसार हाल दिगो विकास लक्ष्य कार्यान्वयनका लागि आवश्यक पर्ने खर्चसम्बन्धी प्रतिवेदन पनि बनेर सार्वजनिक हुने अवस्थामा छ । दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्थालाई सहजीकरण गर्न प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय समिति बनेको छ । योजना आयोगका उप(ाध्यक्षको संयोजकत्वमा समन्वय समिति र सदस्यहरूको नेतृत्वमा विषयगत समिति छन् ।

मुलुकको सङ्घीय संरचनामा यी लक्ष्य हासिल गर्ने धेरै जिम्मेवारी प्रदेश र स्थानीय तहहरूमा सरेको छ । प्रदेश र स्थानीय तहमा लक्ष्य कार्यान्वयनका लागि आयोगले अनुगमन

तथा मूल्याङ्कन दिग्दर्शन पनि तयार पारेर उनीहरूसँग छलफल सुरू गरेको छ ।

लक्ष्यको स्थानीयकरण

सबै सरोकारवालाहरूले विश्वव्यापी लक्ष्यलाई आत्मसात् गरी कार्यान्वयन गर्नु दिगो विकास लक्ष्यको स्थानीयकरण हो । नेपाल सरकारले यसको मर्मलाई अपनाइसकेको छ । चौधौं आवधिक योजनालाई दिगो विकास लक्ष्यको मर्मअनुरूप तयार पारिएको छ । दुई वर्षयता सङ्घीय सरकारको वार्षिक बजेटमा दिगो विकास लक्ष्यलाई समावेश गर्न थालिसकिएको छ ।

प्रादेशिक सरकारहरूले चालू आर्थिक वर्षमा पहिलो पूरा बजेट तयार पारेका छन्, जसमध्ये गण्डकी प्रदेशले मध्यकालीन खर्च संरचनाअनुरूप दिगो विकास लक्ष्यलाई समावेश गरेको छ । मध्यकालीन खर्च संरचनामा मूलतः चौधौं योजना र दिगो विकास लक्ष्यलाई आधार बनाएको छ । अन्य प्रदेशले आगामी वर्षदेखि दिगो विकास लक्ष्यलाई योजना र बजेटमा समावेश गर्ने तयारी गरिरहेका छन् ।

नेपालको सङ्घीय संरचनाअनुसार मानव विकासका लागि आवश्यक पर्ने अधिकांश सेवा सुविधा पुऱ्याउनुपर्ने जिम्मेवारी अब प्रदेश र स्थानीय तहमा गएको छ । दिगो विकास लक्ष्यलाई योजना र बजेटमा समावेश गर्दा जनप्रतिनिधिलाई विकास प्रक्रिया अगाडि बढाउन र निश्चित समयमा प्रतिफल पाए, नपाएको जनकारी दिन सहज हुन्छ । कि(नभने दिगो विकास लक्ष्यमा सन् २०२२ र २०२५ को कोसेढुंगा पनि नेपालले समावेश गरेको छ । यही शैलीमा प्रदेश वा स्थानीय तहले आधारभूत तथ्याङ्कसहितको प्रतिवेदन 'बेसलाइन रिपोर्ट' बनाउनुपर्ने हुन्छ ।

यो सरकारले गरेको प्रयास हो । तर स्थानीयकरणमा सरकारबाहेक अन्य सरोकारवालाको पनि भूमिका हुन्छ । स्था(नीय स्तरमा नागरिक समाज र निजीक्षेत्रले दिगो विकास लक्ष्य कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा महत्त्वपूर्ण काम गर्न सक्छन् ।

दिगो विकास लक्ष्यको स्थानीयकरणमा मुख्य चार अङ्ग हुन्छन् । पहिलो, यसबारे चेतना अभिवृद्धि गर्ने हो । यसमा सरकारसँगै निजीक्षेत्र, नागरिक समाज र मिडियाको भूमिका रहन्छ । दोस्रो, यसलाई ग्रहण गर्ने विषय हो । यसमा पनि समाजका सबै अङ्गको समान भूमिका रहन्छ । कार्यान्वयनको चरणमा सरकारका नीति र बजेटमा समावेश गर्नुका साथै अपुग स्रोतका लागि निजीक्षेत्र सहकारी

विकास साझेदारसँगको सहकार्य हो । र यसको निरन्तर मूल्याङ्कनले लक्ष्य हासिल गर्न र जवाफदेही बन्न प्रेरित गरिरहन्छ ।

निजीक्षेत्रको भूमिका

प्रभावकारी साझेदारी र लगानीबिना दिगो विकास लक्ष्य हासिल गर्न कठिन हुनेछ । लगा(नीको परम्परागत स्रोतहरू सरकार र दातृ निकायसँगै पछिल्लो समय निजीक्षेत्रको भूमिकाको बढी खोजी हुन थालेको छ । यसै पनि निज(ीक्षेत्रले रोजगारी सिर्जना गरी गरिबी निवारणमा भूमिका निर्वाह गरिरहेकै छ ।

निजीक्षेत्रको भूमिका सामाजिक उत्तरदायित्वमा मात्र सीमित पारिनुहुँदैन । यी काम निजीक्षेत्रले थोरबहुत गरिरहकै छ । तर अब योभन्दा माथि सोचिनुपर्छ । लक्ष्य हासिल गर्न सहयोग पुग्ने क्षेत्रमा लगानी बढाउन सकिन्छ । दिगो विकास लक्ष्य हासिल गर्दा हुने लगानी सामाजिक सेवा मात्रै होइन, त्यहाँ पनि प्रशस्त प्रतिफलका अवसर छन् ।

अब उत्पादनको प्रक्रिया बढी वातावरणमैत्री बनाउनेतर्फ सोचिनुपर्छ । न्यूनतम जीवन याप(नका लागि ज्याला उपलब्ध गराउन अभिप्रेरित गर्नुपर्नेछ । काम गर्ने वातावरण मर्यादित बन(ाउन महिलालाई अवसर र कार्यक्षेत्रमा काम गर्न अनुकूल वातावरण भए नभएकोतर्फ चनाखो हुनुपर्नेछ ।

दिगो विकास लक्ष्य हासिल गर्न धेरै लगानी हुनेछ । एउटाको लगानी अर्काका लागि अवसर हो भन्ने विषय निजीक्षेत्रले आत्मसात् गर्नुपर्नेछ । यसले आफैंमा व्यवसाय विस्तारको अवसर पनि दिएको छ । मलेसियादेखि खाडीमा कार्यरत बैङ्कहरूले दिगो विकास लक्ष्य हासिल गर्ने कार्यक्रममा लगानी बढाउन थालेका छन् । नेपा(लका बैङ्कहरू पनि यसका लागि सक्षम छन् ।

यती एयरलाइन्सले दिगो विकास लक्ष्यल(ाई आत्मसात् गरेको छ । उद्यमी व्यवसायीका प्रतिनिधिमूलक सङ्घसंस्थाहरूले दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने प्रतिबद्धता जनाइसकेका छन् । संयुक्त राष्ट्रसङ्घको समेत पहलमा 'बिजनेस कोअलिसन' बनेको छ । दिगो विकास लक्ष्य हासिल गर्न कार्यान्वयन गर्ने प्रतिबद्धता निजीक्षेत्रबाट आएको छ । यसलाई अगाडि बढाउनु आवश्यक छ ।

नेपालमा सहकारी आयआर्जनको अवसर सिर्जना गर्ने मात्र नभई सामाजिक रूपान्तरणमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षेत्र हो । केन्द्रीय, प्रादेशिक र स्थानीय सरकारले यो अवसरको सदुपयोग गर्न सक्छन् । स्टार्टअप (नवउद्यम)सँगै अन्य नयाँ खोज र व्यवसायको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याइरहेका छन् । तिनको प्रवर्द्धन अर्को एक महत्त्वपूर्ण पाटो हो ।

नागरिक समाजको भूमिका पनि दिगो विकास लक्ष्य प्रवर्द्धन र कार्यान्वयनमा महत्त्वपूर्ण हुन्छ । युवाहरूको समावेशिता र दिगो विकास लक्ष्य (एसडीजी) फोरम प्रदेश तहमा गठन भई काम सुरू हुनु वास्तवमै सराहनीय छ । स्रोत परिचालनमा पनि नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहन्छ ।

दिगो विकास लक्ष्य र मिडिया

दिगो विकास लक्ष्य कार्यान्वयनमा मिडियाले यस्तै गर्नुपर्छ भन्ने केही छैन । आर्थिक पत्रकार समाज (सेजन) ले यस विषयमा पत्रकारहरूलाई तालिम अभिमुखीकरणका कार्यक्रम गरिरहेको छ । पत्रकारहरूले यो विषय के रहेछ भनेर बुझ्ने प्रयास गर्दा पनि राम्रो हुन्छ । किनभने अबको १२ वर्ष विश्वभरका विकास प्रयासहरू दिगो विकास लक्ष्यकै वरिपरि घुम्नेछन् । दिगो विकास लक्ष्यले आर्थिक वृद्धिसँगै समाजिक न्याय, सुरक्षा र वातावरणका विषयलाई मिहीन गरी केलाएर त्यसमा विश्वले अपनाउनुपर्ने लक्ष्य तोकेको छ ।

दिगो विकास लक्ष्यको कार्यान्वयन हुँदै जाँदा सरकार, निजीक्षेत्र, नागरिक समाज सबैको सहभागिताले निश्चित नतिजाहरू पनि निस्किदै जानेछन् । निश्चित लक्ष्य तय भएपछि कामको प्रभावकारिता र जवाफदेहिता पनि बढ्दै जानेछ । यी गतिविधिमा समाचार पनि बन्दै जानेछन् । आर्थिक र विकाससम्बन्धी प्रायः सबै समाचारको पृष्ठभूमि (ब्याकग्राउन्ड इन्फर्मेसन)का लागि दिगो विकास लक्ष्य र यसमा तय भएका सूचक महत्त्वपूर्ण छन् ।

समग्रमा दिगो विकास लक्ष्य देश र त्यहाँ बसोवास गर्ने सबैको हो । यो गरिबी निवारणदेखि पृथ्वीको संरक्षण गरी भावी पुस्ताको सुरक्षा र सम्पन्नतासँग जोडिएका विषय हुन् । अबको पुस्ताले गरिबी भोग्नु नपरोस् भन्ने प्रयास हो । अबका दिनमा कोही भोकै निदाउनु नपरोस् भन्ने हो । शिक्षा र स्वास्थ्यको पहुँचबाट कोही पनि टाढा नहुने विषयको सुनिश्चितता खोजिएको हो । महिलामाथि हुने विभेद र हिंसाको अन्त्य हो । खानेपानी बिजुली जस्ता विषय आधारभूत हुन भन्न खोजिएको हो । आर्थिक वृद्धिसँगै साम(ाजिक न्याय, सुरक्षाको परिकल्पना गरिएको हो । जलवायु परिवर्तनलगायतका समस्या हल गरी भावी पुस्तालाई स्वच्छ र सुन्दर विश्व सुम्पिने परिकल्पना हो । अर्थात्, विकास प्रयासमा कोही पछाडि नपरून वा नपाऊिन् भन्ने सुनिश्चितता खोजिएको हो ।

> नेपालमा सहकारी आयआर्जनको अवसर सिर्जना गर्ने मात्र नभई सामाजिक रुपान्तरणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षेत्र हो ।

NEPAL INVESTMENT BANK LTD.

HONOURED AS

NEPAL'S BEST BANK 2018

BY

EUROMONEY

AWARDS FOR EXCELLENCE 2018

ANOTHER MILESTONE ACHIEVED, WITH YOUR TRUST IN US.
THANK YOU FOR THIS INCREDIBLE SUPPORT.

ICRA NEPAL

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

www.nibl.com.np

प्रणाली पुनर्संरचनाको आवश्यकता

युवाशक्ति काम वा सुरक्षित भविष्यको खोजीमा बाहिरिएको छ । यसले सामाजिक कुण्ठा, आक्रोशको सम्भावना, सामाजिक विकृति आदिको सङ्केत गरिरहेको छ । यसबाट देखिएको अर्को महत्वपूर्ण पक्ष - योजना र विकास प्रणालीले मुलुकभित्र युवाहरूको भविष्य सुरक्षित गरेको छैन कि भन्ने पनि हो ।

गोपीनाथ मैनाली

संविधानले राज्यको अग्रगामी रूपान्तरणलाई जोड दिएको छ । यसको अर्थ राजनीतिक प्रणाली, शक्ति विनियोजन, आर्थिक निर्णय प्रक्रिया, योजना प्रणाली र सेवा व्यवस्थापनको पनि रूपान्तरण हो । शक्ति, साधन, स्रोत, निर्णय प्रक्रिया जस्ता कुराहरू प्रभावकारी नागरिक सेवाका पूर्वाधार हुन् । त्यसैले 'राज्यको पुनर्संरचना' शासकीय तहका साथै प्रशासनिक संयन्त्र, योजना प्रणाली र निर्णय प्रक्रियाको पनि पुनर्संरचना हो । राज्यलाई सर्वसाधारणनजिक पुऱ्याएर उनीहरूका आवश्यकता र अपेक्षाको त्यहींबाट तत्काल सम्बोधन गर्ने कार्यप्रणालीको स्थापना हो । योजना प्रणाली त्यसको माध्यम हो ।

योजना प्रणाली

उपलब्ध स्रोत, साधन, पुँजी र प्रविधिलाई राष्ट्रिय उद्देश्यपूर्तिका लागि आदर्श अभ्यास गर्ने प्रक्रिया योजना प्रणाली हो । यस क्रममा गन्तव्य निर्धारण, उद्देश्य प्राप्तिमा उपयुक्त रणनीति तय, क्रियाकलापहरूको प्राथमिकीकरण, कार्यान्वयन व्यवस्थापन र अनुगमन मूल्याङ्कन जस्ता कार्यहरू शृङ्खलाबद्ध रूपमा सम्पादन गरिन्छन् ।

योजना पद्धति मूलतः वोल्सेविक क्रान्तिपछि छिटोछरितो रूपमा आर्थिक रूपान्तरणका लागि अवलम्बन गरिएको कार्यपद्धति थियो । तर, सन् १९३० को दशकको आर्थिक मन्दीपछि अर्थतन्त्रमा किन्जवादी दर्शनले प्रभाव पार्न थाल्यो र यसै अवधारणाको अभिन्न भागका रूपमा लोकतान्त्रिक मुलुकहरूमा पनि योजना पद्धतिलाई अवलम्बन गर्न थालियो, जसको केन्द्रबिन्दुमा लोककल्याणकारी राज्य थियो ।

वेलायतमा सन् १९५४ मा लेवर दल सरकारमा पुगेपछि लोककल्याणकारी राज्यका लागि थुप्रै नीति हस्तक्षेप गर्न थाल्यो । त्यसपछि युरोपका अन्य गैरसाम्यवादी मुलुक हुँदै सन् ८० को दशकसम्म आइपुग्दा विश्वका सबैजसो मुलुकमा कुनै नामको 'प्लानिङ अथोरिटी' स्थापना गरी योजना प्रणाली संस्थागत गर्न थालियो ।

नेपालले एकात्मक राज्यप्रणाली अवलम्बन गरेकाले योजना प्रणाली पनि सोहीअनुरूप केन्द्रीकृत रहँदै आएको छ । नेपालमा योजनाबद्ध विकासको अवधारणा नै नेपाल एकीकरणको १६७ वर्षपछि मात्र प्रादुर्भाव भयो । सन् १९३५ मा घोषणा गरिएको उद्योग परिषद् नै यसतर्फको पहिलो प्रयास थियो । त्यसै बखत परिषद्लाई कृषि, उद्योग र व्यापार विस्तारका लागि सहयोग गर्ने कार्यजिम्मेवारी दिइएको थियो । तर यसले कार्यरूप भने पाएन । त्यस्तै दोस्रो युद्धपछि बीसबर्से दीर्घकालीन योजना र सन् १९४९ मा १५ बर्से योजना तर्जुमाका लागि राष्ट्रिय योजना समिति गठन गरियो । तर, ती योजना पनि कार्यान्वयनमा आएनन् । यी सैद्धान्तिक प्रयासका दुई कारण थिए । पहिलो, छिमेकी मुलुकमा भएका विकास प्रयासको प्रभाव र दोस्रो, नेपालमा राणा शासनविरूद्ध चलिरहेको आन्दोलनबाट सर्वसाधारणको ध्यान अन्यत्रै खिच्ने प्रयास ।

२०१२ सालमा कोलम्बो योजनाका लागि नेपालबाट प्रस्तुत कार्यपत्र नै २०१३ सालमा पहिलो आवधिक योजनाका रूपमा घोषणा गरेर सीमित राष्ट्रिय स्रोतलाई प्राथमिकतापूर्ण विनियोजन गर्ने दृष्टिकोण अघि सारियो । पुनर्गठित योजना आयोगले आवधिक योजनाको आवश्यकता औंल्यायो । त्यसबेला आवधिक योजनाको काम

योजना व्यवस्था मन्त्रालयबाट थालनी भएको थियो । तर मन्त्रालयहरूबीच साधनस्रोतको खिचातानी र समन्वयको समस्याले मन्त्रीपरिषद्को प्रमुख परामर्शदाताका रूपमा प्रधानमन्त्रीकै नेतृत्वमा विज्ञ सम्मिलित योजना आयोग गठन भयो ।

तर योजनासम्बन्धी कामलाई कानुनी आधार दिइएको थिएन, न संस्थागत संरचना नै व्यवस्थित थियो । यसलाई दृष्टिगत गरी २०१४ मा 'योजना मण्डल ऐन' जारी गर्दै प्रधानमन्त्रीकै अध्यक्षतामा 'योजना मण्डल' गठन गरियो । पहिलो पञ्चवर्षीय योजनाको अनुगमन, समीक्षालगायतका काम त्यसैले गर्दै आएको थियो । तर २०१७ सालमा संसदीय प्रजातन्त्रको अपहरणपछि राजा महेन्द्रले योजना मण्डलका अध्यक्ष प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई अपदस्थ गरी सो निकाय नै खारेज गरे । जसका कारण पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनसमेत अन्योलमा पऱ्यो ।

२०१८ मा आर्थिक योजना मन्त्रालय गठन गरियो । उक्त मन्त्रालयले त्यसबेला हालको अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालयले गर्ने कार्यसम्पादन गर्दथ्यो । २०२५ मा सो मन्त्रालयको विद्यमान स्वरूपलाई अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सचिवालयमा विभक्त गरी क्रमशः स्रोत परिचालन र स्रोत विनियोजनको जिम्मेवारी दिइयो । २०२९ मा राजाले आफ्नै अध्यक्षतामा राष्ट्रिय विकास परिषद् गठन गरे । २०४७ मा आयोगको संरचनागत परिवर्तन गरी अध्यक्ष, उपाध्यक्ष, पाँचजना सदस्य र पदेन सदस्यका रूपमा मुख्यसचिव र अर्थसचिवलाई समावेश गरियो भने त्यसको केही पछि आयोगका सचिवलाई सदस्य सचिवका रूपमा परिवर्तन गरियो । साथै २०५० सालमा राष्ट्रिय विकास परिषद्को अध्यक्ष पनि प्रधानमन्त्री रहने व्यवस्था गरियो ।

२०५५ बाट तत्कालीन सरकारले योजना आयोग उपाध्यक्षको संयोजकत्वमा नीति संवाद समिति गठन गरी त्यसलाई विभिन्न पाँचक्षेत्रमा नीतिगत भूमिका दियो, जुन धेरै हदमा योजना प्रणालीसँग सम्बन्धित थिए ।

नीति संवाद समितिको भूमिका दिइएपछि आयोगबाट आर्थिक नीति तथा अनुसन्धानमा सक्रिय भूमिकाको अपेक्षा गरियो । अर्थतन्त्रको समग्र स्थितिको सिंहावलोकन गरी सुधार र अग्रगमनका लागि सरकारले लिनुपर्ने नीति तथा रणनीतिको सुझाव पनि आयोगको काँधमा सुम्पियो । क्षेत्रगत नीति तथा कार्यक्रमको समन्वय गर्ने दायित्व पनि थपियो । कानुनको अभाव केही हदमा पूरा गर्न २०६७ मा नेपाल सरकारबाट गठन आदेश जारि गरि आयोगलाई बृहत्तर कार्यजिम्मेवारी दिइयो, जसमा 'मुलुकको सर्वाङ्गीण एवम् दिगो विकासका लागि राष्ट्रिय विकासका नीति तथा योजनाको तर्जुमा'को प्रमुख कर्तव्य थियो ।

हाल मुलुक सङ्घीय शासन प्रणालीमा क्रियाशील भएकाले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ ले आयोगलाई चार कार्यक्षेत्रमा सीमित गरेको छ । यसमा दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन, तहगत समन्वय र अध्ययन, अनुसन्धान तथा अन्वेषण छन् ।

आयोगलाई दिइएको कार्यादेश योजना प्रणालीको मार्गदर्शक आधार पनि हो, जसले राष्ट्रिय तहको नीति योजनाका लागि कार्य निर्दिष्टता र प्रदेश तथा स्थानीय योजनाका लागि योजना मूल्य तथा मानकको काम गर्दछ ।

नेपालमा योजना तर्जुमा तीन कार्य तहमा गरिन्छन् । पहिलो - राष्ट्रिय योजना, जसले मुलुकको सर्वाङ्गीण विकासका लागि वार्षिक, आवधिक र दीर्घकालीन उद्देश्य, रणनीति र प्राथमिकता निर्धारण गर्दछ । दोस्रो - क्षेत्रगत योजना, जुन विषयगत मन्त्रालय/निकायहरूले तर्जुमा गरी कार्यान्वयन गर्दछन् । तेस्रो हो, प्रादेशिक तथा स्थानीय योजना, जुन प्रदेश सरकार र स्थानीय कार्यपालिकाले आआफ्नो कार्यक्षेत्रमा वार्षिक वा आवधिक रूपमा तर्जुमा गरी कार्यान्वयनमा ल्याउँछन् ।

तहअनुसार योजना तर्जुमा तथा स्वीकृति र कार्यान्वयन विधि पनि फरक छ । 'राष्ट्रिय योजना' राष्ट्रिय योजना आयोगले तयार पारी नेपाल सरकारले स्वीकृत गरेपछि कार्यान्वयनमा आउँछ । त्यस्त, क्षेत्रगत योजना विषयगत मन्त्रालयबाट तर्जुमा भई राष्ट्रिय योजना आयोगको सैद्धान्तिक सहमतिपछि मन्त्रिपरिषदले स्वीकृत गरी कार्यान्वयनमा ल्याइन्छ । प्रदेश तथा स्थानीय तहका योजना प्रदेश सरकार तथा स्थानीय कार्यपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सक्छन् । तर राष्ट्रिय योजना एवम् सङ्घीय कानुन र संवैधानिक निर्दिष्टताभन्दा पर रहन सक्दैनन् ।

आवधिक योजना : थोरै उत्साह, धेरै निराशा

मुलुकले अवलम्बन गरेको योजनाबद्ध विकास ढाँचाले ६ दशक पार गरेको छ । विकासको प्रारम्भिक चरणका आर्थिक सामाजिक परिसूचकहरूमा केही उपलब्धि हासिल नभएको होइन । जस्तै, प्रथम पञ्चवर्षीय योजनाअघि दुई प्रतिशत सर्वसाधारण साक्षर र केवल १ सय ५० जना स्नातकभन्दा माथिको शैक्षिक उपाधि हासिल गरेका थिए । कालोपत्रे सडक थिएन, २ सय किमि कच्ची सडक थियो । विद्युत् जडित क्षमता एक मेगावाटभन्दा कम थियो । औसत आयु, पोषण स्तर, अन्य सामाजिक, आर्थिक र भौतिक पूर्वाधारहरूको स्थिति नाजुक थियो ।

१४ ओटा योजना कार्यान्वयनपछि आधार वर्ष २०१३ सालतर्फ फर्केर हेर्दा पूर्वाधार सूचकमा महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन् । करिब ८८ हजार किमि सडक बनेको छ, जसमध्ये करिब १४ हजार किमी कालोपत्रे छ । मोटरयोग्य पुल २२ सय जति छन् । ३७ विमानस्थाल चालू छन् । टेलिफोन घनत्व १ सय ३५ प्रतिशत पुगेको छ । ४५.७ प्रतिशत जनसङ्ख्या इन्टरनेट सञ्जालमा छन् ।

यस्तै, १७ लाख सिँचाइयोग्य जमिनमध्ये करिब १४ लाख हेक्टरमा सिँचाइ पूर्वाधार पुगेको छ । जलविद्युत् जडित क्षमता १ हजार ७४ मेगावाट पुगेको छ । प्राथमिक तहमा भर्नादर ९७.२ प्रतिशत छ । महिला साक्षरताका

> आयोगलाई दिइएको कार्यादेश योजना प्रणालीको मार्गदर्शक आधार पनि हो, जसले राष्ट्रिय तहको नीति योजनाका लागि कार्य निर्दिष्टता र प्रदेश तथा स्थानीय योजनाका लागि योजना मूल्य तथा मानकको काम गर्दछ ।

साथै विद्यालय भर्नाको लैङ्गिक अनुपात पनि बढेर एक पुगेको छ । परिणामतः साक्षरता विस्तार र सशक्तीकरणको स्तर पनि बढेको छ । शिक्षा र स्वास्थ्य सेवा विस्तारका कारण बाल मृत्युदर ३९ र मातृ मृत्युदर २ सय ३५ मा झरेको छ । तीन वर्षअघि नै राष्ट्रिय गरिबीको रेखामुनिका जनसङ्ख्या २१.६ मा झरेको छ । विगत २० वर्षमा १९ वर्ष औसत आयु विस्तार भएको छ ।

आर्थिक विकासको महत्त्वपूर्ण सूचकका रूपमा रहेका आर्थिक संरचनाहरू पनि विस्तार भएका छन् । सबै प्रकारका गरी ५ सयभन्दा बढी बैङ्क तथा वित्तीय संस्था ग्रामीण इलाकासम्म पुगेका छन् । ३४ हजार ५ सय १२ सहकारी स्थानीय आर्थिक सम्भावना र सामाजिक परिचालनमा क्रियाशील छन् ।

आठौं पञ्चवर्षीय योजनाले अवलम्बन गरेको आर्थिक उदारीकरणको नीति र त्यसपछिका नीतिगत परिवर्तनका कारण निजी तथा सहकारी/सामुदायिक क्षेत्र विकासको महत्त्वपूर्ण रणनीतिक साझेदार बनेको छ । शिक्षा, स्वास्थ्य, सूचना प्रविधि र वित्तीय क्षेत्रमा देखिएको प्रगति सरकारभन्दा बाहिरका पात्रको महत्त्वपूर्ण साझेदारीका कारण सम्भव भएको हो ।

पूर्वाधार तथा सामाजिक क्षेत्रमा उल्लिखित उपलब्धि देखिए पनि तिनको गुणात्मकता प्राप्त छैन । सेवाको पहुँच मात्र सबै थोक होइन, उपयोग र गुणस्तर महत्त्वपूर्ण हुन्छ । यसले जीवनशैलीमा प्रतिकूल प्रभाव पारिरहेको छ । जस्तो कि खानेपानी सेवाका संरचना विस्तार भए पनि करिब ५५ प्रतिशत संरचना मात्र चालू छन् । सरसफाइ सेवामा सामाजिक जागरण आए पनि दिगोपनामाथि प्रश्न देखिएको छ । सिँचाइ संरचना विस्तार भए पनि करिब ३६ प्रतिशत जति मात्र बाह्रै महिना पानी आपूर्ति हुन सक्छ । यसले कृषि उत्पादनमा प्रभाव पारेको छ । निर्मित भौतिक विकासका संरचनाहरूको संरक्षण एवम् मर्मतसम्भार भएको छैन । विकास संरचनाहरूको उपयोगमा समन्यायिकताको प्रश्न देखिएको छ । शिक्षा आफ्नो उद्देश्यबाट पर छ । आधारभूत शिक्षा 'साक्षरता', माध्यमिक शिक्षा 'सीप' र उच्चशिक्षा 'प्रतिस्पर्धा' शिक्षाको उद्देश्य हो । तर माध्यमिक र उच्च शिक्षा उद्देश्यविमुख छ । आर्थिक संरचनाहरू स्थानीय आर्थिक क्रियाकलाप विस्तारमा भन्दा गैरउत्पादनशील क्षेत्रमा कारोबार गरिरहेका छन् ।

सबैभन्दा महत्त्वपूर्ण पक्ष, आर्थिक औद्योगिक उत्पादन, रोजगारी र व्यापारका क्षेत्रमा उपलब्धि सकारात्मक छैन । आर्थिक उत्पादन उच्च, दिगो, फराकिलो र समावेशी छैन । यसले असमानता एवम् अविकासतर्फ सङ्केत गरिरहेको छ । गार्हस्थ्य उत्पादनमा औद्योगिक कलकारखानाको हिस्सा घट्दो छ । परिणामतः रू १ को निर्यात गर्दा रू. १४ को आयात गर्न परिरहेको छ । यो अत्यासलाग्दो व्यापारघाटा दीर्घकालसम्म मुलुकले थेग्न सक्दैन ।

श्रम बजारमा रोजगारीका लागि बर्सेनि प्रवेश गर्ने ५ लाख युवाहरूको प्रशोचन गर्न सकिएको छैन । ३ प्रतिशत श्रम पूर्ण बेरोजगार र ३६ प्रतिशत आंशिक बेरोजगार छ । पूर्वाधार र उत्पादन क्षेत्रमा पुँजी-प्रविधि र उद्यमशीलताको साझेदारी गर्न सरकारले सार्वजनिक निजी साझेदारी नीति संरचना बनाए पनि देखाउन लायक एक आयोजना पनि कार्यान्वयनमा छैन । उद्यमशीलता, प्रविधि र तरलताले उपयोग पाएको छैन । अवस्थिति, श्रम, प्राकृतिक स्रोतको उपलब्धता जस्ता विकासका आधारको उपयोग हुन नसकी प्रत्येक योजना अवधि गुमेको अवसर मात्र साबित भयो । परिणामतः युवाशक्ति काम वा सुरक्षित भविष्यको खोजीमा बाहिरिएको छ । यसले सामाजिक कुण्ठा, आक्रोशको सम्भावना, सामाजिक विकृति आदिको सङ्केत गरिरहेको छ । यसबाट देखिएको अर्को महत्त्वपूर्ण पक्ष - योजना र विकास प्रणालीले मुलुकभित्र युवाहरूको भविष्य सुरक्षित गरेको छैन कि भन्ने पनि हो ।

उपलब्ध साधनस्रोतको अभ्यासमार्फत मानवीय विकासको यात्रा तय गर्न सकेमा मात्र योजना सफल मानिन्छ, जसलाई आवधिक योजनाले राखेका समष्टिगत तथा क्षेत्रगत लक्ष्य सूचकहरूको सापेक्षमा मूल्याङ्कन गरिन्छ । खर्चका दृष्टिमा दोस्रो त्रिवर्षीय योजना र लक्ष्यप्राप्तिका दृष्टिमा आठौं पञ्चवर्षीय योजनाबाहेक अन्य कुनै पनि योजनाले अपेक्षित प्रगति हासिल गर्न सकेको देखिँदैन ।

अबको आवश्यकता

मुलुकले उदारवादी अवधारणा अवलम्बन गरेपछि (आठौं योजनापछि) योजना प्रणाली बिस्तारै परिमार्जित हुँदै आएको छ । अर्थतन्त्रमा राज्यको कार्यक्षेत्र साँघुरिनु र नीति व्यवस्थापनमा प्रभावकारिताको अपेक्षा गरिनु योजना प्रणाली परिमार्जनका आधार थिए । साथै आठौं योजनामा अघि सारिएको विकासमा बहुपात्र प्रणालीले पनि योजना प्रणालीलाई परिमार्जन गर्नुपर्ने पृष्ठभूमि तयार भयो । राज्यका तर्फबाट सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरूबाहेक निजीलगायतका राज्यवाहिरका पात्र परिचालन हुने क्षेत्रमा राज्यको भूमिका घटाई सहजकारी सरकारको दर्शन अवलम्बन गरियो । फलतः बजार सकेतबाट निर्दिष्ट हुने क्षेत्रमा निजीक्षेत्र दह्रिलो साझेदारका रूपमा क्रियाशील भई शिक्षा, स्वास्थ्य, वित्तीय मध्यस्थता र सूचना सञ्चारका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । साथै सहकारीलगायत सामुदायिक संस्थाहरूले सामाजिक परिचालनमार्फत योजना प्रणालीमा रणनीतिक साझेदारी गरिरहेका छन् ।

तर नयाँ संविधान जारी भई राज्यको शासकीय स्वरूप तीन तहमा पुनर्संरचना भएपछि तहहरूबीच भूमिका, कार्यक्षेत्र, जिम्मेवारी र स्रोतसाधन पनि विभाजन भएको छ । संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने आशय राखेको छ । एकात्मक शासन प्रणालीमा अवलम्बन गरिएका पद्धति, प्रक्रिया, संरचना र योजना मूल्यहरू पनि संवैधानिक भावनाअनुरूप पुनर्संरचित हुने क्रममा छन् ।

संविधानअनुसार निर्धारित राज्यका तहहरू आपसमा पूर्णस्वायत्त संरचना होइनन् । सार्वभौमसत्ता अभ्यासको सीमित विभाजन मात्र सङ्घीय संरचनाको आशय हो । सङ्घ, प्रदेश र स्थानीय तह सहकारिता, सहसम्बन्ध

> सबैभन्दा महत्वपूर्ण पक्ष, आर्थिक औद्योगिक उत्पादन, रोजगारी र व्यापारका क्षेत्रमा उपलब्धि सकारात्मक छैन । आर्थिक उत्पादन उच्च, दिगो, फराकिलो र समावेशी छैन । यसले असमानता एवम् अविकासतर्फ सङ्केत गरिरहेको छ ।

र समन्वयको सिद्धान्तका आधारमा क्रियाशील हुने शासकीय संरचना हुन् । यसर्थ पुनर्संरचित योजना प्रणाली तथा विकास ढाँचा पनि सहकारिता, सहसम्बन्ध र परिपूरकताका आधारमा रहने स्पष्ट छ ।

नेपाल सङ्घीय संरचनाका दृष्टिमा कान्छो मुलुक हो । सङ्घीयताका लामो इतिहास भएका अमेरिका, भारत, स्विट्जरल्यान्ड, क्यानडा जस्ता मुलुकको झैं राज्य पुनर्संरचनाको सन्दर्भ र पृष्ठभूमि पनि नेपालमा छैन । सङ्घीयता अनुभवभन्दा (आवश्यकता ?) आकाङ्क्षा हो, नेपालका सन्दर्भमा । शासन प्रणालीलाई यथासम्भव जनमुखी बनाई बढीभन्दा बढी सर्वसाधारणलाई त्यसमा सहभागी बनाउन विद्यमान एकात्मक प्रणाली परिवर्तन गरी आर्थिक समृद्धि र सामाजिक रूपान्तरण प्राप्त गर्ने चाहनाका कारण सङ्घीय संरचना संस्थागत हुँदै छ । राज्यको संरचना र कार्यक्षेत्रका विषयमा संविधानले स्पष्ट उल्लेख गरे पनि अभ्यासका क्रममा यसले पूर्णता पाउने हो । साथै नेपालले अवलम्बन गरेको सङ्घीयता स्विट्जरल्यान्ड वा अमेरिकाको जस्तो पूर्ण विकेन्द्रीकृत/स्वायत्त होइन, न कि मलेसिया जस्तो अतिकेन्द्रीयताको सिद्धान्त नै अवलम्बन गर्न खोजिएको छ । हाम्रो सङ्घीयता सहशासनको ढाँचा हो भन्न सकिन्छ । संवैधानिक प्रावधानहरू कार्यान्वयनका क्रममा परिष्कृत हुँदै जाने भएकाले केवल संरचनागत व्याख्या मात्र पुनर्संरचनाको अर्थ र आशय होइन ।

सहशासनअनुरूप सङ्घीय तह साविक जस्तो विस्तृत कार्यकारी भूमिकामा नरही मागर्दशक र नीति नियामक भूमिकामा रहनुपर्छ । किनकि प्रदेश तथा स्थानीय तह पनि संविधान प्रत्यायोजित अधिकारअनुरूपको जिम्मेवारी लिने सक्षम निकायका रूपमा संस्थागत हुँदै छन् । यस सन्दर्भमा योजना र नीतिका मापदण्ड स्थापना, अनुगमन प्रणालीको सुदृढीकरण, क्षमता विकास र समन्वयको सिद्धान्त सङ्घको दायित्व हो ।

सङ्घको कार्यभूमिका निर्वाहका लागि योजना सङ्गठन (राष्ट्रिय योजना आयोग) पनि चुस्त, कार्यमूलक र व्यावसायिक हुनुको विकल्प छैन । कर्मचारीतन्त्रीय सङ्गठनलाई विज्ञतामुखी बनाइनुपर्छ । योजना निकाय टेक्नो-पोलिटिकल संस्था भएकोले त्यहाँ नियुक्त हुने व्यक्ति सोहीअनुरूपको विज्ञता पुष्टि गर्न सक्ने हुनुपर्दछ । संस्थाहरूको गरिमा र औचित्य पुष्टि गर्न दह्रिलो प्रणाली निर्माण आवश्यक छ, जसको आधार पदाधिकारीको क्षमता र विज्ञता हो । सुरूका दिनमा सङ्क्रमणको लागतबाट योजना प्रणालीलाई सुरक्षित गर्न पनि यो विज्ञताको अरू जरूरी छ ।

संविधानतः सबै शासकीय तह निर्धारित कार्यक्षेत्रमा नीति, रणनीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सक्षम छन् भने यी विषयमा आपसमा सहकार्य पनि गर्न सक्दछन् । प्रत्येक तहले अधिकार तथा शक्ति अभ्यास गर्दा संविधानको भावना र मर्मलाई आत्मसात् गर्नुपर्दछ । एक तहले तर्जुमा गरेको नीति तथा योजना अर्को तहको नीति योजनाका सहयोगी हुनुपर्छ ।

सहकार्य, सहकारिता र सहशासन संविधानको आशय हो । तर यसका लागि प्रणाली विकास भइसकेको छैन । नीति नियामक, समन्वय र सहजकर्ताका रूपमा सङ्घीय तहलाई कार्यजिम्मेवारी दिइएको छ । तर केकस्ता क्षेत्रमा कसरी र कति नीति बनाउने, कति क्षेत्रमा साझा नीति योजना चाहिन्छ र त्यसको तर्जुमा विधि के हुने भन्ने आकलन र अध्ययनसमेत भइसकेको छैन । सङ्घ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्न चाहिने कानुन पनि सङ्घीय संसदले निर्माण गरिसकेको छैन । संविधान जारी भएको दुई वर्षभित्र यस्ता कानुनहरू निर्माण भइसक्नुपर्ने भए पनि मौलिक हक कार्यान्वयनका लागि आवश्यकबाहेक अन्य नीतिगत कानुनी रिक्तता कायमै छ । तर प्रदेश तथा स्थानीय सरकारले क्षेत्रगत कानुन तथा योजना तर्जुमा प्रक्रिया सुरू गरिसकेका छन् । सङ्घीय तहबाट जारी गरिएका नमुना कानुनबाट प्रदेश तथा स्थानीय तहमा कानुन निर्माण गर्न केही सजिलो त भएको छ । तर योजना र नीतिका सम्बन्धमा त्यसो गरिएको छैन, न प्रदेश तथा स्थानीय तहमा प्रणाली निर्माण नै भइसकेको छ ।

उपसंहार

यो आर्थिक वर्ष चौधौ योजनाको आखिरी वर्ष र पन्ध्रौं पञ्चवर्षीय योजना निर्माणको अवधि पनि हो । साथै विसं २१०० सम्मका लागि २५ बर्से दीर्घकालीन सोच तय गर्न पनि आवश्यक छ, जसले आगामी २५ वर्षका लागि हाम्रा विकासका दृष्टिकोण तथा कुन तह र क्षेत्रको भूमिका के हुने भन्ने निर्धारण गर्नेछ ।

सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली'लाई राष्ट्रिय अभिष्टका रूपमा स्थापित गरेको छ । सुखका र समृद्धिका आधार के हुने, यसका लागि कस्तो रणनीतिक खाका चाहिन्छ भन्ने निर्धारण गरी यसैका आधारमा पन्ध्रौं पञ्चवर्षीय योजना, स्थानीय तथा प्रदेश तहका योजना कार्यान्यनयनमा ल्याइनुपर्छ । त्यसो भएमा मात्र सम्भावनाहरूको भरपुर उपयोग गर्न र समग्र मानव विकासलाई गति दिन सकिन्छ ।

सर्वसाधारणले उसको भविष्य सुनिश्चित भएको महसुस गर्न आफू मुलुकको नागरिक भएकोमा गर्व गर्न सक्छ । भूगोल, वर्ग, क्षेत्र, सम्प्रदाय र अन्तर पुस्ताबीच समन्याय स्थापित गर्न सकिन्छ । यथार्थमा त्यो नै राज्य पुनर्संरचनाको सही मर्म हो । त्यो नै नेपालीहरूले खोजेको दशकौंदेखिको अभिलाषा हो ।

नेपालले अवलम्बन गरेको सङ्घीयता स्विट्जरल्यान्ड वा अमेरिकाकोजस्तोपूर्ण विकेन्द्रीकृत/स्वायत्त होइन, न कि मलेसिया जस्तो अतिकेन्द्रीयताको सिद्धान्त नै अवलम्बन गर्न खोजिएको छ । हाम्रो सङ्घीयता सहशासनको ढाँचा हो भन्न सकिन्छ ।

बचत खातामा ३१% सम्मको फाइदा

सन्राइज बचत खातामा 8 अद्भुत सुविधा

*शर्तहरु लागु हुनेछन्

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE

For more info
Toll Free Customer Care
16600122444

तपाईंको बचत, तपाईंकै सुरक्षामा
हामी संग-संगै

ग्रामीण विकासको बदलिँदो परिवेश

बहुदल आउँदा ७ हजार किमिभन्दा कम सडक भएको देशमा अहिले झन्डै एक लाख किमिभन्दा बढी पुगेको छ । शिक्षित नेपालीका साथै विदेश वा वैदेशिक रोजगारीबाट फर्कनेहरूबाट गरिएका कृषिको व्यवसायिकीकरण र आधुनिकीकरण केही आशालाग्दा र राम्रा उदाहरण छन् ।

डा. गोविन्दराज पोखरेल

२०४८ सालपछि ग्रामीण क्षेत्रमा निकै परिवर्तन आएको छ । ग्रामीण जनजीवन बजार र नगद अर्थतन्त्रसँग गाँसिएको छ । २०४६ सालभन्दा पहिले सदरमुकाम या अन्य ठूलो बजार वर्षको एकदुई पटक मात्र जाने जनसंख्याको ठूलो हिस्सा अहिले दैनिकजसो बजार र आर्थिक गतिविधिमा समावेश छन् ।

देशको गरिबी गत २५ वर्षमा आधाभन्दा बढी घटेको छ । मोबाइल फोन अहिले हातहातमा र अझ नेपाली जनसङ्ख्याभन्दा पनि बढी पुगिसकेको छ । सात सयभन्दा बढी स्थानीयस्तरमा वाणिज्य बैङ्क छन् । शुद्ध पानी पाउनलाई अब १५ प्रतिशत जनता मात्र बाँकी छन् । गाउँगाउँमा स्वास्थ्यचौकी र विद्यालय स्थापना भएका छन् । धेरै ग्रामीण बस्तीमा शौचालय (चर्पी) को प्रयोग बढिराखेको छ ।

विश्वमा नै प्रशंसा पाएको सामुदायिक वनले कुल वनक्षेत्रको एकतिहाइभन्दा बढी क्षेत्र ओगटेको छ । यसले थुप्रै नेपालीको जीवनस्तरमा परिवर्तन ल्याउनुका साथै कार्बन ग्रहण, बाढीपहिरो नियन्त्रण, वन्यजन्तुको सङ्ख्यामा बढोत्तरीलगायतमा सहयोग गरेको छ । यसलाई व्यावसायिक बनाउन सके आर्थिक विकासमा अझ ठूलो टेवा दिनेछ ।

यसैगरी समुदाय आफैंले व्यवस्था गरेको सामुदायिक विद्युतीकरणले समुदायको विकासका गतिविधि व्यवस्थापन गर्न सक्ने क्षमता बढाइदिएको छ । दुर्गम गाउँहरूमा समुदायमा आधारित झन्डै ३० मेगावाटबराबरका एक किलोवाटदेखि ५ सय किलोवाटसम्मका लघुजलविद्युत्बाट करिब १२ लाख परिवारले उज्यालो र कुटनीपिसानीको सुविधाबाट लाभान्वित भएका छन् । खाना पकाउन घरायसी गोबरग्यास ४ लाखभन्दा बढी परिवारले प्रयोग गरेका छन् । करिब १५ लाख परिवारले सुधारिएको चुलो प्रयोग गरेर घरभित्रको धूवाँ घटाएका छन् । यी प्रविधिले महिलालाई सुविधा दिएको छ भने ठूलो मात्रामा वनजङ्गल जोगाएको छ ।

यी प्रविधिहरूको प्रयोग, सीप र उद्यमशीलताको अभ्यास ग्रामीण अर्थतन्त्र चलायमान गराउन, जनजीवन व्यवस्थित बनाउन र मानिसको जीवनस्तरमा फड्को मार्ने गरी आधुनिकता थप्न सफल भएका ग्रामीण विकासका राम्रा उदाहरण हुन् ।

बहुदल आउँदा ७ हजार किमिभन्दा कम सडक भएको देशमा अहिले सबै प्रकारका सडक गणना गर्ने हो भने एक लाख किमिभन्दा बढी पुगेको छ । शिक्षित नेपालीका साथै विदेश वा वैदेशिक रोजगारीबाट फर्कनेहरूबाट गरिएका कृषिको व्यवसायिकीकरण र आधुनिकीकरण केही आशालाग्दा र राम्रा उदाहरण हुन् । यो तरकारी, किवी खेती, माछापालन, गाईपालन, मौरीपालनलगायत कृषिका विभिन्न पक्षमा देखिएका छन् । पोल्ट्री व्यवसाय पनि ग्रामीण अर्थतन्त्रमा स्थापित हुँदै गएको छ ।

अहिले खनिजमा आधारित उद्योगहरू फस्टाएका छन् । थुप्रै वातावरणीय विवाद र सामाजिक असरहरूका बाबजुद सिमेन्ट उद्योगमा हामी आत्मनिर्भर नजिक छौं ।

ग्रामीण जनजीवनमा परिवर्तन र गतिशीलताका साथै थुप्रै आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूमा भने गुनासो गर्नलायक परिवर्तन भएका छन् । धेरै ठाउँमा ग्रामीण भेगका परम्परागत खाना हराएका छन्, जसको ठाउँ अस्वस्थ खाना (जङ्क फुड)ले लिएको छ । ग्रामीण बजारमा

स्थानीय खाना पाउन मुस्किल भएको छ । पहाडी भेगका अधिकांश बजारमा आयातित सामानहरूको उपस्थिति बाक्लिएको छ ।

दुर्गम र ग्रामीण भेगमा श्रमशक्तिको अभाव खड्किएको छ । फाँटहरू पक्की घरहरूले भरिन थालेका छन् भने गाउँ खाली जस्तै छन् । सिँचाइ नभएका पाखा पखेराहरू बिस्तारै बाँझा हुन थालेका छन् । सम्पन्न परिवारहरू बसाइ सरेपछि वैदेशिक रोजगारीमा गएका गरिब परिवारका युवा (विशेषगरी दलित र पिछडिएको वर्गका)ले सिँचाइ नभएका डाँडापखेरा सस्तो मूल्यमा किनेर जमिन जोड्दै छन् । यो क्रम जारी रहे सानै रूपमा भए पनि ती ठाउँमा चक्लाबन्दी हुनेछ । र यो एक किसिमले एउटा मौका पनि हो- गरिब परिवारलाई प्रविधि र सीपमा पहुँच पुऱ्याएर सम्मानजनक आय हुने गरी कृषि पेसामा आरक्षण गर्ने ।

दुर्गम र ग्रामीण क्षेत्रमा सडकको पहुचसँगै त्यसले भूक्षय पनि बढाएको छ । प्राविधिक पक्षको हिसाबै नगरी डोजरे सडकहरू व्यापक रूपमा बनाइएका छन्, जसले बाढीपहिरो आउने र जनधनको क्षति हुने क्रम बढाएको छ । विगतमा वर्षादको बेला मलिलो माटो बगाउने नदीहरूले अहिले बालुवा ल्याउँदा नदी किनाराका फाँटहरू उब्जाउ नहुने भएका छन् । थुपै खेतीयोग्य जमिन नदी कटानमा परेका छन् ।

ग्रामीण भेगमा विशेषगरी जग्गाको खण्डीकरण, सिँचाइ र प्रविधिमा पहुँच अभाव, सीप विकासको कमी र अपर्याप्त प्रविधिक सहयोगका कारण कृषिबाट सम्मानजनक आय हुन कसेको छैन, जसले गर्दा खेतबारी बाँझै छाडेर युवाहरू विदेशमा पलाएन भएका छन् ।

यी विविधि कारण तथा खर्चिलो ढुवानीका कारण एक त हाम्रो कृषि उत्पादन लागत नै उच्च छ भने सँगै छिमेकी मुलुकमा आयातित कृषि उपजसँग प्रतिस्पर्धा गर्नुपरेको छ, जो ठूलो परिमाणको अनुदान प्राप्त गरी उत्पादन हुने गरेका छन् । यसले गर्दा आम्दानीका दृष्टिले युवाहरू कृषिमा आकर्षित हुन सकेका छैनन् । जग्गाको आकार, सीपको अभाव, प्रविधि र बजार पहुँचमा समन्वयको कमी, परम्परागत कृषिले सम्मानजनक आय दिन नसक्नु र कृषिप्रतिको सामाजिक दृष्टिकोणका कारण आज धेरै युवाले गाउँ त्यागेपछि श्रमिकको कमी भएको छ ।

कृषि पेसाबाट प्रत्येक वर्ष करिब २ लाख ५० हजार जनसङ्ख्या पलायन हुने गरेको अनुमान छ । ग्रामीण भेगमा कृषिको साख झर्नुको एक मुख्य कारण लागतको प्रतिफल साह्रै कम हुनु हो । तथापि, हाम्रो ग्रामीण क्षेत्रमा मुख्यतया कृषि तथा यसमा आधारित साना तथा मझौला उद्योगबाट नै समुन्नति हासिल गर्न सकिन्छ ।

> खेतीयोग्य जमिनको जथाभावी खण्डीकरणका कारण उर्वर फाँटहरुमा अव्यवस्थित बसोवास बढेको र उब्जाउ भूमि घटेको छ । उत्पादनमा आधारित ससर्त अनुदानमार्फत वास्तविक किसानका हातमा सहयोग पुऱ्याउन सक्दा पनि कृषिले फड्को मार्नेछ ।

तराईका देहात र पश्चिमका पहाडी क्षेत्रमा कृषिमा आश्रित जनताको जीवनस्तर झनै खस्कँदो छ । आधुनिक प्रविधि र सीपमार्फत व्यवसायीकरण गरी कृषिक्षेत्रमै सम्मानजनक रोजगारीको अवसर सिर्जना गरी युवालाई आकर्षित गर्ने बाटो अपनाउन सके मात्र ग्रामीण विकासको आकाङ्क्षा पूरा गर्न सकिन्छ ।

खेतीयोग्य जमिनको जथाभावी खण्डीकरणका कारण उर्वर फाँटहरूमा अव्यवस्थित बसोवास बढेको र उब्जाउ भूमि घटेको छ । उत्पादनमा आधारित ससर्त अनुदानमार्फत वास्तविक किसानका हातमा सहयोग पुऱ्याउन सक्दा पनि कृषिले फड्को मार्नेछ । जग्गा करारमा लिई खेती गर्ने र कृषि सहकारीलाई अझ वैधानिक बनाई व्यावसायिक खेती गर्न सके प्राङ्गारिक फलफूल, तरकारी र नगदे बालीलगायत उत्पादनमा किसानले बढी मूल्य पाउने उपायहरू गर्न सकिन्छ । यसबाट पनि कृषिक्षेत्र विदेश जान खोज्ने युवाहरूका लागि आकर्षक हुन सक्नेछ ।

अर्कोतर्फ देखासिकी र विज्ञापनको असरले ग्रामीण बस्तीहरू कङ्क्रिट र टिनका छानाले भरिएका छन् । केही जनजाति समुदायबाहेक अन्यले आफ्ना वेशभूषा पनि त्यागिसकेको र लोप हुने अवस्थामा छ । परम्परागत निर्माण सामग्रीको प्रयोग घट्दो छ ।

दसबर्से हिंसात्मक द्वन्द्वले ग्रामीण भेगमा बैङ्कबाट ऋण लिई स्वरोजगार गर्ने, रोजगारीका अवसरहरू सिर्जना गर्ने र सरकारलाई कर तिर्ने संस्कार लगभग समाप्त गरिदिएको थियो । सिर्जनशील र उद्यमशील युवाहरू गाउँबाट पलायन गराएको थियो । द्वन्द्वका समयमा निजीक्षेत्र ठूला र सुरक्षित बजारमा सङ्कुचित भए भने सरकार सदरमुकाममा । ग्रामीण क्षेत्रको सामाजिक विकास र अन्य पक्षका गतिविधिमा गैरसरकारी क्षेत्र (एनजीओ) को भूमिका बढ्यो । आफ्नै सिर्जनशीलताको जगमा आफैं केही गर्न सक्ने युवा त्यस्ता एनजीओमा संलग्न भई उत्पादन क्षेत्रबाट विमुख भए । सँगै, रेमिट्यान्सप्रतिको निर्भरता बढ्दै जाँदा ग्रामीण भेकको उत्पादन घटेकाले (श्रमशक्तिको अभाव र उत्पादन लागत धेरै भएकाले पनि) अन्य मुलुकबाट आयातित सामानले ग्रामीण जनजीवनमा ठाउँ पायो । र जनजीवन धान्ने माध्यम बन्न थाल्यो ।

नेपालका ग्रामीण क्षेत्र र पहाडका टाकुराहरू हाम्रा लागि समुद्री किनार जस्तै हुन्, जसमा नेपालका मौलिक कला संस्कृतिले भरिपूर्ण प्राकृतिक र वातावरणअनुकूल होटल र पर्यटकीय स्थल बनाएर विलासितामा आधारित पर्यटन विकास गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा होमस्टेलगायतका पर्यटकीय गतिविधिलाई प्राङ्गारिक कृषि उत्पादनसँग जोड्न सकिन्छ । छिमेकी मुलुकहरूमा सरकारको व्यापक अनुदान र हाम्रै भौगोलिक कठिनतालगायतले गर्दा हाम्रो कृषि उत्पादनमा लागत अधिक रहेकाले नेपाल प्राङ्गारिक कृषिमा जानु उचित हुन्छ । नेपालले हाम्रा गाउँका विकासका लागि 'ल्यान्डस्केप मार्केटिङ' गर्दै प्राङ्गारिक कृषि र वातावरणीय पर्यटनलाई जोडनुपर्छ । अनि मात्र किसानले उचित मूल्य पाउन सम्भव हुनेछ ।

ग्रामीण क्षेत्रमा वातावरमैत्री कृषि, वन, र खनिजमा आधारित, परम्परागत हस्तकला, साना तथा मझौला उद्योगमार्फत उत्पादन वृद्धि गरी व्यापक रोजगारी सिर्जना गर्न सकिन्छ । यसका लागि आवश्यक पूर्वाधार, सहुलियत, विद्युत् आदि सहज गराई लागत घटाउन सहयोग गर्नुपर्नेछ ।

K. L. DUGAR GROUP

ज्ञान
खाद्यान्न

पकाउँदा रमाइलो, खाँदा स्वादिलो

उत्कृष्ट गहुँबाट तयार गरिएको ज्ञान भोग चक्की आटाबाट बनेको रोटी पकाउन यति सजिलो र खाँदा यति मीठो हुन्छ कि, जो कोही पनि रमाइलो मान्दै रोटी पकाउन र खान सक्छन्।

०% मैदा, १००% आटा

ज्ञान भोग चक्की आटा १ के. जी.,२ के. जी., ५ के. जी. र १० के. जी.का प्याकेटहरुमा उपलब्ध छ।

गहुँको असली गुण, स्वादिलो नरम रोटीमा

देहातका लागि सुदिन

केही यस्ता ज्येष्ठ नागरिक छन्, जसको परिवारमा अब कोही छैनन् । सम्पत्ति पनि त्यति छैन, जसले बुढ्यौली कटोस् । कसैको सन्तान रोजगारीका लागि बाहिर गए, तर फर्किएर नआएको बर्सौं भयो । कसैकी छोरीको बिहे त भयो । तर दाइजोको भार बर्सौंसम्म चलिरहेको छ ।

चन्द्रकिशोर

देहातमा केकस्तो अवस्था छ ? देहातका वासिन्दा के गर्दै छन् ? उनीहरूको आर्थिक क्रियाशीलतासँग जोडिएको चासो र चिन्ता के हो ? देहातको उत्पादकत्वलाई कसले नियन्त्रणमा राखेको छ ? देहातको समृद्धिका लागि सुरूवात कहाँबाट गर्न सकिन्छ ? के देहातको समृद्धि सपना सिकहरमा झुन्ड्याइएको सातुको कथा जस्तै हो ? यी यावत् प्रश्नहरूको आलोकमा मुलुकले देखेको समृद्धिको सपनाभित्र तराई-मधेस वा भनौं देहातको सुदिन खोजिनुपर्छ ।

जसरी देहातबिना नेपालको परिकल्पना गर्न सकिँदैन, त्यसैगरी देशमा कायम आर्थिक पछौटेपन देहातमा सुदिन नआई निवृत्त हुन सम्भव छैन । तर विडम्बना देहातको यस्तो छवि निर्माण भएको छ कि अधिकांश सहरिया विमर्शलाई जहिल्यै एउटा निष्कर्षमा पुऱ्याइन्छ, 'देहातमा विकास सम्भव छैन ।'

सहरिया चिन्तनमा जहिले पनि देहात प्रेरक र सहायक सिद्ध हुन सक्दैन भनेर निष्कर्ष छ । यही कारण हो कि सहरले जहिले पनि देहातलाई अलमलाउँदै रह्यो, अल्झाउँदै रह्यो ।

'सहर' भनिराख्दा त्यो गाउँबाट पलायन गरेकाहरूको बसोवासको त्यस्तो स्थल हो, जहाँ नयाँ आर्थिक संरचनामा तिनले भविष्य सुरक्षित बनाएको महसुस गरेका हुन्छन् । देहातलाई सहरबाट हेर्दा र त्यहीँ पुगेर नियाल्दा दुई फरक अवस्था देखिन्छ । देहातमा अहिले पनि सुगबुगाहट छ, सलबलाउने क्रम बढेको छ । देहातका बासिन्दाहरू मिहिनेती छन्, अच्छा प्रयत्न र सकारात्मक सोच राख्ने पनि छन् । त्यसले देखाएको सङ्केत के हो भने, सहरले आलोचना गरेको जुन आजको देहात हो, त्यो भोलि हुँदैन ।

यस्तो छ, देहात

'विकासको चमक केवल टाढाबाट मात्र नदेखियोस् बरू यो प्रत्येक असल समाजमा पनि छरियोस्'– यो देहातको चाहना हो । विकास भनेको चौडा सडक, झिलमिल सडक बत्ती, रेल वा पानीजहाज होइन । बरू यसको सरोकार शिक्षा, स्वास्थ, रोजगार, लैङ्गिक बराबरी र भोकविरूद्ध हुनुपर्छ भन्ने देहातको आकाङ्क्षा रहिआएको छ । आर्थिक राजधानी भनेर चिनिने वीरगन्जदेखि १० किलोमिटर टाढाबाट दही बोकेर सहरमा बेच्न आउने र दिनभरि भौंतारिने हुन् वा राजविराजको बजारमा १०-१५ किमि टाढाबाट दूध लिएर एकाबिहानै बेच्न आइपुग्नेहरू नै किन नहोऊन्, श्रम, सीप र समयको जबसम्म उचित मूल्य सहज रूपमा प्राप्त हुने आर्थिक प्रणाली विकसित हुँदैन, विकास तिनका लागि टाढाको झिलिमिली नै रहन्छ । देहातमा उत्पादन, आय, सीप र रोजगारी वृद्धि र आर्थिक सामाजिक पूर्वाधार विकासमा अपेक्षित प्रगति हुन नसक्दा गरिबीको समस्या तीव्र छ । जनसङ्ख्या वृद्धिदर जुन रूपमा नियन्त्रण हुनुपर्थ्यो, त्यो हुन सकेको छैन । बच्चाहरूलाई हुर्काउन र तिनको बिहेवारी गर्नमै जुनसुकै वर्ग र स्तरका देहातीहरूको जीवनको ठूलो हिस्सा अल्झिएको छ ।

केही यस्ता ज्येष्ठ नागरिक छन्, जसको परिवारमा अब कोही छैनन् । सम्पत्ति पनि त्यति छैन, जसले बुढ्यौली कटोस् । कसैको सन्तान रोजगारीका लागि बाहिर गए, तर फर्किएर नआएको बर्सौं भयो । कसैकी छोरीको बिहे त भयो । तर दाइजोको भार बर्सौंसम्म चलिरहेको छ । त्यसैगरी आपसी ससाना झन्झटमा अदालती मुद्दाको गोलचक्करमा फसेर तन्नम भएकाहरूको कमी छैन । यी वास्तविकताहरूले के देखाउँछन्

भने देहातका सामान्य मान्छेका सरोकारलाई हस्तक्षेप गर्ने गरी सामाजिक-आर्थिक बदलाव नल्याएसम्म उनीहरू उँभो लाग्दैनन् । देहातको भविष्य सुन्दर पार्न सामाजिक रूपान्तरण र आर्थिक समृद्धि दुइटै चाहिन्छ । प्रशस्त सम्भावना बोकेको देहातलाई विकासका माध्यमबाट आत्मसम्मानपूर्ण जीवन यापन गर्न सक्ने बनाउनुपर्छ ।

अन्नबाली, नगदे बाली र पशुपालनमा क्रान्ति नल्याईकन देहातको अर्थतन्त्रमा व्यापक सुधारको आशा राख्न सकिँदैन । र यो सुधारका लागि प्रदेशभित्र पनि जिल्ला र क्षेत्रहरूको उर्वरता, आवश्यकता, सामर्थ्यहरूका आधारमा कृषि रणनीति ल्याउनुपर्छ । तर त्योभन्दा पनि महत्त्वपूर्ण कृषिमा उद्यमशीलता, आधुनिकता र समर्पणको भावना विकास गर्नुपर्छ । खेतीकिसानीलाई आजको दिनमा सम्मानको पेसा मानिँदैन । यस्तो किन हुन पुग्यो भन्नेमा घोत्लिनैपर्छ । खेतीकिसानी पेसालाई सम्मानजनक नबनाउँदासम्म कृषिमा रहेको परम्परागत स्वभाव र संरचनाबाट मुक्ति पाउने सम्भावना छैन । अदृश्य बेरोजगारी, जमिनको खण्डीकरण, निम्नस्तरको प्रविधि, खोजअनुसन्धानको अभाव, अविकसित बजार प्रणाली, यातायात, सिँचाइ, विद्युत्लगायत पूर्वाधार अभावले यो क्षेत्र पछाडि परेको हो । अझै पनि मनसुन र हिउँदे वर्षाको चिठ्ठामा देहातको लाभहानि अड्किएको छ ।

देहात छाड्नेलाई रोक्ने

रोजगारीका लागि विदेश नभए देशभित्रै अन्यत्र जाने प्रवृत्ति आजको देहाती जीवनको अनिवार्य आवश्यकता जस्तै भएको छ । खेतीकिसानीमै निर्भर रहँदै आएको देहाती समाजमा वैदेशिक रोजगारीको बढ्दो प्रभावले बिस्तारै कृषि अर्थतन्त्र कमजोर बन्दै जान थालेको छ । गाउँ छोडेर बाहिर रोजगारीमा जानुलाई नै जीवन धान्ने उपयुक्त माध्यम मानिन थालिएको छ । खेतीकिसानीमा संलग्नता मात्र होइन, गाउँ देहातको बसाइ पनि प्रतिष्ठाको सूचक रहेन ।

यस्तोमा गाउँ छाडेर जान तम्तयार युवाहरू हुन् वा कम उमेरमै आफ्ना सन्तानलाई जालझेल गरेर भए पनि पठाउन हतारिएका कतिपय अभिभावकलाई लक्ष्य गरी देहातमै सीप र साधन उपलब्ध गराउन सकियो भने यसले रोजगारीकै लागि विदेशिने उपक्रममा अर्धविराम लगाउँछ । सँगै देहातमा भित्रिरहेको रेमिट्यान्सलाई उत्पादनमुखी काममा प्रयोग गराउन स्थानीय सरकारमार्फत योजना ल्याउन सकिन्छ । यति गरिसकेपछि पलायन भएकाहरूले समेत गाउँदेहातमै अवसरहरू उपलब्ध भएको परिस्थिति पाउँछन् । उचित परामर्श पाउँदा बिदेसिनेहरू हुन् वा बिदेसिन लागेकाहरू- तिनले विदेशको ५० हजार कमाइभन्दा देहातकै २० हजार कमाइ कसरी उपयोगी छ भन्ने थाहा पाउन सक्छन् ।

नेपालको उन्नतिको मुख्य द्वार देहात नै हो । मुख्य द्वार नै नखोलीकन उन्नतिका सिँढी चढ्न सकिन्न । देहातका असली समस्याहरूसँग सरोकार नदेखाएसम्म समृद्धिको राजनीतिक प्रतिबद्धता हात्तीले देखाउने दाँत मात्र हुन सक्छ । त्यसैले अहिले देहातबारे सोच्ने समय आएको छ । यो गरिएन भने आम नेपालीको विकसित नेपाल हेर्ने रहर कहिल्यै पूरा हुनेछैन ।

अव्यवस्थित देहातले सहरमा पनि अव्यवस्था निम्त्याउँछ । सहरी सुव्यवस्थाका लागि पनि सहर र गाउँबीच उत्पादनको सम्बन्ध विकसित हुनैपर्छ । अहिले के छ भने सहरबाट गएको उत्पादनमा गाउँको जीविका चलेको छ । देहातमा जेजस्तो उत्पादन छ, त्यसलाई सहरी बिचौलियाहरूले मनपरी तरिकाले आफ्नो हात पारेका छन् । जब कि सहर र गाउँबीच परस्पर पूरकको सम्बन्ध हुनुपर्छ । यसका लागि सबैभन्दा पहिले गाउँदेहातमा आफ्ना उत्पादनहरूमा कसरी आत्मनिर्भर हुने भन्ने विषयले प्राथमिकता पाउनुपर्छ ।

देहातमा पाइने रैथाने सीप, ज्ञान र प्रविधिहरू अत्यन्त महत्त्वका छन् । यिनको पहिचान, संरक्षण र सम्पत्ति अधिकारको उपयोग गर्न सक्दा स्थानीय जनताका लागि आर्थिक उपार्जनको अर्को महत्त्वपूर्ण स्रोत बन्ने सम्भावना रहन्छ । त्यसैगरी देहातको बसाइलाई हीनताबोध होइन, बरु आत्मगौरवको विषय बनाइनुपर्छ । कतिपय विसङ्गतिहरू हटाउन सामाजिक र कानुनी दबाब बढाइनुपर्छ । ब्याज कमाएर देहाती समाजलाई शोषण गर्नेहरूलाई कानुनी कारबाही गर्न सक्नुपर्छ ।

त्यस्तै सूचना प्रणालीमा भएको विकास र विस्तारलाई देहाती समाजको समेत अभिन्न अङ्ग बनाउन सक्दा स्थानीय अर्थतन्त्रले फड्को मार्ने सम्भावना प्रबल रहन्छ । सूचना प्रवाहका कारण एकतर्फ आधुनिक प्रविधिहरूको आदानप्रदान छिटोछिटो भइराखेको छ भने अर्कोतर्फ उत्पादित वस्तुलाई बजारसँग जोड्न सकिन्छ । अहिलेसम्म देहातमा जनसङ्ख्याको वृद्धि, परिवार नियोजनको साधनको प्रयोगमा कमी, छोराको आशामा सन्तान जन्माइराख्ने प्रवृत्ति, बिहेवारी र श्राद्ध जस्ता सामाजिक काममा हुने भड्किलो खर्च, अशिक्षा र परम्परावादी प्रवृत्ति, अदक्ष श्रमशक्ति जस्ता समस्या सम्बोधनका लागि चेतनामूलक कार्यक्रम सञ्चालनदेखि लिएर भएका कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनुपर्छ ।

प्रत्येक गाउँमा आफ्नै प्रकारको सामर्थ्य सन्निहित छ । अब स्थानीय तहले अस्को विकास रणनीति उधारोमा लिनुभन्दा आफ्नो गाउँठाउँको श्रम, सीप, संशाधन, सूचना र सरोकारका आधारमा प्रादेशिक सरकारसँग समन्वित प्रयत्न गऱ्यो भने देहातको अर्थतन्त्र उँभो लाग्न सक्छ । र देहातमा पनि सुदिन आउन सक्छ । देहातमा सुदिन आउनु भनेको देहातमै बस्नुमै आफ्नो वर्तमान र भविष्य सुरक्षित देखिनु हो । भविष्यका प्रति आशा राख्नु हो ।

> अदृश्य बेरोजगारी, जमिनको खण्डीकरण, निम्नस्तरको प्रविधि, खोजअनुसन्धानको अभाव, अविकसित बजार प्रणाली, यातायात, सिँचाइ, विद्युत्लगायत पूर्वाधार अभावले यो क्षेत्र पछाडि परेको हो । अझै पनि मनसुन र हिउँदे वर्षाको चिठ्ठामा देहातको लाभहानि अड्किएको छ ।

Foreign Currency Exchange सेवा सँग-सँगै
ट्राभल मेडिकल बीमा अब बैंकबाटै

नबिल ट्राभल कार्ड + प्रभु ट्राभल मेडिकल बीमा

अब नबिल ट्राभल कार्डसँग आफूलाई सुहाउँदो ट्राभल मेडिकल बीमा लिनुहोस् र एकैसाथ सुरक्षित र आरामदायी यात्रा गर्नुहोस् ।

Powered by: Verified by VISA

Insurance Partner: prabhu INSURANCE
protecting your future.

NABIL BANK®
TOGETHER AHEAD

*नेपाल राष्ट्र बैंकको नियममा भर पर्ने । हाललाई ट्राभल मेडिकल बीमा बैंकको सीमित शाखाहरुबाट मात्र उपलब्ध छ ।

कार्ड र ई-बैंकिङ्ग विभाग

मुख्य कार्यालय, तीनधारा, दरबारमार्ग, काठमाडौं, नेपाल । फोन नं.: ०१-४२२३१२५/४२५५१५१

उच्चमूल्य बालीबाट आर्थिक उत्थान

केसर प्रतिकिलो ९ लाख, ट्रफल प्रतिकिलो ६ लाख, श्रीखण्ड तेल प्रतिलिटर ३ लाख तथा काठ प्रतिकिलो ११ हजार, अगरउडको तेल प्रतिलिटर ३५ लाख र रक्तचन्दनको काठ प्रतिकिलो ५ हजारसम्ममा बिक्री गर्न सकिने बाली हुन् ।

जीवनप्रसाद राई

सामान्यतया परम्परागत रूपमा कृषकले गर्दै आएको खाद्यान्न तथा नगदे बालीभन्दा बढी मूल्य आउने खेतीयोग्य बालीहरू नै उच्चमूल्य बाली (हाई भ्यालु क्रप्स) हुन् । जडीबुटी, वन पैदावार तथा कृषिबाली सबै यसमा पर्न सक्छन् । यी तीन ओटै कुरा एकअर्कासँग सम्बन्धित छन्, जसलाई फरकफरक वा एकै ठाउँमा एकीकृत बालीका रूपमा पनि खेती गर्न सकिन्छ । यसरी एउटै जमिनमा एकसाथ तीन प्रकारका उच्च मूल्य आउने बालीको खेती गर्दा जमिनको अधिकतम उपयोग हुनुका साथै थोरै जमिनबाट पनि अधिक आम्दानी लिन सकिन्छ ।

नेपालमा हाल अध्ययन तथा अनुसन्धान भई सफल रूपमा खेती सञ्चालन हुँदै आएका त्यस्ता उच्च मूल्य आउने बाली थुप्रै छन् । जस्तै- केसर, हेजलनट, पिकानट, दाँतेओखर, मरिच, ट्रफल, जैतुन, केमोमाइल, मेन्था, ढटेलो, अगरउड, मेकडेमियानट, सिताके च्याउ, लेमनग्रास, टिम्मुर, सौरसप, रक्तचन्दन, श्रीखण्ड, मालागिरी, कुरिलो, एभोकाडो, ड्रागनफ्रुट (ड्रागनफल) आदि हुन् । यसमध्ये हेजलनट, सिताके च्याउ, कुरिलो, पिकानट, लेमनग्रास, दाँतेओखर, मरिच, मालागिरी, मेन्था, ढटेलो, मेकडेमियानट, टिम्मुर इत्यादि बालीबाट अहिले प्रतिकिलो वा प्रतिलिटर न्यूनतम १ हजारदेखि अधिकतम १० हजार रूपैयाँसम्म आम्दानी गर्न सकिन्छ ।

यीमध्ये ड्रागनफल र एभोकाडो एक रोपनीमै अत्यधिक फल्ने भएकाले यिनीहरूको प्रतिबोट आम्दानी राम्रो छ । यसैले यी फललाई उच्च मूल्य आउने बालीका रूपमा लिइन्छ । केसर, ट्रफल, श्रीखण्ड, अगरउड र रक्तचन्दन जस्ता बाली भने उत्पादन महँगो पर्ने बाली हुन् । केशर, प्रतिकिलो ९ लाख, ट्रफल प्रतिकिलो ६ लाख, श्रीखण्ड तेल प्रतिलिटर ३ लाख तथा काठ प्रतिकिलो ११ हजार, अगरउडको तेल प्रतिलिटर ३५ लाख र रक्तचन्दनको काठ प्रतिकिलो ५ हजारसम्ममा बिक्री गर्न सकिने बाली हुन् । यसैले यी बाली वा वन पैदावारहरू अधिक मूल्य पाउने वस्तुहरू हुन् । यो त अझ प्रशोधित अवस्थामा यी बालीहरूको मूल्य झनै बढी रहेको छ ।

नेपालमा उच्चमूल्य बाली

नेपालमा वर्षौंवर्ष पहिलेदेखि नै अधिक वा उच्च मूल्य आउने केही बालीहरूको विकास भएको मानिन्छ । जस्तै, अगरउड रूख नेपालमै लगाइएको इतिहास छ । यसैगरी, केसरको खेती सम्भव छ भनी २०३२ सालमै सिफारिस गरिएको थियो । ढटेलो नेपालीले तेलको विकल्पका रूपमा लिएका थिए । पिकानट कर्णालीको डोल्पामा पहिलादेखि नै जङ्गलमा पाइन्थ्यो ।

तथापि, यसरी प्राकृतिक रूपमै पाइने यस्ता उच्च आम्दानीका बालीहरू नेपालमा पहिले अन्नसँग साट्ने तथा केही मात्रामा गुजारा टार्ने मेलो मात्रै थियो । समयक्रमले यी वस्तुहरू उच्च मूल्यका हुन पुगे । पछि आयातित उच्चमूल्य बालीले स्थान लिँदै गयो ।

'ब्ल्याक डायमण्ड'समेत भनिने 'ट्रफल' विश्वमै सबैभन्दा महँगो खाद्य वस्तुका रूपमा लिइन्छ । अहिले अन्तर्राष्ट्रिय बजारमा प्रतिकेजी ५ हजार अमेरिकी डलरभन्दा बढीसम्म पर्ने ट्रफल नेपालमा सन् २०११ मा मात्र भित्रिएको हो । त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा. गिरिराज त्रिपाठीले अनुसन्धान नेतृत्व गर्दै रोल्पाको थवाङमा यसको खेती सुरू गराएका हुन् । त्रिभुवन

विश्वविद्यालय तथा अजम्बरी जनकम्युनले संयुक्त रूपमा गरेको उक्त ट्रफल खेतीको नेतृत्व अहिले स्थानीय राजकुमार रोका मगरले गरिरहेका छन् ।

यसैगरी, पिकानट, मेकाडेमियानट, एभोकाडो, ड्रागनफ्रुटलगायत बालीहरू भने क्रमिक रूपमा भित्रिए । सौरसप पछिल्लो समय नेपाल भित्रिएको बाली हो, जसलाई क्यान्सरको शत्रुका रूपमा नै व्याख्या गरिएको छ । अझ स्वास्थ्य अभियन्ता क्रिस्टोफर थोङले त एउटा पाकेको सौरसप फल खाँदा दुई पटक किमोथेरापी गरेभन्दा बढी फाइदा हुने बताउँदै आएका छन् । यद्यपि, यसमा थप अनुसन्धान भइरहेको छ । तर यो फलको सेवनले धेरै रोग निको हुने कुरा प्रमाणित भइसकेको छ । नेपाली बजारमा सौरसपको मूल्य प्रतिकिलो ६ हजार रूपैयाँ छ ।

नेपालका धेरै रैथाने बाली पनि उच्च मूल्य आउने किसिमका छन् । तर तीमध्ये धेरैको खोज तथा अनुसन्धान हुन सकेको छैन । पछिल्लो समय भित्रिएका उच्च मूल्य आउने (हाई भ्यालु) बालीहरूको इतिहास भने नेपालमा त्यति पुरानो छैन । तथापि, हाई भ्यालु बालीहरूको खेतीतर्फ धेरै नेपालीहरू जुर्मुराइसकेका छन् । हाल यसतर्फ कृषक तथा निजी स्तरबाट केही उल्लेख्य कार्य पनि भएका छन् ।

भूगोल अनुरूपका बाली

झापादेखि कञ्चनपुरसम्मको भूगोलमा प्रायः एकैनासका खेती गर्न सकिन्छ । तर पूर्वी तराईमा पश्चिम तराईभन्दा बढी पानी पर्छ र मनसुन पनि लामो समयसम्म रहन्छ । यसले गर्दा पूर्वी र पश्चिम तराईको माटोमा केही फरकपना भेटिन्छ । त्यसका बाबजुद तराईको सबै भूभागमा एकैनासको बाली लगाउन सकिन्छ ।

तराईबाहेक भने नेपालमा कर्णालीको भूगोल, वातावरण तथा हावापानी अन्य भूभागको भन्दा अलग प्रकृतिको छ । अन्य हिमाली क्षेत्रहरूको भूगोल तथा हावापानी पनि स्वाभाविक रूपमा अलग्गै छ । मध्यपहाड तथा उच्चपहाडले पनि आफ्नै प्रकारको विशेषता बोकेको छ ।

कर्णालीको जस्तो भूभागमा ढटेलो, पिकानट, केसर, हेजलनट जस्ता बालीहरूको खेती गर्न सकिन्छ । गाजरको बीउ उत्पादन र बेमौसमी प्याजको उत्पादन पनि कर्णालीका लागि धेरै उपयुक्त छ । यी काम कर्णालीमा भइरहेकै छन् । तर व्यावसायिक र विस्तारित खेतीका रूपमा भने हुन सकेको छैन । कर्णालीमा मात्र पाँच सयभन्दा बढी प्रकारका जडीबुटी पाइने पहिचान भएको छ । तथापि, यसबारे त्यहाँका स्थानीयलाई तीमध्ये कुन जडीबुटी कस्तो हो र त्यसले के काम गर्छ भन्ने जानकारी पुग्न सकेको छैन, जुन विडम्बनापूर्ण हो ।

सुदूरपश्चिममा जैतुन, ड्रागनफल, ढटेलो आदिको खेती गर्न सकिन्छ । यी सबै उच्च मूल्य आउने बालीहरू हुन् । सुदूरपश्चिमको वातावरण यी बाली सुहाँउदो रहेको छ ।

उष्ण प्रदेशीय बालीहरू, जस्तै– ड्रागनफल, एभोकाडो, मरिच, रक्तचन्दन, अगरउड, श्रीखण्ड, सौरसप, केमोमाइल, मेन्था, मेकाडेमियानट आदि भने तराई तथा मध्यपहाडसम्मका लागि उपयुक्त हुन्छन् । यसैले प्रदेश २ को हावापानी यी बालीहरूका लागि उपयुक्त छ । कुरिलो, ट्रफल, टिमुर, सिताके च्याउ, लेमनग्रस, मालागिरी, जस्ता बालीहरू मध्यपहाड तथा उच्चपहाडमा खेती गर्न सकिन्छ ।

यसैले नेपालको भूगोल र हावापानीअनुसार खेती गर्न सकिने थुप्रै किसिमका उच्च मूल्य आउने बाली छन् । आवश्यकता छ त यी बाली गर्ने इच्छाशक्ति र कार्ययोजना तयार गरेर काममा खटिने जनशक्तिको ।

उच्चमूल्य बालीको बजार

नेपालमा जहिले पनि बजारको सन्दर्भमा बहस हुन्छ । बजारकै उल्झन अघि सार्दा हुन सक्ने कार्य पनि नहुने गरेको छ । बजारलाई अभाव देखाई जमिन बाँझो राख्ने काम भएको छ ।

उच्च मूल्य आउने बालीका लागि आन्तरिक बजार त्यति ठूलो होइन । यही कारण पनि नेपालमा उच्चमूल्य बालीहरू बाहिरबाट खासै आयात भएको छैन । औषधि उत्पादक कम्पनीहरूले कच्चापदार्थका रूपमा ल्याउनेबाहेक नगण्य मात्रामा यस्ता वस्तु आयात हुँदै आएको छ । तथापि यहाँबाट निर्यात गर्न सकिने उच्चमूल्य वस्तुहरू भने धेरै छन्, जसको उत्पादन ठूलो परिमाणमा हुन सकेको छैन । यसकारण अहिले धेरै मूल्य पर्ने वस्तुहरू निर्यात भए पनि नभए जस्तो र आयातसमेत लगभग नभएको अवस्था छ ।

अहिलेसम्म हामी हाम्रा कृषि उत्पादनका लागि भारतको भरोसामा छौं । यसैले भारतले हाम्रा उत्पादन किनेको खण्डमा बजार पाउने नत्र नपाउने यथार्थ छ । अलैंची तथा अदुवामा नै हामीले यो भोग्दै आएका छौं । नेपालगन्जमा कुनै बेला रिङ्गा कुहिएर खेर जाने अवस्था आउनुको कारण पनि यही नै हो ।

तर हाम्रा धेरै जसो उच्चमूल्य कृषि वस्तुहरूको बजार युरोप, अस्ट्रेलिया तथा अमेरिका हो । यसका लागि भने हामी आफैंले नै ब्रान्डिङ तथा मार्केटिङको पहल गर्नुपर्छ । पछिल्लो समय फ्रान्स, जर्मनीलगायतका मुलुकका व्यक्ति नेपाल आएर यहाँको टिम्मुर, कफी, चिउरीको घिउलगायतको अध्ययन गरिरहेका छन् । साथै उनीहरूले नेपालबाट त्यस्ता विभिन्न कच्चा वस्तुहरू आफ्नो मुलुक लैजानेसमेत गरेका छन् । यसले पनि

> नेपालको भूगोल र हावापानीअनुसार खेती गर्न सकिने थुप्रै किसिमका उच्च मूल्य आउने बाली छन् । आवश्यकता छ त यी बाली गर्ने इच्छाशक्ति र कार्ययोजना तयार गरेर काममा खटिने जनशक्तिको ।

नेपालका मौलिक वस्तुहरूको उचित ब्रान्डिङ गर्न सके अन्तर्राष्ट्रिय बजारमा त्यसलाई राम्रो मूल्यमा बिक्री गर्न सकिने सम्भावना फराकिलो रहेको प्रस्ट्याउँछ ।

थाइल्यान्ड र चीन पनि उच्च मूल्य आउने केही वस्तुहरूको ठूलो बजार हो । चीनले नेपालबाट रक्तचन्दन, श्रीखण्ड, अगरउडलगायतका धेरै वस्तु किन्ने गरेको छ । हामीले यस्ता वस्तुहरू नियमित र व्यावसायिक परिमाणमा उत्पादन गर्न सके चीनमा त्यसको बजार सुरक्षित छ । चीनमा धनाढ्यहरूले उपभोग गर्ने उच्चस्तरका पफ्र्युम बनाउने कच्चा पदार्थको औद्योगिकीकरण तथा उत्पादन व्यापक रूपमा भइरहेकाले पनि रक्तचन्दन, श्रीखण्ड, अगरउडलगायत अन्य कच्चापदार्थको ठूलो बजार छ । यसैले चीन हाम्रा लागि महत्त्वपूर्ण बजार हो । जडीबुटीका लागि भारत पनि हाम्रो धेरै ठूलो बजार हो । तर अब हामीले कच्चा नभएर प्रशोधित वस्तुतर्फ कदम चाल्नुपर्छ । सरकारले आवश्यक लगानीका लागि धक फुकाएर उच्चमूल्य बालीहरूको प्रशोधन उद्योगहरू अविलम्ब खोल्न थाल्नुपर्छ ।

पछिल्ला केही वर्षयता नेपालीहरूको आयआर्जनमा वृद्धिसँगसँगै खानेकुरामा खर्च गर्न सक्ने क्षमता र खाद्यशैली (फुड ह्याबिट) राम्रो हुँदै गएको छ । यसैले सोझै खान मिल्ने उच्च मूल्य आउने बालीहरू जस्तै - पिकानट, मेकाडेमियानट, ड्रागनफल, किवी, एभोकाडो जस्ता बालीका लागि भने नेपाल पनि निकै ठूलो बजार भइसकेको छ । पछिल्लो समयमा नेपालमा करोडौं रूपैयाँका यस्ता वस्तुहरू बिक्नु तथा यसको बजार विस्तार हुँदै जानुले पनि यसलाई प्रमाणित गर्छ ।

सरकारी तथा निजी प्रयासहरू

जुम्लामा गोविन्द शाहीले आफ्नै प्रशोधनशालासमेत स्थापना गरेर ६ वर्षदेखि केसर खेती गरिरहेका छन् । तर, विश्वबजारमै असाध्यै राम्रो मूल्य पाउने केसरको व्यावसायिक खेती बृहत् रूपमा लैजान आवश्यक छ, जुन व्यक्तिगत प्रयासबाट मात्र सम्भव छैन । यस्तै, बर्दियामा पनि डल्ला होमस्टे वरपर निजी प्रयासमा मेन्था र केमोमाइल खेती गरिएको छ । केमोमाइल खेतीबाट धानभन्दा दोब्बर-तेब्बर आम्दानी हुने र यसलाई जङ्गली हात्तीले समेत दुःख नदिने हुँदा यो तराईका लागि धेरै राम्रो खेती हो ।

नेपालमा अगरउडको पनि व्यावसायिक खेती भइरहेको छ । भार्से (गुल्मी)का धनबहादुर पुनले नेपालमा सर्वप्रथम यसको खेती गरेका हुन् । हाल उनले भार्सेस्थित बारीमा २५ हजारभन्दा बढी अगरउडका बिरूवा तथा रूख हुर्काइरहेका छन् । पुनलाई पछ्याउँदै झापाका दीपक नेपालले पनि लाखौंको सङ्ख्यामा अगरउडका बिरूवा लगाएका छन् । नेपालमा ड्रागनफल प्रवेश गराउने डा. जगन्नाथ राईले देशका धेरै ठाउँमा यसको खेती विस्तारका लागि कार्य गरेका छन् । अहिले गोरखा मिलेनियम, सिप्रेड जस्ता संस्था तथा भेषमान श्रेष्ठ, डा. सूर्य पाण्डे, (काभ्रे), शिवा वान्तवा (धरान), हरि बैरागी दाहाल (सङ्खुवासभा) लगायतका व्यक्तिले यसको खेती व्यावसायिक स्तरमै गरिरहेका छन् ।

यस्तै नेपालमा केही वर्षको अवधिमै असाध्यै राम्रो स्तरमा व्यावसायिक खेती भएको अर्को बाली हो– एभोकाडो । यही अनुपातमा नेपालमा यसको खेती विस्तार हुँदै गए केही दशकभित्रै अन्तर ाष्ट्रिय बजारमा नेपाली एभोकाडोले स्थान बनाउन थाल्नेछ । हाल धनकुटा जिल्लामा एभोकाडोको सबैभन्दा बढी खेती भएको छ, जुन स्थानीय कृषकहरूका कारण सम्भव भएको हो । अहिले निजीक्षेत्रबाट धेरैले यसको व्यावसायिक खेती थाल्ने प्रयास गरिरहेका छन् । यस्तै झापाका शान्तिराम चिमौरिया र बालकृष्ण सापकोटालगायतले मरिच खेती गरिरहेका छन् । झापामै रबर खेती पनि भइरहेको छ । यो पनि उच्च मूल्य आउने वनस्पती हो ।

उच्चमूल्य बाली विकास तथा विस्तारका लागि सरकारका तर्फबाट उल्लेख्य स्तरमा काम हुन नसकेको भए पनि केही काम भएका छन् । वनस्पति कार्यालय जुम्लाले उच्च मूल्यका बाली अनुसन्धानको काम गरिरहेको छ । कपुरकोट (सल्यान) वनस्पति कार्यालयले पनि धेरै प्रकारका जडीबुटी तथा वनस्पतिको अनुसन्धानमा सफलता हासिल गरिसकेको छ । त्रिभुवन विश्वविद्यालयले रोल्पाको थवाङमा ट्रफल खेतीको सफल अनुसन्धान सम्पन्न गरेको छ । यद्यपि, यी बालीहरू आम नेपालीको तहमा पुग्न सकेका छैनन् । गैरसरकारी निकाय इसिमोडले पनि यस्ता कृषि उत्पादनमा थुप्रै अध्ययन-अनुसन्धान गरेको छ, जुन आम व्यक्तिसम्म पुग्न सकेको छैन ।

चुनौती तथा समस्या

सरकारीस्तरबाट अध्ययन सफल भएका तथा कृषकले पनि सानो परिमाणमा खेती गर्दा सफलता पाइरहेका केही उच्चमूल्य आउने बाली छन्, जसले व्यावसायिक आकार लिन सकेका छैनन् । यसको प्रमुख कारण जनशक्तिको अभाव हो । यसक्षेत्रमा काम गर्ने 'भिजन' र इच्छा भएका नेपाली युवाहरूसँग कि त स्रोतको अभाव छ वा इच्छाशक्तिको अभाव छ । भिजन र स्रोत दुवै हुने पनि नभएका होइनन्, तर उनीहरूमा काम गर्ने आँट छैन, हिच्किचाइरहका छन् । किनकि यो पूर्ण रूपमा बजार जोखिममुक्त क्षेत्र होइन । शिक्षित व्यक्तिले जागिर नै गर्नुपर्ने सामाजिक तथा पारिवारिक मनोविज्ञान र आकाङ्क्षाका कारण पनि पढेलेखेका युवाहरू कृषिलाई आफ्नो पेसा

> नेपालमा केही वर्षको अवधिमै असाध्यै राम्रो स्तरमा व्यावसायिक खेती भएको अर्को बाली हो– एभोकाडो । यही अनुपातमा नेपालमा यसको खेती विस्तार हुँदै गए केही दशकभित्रै अन्तर ाष्ट्रिय बजारमा नेपाली एभोकाडोले स्थान बनाउन थाल्नेछ ।

बनाउनेबारे सितिमिति सोच्दैनन् ।

नेपालमा प्रशस्त्र मात्रामा उच्च मूल्य आउने बालीहरूको सम्भावना भए पनि यसबारे सूचना प्रवाह नहुनु यसको व्यवसायीकरणमा चुनौतीको अर्को कारण हो । इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगमा नेपाली समाज अभ्यस्त भइसकेको भए पनि यस्ता सूचना पाउन सकिरहेका छैनन् ।

यस्तै, उच्च मूल्य आउने खेतीका लागि सरकारले नै उचित वातावरण नबनाउनु आफैंमा यसको एउटा चुनौती हो । सरकारले यस्ता वस्तुहरू उत्पादनका लागि उचित वातावरण सिर्जनाको पहिलो कदमका रूपमा केही पकेट क्षेत्र घोषणा गरी त्यहाँ आफूले गर्ने सहजता तथा कामहरूबारे सूचना प्रवाह गर्न सक्छ । तर यसका लागि आवश्यक नीति अहिले स्थानीय, प्रदेश वा सरकारको छैन ।

नमुना क्षेत्र विस्तार

उच्चमूल्य बालीको व्यापक व्यावसायिक विस्तारका लागि स्थानअनुसार विभिन्न बालीको नमुना वा पकेटक्षेत्र विकास गर्दै अघि बढ्नु उचित हुन्छ । यद्यपि, पकेटक्षेत्रको अवधारणा सरकारले एकैपटक सबैतिर लागू नगरीकन केही स्थानका लागि मात्र अपनाउनुपर्छ । जस्तै, हाल भौगोलिक हिसाबमा यस्ता कार्यक्रम दिनैपर्ने क्षेत्र प्रदेश २ र कर्णाली प्रदेश हुन् । भूभाग समथर भए तापनि प्रदेश २ चेतनामा कमीका कारण सामाजिक तथा आर्थिक विकासमा तुलनात्मक रूपमा पछि छ । यो प्रदेशमा उच्चमूल्य बालीहरूको खेती गर्ने योजना बनाएर काम थाल्ने, त्यसलाई निरन्तरता दिने, त्यस्ता बालीको प्रशोधन केन्द्र स्थापना गर्ने र ती उद्योगहरूमा सिर्जना हुने रोजगारीमा स्थायनीय बासिन्दालाई ९० प्रतिशतसम्म कोटा अनिवार्य गर्न सकिन्छ । यसो गर्न सके प्रदेश २ का जनताको आर्थिक-सामाजिक विपन्नताको विद्यमान अवस्था उल्टिनेछ । राज्यका अन्य क्षेत्रहरूबाट समेत यो क्षेत्रमा भ्रमण गर्न आउने बनाउनका लागि केही बोटानिकल गार्डेनसमेत सञ्चालनमा ल्याइनुपर्छ ।

कर्णाली प्रदेशमा पनि उच्चमूल्य बालीहरूको पकेटक्षेत्र विस्तारलगायत प्रदेश २ को जस्तै उपयुक्त योजनाका साथ कामहरू सुरू गर्नुपर्छ । विगतमा कर्णाली क्षेत्र निकै समृद्ध थियो । तर, बिस्तारै केन्द्रको उपेक्षाका कारण यो क्षेत्रले अधोगति लिनुपऱ्यो । कर्णालीले न्यायोचित विकासमा लागि काम हुन सकेन । आज प्राकृतिक स्रोतसाधनहरूले भरिपूर्ण भएर पनि कर्णाली पिछाडिएको छ ।

> उच्च मूल्य आउने बहुबालीहरु एकसाथ एउटै जमिनमा लगाउन सकिने भएकाले योजनाबद्ध ढङ्गले अघि बढ्न सके यसबाट मुलुकको कृषि उत्पादकत्व र समग्र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।

यसलाई सम्बोधन गर्न त्यो क्षेत्रमा बेमौसमी प्याज, गाजरको बीउ उत्पादन र प्रशोधन उधोग, हिमाली जिरा, पिकानट, दाँते ओखर, सखरवडा, ढटेलो, सेवकथ्रोनलगायतको खेती तथा यहाँको प्रचलित रैथाने बालीहरूको नमुना/प्रदर्शनी खेती गरी आन्तरिक तथा बाह्य पर्यटकसमेत भित्र्याउन सकिन्छ । यी कार्यहरूबाट कर्णाली प्रदेशले उच्च आर्थिक वृद्धिको लय समात्न सक्छ ।

अर्थतन्त्रमा परिवर्तन

उच्च मूल्य आउने बहुबालीहरू एकसाथ एउटै जमिनमा लगाउन सकिने भएकाले योजनाबद्ध ढङ्गले अघि बढ्न सके यसबाट मुलुकको कृषि उत्पादकत्व र समग्र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुग्न सक्छ । जस्तै, एभोकाडो खेती गर्न सकिने ठाउँमा मरिच र कफी खेती पनि एकसाथ गर्न सकिन्छ । एभोकाडोको रूखसँगै मरिच, त्यसको तल कफी र अझ कफीको झाङमुनि घाम नचाहिने किसिमका जडिबुटी पनि खेती गर्न सकिन्छ । यसरी जमिनको अधिकतम उपयोग गरेर राम्रो आयआर्जन गर्न सक्ने हुँदा ग्रामीण आर्थिक उत्थानमा यो पद्धति वरदान नै बन्न सक्छ । परम्परागत खेतीबाट प्रतिरोपनी २ देखि ४ हजार रूपैयाँ कमाउनेले यसरी उच्च मूल्यका बहुबाली खेती गर्दा २ देखि ४ लाख रूपैयाँसम्म कमाउन सक्छ ।

नेपालको हावापानी र भूगोल यस्ता कैयौं उच्चमूल्य बालीका लागि सुहाउँदो भएकाले यसलाई अवसरका रूपमा सदुपयोग गर्न सके बिस्तारै त्यसले यससम्बन्धी उद्योगको माग गर्छ । त्यसरी आउने उद्योगले रोजगारीको अवसर सिर्जना गर्नेछ भने सीप तथा क्षमताको पनि विकास गराउँछ । यसरी उच्चमूल्य बालीले नेपालको अर्थ-सामाजिक समृद्धिमा बहुआयामिक र गुणात्मक योगदान गर्न सक्छ । योजनाबद्ध रूपमा गरिने उच्चमूल्य बाली खेतीको प्रशोधन तथा मार्केटिङका लागि संस्थागत तथा सरकारी प्रयासहरू पनि आवश्यक रहन्छन्, जसले स्वदेशी तथा विदेशी बजारलाई नेपाली उत्पादनलाई शीघ्र स्थापित गर्न मद्दत पुऱ्याउनेछ ।

निष्कर्ष

आर्थिक-सामाजिक-भौगोलिक र हावापानीको संरचनाका दृष्टिले नेपालमा परम्परागत खाद्यबालीलाई प्रोत्साहित गर्नुभन्दा उच्च मूल्य आउने बालीहरूमा लगानी गर्नु नै बुद्धिमानी हो । परम्परागत बालीले प्रतिरोपनी केही हजार मात्रै आम्दानी दिने जमिनमा उच्चमूल्य बालीबाट केही लाख आम्दानी हुनेछ ।

यसबाट कृषकको आयमा उच्च वृद्धि आउनेछ । राज्यले प्रत्यक्ष योजनामार्फत हरेक कृषकको फराकिलो हुँदै गएको आयलाई पुनः अर्को उद्योग वा उत्पादनशील आर्थिक क्रियाकलापमा नै प्रयोग हुन सक्ने वातावरण तयार गरिदिनुपर्छ । अन्यथा कृषकले आकर्षक आम्दानी गरे पनि अन्ततः त्यो सुनचाँदी, सहरबजारको घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा लगानी हुने सम्भावना रहन्छ । त्यस्तो विकास तथा आयआर्जनले राज्यलाई फाईदा पुग्दैन ।

यसैले सरकारले यस्ता बृहत् परियोजना सञ्चालन गर्दा कृषकले गर्ने आम्दानीलाई तुरून्तै अर्को ठूला परियोजनामा लगानी गर्ने वातावरण बनाइदिनुपर्छ । अनुत्पादक क्षेत्रमा हुने लगानीलाई धेरै हदसम्म निरूत्साहित गरिनुका साथै कृषकको आम्दानीलाई पुँजी निर्माणमा लगानी गरिनुपर्छ । यसरी काम गर्न सके कृषक, समाज तथा राज्यको समग्र आम्दानीमा महत्त्वपूर्ण योगदान पुग्नेछ ।

KEDIA ORGANISATION
business conglomerate
देशको उर्जा
वृज
सिमेन्ट
उर्जा नै हो
मेरो असली सुन्दरता
शृङ्खला खतिवडा
मिस नेपाल २०१८
OPC
CEMENT
साधारण पोर्टल्याण्ड सिमेन्ट (ओ.पि.सी.)
BRIJ SUPER PREMIUM
ISO 9001:2008 प्रमाणित कम्पनी
वृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि., रूपन्देही, नेपाल
Like us on Brij Cement Industries (P) LTD.
CERTIFIED ISO 9001:2008 COMPANY
वृज
सिमेन्ट
पोर्टल्याण्ड पोजोलाना सिमेन्ट
50 Kg Net Wt. when packed
नेपालमा बनेको
वृज सिमेन्ट इण्डष्ट्रीज प्रा. लि.
रूपन्देही-नेपाल
PPC
CEMENT
वृज सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.
Like us on Brij Cement Industries (P) Ltd.
www.brijcement.com

यही हो विकासका लागि जुर्मुराउने समय

सबै राजनीतिक दलको साझा र प्रमुख अजेन्डा समृद्धि नै हो भने अब हामी विकासका लागि जुर्मुराउने समय यही हो । अहिले स्थायी सरकार, स्थानीय तहसम्म निर्वाचित जनप्रतिनिधिको शासन र सबैको लक्ष्य विकास नै हुँदा पनि केही ठूला उपलब्धि हासिल हुन सकेनन् भने ठूलो निराशा छाउनेछ ।

जुगल भुर्तेल

नेपालमा आजसम्म बनेका सबै सरकारको लक्ष्य विकास नै रहेको छ । कसैले पनि विकास गर्दिनँ त भनेको छैन । सबै राजनीतिक दलका घोषणापत्र पनि विकास र समृद्धिकै ठूलाठूला वाचाले भरिएका छन् । सबैले विकासप्रति यति गहिरो सार्वजनिक प्रतिबद्धता देखाउँदादेखाउँदै पनि यथार्थ के हो भने नेपाल एसियाकै सबैभन्दा अविकसित राष्ट्रमध्येको पुछारमा छ । नढाँटी भन्नुपर्दा आजका दिनसम्म देशमा जेजति विकास भएको छ, त्यो हाम्रो ठूलो प्रयत्नले भन्दा पनि समयले सहज रूपमा ल्याएको भौतिक प्रगति मात्र हो । हामीले मुलुकमा गर्न बाँकी कामको कुनै लेखाजोखा छैन ।

विकास भनेको के हो भन्ने दार्शनिक पक्षमा धेरै नघोत्लिई एउटा कुरा के भन्न सकिन्छ भने कुनै पनि मुलुकको आमूल परिवर्तनकारी विकास त्यतिबेला मात्र सम्भव हुन्छ, जतिबेला सारा देशवासी त्यसका लागि जुर्मुराउँछन् । तर त्यो राष्ट्रिय जागरणका लागि सबैलाई प्रेरित गर्ने एउटा समय आउँछ । युद्धबाट भरखर तङ्ग्रिंदै गएको वा हालै स्वाधीन भएको वा त्यस्तै कुनै मोडबाट गुज्रिएका मुलुकको इतिहासलाई हेर्दा हामीलाई त्यो कुरा थाहा हुन्छ । हामी त्यस्ता अत्यन्त कठिन मोडबाट नगुज्रिए पनि देशले थुप्रै लामालामा राजनीतिक घुम्ती पार गरेको छ । हाम्रो देशमा त्यो बहुप्रतीक्षित ऐतिहासिक क्षण अब आएको छ ।

धेरै पुरानो इतिहासमा नजाऊँ । निकट विगतवरपरकै इतिहासलाई हेर्ने हो भने हामीले यो देशलाई कुन राजनीतिक बाटोबाट अघि बढाउने भन्ने विषयमा लामो समयसम्म छलफल, बहस र आन्दोलनहरू गऱ्यौं । कम्युनिस्ट, प्रजातान्त्रिक वा तानाशाही पथमध्ये कुनमा जाने भन्नेमा द्वन्द्व थियो, धेरै प्रयोग गऱ्यौं । एकदलीय पञ्चायतदेखि माओवादी हिंसासमेत भोग्यौं । राजाको प्रत्यक्ष शासनबाट समेत देश चलाउने प्रयत्न भए । यी सबै व्यवस्था भोग्दै अन्ततः हामी सबै सहमत भएर विश्वकै सबैभन्दा बढी समावेशी संविधानसभामार्फत हामीले लोकतान्त्रिक समाजवादी व्यवस्थालाई अङ्गीकार गरेको संविधान ल्यायौं । अब हामीले कुनै राजनीतिक लडाइँ लड्नु छैन । सबै राजनीतिक दलले आआफ्ना घोषणापत्रमा आर्थिक समृद्धिलाई नै एक मात्र लक्ष्य र मूल मुद्दा बनाएका छन् । सबै राजनीतिक दलको साझा र प्रमुख अजेन्डा समृद्धि नै हो भने अब हामी विकासका लागि जुर्मुराउने समय यही हो । अहिले स्थायी सरकार छ, स्थानीय तहसम्म निर्वाचित जनप्रतिनिधिको शासन छ र सबैको लक्ष्य विकास नै छ । यस्तो अवस्थामा पनि केही ठूला उपलब्धि हासिल हुन सकेनन् भने यहाँ केही हुने रहेनछ भन्ने ठूलो निराशा छाउनेछ । हाम्रो समय यही हो ।

तर सजग हुनुपर्ने कुरा यति मात्र हो कि मानिस युगान्तकारी परिवर्तनका लागि यसकारण तयार हुने रहेछ कि उसलाई लाग्छ, भोलिको दिन आजभन्दा सुनौलो हुनेछ, जे प्राप्त हुनेछ, त्यो सबैको साझा हुनेछ, मेरो जीवन आज भन्दा गुणात्मक हुनेछ । अझै पनि केही वर्ग, क्षेत्र, भूगोलका मानिसले देशविकासमा जुर्मुराउने प्रेरणा पाउन सकेका छैनन् । केहीले संविधानलाई आत्मसात् गर्न सकिरहेका छैनन् । कतै कुण्ठित मनस्थिति पनि छ । हिमालदेखि मधेससम्म, पूर्वदेखि पश्चिमसम्म सबैले एउटै लक्ष्यलाई आत्मसात् गर्न सक्नुपर्छ । सबैले देशको आर्थिक विकासप्रति आफूसमेत हिस्सेदार हुन पाउने र लाभमा हिस्सेदार हुन सक्ने अवस्था आउँछ भन्ने

महसुस गर्न सक्नुपर्छ । यसरी समावेशी हुन सक्यो भने मात्र राष्ट्रिय जागरणको अवस्था सिर्जना हुनेछ । हामीले त्यो सानो प्रयत्न गर्न मात्र बाँकी छ । त्यसपछि विकासको एउटा आमसहमति बन्नेछ । विकास लहडमा नहुने नै रहेछ । अत्यधिक रूपमा वातावरणीय विनाश गर्ने, प्राकृतिक प्रकोपलाई निम्त्याउने गरी हामी विकास गर्न सक्दैनौ भन्ने पनि ख्याल राख्नुपर्ने हुन्छ । दिगो नहुने विकास खासमा हाम्रो जस्तो अल्पविकसित देशका लागि विकासै होइन । त्यस्तो विकास हामीले धान्न पनि सक्दैनौं । त्यसो हुँदा विकासलाई सन्तुलित, वातावरणमैत्री र दिगो पनि बनाउन उत्तिकै आवश्यक छ ।

धेरै समयसम्म हामीले नेपाल समुद्रसँग नजोडिएकाले विकास भएन भनिरह्यौं । तर के बुझेनौं भने वरिपरि समुद्र भएका थुप्रै अविकसित देश पनि छन् । समुद्र मात्र विकासको आधार होइन रहेछ । हामीलाई प्रकृतिले हिमाल, पहाड, थुप्रै नदीनाला दिएको छ । ठूलाठूला पहाडबाट झरेका खोलानालाबाट सस्तोमा ऊर्जा उत्पादन गर्न सक्ने वरदान पनि हामीलाई प्रकृतिबाट प्राप्त छ । आन्तरिक रूपमा हामीलाई जुन सम्भावना प्राप्त छ, त्यो सम्पूर्ण रूपमा उपयोग गर्ने हो भने आर्थिक विकासको मुख्य आधार हामीले जलविद्युत्लाई नै बनाउन सक्छौं । जनता र उद्योगलाई सस्तो र सुलभ ढङ्गले विद्युत् दिन सक्यो भने मात्र पनि त्यसले देश विकासमा फड्को मार्न सघाउँछ । तर नेपालमा प्रतिव्यक्ति विद्युत् खपतको दर संसारमै सबैभन्दा कममध्येकै सूचीमा छ । नेपाल अविकसित देश हो भन्ने यो पनि एउटा सूचक हो । त्यसो हुँदा प्रतिव्यक्ति विद्युत् खपतलाई हामीले एकदमै बढाउनुपर्छ ।

हाम्रो आफ्नै जनसङ्ख्या पनि अब सानो छैन । तर हामीले हाम्रै खपतका लागि धेरैजसो सामग्री विदेशबाट आयात गरिरहेका छौं । देशभित्र औद्योगिक विकास गर्न आवश्यक छ । हामीले नेपाल कृषिप्रधान देश भन्दै आए पनि कृषि क्षेत्रलाई ध्यान दिएका छैनौं । आधुनिक प्रविधिसहित व्यावसायिक रूपमा कृषि कार्य सुरू भएको भए पनि त्यो विदेशबाट काम गरेर आएका केही युवाहरूमा सीमित छ । कृषि उद्योगको आधुनिकीकरण र विस्तारका लागि पनि ठूलो परिमाणमा ऊर्जा आवश्यक छ । पर्यटनको विकास र विस्तारका लागि पनि ऊर्जा नै आवश्यक छ । हरेकजसो क्षेत्रको विकासका लागि पर्याप्त मात्रामा ऊर्जा आवश्यक छ । किफायती विद्युत् खपत गरेर लोडसेडिङ अन्त्य गर्नु मात्र हाम्रा लागि पर्याप्त छैन । अब हामीले औद्योगिक खपत बढाउनैपर्छ ।

भोलि हामीले विद्युत् उत्पादन बढी गरेर आफूले प्रयोग वा खपत गर्नै नसकेको अवस्थामा विद्युत् बेच्नुपर्ने पनि हुन सक्ला । तर आजकै दिनमा हामीले बिजुली बेच्नेबारे सोच्न पनि हुँदैन । हामीले तीसौं हजार मेगावाट विद्युत् निकालेर उत्पादनशील क्षेत्रमा खपत नगरे हामीले कल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य फेरि पनि पूरा हुनेछैन ।

जलविद्युत् विकासको पहिलो सर्त यातायातको सुविधा हो । अहिले धेरैजसो जलविद्युत् आयोजना बनाउन सकिने स्थानहरूमा जस्तो भए पनि सडक सञ्जाल पुगेको छ वा पुग्न लागेको छ । अर्को पूर्वाधार, राष्ट्रिय प्रसारण लाइनको सञ्जाल विस्तार र सुधार हुँदै छ । तर त्यसमा धेरै छिटो थुप्रै काम गर्नुपर्नेछ । हामीले हाम्रो राष्ट्रिय प्रसारणको पहुँच र क्षमतालाई व्यापक रूपमा विस्तार गर्न सकेनौं भने हामीलाई विद्युत्को सधैं अभाव हुन सक्छ । अहिले भारतबाट आयात गरिरहेको विद्युत्लाई प्रतिस्थापन गर्नुपर्नेछ । दुईचार हजार मेगावाट आउँदैमा हामीलाई पुग्दैन । त्यसो हुँदा तीसौं हजार मेगावाट उत्पादन र प्रसारण गर्न हामीले ध्यान दिनुपर्ने

> हामी सबैको साझा प्रयत्नले देश विकास हुने हो । विगतमा राजनीतिकलगायत विभिन्न कारणले त्यस्तो प्रयत्न हुन सकेन वा भए पनि सफल हुन सकेन ।

आवश्यकता छ । दुई देशबीच ऊर्जा आदानप्रदान गर्न ढल्केबर-मुजफ्फरपुर जस्ता ठूला प्रसारणलाइन योजनाहरूलाई समयमै पूरा गर्ने र अन्य ठाउँमा समेत आवश्यकताअनुसार क्षमता विस्तार गर्दै लैजानु आवश्यक छ । नीतिगत परिमार्जन र बजेटको व्यवस्था त सधैं भइ नै रहनुपर्छ ।

अरु सबै कुरा हुँदाहुँदै पनि नेतृत्वको क्षमता भएन भने धेरै काम हुन सक्दैन । तर नेतृत्व क्षमतावान् छ भन्ने अन्य कुराहरूको समेत व्यवस्थापन मिलाउन सक्छ । नेपालको ऊर्जाक्षेत्रका प्रत्यक्ष नियामकहरू ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग र नेपाल विद्युत् प्राधिकरणले समन्वयात्मक रूपमा काम गर्नु आवश्यक छ । हाल मन्त्रालय, विभाग र प्राधिकरणले कुशल नेतृत्व पाएको छ । आशा गर्ने ठाउँ छ ।

सुसूचित जनताको जागरण कुनै पनि क्षेत्रको प्रगतिको अर्को आधार हो । लोडसेडिङको भोगाइ, जलविद्युत् आयोजनाहरूको स्थानीय निर्माण, स्थानीय तथा सर्वसाधारणलाई दिइने सेयर जस्ता कारणहरूले गर्दा अब नेपालीले जलविद्युत्बारे धेरै हदसम्म बुझिसकेका छन् । जलविद्युत् अब जनचासो र सरोकारको विषय बनेको छ । यो अब विशुद्ध प्राविधिक मात्रै रहेन । जनताको ठूलो चासो र सरोकार रहेकाले यो क्षेत्रबारे जनताले उठाएका कुराहरूलाई सरकारले बेवास्ता गर्न पनि सक्दैन ।

विगतमा हामीसँग इन्जिनियरिङ क्षमता थिएन । जलविद्युत् आयोजना निर्माण गर्न सक्ने क्षमता थिएन । पूर्ण रूपमा विदेशीमा निर्भर बन्नुपर्ने हुन्थ्यो । मानौं, चर्चा सुरू भएको बेलामै हामीले अरूण तेस्रो बनाएको भए अर्को प्राविधिक र आर्थिक समस्यामा फस्न सक्ने सम्भावना रहन्थ्यो । तर अहिले निजीक्षेत्रले पनि सरकारी क्षेत्रको जत्तिकै उत्पादन गरिसकेको छ । धेरै ओटा आयोजना निर्माण सकिएको तथा निर्माणाधीन अवस्थामा रहेकाले हाल नेपालका इन्जिनियर, निर्माण व्यवसायी तथा ऋण लगानी गर्ने बैङ्कहरूको प्राविधिक र आर्थिक क्षमता विस्तार भएसँगै साना तथा मझौला र केही ठूला आयोजना पनि नेपाली आफैंले बनाउन सक्ने भएका छन् । नेपालमा खुलेका इन्जिनियरिङ कलेजहरूले पनि यस्ता जनशक्ति उत्पादनमा सहयोग पुऱ्याएका छन् । बैङ्कहरूले हाइड्रो बुझेका कर्मचारीसमेत राखेका छन् र जलविद्युत् आयोजनामा लगानी गर्न सक्ने क्षमता आर्जन गरेका छन् ।

यी सबै सम्भावना हुँदाहुँदै पनि नेपालमा रहेको जटिल सरकारी प्रक्रियाले जलविद्युत् विकासको गतिलाई अवरोध गरेको छ । भन्सार सहुलियत, वनसम्बन्धी प्रक्रिया, वातावरणीय अध्ययनलगायतका अनुमति, विद्युत् खरिदबिक्री सम्झौतालगायत कामका लागि धेरै समय र स्रोतको खर्च हुने गरेको छ । यस्तो प्रक्रियालाई छोट्याएर सकेसम्म निकै कम समय लाग्ने गरी एकद्वार नीति ल्याउनु अत्यावश्यक छ । यस्तो झन्झटिलो प्रक्रियाका कारण विदेशी लगानीकर्ता आउन हिच्किचाउने गरेका छन् । त्यसैगरी समयसमयमा विद्युत् खरिदबिक्री दरलाई समयसापेक्ष समायोजन गर्दै लगेमा यो क्षेत्र लगानीका लागि आकर्षक भइरहनेछ । ठूला आयोजना निर्माणका लागि विदेशी लगानी आउने बाटो बन्द गरेर देशमा ऊर्जाको विकास गर्न पनि सकिँदैन ।

विगतमा हामी कुन बाटो कसरी हिँड्ने भन्ने थाहा थिएन । विकासमा दलीयकरण चरमचुलीमा थियो । लामो समयसम्म स्थानीय वा कुनै पनि तहको निर्वाचन हुन सकेको थिएन । त्यस्तो अवस्थामा नाजायज तरिकाले फाइदा उठाउने अनेक पक्ष थिए । तर अहिले हामीसँग बलियो स्थानीय सरकार छ, जसले स्थानीय स्तरमा गर्न सकिने विकासलाई निकै ठूलो महत्त्व दिएको छ । र आफू स्थानीय राजनीतिमा सक्रिय भइरहनका लागि पनि स्थानीय सरकारका नेतृत्वले आफ्नो क्षेत्रमा विकासका काम गर्नैपर्नेछ । स्थानीय नेतृत्वले अहिले विकास निर्माणलाई संरक्षण र खबरदारी गरिरहेका छन्, जसका कारण स्थानीय स्तरमा हुने अनुचित राजनीतिक अवरोध पनि धेरै कम भएको छ । त्यसो हुँदा विकास निर्माणमा अब पहिलाको जस्तो अव्यवस्था हुँदैन भन्ने आशा र विश्वास गरौं ।

पछिल्लो हरेक सरकारले ऊर्जाक्षेत्रलाई महत्त्व दिएर जेजे गर्छु भनेको छ, त्यति मात्रै पूरा गरिदिए पनि धेरै विकास हुने थियो । सरकारले ऊर्जा सङ्कटकाल घोषणा गरेको छ । तर सङ्कट हटाउन नीतिगत व्यवस्थाहरूले पारेका अप्ठ्यारा हटाउनमा ध्यान दिन सकेको छैन । निजीक्षेत्रले गर्नुपर्ने कामका लागि नीतिगत सहजीकरण गर्न सरकारले ध्यान पुऱ्याउनैपर्छ ।

निजीक्षेत्रले पनि आफ्नो नैतिकता कायम राख्नुपर्ने आवश्यकता छ । विगतमा रियलस्टेट बिजनेस खुबै फस्टायो । तर त्यहाँ असल, नैतिक र पारदर्शी अभ्यास भएनन् र त्यो क्षेत्र बद्नाम भयो । त्यस्तै अवस्था जलविद्युत्को क्षेत्रमा नआओस् भन्नका लागि निजीक्षेत्रले पारदर्शी र नैतिकवान् भएर काम गर्नुपर्ने आवश्यकता छ ।

हामी सबैको साझा प्रयत्नले देश विकास हुने हो । विगतमा राजनीतिकलगायत विभिन्न कारणले त्यस्तो प्रयत्न हुन सकेन वा भए पनि सफल हुन सकेन । अब हामीसँग संविधान छ, दह्रो सरकार छ, स्थानीय तहमा समेत जागरणको अवस्था छ । अब कुनै बहाना छैन । नेपाल सधैं यो अवस्थामा रहन सक्दैन भन्ने आम भावना छ । यही नै विकास, समृद्धि र दिगो शान्तिका लागि जुर्मुमुराउने बेला हो । हाम्रो देशका जनताले पर्खिरहेको समय यही नै हो ।

प्रस्तुति : पुष्पराज कोइराला

> अब विशुद्ध प्राविधिक मात्रै रहेन । जनताको ठूलो चासो र सरोकार रहेकाले यो क्षेत्रबारे जनताले उठाएका कुराहरुलाई सरकारले बेवास्ता गर्न पनि सक्दैन ।

छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं

IME®
International Money Express
Fast, Reliable And Secure Remittance

Toll Free
16600 151515

ime गरौं

+977 1 4430600
+977 1 4425800
info@imeremit.com.np
facebook.com/imeremit

www.imeremit.com.np

समकालीन परिस्थितिमा स्वायत्त केन्द्रीय बैङ्क

सरकारका नीति तथा कार्यक्रम र केन्द्रीय बैङ्कका परम्परागत एवम् आधुनिक जिम्मेवारी निर्वाह गर्न निश्चित विषयमा स्वायत्तता नभए अर्थतन्त्रमा विकृति मौलाउन सक्छ ।

दीपेन्द्रबहादुर क्षेत्री

केन्द्रीय बैङ्क पूर्ण सरकारी स्वामित्व भएको नियामक निकायका साथै सरकारको बैङ्क पनि भएकाले यसको स्वायत्तताको प्रसङ्ग चाखलाग्दो विषय लाग्न सक्छ । सरकारका नीति तथा कार्यक्रम र केन्द्रीय बैङ्कका परम्परागत एवम् आधुनिक जिम्मेवारी निर्वाह गर्न निश्चित विषयमा स्वायत्तता नभए अर्थतन्त्रमा विकृति मौलाउन सक्छ । यसैले सरकारको काम र केन्द्रीय बैङ्कका विशेष काममा स्पष्ट खाका कोरी जिम्मेवारी तोक्ने कार्य संसारभरि प्रचलनमा छ । बजेट तर्जुमा तथा कार्यान्वयनमा सरकारको दायित्व र मौद्रिक व्यवस्थापनमा केन्द्रीय बैङ्कको अधिकारलाई यस्तो कार्यको अर्थमा लिने गरिन्छ ।

प्रशस्त पैसा खर्च गरी जनताबीच लोकप्रिय बन्ने चाहना सरकारको हुन सक्ला, जसको राजनीतिक लाभ त उसलाई मिल्ला । तर मौद्रिक व्यवस्थापन डामाडोल बन्न सक्छ । मूल्यवृद्धि र मुद्राको मूल्य नियन्त्रण गुमेको अवस्थामा अर्थतन्त्र धरासयी हुन पुग्दछ । यहींनिर केन्द्रीय बैङ्कलाई मौद्रिक व्यवस्थापन गर्ने, बैङ्क तथा वित्तीय संस्थाहरूलाई नियमन गर्ने विशेष हक प्राप्त हुन्छ र सरकारको नीतिसँग बेमेलको अवस्था पनि सिर्जना हुन्छ । यद्यपि सम्बन्धित ऐनले तोकेको कार्य गर्न केन्द्रीय बैङ्कलाई दिइएको अधिकार स्वतन्त्र रूपले प्रयोग गर्न पाउनु नै स्वायत्तता हो ।

केन्द्रीय बैङ्कको मुख्य काम मूल्य नियन्त्रणका साथै मुद्राको मूल्यमा स्थिरता कायम गर्ने हो । बैङ्किङ गतिविधिमा अर्थतन्त्रलाई गतिशील बनाउन अनुकूल नियमन गर्ने दायित्व पनि केन्द्रीय बैङ्कको हो । खासगरी अर्थतन्त्रमा कति रकम प्रवाह गर्दा जनताको आर्थिक कारोबार सञ्चालन हुन्छ र विकास निर्माणको आवश्यकता पूरा गर्न कति रकम पर्याप्त हुन्छ भन्ने ठम्याइ सोहीअनुरूप व्यवस्था गर्ने दायित्व केन्द्रीय बैङ्कको हो ।

अधिक मुद्रा प्रदायले मूल्य नियन्त्रणमा प्रतिकूल स्थिति आउन सक्ने सम्भावनालाई ख्याल गरी केन्द्रीय बैङ्कले उपयुक्त नीति अवलम्बन गर्दछ । मुद्रा प्रदायमा विस्तार वा सङ्कुचन जे गर्नुपर्ने हो, त्यसअनुरूप आवश्यक कदम चाल्न केन्द्रीय बैङ्कले मुद्राबजारमा हस्तक्षेप गर्छ । सरकार विस्तारकारी अभियानमा अग्रसर हुन उद्यत हुने र केन्द्रीय बैङ्कले नियन्त्रणात्मक कदम उठाउँदा आपसमा विरोधाभाषयुक्त परिस्थिति सिर्जना हुन सक्छ । सरकार सर्वेसर्वा भए पनि मौद्रिक विषयमा केन्द्रीय बैङ्कका कदम नै सर्वमान्य हुने भएकाले स्वायत्तताको प्रत्याभूति भएको ठानिन्छ । त्यसो नभए मुद्राको अनियन्त्रित प्रवाहले केन्द्रीय बैङ्कको आधारभूत लक्ष्य 'मूल्यवृद्धि रोक्ने काम'मा प्रतिकूलता उत्पन्न हुन्छ ।

मूल्य घटबढ हुने कारकहरूमा वस्तु तथा सेवाको आपूर्ति स्थिति, क्रेता/बिक्रेता र सेवाग्राहीको मनस्थिति, बजार अनुगमन इत्यादि जस्ता गैरमौद्रिक पक्ष पनि महत्त्वपूर्ण छन्, जुन केन्द्रीय बैङ्कको दायराभन्दा फरक हुन् । त्यसैले मूल्यमा नियन्त्रण भएका बेला केन्द्रीय बैङ्कले आफूले लिएका नीतिमा कारण देखाउँछ । तर मूल्यवृद्धिको गुनासो बढ्दा आफ्नो काबुभन्दा बाहिरको परि स्थिति जनाउन सजिलो भएको छ । यद्यपि, प्राकृतिक प्रकोप, कृत्रिम बजार सञ्चालनको प्रवृत्ति, सामान आपूर्तिमा अवरोध, नाफा कमाउने गलत प्रवृत्ति आदि स्वरूप, चाडपर्वमा मूल्य बढाइदिने र ग्राहकले गुनासोसहित स्विकार्ने जस्ता कारण भने केन्द्रीय बैङ्कको काबुमा पर्दैनन् ।

केही महिनाअघि दुई अङ्कको दरले मूल्य बढ्यो । खासगरी खाद्यान्न, दाल, घिउ, तेल आदिमा उरालिएको मूल्यले समग्र सूचकाङ्कलाई प्रभावित पार्‍यो । अर्थशास्त्रका ज्ञाताहरूले केन्द्रीय बैङ्कलाई औंला ठड्याइरहँदा अन्य सरोकार पक्षबाट भने आपूर्ति व्यवस्थातर्फ प्रश्न सोझिएको थियो । तर जनताको हातमा पैसा वालछ्याल रहुन्जेल र खर्च गर्न मन फुकाउन्जेल मौद्रिक उपकरणले तत्कालै काम गरिहाल्छ भन्ने होइन ।

नेपाल रेमिट्यान्स भित्र्याउने देशहरूमध्ये विश्वमा विशेष ठाउँ ओगटेका मुलुकमध्ये पर्छ । देशबाट बाहिरिएको युवा जनशक्ति अहिले ४० लाखको हाराहारीमा रहेको अनुमान छ । त्यसबाट वार्षिक ६ खर्बभन्दा बढी नै रेमिट्यान्स संस्थागत रूपमा भित्रिने गरेको छ । यो रकम विदेश गएका कामदारले आफ्नो जहान परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्य र ऋण तिर्ने उद्देश्यका साथ घरपरिवारका नाममा प्राप्त हुन्छ । मूलतः उपभोगमा खर्च हुने विगतका अध्ययनहरूले देखाए पनि केन्द्रीय बैङ्कको पछिल्लो सूक्ष्म अध्ययनअनुसार एकचौथाइ मात्र उपभोगमा र त्यत्तिकै अनुपातको लगानी घरजग्गा, पशुपक्षी खरिद, बैङ्क निक्षेप आदिमा उपयोग भएको देखिएको छ । विशेषतः मासिक प्राप्त हुने रेमिट्यान्स रकमले विलासी सामान खरिद र बेपर्वाह उपभोग गर्ने संस्कृतिलाई मौलाउने अवसर दिएको छ । आयात बढ्दा व्यापार घाटा चुलिएको छ । श्रमिकको आपूर्तिमा न्यूनता देखिँदा कृषि र सेवा क्षेत्रमा उत्पादनको परिमाणमा प्रतिकुल असर परेको छ ।

उत्पादन र सेवाक्षेत्रमा श्रमिकको अभाव आन्तरिक रूपमा अनुभूत छ । यसका बाबजुद दैनिक करिब एक हजार पाँच सयको सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारमा बाहिरिनु नेपाली अर्थतन्त्रको पहेली बनेको छ । श्रमिकको अभावमा ज्याला प्रभावित हुँदा लागत बढ्ने र आपूर्ति व्यवस्था नितान्त आयातित वस्तुमा भर पर्नुपर्दा मूल्य आकासिने प्रवृत्ति पनि हाबी छ । विनियमदरमा आउने उतारचढावको प्रमाण देखाई थोक बिक्रेताले मूल्य उकास्ने र खुद्रा बिक्रेताले सोही आधार देखाई मूल्य तोक्ने गर्दा रेमिट्यान्स तथा ज्याला वृद्धिलगायतबाट खल्तीमा पैसा हुनेहरूका कारण बजारमा मूल्यवृद्धि देखिन सक्छ । यसको दोष पनि सरकारलाई थोपर्दै हल्का गुनासोसहित यथार्थ स्विकार्ने प्रवृत्ति बढेको छ । तर यसमा विचारणीय पक्ष- उक्त दुवै स्रोतबाट प्राप्त हुने रकमका हकदार सीमान्त उपभोग क्षमता तीव भएका उपभोक्ताको वर्गमा पर्छन्, जो आम्दानी अधिक रूपमा उपभोगमा खर्चिने प्रवृत्तिका हुन्छन् ।

> कानुन र निर्देशनअनुसार नचल्ने बैङ्क वित्तीय संस्थालाई खारेजीसम्मको अन्तिम निर्णय गर्ने हक केन्द्रीय बैङ्कलाई दिइएको छ । यो प्रावधानले केन्द्रीय बैङ्कको अधिकार सशक्त बनाइएको मात्र होइन, स्वायत्ततालाई पनि थप बल पुऱ्याएको छ ।

यी पक्षहरूमा परिवर्तन ल्याउन केन्द्रीय बैङ्कले वैदेशिक रोजगारको आय (रेमिट्यान्स रकम) उत्पादनमा खर्च गरियोस्, सो नभए पनि उपभोगमा न्यूनता आओस् भनि रेमिट्यान्स लगानी योजनाअन्तर्गत अर्बौं रूपैयाँ सङ्कलन गर्ने प्रयत्न गऱ्यो । यद्यपि यो सफल हुन सकेको छैन । सरकारद्वारा सञ्चालित जलविद्युत् उत्पादनमा रेमिट्यान्स प्रयोग गर्ने योजना पनि त्यति उत्साहपूर्ण भएको छैन ।

मुद्राको क्रयशक्तिको स्थिरता केन्द्रीय बैङ्कको अर्को महत्त्वपूर्ण पाटो हो । नेपाली मुद्रा भारतीय मुद्रासँग आबद्ध (पेगिङ) गरिएका कारण उतारचढावको कारक बाह्य तत्वमा भरपर्ने गरेको छ । भारतीय अर्थतन्त्र सुदृढ हुँदा त्यसको प्रभाव नेपाली मुद्रामा पनि सोझै पर्ने गरेको छ । भारतीय अर्थतन्त्र बजार व्यवस्थाअन्तर्गत अग्रसर रहेको र अन्तर ाष्ट्रिय मुद्रा बजारमा पनि अस्तित्व देखिन थालेकाले सो बजारमा पर्ने प्रभावबाट नेपाली मुद्राको क्रयशक्ति पनि प्रभावित हुने गरेको छ । भारतमा बाह्य लगानीलाई प्रोत्साहित गरिएको छ । यस सन्दर्भमा बाह्य लगानी बढ्दा भारतीय रूपैयाँ बलियो हुन्छ र त्यसैको आडमा नेपाली मुद्रा पनि बलियो हुने गर्दछ । त्यसविपरीत भारतमा बाह्य लगानी घट्न वा अल्पकालीन रूपमा फिर्ता हुन थाल्दा मुद्राको विनियमदरमा गिरावट आउँछ ।

निर्यात क्षमता राम्रो भएका अवस्थामा मुलुकलाई कमजोर मुद्राबाट फाइदा नै हुन्छ । तर आयात अधिक भएको हाम्रो जस्तो देशका लागि भने कमजोर मुद्राबाट लागत बढ्न गई वस्तु तथा सेवा महँगो पर्न जान्छ । त्यसमा पनि निर्यात गर्ने वस्तुको सङ्ख्या र परिमाण दुवै अल्पतामा रहेको अवस्थामा मुद्राको विनियमदरलाई स्थिर राख्न कठिन पर्दछ । अतः नेपाली मुद्राको विनियम दर हालकै नीतिका आधारमा भन्नुपर्दा बाह्य कारण बलवान् छ, आन्तरिक रूपले न्यून मात्र असर गर्दछ ।

वैदेशिक सञ्चितिको आकारलाई हेरी नाफामूलक क्षेत्रमा बाह्य लगानी बढ्ने सम्भावना रहन्छ । आन्तरिक नीतिमा स्थिरता र लगानी सुरक्षित छ, परियोजना सञ्चालनमा कठिनाइ छैनन् भन्ने कुराको प्रत्याभूत गर्न सक्दा बाह्य लगानी प्रोत्साहित हुन्छ । त्यसबाट विदेशी मुद्राको सञ्चिति बढ्छ र सानातिना प्रतिकूल आर्थिक प्रभावलाई छेक्न सक्ने क्षमता वृद्धि हुन्छ, जुन हाम्रो मुद्रालाई सबल बनाउने कारक बन्न जान्छ ।

बैङ्किङ पद्धतिको सघनता र सुदृढीकरणले पनि केन्द्रीय बैङ्कका जिम्मेवारी निर्वाह गर्ने विषयलाई मद्दत पुऱ्याउँछ । नगद कारोबारको परिसीमालाई बैङ्किङ पद्धतिमार्फत सञ्चालन गर्ने प्रवृत्ति बसाल्न सके मौद्रिक गतिविधि नियन्त्रित हुन सक्छ । बैङ्किङ साक्षरता, पहुँच र विश्वसनीयता जस्ता आधारभूत कुराहरूले बैङ्किङ आदतको सीमा निर्धारित गर्दछ । थोरै मात्र जनसङ्ख्यासमक्ष बैङ्किङ आदत रहेको परिस्थितिमा नगद कारोबारको परिसीमा व्यावहारिक नहुन सक्छ । यसैले हाम्रो जस्तो ग्रामीण क्षेत्रको बाहुल्य रहेको र यातायातको सुविधा भरपर्दो नभएको मुलुकमा बैङ्किङ सेवा विस्तार गर्ने योजनामा थप जोड दिनुपर्छ ।

बैङ्क तथा वित्तीय क्षेत्रको नियमन र अनुगमन गर्ने जिम्मेवारी पाएको केन्द्रीय बैङ्कलाई देशमा बैङ्किङ पद्धतिको विकास, खासगरी पहुँच, बढाउने र विश्वसनीयता वृद्धि गराउने श्रेय मिलेको छ । यदाकदा भन्ने गरिन्छ, अर्थसम्बन्धी विषयमा केन्द्रीय बैङ्कको भूमिका सुदृढ भएकै कारण अन्य क्षेत्रको तुलनाका बैङ्किङ क्षेत्र सुरक्षित र विश्वसनीय बन्न सकेको छ । यसो हुँदाहुँदै पनि केन्द्रीय बैङ्कको क्षमता अभिवृद्धिका लागि कानुनी

आधार बलियो नभएको अनुभूति गरिएको थियो ।

नेपाल राष्ट्र बैङ्क ऐनको पछिल्लो संशोधनले थप अधिकार प्रदान गरेको छ । खासगरी बैङ्कको नीति निर्देशन पालना नगर्ने, बैङ्किङ क्षेत्रमा विकृति जन्माई त्यसलाई फैलाउन मद्दत गर्ने, बैङ्क वित्तीय संस्थाको खारेजीमा पुनरावेदन तहको अदालतलाई अन्तिम अधिकार दिइएको थियो । बैङ्किङ नीतिनियमको पालना र सोको उल्लङ्घन भए अर्थतन्त्रमा पर्ने प्रभावबारे केन्द्रीय बैङ्क र न्यायिक निकायबीच यदाकदा मतभेद रहँदा छोटो समयमा विकृति झाँगिएका अनुभव विगतमा थिए । केन्द्रीय बैङ्क पूर्वाग्रही भए वा मनोगत निर्णयहरू भएमा सरोकारवालालाई मर्का पर्न सक्ने देखेर विधायिकाबाट त्यस्तो निर्णयउपर अदालतबाट अन्तिम निर्णय हुनुपर्ने कानुनी व्यवस्था रहेकोमा हाल भएको संशोधनबाट यसमा परिवर्तन भएको छ । कानुन र निर्देशनअनुसार नचल्ने बैङ्क वित्तीय संस्थालाई खारेजीसम्मको अन्तिम निर्णय गर्ने हक केन्द्रीय बैङ्कलाई दिइएको छ । यो प्रावधानले केन्द्रीय बैङ्कको अधिकार सशक्त बनाइएको मात्र होइन, स्वायत्ततालाई पनि थप बल पुऱ्याएको छ ।

बैङ्किङ क्षेत्रमा आपसी स्वार्थ बाझिने पक्षमा पनि कदमहरू चालिएका छन् । बैङ्कहरूबीच सेयर खरिदबिक्री वा स्वामित्व ग्रहण गर्न नपाइने व्यवस्थाअन्तर्गत विगतमा स्वामित्वमा रहेका सेयरहरू बजारमा आएका छन् । निक्षेप सङ्कलनमा बजारलाई सशक्त बनाउन संस्थागत बचत (निक्षेप)को सीमा तोकिएको छ । स्वयम् केन्द्रीय बैङ्कको संलग्नता रहेका बैङ्क वित्तीय निकायहरूको सेयर पनि अरूलाई बिक्री गरी विशुद्ध नियामक निकायका रूपमा रहने व्यवस्था मिलाइएको छ । केन्द्रीय बैङ्कबाट उठाइने कदम समन्यायिक, पूर्वाग्रहरहित र व्यावहारिक हुन सकोस् भन्ने दृष्टिले कानुनी रूपमै सशक्तीकरण गरिएको हो । गलत मनसायबाट त्यस्ता निर्णयहरू भएको पाइए आचारसंहितामार्फत सम्बन्धित अधिकारीलाई कारबाही गर्ने छुट्टै प्रावधान छँदै छ । आत्मबलका साथ निर्णय गर्न बल मिलोस् भनी कानुनमा उल्लेख भएका केही कारणहरूबाहेकका आधारमा केन्द्रीय बैङ्कको गभर्नरलाई निष्कासन गर्न नपाउने प्रत्याभूति दिइएको छ । सो हकलाई दुरूपयोग गरेमा अन्य प्रचलित कानुनअनुसार पनि सरोकारवाला भागीदार बन्ने आधारहरू छन् ।

स्वायत्त केन्द्रीय बैङ्क र सरकारको सम्बन्ध कसरी परिभाषित गर्ने भन्ने भ्रम रहन सक्छ । पदाधिकारीको नियुक्ति कानुनमा उल्लेख भएअनुसार अर्थ मन्त्रालयले गर्छ । सरकारका नीति निर्देशनहरू अर्थ मन्त्रालयमार्फत केन्द्रीय बैङ्कमा सम्प्रेषण हुने गर्छन् । तर विगतमा आतङ्ककारीको वित्तीय पहुँच नियन्त्रण गर्ने नाममा नेपालस्थित कूटनीतिक नियोगहरूले केन्द्रीय बैङ्कलाई सोझै अनुरोध गर्ने गरेका अनुभव छन् । खासगरी सेप्टेम्बर ११ को ट्विन टावर (अमेरिका) आक्रमण भएपछि मुस्लिम नामका व्यक्तिहरूको खाता रोक्का तथा नयाँ सञ्चालनमा पनि प्रतिबन्ध लगाउन यस्ता निर्देशन सीधै केन्द्रीय बैङ्कमा आउने र बैङ्क वित्तीय संस्थाहरूलाई केन्द्रीय बैङ्कले निर्देशित गर्ने चलन थियो ।

त्यसो त सरकारलाई रकम आवश्यक परेका बेला अधिविकर्ष (ओभरड्राफ्ट) दिने दायित्व केन्द्रीय बैङ्कको हो । यसको परिसीमा सरकार र केन्द्रीय बैङ्कको समझदारीमा तोकिएको हुन्छ । सो सीमा नाघेर अधिविकर्ष प्रयोग गर्ने मनसायलाई केन्द्रीय बैङ्कले खारेज गरेको विगतको अनुभव पनि छ । सरकारको उद्देश्यलाई अन्यथा लिई अस्वीकार गर्ने केन्द्रीय बैङ्कको यो हक स्वायत्तताको राम्रो उदाहरण हो । तर सरकारका विकास नीतिलाई सघाउ पुऱ्याउने, स्रोत अभावले परियोजनाहरू अभरमा नहोऊन् भन्ने दृष्टि राख्नु केन्द्रीय बैङ्कको कर्तव्य पनि हो । सो कर्तव्य पालन गर्दा मौद्रिक नीतिले अघि सारेका पद्धतिहरू प्रतिकूल हुन्छन् कि भन्ने हेक्का राख्नु केन्द्रीय बैङ्कको दायित्व हो ।

समग्रमा, नोट (मुद्रा) छाप्ने हक पाएको केन्द्रीय बैङ्क वास्तवमा 'कुवेर'को थलो हो । बैङ्कहरूको बैङ्क, सरकारी पद्धतिबाटै चयन गरिने पदाधिकारी भए पनि सीमित र निश्चित आधारहरूबाहेक गभर्नर हटाउन नसकिने कानुनी प्रावधानका कारण 'काम' गर्न सक्ने आधार केन्द्रीय बैङ्कलाई प्रदान गरिएको छ ।

आर्थिक क्षेत्रमा बैङ्किङ जत्तिको सुदृढ र भरपर्दो अर्को क्षेत्र नेपालमा तुलनायोग्य छैन भनिरहँदा अर्थतन्त्र खस्कँदो छ, बैङ्क वित्तीय क्षेत्रको नाफा भने बढ्दो छ भन्ने विरोधाभासपूर्ण यथार्थ मननयोग्य छ ।

केन्द्रीय बैङ्कका नीति निर्देशनलाई खुला चुनौती दिने अवस्थामा बैङ्किङ क्षेत्रबाट अभिव्यक्ति आउने गर्दछन् । यस्ता चुनौती केन्द्रीय बैङ्कले कानुनप्रदत्त र अन्तर्राष्ट्रिय बैङ्किङ अभ्यासँग ताल नमिल्ने यथार्थमा आधारित हुन् भन्नु जायज होला । अन्यथा मुलुकको भद्रगोल राजनीतिको सस्तो अधिकारमुखी अस्त्र 'अभिव्यक्ति स्वतन्त्रता'को उपयोग मात्र हो भने विचारणीय छ । कानुनको दह्रो टेको प्रयोग गरी अव्यावहारिक र कानुनविपरीत निर्देशन हुन्छन् भने त्यस्ता निर्देशन विधिसम्मत चुनौतीयोग्य हुन्छन् ।

बैङ्किङ पद्धतिलाई मुलुकले अनुभूत गरेको परिवर्तनअनुकुल विकास निर्माण र प्रगतिका लागि अनुकूल स्थिति सिर्जना गर्ने दायित्व केन्द्रीय बैङ्कको हो । त्यसका लागि आँटिलो निर्णय र नीति निर्माण गर्न कानुनी आधारहरू रहेकाले वस्तुनिष्ठ र समन्यायिक भावले निर्देशित कामका लागि केन्द्रीय बैङ्कको स्वायत्तता अन्यथा होइन, आवश्यक तत्व हो भन्ने आत्मसात् गर्नुपर्छ । स्वायत्तताको अवलम्बनका लागि तदनुकूल आचरण पनि विकास हुन सक्नुपर्छ । अधिकारको प्रयोगमा कर्तव्यको झल्कोसमेत समावेश भए मात्र सार्थक स्वायत्ततामार्फत बैङ्क, वित्तीय क्षेत्र र समग्र आर्थिक जगतको प्रगतिको अपेक्षा गर्न सकिन्छ ।

> आर्थिक क्षेत्रमा बैङ्किङ जत्तिको सुदृढ र भरपर्दो अर्को क्षेत्र नेपालमा तुलनायोग्य छैन भनिरहँदा अर्थतन्त्र खस्कँदो छ, बैङ्क वित्तीय क्षेत्रको नाफा भने बढ्दो छ भन्ने विरोधाभासपूर्ण यथार्थ मननयोग्य छ ।

YAMAHA
Revs Your Heart

YES! YAMAHA

UPGRADE

YOUR LIFE WITH YAMAHA FZ

FI TECHNOLOGY

*Conditions Apply

Marsadvr

BLUE CORE
FUN & ECO

8 SENSORS | FUEL INJECTION | REAR DISC BRAKE

UPGRADE YOUR STYLE,
TECHNOLOGY, PERFORMANCE

FZ25 | FZ-S FI VERSION 2.0 DOUBLE DISC | FZ-S FI VERSION 2.0 SPECIAL EDITION | FZ-S FI VERSION 2.0 | FZ FI VERSION 2.0

MAW
BUILDING TRUST THROUGH SERVICE
SINCE 1964

MAW ENTERPRISES PVT. LTD.
Teku Road, Tripureshwor, 01 - 4268252 / 4261160

CUSTOMER CARE: 16600111044 | Yamaha.customercare@mawnepal.com | www.yamaha.com.np

Yamaha Nepal

अबको बैङ्किङ

एकदुई वर्षयता तरलता तथा ब्याजदरमा उतारचढाव आउनुमा कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र बचत तथा ऋण सहकारी संस्थाहरू जस्ता छाया बैङ्कहरूको पनि भूमिका छ । तसर्थ अब छाया बैङ्किङ कारोबारलाई प्रभावकारी नियमनमा ल्याउनु आवश्यक छ ।

नरबहादुर थापा

नेपालमा हाल २८ वाणिज्य बैङ्क, ३३ विकास बैङ्क, २४ वित्त कम्पनी र ६८ लघुवित्त वित्तीय संस्थाले बैङ्किङ सेवा दिइरहेका छन् । मुलुकभर बैङ्क तथा वित्तीय संस्थाहरूको ६ हजार ८ सय १९ शाखा सञ्जाल छन्, जसमा वाणिज्य बैङ्कहरूका ३ हजार ९३, विकास बैङ्कहरूका १ हजार ४३, वित्त कम्पनीहरूका १ सय ८६ र लघुवित्त वित्तीय संस्थाहरूका २ हजार ४ सय ९७ शाखा छन् ।

बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा सञ्जालमा विस्तारसँगै वित्तीय गहिराइ पनि बढेको छ । विस्तृत मुद्राप्रदाय, बैङ्क कर्जा र कुल निक्षेपलाई वित्तीय गहिराइ मापन सूचकका रूपमा लिने गरिएको छ । २०७५ असारमा कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदायको अनुपात १०२.९ प्रतिशत रह्यो भने कुल आन्तरिक कर्जा अनुपात ९०.४ प्रतिशत र निजी क्षेत्रमा जाने बैङ्क कर्जा अनुपात ८१.२ प्रतिशत रह्यो । त्यस्तै वाणिज्य बैङ्क, विकास बैङ्क र वित्त कम्पनीसँग सार्वजनिक निक्षेप अनुपात गत असारमा ९१.२ प्रतिशत पुगेको छ । सन् २०१४ मा विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषले संयुक्त रूपमा सम्पन्न गरेको एफ-साप प्रतिवेदनमा अन्य दक्षिण एसियाली मुलुकभन्दा नेपालमा वित्तीय गहिराइ अधिक रहेको उल्लेख छ ।

वित्तीय गहिराइका अतिरिक्त बैङ्किङ विकासको अर्को महत्त्वपूर्ण सूचक वित्तीय पहुँच हो । विश्व बैङ्कले सन् २०११ देखि ग्लोबल फिन्डेक्स डेटाबेस तयार गर्दै आएको छ । सन् २०१७ मा विश्व बैङ्कले तेस्रो ग्लोबल फिन्डेक्स डेटाबेस प्रतिवेदन सार्वजनिक गरेको छ, जसअनुसार ४५ प्रतिशत वयस्क जनसङ्ख्याले नेपालमा बैङ्क खाता खोलेको देखिएको छ । विश्वको सो औसत अनुपात ६९ प्रतिशत र भारतको ८० प्रतिशत रहेको छ । यस तथ्याङ्कले वित्तीय पहुँचमा नेपाल पछाडि रहेको देखाउँछ । सर्वसाधारण नेपालीको आयस्तर न्यून रहनु, ग्रामीण क्षेत्रमा बैङ्कहरूको उपस्थिति नहुनु र ग्राहक पहिचान प्रक्रिया झन्झटिलो हुनुले गर्दा बैङ्क खाता खोल्ने जनसङ्ख्या अनुपात नेपालमा न्यून रहेको हो । भारतले बायोमेट्रिक पहिचानपत्र- 'आधार कार्ड प्रयोगमा ल्याएकाले समेत बैङ्क खाता खोल्ने जनसङ्ख्या अनुपात ह्वातै ८० प्रतिशत पुगेको हो ।

नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार अहिले २ करोड ३५ लाख ४४ हजार ८५९ निक्षेप खाता रहेको छ भने ऋण खाता (ऋणी) सङ्ख्या १३ लाख १ हजार १० छ । नेपालमा बैङ्क निक्षेप खाता सङ्ख्या बढी देखिएको भए पनि एउटा व्यक्तिले धेरै बैङ्क खाता खोल्ने र निष्क्रिय (डोर मेन्ट) खाता झन्डै ४५ प्रतिशत रहेको देखिन्छ । बैङ्क तथा वित्तीय संस्थाहरूसँग सर्वसाधारणको निक्षेप गत भदौमा २७ खर्ब ८२ अर्ब रूपैयाँ रहेको छ । यसरी सर्वसाधारणबाट परिचालित निक्षेपको प्रयोग १३ लाख ऋणीहरूले मात्र गरेको देखिन्छ । सबै जनताले ऋण लिनुपर्छ भन्ने त होइन । तर यसरी लिएको ऋणबाट मुलुकमा हुने पुँजी निर्माण, रोजगारीका अवसरको सिर्जना महत्त्वपूर्ण पक्ष हो । तसर्थ नेपालमा पुँजी निर्माणको स्तर र सोको चर्चा हुन पनि आवश्यक छ ।

बैङ्किङ क्षेत्र र राष्ट्रिय अर्थतन्त्र

आव २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनसँग पुँजी निर्माण अनुपात ३४.१ प्रतिशत थियो । यसमध्ये सरकारी क्षेत्रबाट भएको पुँजी निर्माण अनुपात ७.८ प्रतिशत र निजीक्षेत्रबाट २६.३ प्रतिशत रहेको छ । निजीक्षेत्रबाट भएको पुँजी निर्माणमा बैङ्क तथा वित्तीय संस्थाहरूले परिचालन गरेको वित्तीय साधन र प्रवाह गरेको कर्जाको महत्त्वपूर्ण भूमिका हुन्छ । आर्थिक वर्ष २०५७/५८ मा कुल पुँजी

निर्माणअनुपात १९.२ प्रतिशत थियो, जसमा सरकारी क्षेत्रको ४.१ प्रतिशत र निजी क्षेत्रको १५.१ प्रतिशत थियो । पुँजी निर्माण अनुपात बढ्दै गएकाले नेपालको वित्तीय क्षेत्र राष्ट्रिय अर्थतन्त्रसँग क्रमशः जोडिँदै गएको देखिन्छ ।

बैङ्क तथा वित्तीय संस्थाहरूले प्रदान गरेको कुल कर्जामध्ये कृषि, जलविद्युत्, पर्यटन तथा अन्य उत्पादनमूलक क्षेत्रको कर्जा अनुपात २३ प्रतिशत मात्र छ । राष्ट्र बैङ्कको नीतिगत व्यवस्थाका कारण यो अनुपात क्रमशः बढ्दै गएको हो । कुल कर्जाको न्यूनतम २५ प्रतिशत (कृषि (१० प्रतिशत र जलविद्युत् तथा पर्यटनमा १५ प्रतिशत) अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था छ । यस्तै बैङ्क तथा वित्तीय संस्थाले कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था छ । यसअन्तर्गत १ खर्ब ३९ अर्ब रूपैयाँ विपन्न वर्गमा कर्जा लगानी भएको छ । यो वित्तीय साधन सहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा गएको स्थिति हो ।

वित्तीय क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग बलियो गरी जोड्नु भनेको उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह नै हो । यस्तो कर्जा मध्यम तथा दीर्घकालीन प्रकृतिको हुन्छ । तर वित्तीय क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग बलियोसँग जोड्न उत्पादनशील क्षेत्रमा गएको कर्जाको अनुपात ४० प्रतिशतभन्दा माथि हुनुपर्छ, जुन हुन सकेको छैन । भारतमा बैङ्क तथा वित्तीय संस्थाहरूले उत्पादनशील क्षेत्रमा अनिवार्य न्यूनतम ४० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था छ ।

स्थायित्वसहितको गतिशिल बैङ्किङ

वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैङ्किङ तथा वित्तीय क्षेत्रलाई गतिशिल बनाउनु अबको बाटो हो । अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन र निरन्तर सुधारका कदमबाट बैङ्किङ क्षेत्रलाई स्थायित्वसहितको गतिशीलता प्रदान गर्न सकिन्छ ।

बैङ्किङ क्षेत्रको स्थायित्वका लागि विगतदेखि प्रयास हुँदै आएको छ । २०४० को दशकको सुरुवाती वर्षहरूमा नेपालले आर्थिक सङ्कट भोग्नुपर्‍यो । मुलुकको शोधनान्तर निरन्तर ३ वर्षमा घाटामा गयो र विदेशी विनिमय सञ्चिति न्यून स्तरमा झर्‍यो । यही क्रममा दातृ निकायको वित्तीय सहयोग र सल्लाहमा नेपालले बैङ्किङ क्षेत्र निजीक्षेत्रलाई खुला गर्‍यो ।

सरकारी स्वामित्वका बैङ्कहरूको वित्तीय स्वास्थ्य सुधार्न सन् १९९२ मा सरकारले ३ अर्ब ५० करोड पुँजी बैङ्कमा प्रवाह गर्नुपर्‍यो । सरकारले पहिलो पटक बैङ्किङ क्षेत्रको सुधारका लागि करदाताको रकम प्रयोग गर्नुपर्‍यो । त्यसैगरी २०५७ सालपछि दातृ निकायबाट सहयोग मागी अमेरिकी डलर २४ करोड २४ लाख (रू. २८.४८ अर्ब) रकम वित्तीय क्षेत्र सुधारमा खर्चनुपर्‍यो । यसले प्रस्ट्याउँछ, हामीकहाँ ठूलो प्रयासबाट वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न सकिएको हो । अब पुँजी हालेर मात्र होइन सुधारका कदम चालेर र अन्तर्राष्ट्रिय असल अभ्यास प्रयोगमा ल्याएर बैङ्किङ क्षेत्रको स्थायित्व कायम गर्नु आवश्यक छ ।

> निजीक्षेत्रका बैङ्कहरु सधैं उच्च मुनाफा आर्जन गर्नुपर्ने दबाबमा रहने र त्यही कारण बैङ्किङ क्षेत्रले बारम्बार तरलता तथा क्रेडिट क्रन्चको समस्या भोगिरहनुपर्ने हुन्छ । तसर्थ निजीक्षेत्रबाट सञ्चालितबैङ्कहरुमा बैङ्कर र व्यवसायी पनि छुट्याउनुपर्ने भएको छ ।

नेपालमा विशेषाकृत विकास बैङ्कहरू छैनन् । कृषि विकास बैङ्क वाणिज्यमा रूपान्तरण भइसकेको छ । नेपाल औद्योगिक विकास निगम राष्ट्रिय वाणिज्य बैङ्कमा गाभिसकेको छ । भुक्तानी प्रणालीको मेरूदण्डका रूपमा रहेका वाणिज्य बैङ्कहरूले विकासका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनुपर्ने बाध्यता छ । यस क्रममा मुलुकको भुक्तानी प्रणालीमा आँच नआओस् भन्नेतर्फ सजक हुन आवश्यक छ । अबको बाटो भनेको मुलुकको भुक्तानी प्रणालीलाई सुरक्षित राख्नेतर्फ वाणिज्य बैङ्कका कार्यहरू केन्द्रित गर्नुपर्ने पनि हो ।

यसैसँग गाँसिएको प्रश्न 'बैङ्किङ बिजनेस मोडल' हो । यो 'वाणिज्य बैङ्कहरूबाट सबै किसिमका वित्तीय तथा विकासात्मक काम लिने वा कारोबारको प्रकृतिअनुसारका बैङ्क तथा वित्तीय संस्थाहरू स्थापना गर्ने' भन्ने विचारसँग जोडिएको छ । उदाहरणका लागि- पूर्वाधार विकासको लागि 'पूर्वाधार विकास बैङ्क', साना तथा मझौला उद्योग व्यवसायको विकासका लागि 'साना तथा मझौला विकास बैङ्क' र अन्तर्राष्ट्रिय व्यापारका 'आयातनिर्यात विकास बैङ्क' इत्यादि स्थापना गर्ने वा नगर्ने भन्ने हो । यद्यपि अबको बाटो डिफरेन्सियटेड बैङ्किङ बिजनेस मोडल हुन सक्छ ।

छाया बैङ्कहरूले पनि बैङ्किङ क्षेत्रमा प्रभाव पारेका हुन्छन् । केन्द्रीय बैङ्कको प्रभावकारी नियमनमा नरहेका वित्तीय कारोबार गर्ने वित्तीय संस्थाहरूलाई छाया बैङ्कको संज्ञा दिइन्छ । कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र बचत तथा ऋण सहकारी संस्थाहरूलाई छाया बैङ्कका रूपमा लिन सकिन्छ । एकदुई वर्षयता तरलता तथा ब्याजदरमा उतारचढाव आउनुमा छाया बैङ्कहरूको पनि भूमिका छ । तसर्थ अब छाया बैङ्किङ कारोबारलाई प्रभावकारी नियमनमा ल्याउनु आवश्यक छ ।

बैङ्किङ क्षेत्रमा सरकारी बैङ्कहरूको बजार हिस्सा क्रमशः घट्दै १५ प्रतिशतभन्दा तल आएको छ । यसबाट बैङ्किङ क्षेत्रमा निजीक्षेत्रको नेतृत्वदायी भूमिका रहेको प्रस्टै छ । निजीक्षेत्रका बैङ्कहरू सधैं उच्च मुनाफा आर्जन गर्नुपर्ने दबाबमा रहने र त्यही कारण बैङ्किङ क्षेत्रले बारम्बार तरलता तथा क्रेडिट क्रन्चको समस्या भोगिरहनुपर्ने हुन्छ । तसर्थ निजीक्षेत्रबाट सञ्चालित बैङ्कहरूमा बैङ्कर र व्यवसायी पनि छुट्याउनुपर्ने भएको छ । एक निश्चित परिमाणभन्दा बढी बैङ्क कर्जा उपभोग गर्ने व्यवसायी बैङ्कहरूको बोर्डमा बस्न नपाइने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

सन् २०३० भित्र नेपाललाई मध्यम आय मुलुकमा रूपान्तरण गर्न र संयुक्त राष्ट्रसङ्घले पारित गरेका दिगो आर्थिक विकासका लक्ष्य हासिल गर्न आन्तरिक स्रोतसाधन पर्याप्त छैन । तसर्थ यी लक्ष्य भेट्न आवश्यक स्रोत जुटाउन वित्तीय भूमण्डलीकरणको बाटोमा जानुपर्छ । नेपालको वित्तीय बजार बाह्य क्षेत्रको लगानीका लागि क्रमशः खुला गरिनुपर्छ । सार्वजनिक-निजी परियोजना र ब्लेन्डेड फाइनान्सिङ कार्यान्वयनमा ल्याउनुपर्छ ।

बैङ्किङ क्षेत्रमा गतिशीलता ल्याउन एकल उपायले मात्र सम्भव छैन । संस्थागत तथा साधनगत रूपमा विविधीकरण गर्न आवश्यक छ । संस्थागत सुशासनमा सुधार ल्याउन बैङ्कर तथा व्यवसायी छुट्याउने एजेन्डालाई अगाडि बढाउनुपर्छ ।

HYUNDAI

HYUNDAI परिवार

Experience the New Perfection

PRISMARK'18

The New 2018
CRETA
THE PERFECT SUV



Smart Electric Sunroof

6 Way Power Driver Seat

Cruise Control

Leatherette Seat

Vehicle Stability Management (VSM)



Sliding Front Armrest

Electronic Stability Control (ESC)

Hill-start Assist Control (HAC)

Six Airbags

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

For Sales Inquiry:
Tinkune: 01-4111776, 4111628, 9801201012 **Bhatbhateni:** 01-4413942, 4413934, 9801201011 **Thapathali:** 01-4101553, 4101554, 4101556, 4101557, 9801201027
Bhairahawa: 071-522261, 9847554725, **Bharatpur:** 056-522776, 526276, 9855053201, **Biratnagar:** 021-460609, 9802763773, 9802737964, **Birtamod:** 023-541495, 9802672041, 9802672028, **Butwal:** 071-415278, 415279, 9857039279, **Dang:** 082-563634, 9857835935, 9802930134, **Dhangadhi:** 091-521292, 9802540105, **Itahari:** 025-587502, 9802736982, 9802736984, **Janakpur:** 041-523481, 9801667828, 9801032708, **Nepalgunj:** 081-550427, 9858022262, **Pokhara:** 061-537426, 9801201010, 9801240155

facebook.com/hyundainepal

HYUNDAI | Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
www.laxmihyundai.com

'नवउद्यम' आर्थिक समृद्धिको जग

अन्य कम्पनीको तुलनामा बढी रोजगारी सिर्जना साथै धेरै जनसङ्ख्यालाई लाभान्वित गर्ने उत्पादन वा सेवासुविधा दिने हुदा कालान्तरमा स्टार्टअपहरूले अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँछन् ।

नीरज खनाल

अहिले देशको कुल जनसङ्ख्यामा १६ देखि ४० वर्ष उमेरका युवा ४१ प्रतिशत छन्, जुन उच्च उत्पादक उमेर समूह पनि हो । जनसाङ्ख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड)को यो अवस्था देशको समग्र विकासका लागि आकर्षक अवसर पनि हो । तथापि, यो जनसङ्ख्याको ठूलो हिस्सा बेरोजगार छ, जुन देशको प्रमुख समस्याहरूमध्ये पर्छ । अहिले हाम्रो पूर्ण बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी ३२प्रतिशत छ । दैनिक १८ सय युवा रोजगार, उच्च शिक्षा र अन्य अवसरका लागि विदेश पलायन हुनुपरेको छ ।

यी समस्या निरूत्साहित गर्दै आर्थिक विकास गर्नका लागि साना तथा मझौला उद्यमहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । सरसर्ती हेर्दा नेपालमा ७५ प्रतिशतभन्दा बढी रोजगारी सिर्जना साना तथा मझौला उद्योग तथा व्यवसायले नै गरेको देखिन्छ । जापान, अमेरिका, कोरियालगायत विश्वका अन्य विकसित देशमा पनि अधिकतम रोजगारी साना तथा मझौला उद्योगहरूले नै प्रदान गरेका छन् ।

एक तथ्याङ्कअनुसार विकासोन्मुख राष्ट्रमा करिब ६० प्रतिशत व्यक्तिलाई त्यस्ता उद्योगले रोजगारी दिएका छन् । तीव्र रूपमा आर्थिक विकासमा अग्रसर चीनको तथ्याङ्क विभागको प्रतिवेदनअनुसार साना तथा मझौला उद्योगले सन् २०१२ मा चीनको ९९.४ प्रतिशत उद्योगको प्रतिनिधित्व गर्छ, जसले चीनको कुल गार्हस्थ्य उत्पादनमा ५९ प्रतिशत र कुल बिक्रीमा ६० प्रतिशत योगदान गरेको छ ।

भारतको आर्थिक विकासमा पनि यस्ता उद्यमले ठूलो योगदान गरेको छ । त्यहाँका कुल उद्योगको ९० प्रतिशत प्रतिनिधित्व गरी उत्पादन क्षेत्रको ४० प्रतिशत मूल्य सिर्जना यस्ता साना तथा मझौला व्यवसायले गर्ने गरेको तथ्याङ्क छ ।

यसले भारतमा प्राविधिक नवीनता एवम् वित्तीय पूर्वाधारको विकासमा योगदान गर्दै मुलुकको कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय आम्दानी, रोजगारी र निर्यात वृद्धिमार्फत देशको आर्थिक विकासमा ठूलो सहयोग पुऱ्याएको छ ।

छिमेकी मुलुकहरूमा देखिएको उद्यमशीलताको विकास र त्यसले आर्थिक समृद्धिमा गरेको योगदानका उदाहरणहरूका आधारमा पनि भन्न सकिन्छ, नेपालमा पनि साना तथा मझौला उद्यमले ल्याउने विकासको आयातन फराकिलो हुने निश्चित छ । मुलुकले सुशासन तथा प्रणालीमार्फत लगानी र यस्ता उद्यमलाई उचित परामर्शका तथा अवसर प्रदान गरे बेरोजगारीको अन्त्य हुने र आर्थिक रूपमा मुलुक समृद्ध हुने देखिन्छ ।

साना तथा मझौला उद्यममध्ये पनि नवीनतम सिर्जनात्मक सोच र कार्यशैलीयुक्त कम लगानीमा सुरू भएका कम्पनीलाई स्टार्टअप (नवउद्यम) भनेर बुझिन्छ । त्यस्ता स्टार्टअपहरूले अन्य कम्पनीको तुलनामा बढी रोजगारी सिर्जना साथै धेरै जनसङ्ख्यालाई लाभान्वित गर्ने उत्पादन वा सेवासुविधा दिने हुँदा कालान्तरमा स्टार्टअपहरूले अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउँछन् । साथै, भविष्यका ठूला उद्योग वा व्यवसाय भनेकै आजका त्यस्ता स्टार्टअप कम्पनीहरू हुनेछन् ।

उद्यमशीलताको जग

'स्टार्टअप' भन्ने शब्द हामीकहाँ व्यापक रूपमा सुनिँदै आएको केही वर्ष मात्र भएको

छ । उद्यमशीलताको जगका रूपमा रहेको स्टार्टअपले, कम्पनीको सुरूवाती अवस्था र वर्षलाई लक्षित गर्छ । भर्खरै स्थापना भएका यस्ता कम्पनीले बजारको अवसर र आवश्यकताहरूलाई व्यावसायिक ढाँचामा परिणत गरेर व्यवसाय सञ्चालन गर्न खोजिरहेका हुन्छन् । अहिले नेपालमा यस्तै प्रारम्भिक चरणमा धेरै कम्पनी छन् ।

यस्ता कम्पनी समुदायमा रहेका विभिन्न समस्यालाई हल गर्न र बजार अवसर हरूलाई व्यवसायीकरण गर्न तत्पर हुन्छन् । सुन्दा र देख्दा फरक लाग्ने उत्पादन र सेवाहरू प्रदान गर्ने यस्ता कम्पनी सानो र आफ्नै लगानीमा निश्चित उत्पादन वा सेवा प्रदान गर्दै सञ्चालन भएर अगाडि बढिरहेका हुन्छन् । समयक्रमसँगै सोही कम्पनी ठूलो बन्दै जान्छ ।

एउटा कम्पनी कहिलेसम्म स्टार्टअप बन्छ भन्ने कुरा कम्पनीको ग्राहक वर्ग, आम्दानी, अन्य स्रोतसाधन र स्थापित समयसँग सम्बन्धित हुन्छ । तर, विश्वको प्रचलन हेर्दा सञ्चालनमा आएको चार वर्षभित्र ५० प्रतिशत यस्ता कम्पनी असफल हुन्छन् । यो हेर्दा स्टार्टअपहरू ठूलो कम्पनीमा परिणत हुने क्रम धेरै न्यून देखिन्छ । तर, यिनै स्टार्टअपहरू राम्रो मेन्टरसिप र लगानी पाएको खण्डमा प्रगती गर्न सक्षम हुन्छन् ।

नेपाली अर्थतन्त्र र स्टार्टअप

एक दशकअघिको र वर्तमान अर्थतन्त्रको अवस्था हेर्दा हामीकहाँ धेरै परिवर्तन भएका छन् । १० वर्षअघि देशको अर्थतन्त्रमा योगदान दिने प्रायः सरकारी तथा गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय कम्पनी, सञ्चार तथा प्रकाशन संस्था, सेवा क्षेत्रका साना संस्था र अन्य घरेलु प्रतिष्ठान थिए । तर अहिले औपचारिक संस्था नै बढ्दो क्रममा छन् । यसमा पनि केही वर्षयता विभिन्न क्षेत्रमा नवीन सोच भएका कम्पनीहरूको स्थापना बढिरहेको छ ।

यस्ता नवीनतम शैलीका कम्पनीहरूले देशको अर्थतन्त्रलाई योगदान र त्यससँगै चुनौती पनि अघि सारिदिएको छ । सारथी र टुटल जस्ता परिवहन सेवा (एप्स), फुडमारियो र फुडमान्डु जस्ता खाद्यान्न सुविधा दिनेलगायत विभिन्न नौलो सेवाप्रदायक कम्पनीहरूले अर्थबजारमा तरङ्ग ल्याएका छन् । यस्ता कम्पनीहरूले नेपालको अर्थतन्त्र र राजस्वमा मात्रै नभई रोजगार बजारमा पनि योगदान दिएका छन् ।

केही वर्षअघि उद्यमशीलता विकासबारेमा केही नहुने नेपालमा 'स्टार्टअप कल्चर' भर्खरै भित्रिएको हो । उद्यमशीलता विकासमा लागेका विभिन्न संस्था स्टार्टअपको विकासको विभिन्न चरणमा चाहिने सहायता प्रदान गरिरहेका छन्, तिनले यी कम्पनीलाई नवीनतम सोच सिर्जनाका क्रममा चाहिने तालिमहरू व्यक्ति तथा कम्पनीलाई प्रदान गरेका छन् । साथै, स्टार्टअपलाई बजारसम्म गएर व्यापार व्यवसाय थाल्न पनि उनीहरूको विकास योजना बनाउन सहायोग प्रदान गर्न अरू समूह कार्यरत छन् ।

जब एक चरणबाट एउटा कम्पनी अर्को चरण पुग्छ, त्यस तहमा अन्य सहयोगकर्ता कम्पनीहरू भेटिन्छन् । विगत ३/४ वर्षमा नेपालमा पनि स्टार्टअप कम्पनीहरूको विभिन्न चरणको विकासक्रममा सहयोग गर्ने संस्थाहरूको क्रियाशीलता बढेको छ ।

स्टार्टअप इकोसिस्टमा सक्रिय निजीक्षेत्रका तथा गैरसरकारी कुनै संस्थाले सोचलाई व्यवसायमा परिणत गर्न तालिमहरू दिन्छन् भने अन्यले लगानी व्यवस्थापन, व्यापार सञ्चालन र व्यवस्थापन सुधार कार्यमा सहयोग गर्छन् । सरकारी तहबाट पनि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानलगायतका संस्थाले स्टार्टअप कार्यक्रममार्फत तालिम प्रदान गर्दै आएको छ ।

अन्य केही संस्था पनि छन्, जसले स्टार्टअप र नवीनतम सोच तथा कार्यशैली भएका साथै निकट भविष्यमा अधिकतम रोजगारी दिन सक्ने सम्भावित कम्पनीहरूमा संस्थागत रूपमा लगानी गर्दै आएका छन् ।

यस्ता लगानीकर्ताहरूको उदयले उद्यम व्यवसाय गर्न चाहिने पुँजीका लागि उद्यमीले बैङ्कहरूसँग मात्र निर्भर हुन नपर्ने अवस्था सिर्जना भएको छ । अझ यी लगानीकर्ताले कुनै धितोबिना नै व्यवसायमा लगानी गर्छन् । तर उनीहरूले लगानी गर्ने कम्पनीको आंशिक स्वामित्व लिन्छन् । लगानी गरेको कम्पनीले लक्षित परिणाम वा उपलब्धि हासिल गरेपछि त्यस्ता लगानकर्ताहरू उचित प्रतिफल लिएर ती कम्पनीबाट बाहिरिन्छन् । त्यस्तो अवस्थामा बाहिरिने लगानीकर्ताको स्वामित्व कम्पनीका संस्थापकहरूले नै किन्ने वा ठूलो पुँजी हालेर सो कम्पनीको थप विस्तारमा सहयोग गर्न सक्ने लगानीकर्ताले किन्ने अभ्यास छ ।

संस्थापक वा सञ्चालकले संस्थालाई पब्लिक कम्पनी बनाएर अझै बृहत् रूपमा लैजान चाहेको खण्डमा कम्पनीको संरचना परिवर्तन गरी कम्पनीको स्वरूप परिवर्तन गरेर अगाडी लैजान्छन् । तर यसरी स्टार्टअप कम्पनीहरूले हासिल गरेको चरणबद्ध विकास हेर्न नेपालमा भने अझै केही समय लाग्नेछ ।

अवसर तथा चुनौती

पाँच वर्षमा मात्र कम्तीमा एक सय बिल्कुलै नवीन सोचका स्टार्टअपहरू सञ्चालनमा आएका छन् । यी स्टार्टअपले अर्थतन्त्रमा योगदान त दिन्छन्, तर यस्ता सबै कम्पनी लामो समयसम्म जीवितै नरहन पनि सक्छन् । यद्यपि पछिल्लो 'ट्रेन्ड' हेर्दा नेपाली नवउद्यमीहरूमा अझ उन्नत सोचका साथ आउँदै गरेको स्पष्ट देखिन्छ ।

नेपालमा सम्भावनाका साथसाथ चुनौती पनि उत्तिकै रहेको उद्यमीहरूको भनाइ छ । मुख्यतः कुनै पनि स्टार्टअप कम्पनीले एउटा सोचलाई प्रोटोटाइपिङ गरिरहेको हुन्छ, जुन सफल वा असफल हुने सम्भावना बराबर हुन्छ । यसका साथै स्टार्टअप सञ्चालकहरूमा प्रायः अनुभवको कमी, सुरूवाती पुँजीको अभाव, साझेदारबीच विश्वास नहुनु, उद्यमीहरूको बजार र ग्राहकबारे बुझाइ नहुनु तथा व्यवस्थापनको सीप नहुने आदि कारणले पनि कम्पनी अघि बढ्न सक्दैनन् ।

यससँगै, स्पष्ट नीतिनियमको अभाव, प्रतिभावान् जनशक्ति नहुनु, जटिल कर्मचारीतन्त्र, भारी करको दायरा, उचित परामर्शको अभाव, नेपाली लगानीकर्ताको अविश्वास तथा आवश्यक मात्रामा लगानी नहुनु पनि नवउद्यमका चुनौती हुन् । यिनै कारणले पनि विश्वव्यापी रूपमै केवल १० प्रतिशत स्टार्टअप मात्र सफल हुने गरेका देखिन्छन् ।

नेपालमा भने स्टार्टअपको सफलतादरको आधिकारिक तथ्याङ्क कतै नभेटिए पनि स्थिति विश्वव्यापीभन्दा झनै कमजोर रहेको आकलन गर्न सकिन्छ ।

नेपाली व्यवसायहरूको व्यवस्थापन शैली अत्यन्तै परम्परागत छ । अझ उद्यमशीलता विकासमा सरकारी संलग्नता यहाँ धेरै कम छ, जसले गर्दा स्टार्टअपहरूलाई चाहिने सहयोग मिल्न सकेको छैन । सरकारले स्टार्टअपलाई प्राथमिकता नदिनु र यस क्षेत्रको विकास तथा प्रोत्साहनका लागि आवश्यक नीतिनियम नल्याउनाले पनि उद्यमशीताले अपेक्षित गति लिन सकेको छैन ।

निष्कर्ष

हामीकहाँ नवीनतम तथा एकदमै अनौठो सोच र नवप्रवर्तन (इन्नोभेसन)लाई व्यवसायमा परिणत गर्ने उद्यमीहरू बढ्दो क्रममा छन् । तर, जबसम्म यस क्षेत्रका लागि सहयोगी संस्था र कार्यक्रमहरू आउँदैनन्, नवउद्यम र समग्र उद्यमशीलताको विकास अन्योलमै रहन्छ ।

नवीनतम सोचहरूले पुरानो मान्यता र परिस्थितिलाई चुनौतीका रूपमा हेर्छ । यस्ता नवीन व्यावसायिक सोचहरूले सरकारी नीति नियमलाई पनि चुनौती दिन सक्छ । त्यस्तो अवस्थामा उद्यमीको इन्नोभेसनलाई हौसला र प्राथमिकता दिने कि नियम कानुनविपरीत भयो भनेर सजाय दिने ? यो हाम्रो जस्तो विकासमा लामो फड्को मार्नुपर्ने अवस्थाको मुलुकमा उद्यमशील वातावरण सिर्जनाका सन्दर्भमा पेचिलो प्रश्न हो ।

यस्तो अवस्थामा जबसम्म इन्नोभेसनलाई संरक्षण गर्दै सम्बन्धित निकायबाट नयाँ नीतिनियमको थालनी हुँदैन, तबसम्म उद्यमशीलताको विकास पनि हुँदैन । यसका लागि सरकारले समाजको विद्यमान समस्यालाई हल गर्न सक्ने त्यस्ता सिर्जनशील स्टार्टअपहरूलाई निश्चित अवधिसम्म बिजनेस इन्कुबेसन कार्यक्रममा राखी त्यस्ता कम्पनीको सञ्चालनमा बाधा व्यवधान नगर्ने सरकारी नीति तथा कानुन निर्माण गर्नुपर्छ । कानुन र नीति नभएसम्म विशेष व्यवस्था (स्पेसल पर्पोज भेहिकल) बनाई त्यस्ता कम्पनीको सञ्चालनमा सहयोग गर्नुपर्छ । संसारको कुनै पनि कुनामा आविष्कारभन्दा पहिले त्यससम्बन्धी कानुन वा नीति बनेको हुँदैन । र जुन सम्भव पनि छैन । आविष्कार हुँदै जान्छ, त्यसपछि सरकारले त्यसलाई समेट्ने उपयुक्त नीति बनाउँदै लैजानुपर्छ ।

तसर्थ, सरकारले यथाशीघ्र स्टार्टअप नीति ल्याउनु आवश्यक छ । नवीन्द्रराज जोशी उद्योगमन्त्री रहँदा उनले मन्त्रालयभित्र स्टार्टअप समिति नै गठन गरेर स्टार्टअप नीति बनाउने प्रयास गरेका थिए । सो नीतिको खाका पनि बनेको हो । तर सरकार परिवर्तनसँगै स्टार्टअपसम्बन्धी नीति तथा कार्यक्रमले प्राथमिकता पाउन सकेको छैन ।

नीतिगत कमीका साथै अर्थ र उद्योग मन्त्रालयबीच समन्वय अभावले सरकारले केही वर्षपहिले नै घोषणा र बजेट विनियोजन गरेको 'च्यालेन्ज फन्ड'को अहिलेसम्म पनि निर्देशिका नबन्दा सो कोष सञ्चालनमा आउन सकेको छैन । सरकारले उक्त कोष पारदर्शी रूपमा सञ्चालन गर्न चाँडै पहल गर्नुपर्छ ।

गैरसरकारी र दातृ निकायहरूले उद्यमीलाई अनुदान दिनुभन्दा स्टार्टअपहरूलाई बीज पुँजी (सिड फन्ड)को व्यवस्था गर्दा समग्र उद्यमशीलता विकासमा सहयोग पुग्नेछ । स्टार्टअपलाई सुरूवातमा लगानीकर्ता र बैङ्कहरूले वित्तीय सहयोग नगर्ने हुनाले त्यस्तो अवस्थामा सरकार वा गैरसरकारी संस्थाहरूले सहयोग गरे श्रेयष्कर हुनेछ । यसबाट सुरूवाती वर्षमा स्टार्टअपहरूको जोखिम कम गर्न मद्दत गर्नुका साथै नवउद्यमीहरूलाई प्रोत्साहन मिल्नेछ ।

यसैगरी यस क्षेत्रमा सहयोग गर्न आएका निजीक्षेत्रका संस्थाहरूको सहकार्य र समन्वयनको आवश्यता अब आउने दिनमा अझै बढी देखिन्छ । हामीकहाँ उद्यमशीलता विकासको सम्भावना यति प्रचुर छ कि आउने केही वर्ष यस क्षेत्रमा काम गर्ने कोही पनि कसैको प्रतिस्पर्धी हुँदैन । अहिले यस क्षेत्रमा कार्यरत सबै संस्था आआफ्नो क्षेत्र निर्धारण गरेर सहकार्य गरी अगाडि बढेमा प्रशस्तै अवसर छ ।

भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१६ मा सुरू गरेको 'स्टार्टअप इन्डिया' अभियानले उचित नीतिनियम, भारी कर, बृहत् सोच अभाव तथा सरकारी कर्मचारीहरूको बुझाइ, सीप तथा सहयोगको कमीका कारण अपेक्षित सफलता हासिल गर्न सकेको छैन । नेपालका लागि यो उदाहरणीय पाठ हुन सक्छ । .हामीकहाँ पनि स्टार्टअप कार्यक्रमलाई अघि बढाउने हो भने यसको नेतृत्व निकायदेखि सञ्चालन गर्ने हरेक सम्बन्धित तहसम्मको बुझाइमा एकरूपता हुनका साथै कार्यान्वयनमा प्रतिबद्धता जरूरी छ ।

अहिलेको नयाँ सरकारी कर नीतिले स्टार्टअपलाई कुनै पनि अवस्थामा सहयोग पुऱ्याउँदैन । स्टार्टअपलाई ठूला उद्योग र व्यापारको दायरामै राखेर कर असुल्नु न्यायोचित हुँदैन । अन्यथा नयाँ सोच तथा सिर्जनात्मक व्यापार गर्ने उद्यमीहरू निरूत्साहित भई 'जसरी हुन्छ पैसै कमाऊ' भन्ने सोचप्रेरित हुन्छन् । त्यसैले नवीनतम र सिर्जनात्मक व्यवसाय गर्ने उद्यमी (स्टार्टअप) हरूलाई छुट्टै कर नीतिको व्यवस्था गर्नु आवश्यक छ । सुरूवाती वर्षहरूमा स्टार्टअपका दायरामा पर्ने कम्पनीहरूलाई 'कर छुट' दिनु जायज हुन्छ ।

स्टार्टअपका कार्यक्रम र लगानीकर्ताहरू काठमाडौंमा मात्रै बढी केन्द्रित भइरहेको अहिलेको अवस्थामा, निजीक्षेत्र, गैरसरकारी संस्था र सरकारी निकायको सहकार्यमा काठमाडौंबाहिर पनि जान आवश्यक छ ।

> भारतमा प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१६ मा सुरु गरेको 'स्टार्टअप इन्डिया' अभियानले उचित नीतिनियम, भारी कर, बृहत् सोच अभाव तथा सरकारी कर्मचारीहरुको बुझाइ, सीप तथा सहयोगको कमीका कारण अपेक्षित सफलता हासिल गर्न सकेको छैन । नेपालका लागि यो उदाहरणीय पाठ हुन सक्छ ।

Since 1760

Lewis Berger

Paint your imagination

SILK GLAMOR

LUXURY INTERIOR EMULSION

Wall हरू हैन
यादहरू हुन्

CRYSTAL REFLECTIVE TECHNOLOGY

Lewis Berger express painting

Faster. Cleaner. Better.

For service: Call (Toll free) **16600123436**
or Type <Xp> and SMS to **33377**

विश्वविद्यालय शिक्षामा बहुलताका स्वरूप

प्रत्यूष वन्त



लोकरञ्जन पराजुली

अहिले देशभर ११ ओटा विश्वविद्यालय र सात ओटा उपाधि प्रदान गर्न सक्ने स्वास्थ्य विज्ञान प्रतिष्ठान छन् । यीबाहेक, केन्द्रीय र प्रादेशिक तहमा विभिन्न व्यक्ति, समूह, संस्थाले निजी र सार्वजनिक तवरमा थप थुप्रै विश्वविद्यालय स्थापनाको प्रयत्न गरिरहेको बुझिन्छ । देशको नयाँ संविधानले पनि केन्द्रीय र प्रादेशिक विश्वविद्यालयको परिकल्पना गरेको छ । र, विश्वविद्यालयको मापदण्ड बनाउने एवम् नियमनको दायित्व केन्द्रलाई दिएको छ । यो अधिकार केकसरी व्यवहारमा लागू हुनेछ भन्ने अद्यापि प्रस्ट छैन । प्रादेशिक कानुनहरू बनिसकेपछि केन्द्रले जति नै रोक्न खोजे पनि प्रादेशिक स्तरमा नयाँ विश्वविद्यालय स्थापना होलान् । तथापि, नयाँ स्थापना हुने भनिएका विश्वविद्यालयले पनि शिक्षाक्षेत्रमा चासो र रूचि राख्नेहरूमा खासै आशा सञ्चार गरेको पाइँदैन । र देशको विश्वविद्यालय शिक्षाको भावी दिशा अन्योलपूर्ण देखिन्छ ।

यो आलेखमा नेपालको विश्वविद्यालय शिक्षामा देखिएका केही प्रवृत्ति र समस्यामा टिप्पणी गरिएको छ । अनि खास गरी, उच्च शिक्षामा बहुलताको आवश्यकतालाई जोड दिँदै त्यसका विभिन्न पाटाहरूबारे चर्चा गरिएको छ ।

उच्चशिक्षा र बहुलता

नेपाल सामाजिक विविधताले भरिपूर्ण देश हो भन्नु 'क्लिसे' भइसकेको छ । तर पञ्चायतकालदेखिकै रटान भए पनि व्यवहारमा अझै बहुलता र विविधता देखाउने, झल्काउने काम भने हुन सकेको छैन । हाम्रो उच्च शिक्षाको क्षेत्रमा या विश्वविद्यालयको सन्दर्भमा बहुलता भनेको के हो भन्नेमा खासै बहसछलफल भएको छैन । विश्वविद्यालय क्षेत्रमा बहुलताको र विविधताको कुरा गर्दा केही निश्चित 'प्यारामिटर'को आधारमा त्यो कुरा गर्न सकिन्छ । तीमध्ये विश्वविद्यालयको स्वरूप र आकार (विद्यार्थी सङ्ख्या), पढाइका विषय र तौरतरिका, विश्वविद्यालयको स्वामित्व र लगानीका स्रोत आदिमा अपनाइने बहुलता प्रमुख हुन् ।

बहुदलीय लोकतन्त्रमा विश्वविद्यालयहरूले नागरिकका विभिन्न अपेक्षा पूरा गर्नुपर्ने हुन्छ । तीमध्ये केही नागरिकका अधिकार र अपेक्षाको रूपमा र केही बजारका एजेन्ट र उपभोक्ताका रूपमा प्रकट हुन्छन् । नागरिकका अधिकार र अपेक्षा सम्बोधनका लागि विश्वविद्यालयहरू बहुल स्वरूपका हुनु जरूरी छ । नागरिकमा आलोचनात्मक चेत निर्माण गर्ने जिम्मेवारी त विश्वविद्यालयको

हुदैं हो, बजारलाई आवश्यक सीप प्रदान गर्ने, र खास गरेर, जीवनोपयोगी सीप र क्षमता प्रवर्द्धन गर्न विश्वविद्यालय शिक्षाले सक्षम बनाउने अपेक्षा गरिन्छ । जब विश्वविद्यालयबाट उपाधि लिएर कुनै विद्यार्थी बाहिरिन्छ, ऊ बाहिरी समाज या बजारका लागि आवश्यक पर्ने आधारभूत तहको क्षमता र सीप आफूसँगै लिएर आएको हुन्छ भन्ने विश्वास गरिन्छ । तसर्थ, समाजलाई चाहिने विभिन्न खाले सीप, दक्षता र चेत भएका नागरिक उत्पादन गर्ने हो भने त्यसका लागि विश्वविद्यालयको स्वरूपमा पनि बहुलता आवश्यक पर्छ ।

२०४६ सालपछि नेपालमा वास्तविक रूपमै बहुविश्वविद्यालयतर्फ जान केही निर्णायक पाइला चालिए । विधायिकामार्फत नयाँनयाँ कानुन बनाएर विश्वविद्यालय, चिकित्सा विज्ञान प्रतिष्ठान एवम् विश्वविद्यालय अनुदान आयोग जस्ता संस्था खडा गरिए । यसले हाम्रो विश्वविद्यालय क्षेत्रमा 'रूप'मा केही बहुलता देखियो । तर विडम्बना, ती सबै विश्वविद्यालयबीच 'सार'मा तात्त्विक भिन्नता देखिएन । त्रिभुवन विश्वविद्यालय (त्रिवि)कै गोरेटो धेरैले पछ्याएकाले ती 'छोटे त्रिवि' जस्ता मात्र देखिन्छन्; तिनले पनि शिक्षण र सम्बन्धनकै मोडल अपनाएका छन् । त्रिविको झैं तिनको आफ्नो आन्तरिक आङ्गिक संरचना सानो छ । र सम्बन्धनमार्फत बाह्य ठूलो संरचना खडा गरेर मोटाएका छन् ।

त्रिविमय बहुविश्वविद्यालय

हामीकहाँ अहिलेसम्म जति पनि विश्वविद्यालय आए, तिनमा धेरैजसो राज्य र सरकार स्वयम्ले अध्ययन गरेर या आवश्यकता महसुस गरेर खोलिएका भन्दा पनि विभिन्न व्यक्ति, समूह, क्षेत्रको लामो सक्रियता/अभियानपछि ती खोलिएका हुन् । तर विडम्बना के भने, अपवादबाहेक जुन समूहले विश्वविद्यालय स्थापनाका लागि पहल गऱ्यो; त्यो समूहलाई स्थापनापछि 'अन-बोर्ड' लिइएन, पूरै बेवास्ता गरियो । र, जसले ती विश्वविद्यालय स्थापना गर्न कुनै सोचविचार र प्रयत्न गरेनन्, सपना बुनेनन्, तिनको हातमा सरकारले विश्वविद्यालयको लगाम थमाइदियो ।

भयो के ? पहिलो त, त्रिविका र त्यसमा पनि मूलतः 'केन्द्र'का प्राडाहरू भीसी/रेक्टर बनाएर ' मोफसल'मा खटाइएकाले ती कहिलेकाहीँ 'रिट्रिट'का लागि विश्वविद्यालय भएका ठाउँसम्म पुगे । बाँकी समय विभिन्न बहानामा सम्पर्क कार्यालय खोलेर काठमाडौंमै रमे । अरू त अरू, तिनका सिनेट बैठकसमेत काठमाडौंमै राखिए । तिनले तत् स्थानीय अभियन्ताका सरोकार सम्बोधन गर्ने, तिनलाई सँगै लैजाने र त्यहाँका साधनस्रोत उपयोग गर्नेतर्फ खासै रुचि एवम् चासो देखाएनन्; केन्द्रको मात्र मुख ताकेर बसे ।

दोस्रो, भीसी/रेक्टरमा नियुक्त भइसकेपछि केहीले विश्वविद्यालय सञ्चालन गर्न थोरबहुत प्रयत्न गर्न थाले, पाठ्यक्रम इत्यादि बनाए । तर, त्यसबीच तिनको पदावधि सकियो । अनि अर्का राजनीतिक दल सम्बद्धहरू दगुरेर आए, लगाम समाए र तिम्रो पदावधि सकियो भनेर धपाए । यो क्रम अद्यापि चलिरहेको छ ।

तेस्रो, यी नयाँ विश्वविद्यालयमा जो भीसी/रेक्टर बनेर गए ती प्रायः सबै त्रिविबाट अस्थायी काजमा पठाइए । तिनले पदावधि नसकिन्जेल मोटर चढे, घुमघाम गरे, आफ्नो व्यक्तिगत पहिचानका अगाडि 'भीसी/रेक्टर' थपाए र पुरानै घर फर्किए । न तिनलाई 'तँ यो विश्वविद्यालयमा जाँदा यो-यो गर' भनेर कसैले 'टर्म्स अफ रेफरेन्स' थमायो, न पदावधि सकिएपछि 'तैंले चार वर्षमा के-के गरिस्' भनेर फेहरिस्त माग्यो ।

चौथो, त्रिविका धेरै शिक्षक, अन्य विश्वविद्यालयलाई आफ्नो कमजोर स्पर्धी मात्रै ठान्दैनन्, एक हिसाबले 'सौतेनी नाल'को सरह व्यवहार गर्छन् । आफ्नो भाग खान आएका ठान्छन् । खास गरी केही दिनपछि पुनः 'आफ्नै घर फिर्ता' हुनुपर्ने र त्यहीँको पेन्सन खानुपर्ने अवस्थामा 'सौतेनी नाल'को घरको समृद्धिमा योगदान दिन ती अस्थायी काजमा पठाइएका त्रिविका प्राडाहरूलाई कुनै 'इन्सेन्टिभ' थिएन, छैन । ती चारवर्षे जागिर पकाउँछन्, आफ्नै घर फर्कन्छन् ।

पाँचौं, त्रिविबाट अस्थायी काजमा खटिएकाहरू आफू जुन संरचना र संस्कृतिमा घुलमिल थिए, तिनले त्रिविमा जे गरेका थिए, जानेका थिए, सिकेका थिए, नयाँ विश्वविद्यालयमा पनि त्यही दोहोऱ्याए । अर्थात् त्रिविका प्राडाहरू अन्य विश्वविद्यालयमा हाकिम भएर जाँदा आफू मात्र गएनन्, त्रिविका भुत्ते संरचना र संस्कृति पनि बोकेर गए । अनि तिनले त्यहाँ गएर कुनै 'इनोभेसन' गरेनन् । सम्भवतः तिनको ल्याकत पनि थिएन र 'इन्सेन्टिभ' पनि थिएन । त्यसैले नयाँ खोलिएका विश्वविद्यालयले पनि आफ्ना कुनै 'क्यारेक्टर' सिर्जना गर्न सकेनन्; कुनै नयाँ सोच, संस्कृति ल्याउन पनि सकेनन् । ती फगत त्रिविका खराब प्रतिलिपि हुन पुगे ।

तहगत (केन्द्रीय/प्रादेशिक) बहुविश्वविद्यालय

मुलुक सङ्घीयतामा गइसकेको सन्दर्भमा र संविधानले प्रादेशिक विश्वविद्यालयको पनि परिकल्पना गरेका कारण ढिलोचाँडो नेपालमा केन्द्रीय र प्रादेशिक तहका विश्वविद्यालय हुनेछन् । यद्यपि, केही प्रश्न छन्, जसबारे राम्ररी छलफल सुरू भइसकेको छैन । जस्तो, अहिले जेजति विश्वविद्यालय छन् तिनलाई 'केन्द्रीय' नै राखिराख्ने या केहीलाई ' प्रादेशिक' तुल्याउने ? सरकारले 'प्रादेशिक' तुल्याउँदा प्रदेशले र विश्वविद्यालयले केकस्ता सर्तमा स्वीकार

> नागरिकका अधिकार र अपेक्षा सम्बोधनका लागि विश्वविद्यालयहरु बहुल स्वरुपका हुनु जरुरी छ । नागरिकमा आलोचनात्मक चेत निर्माण गर्ने जिम्मेवारी त विश्वविद्यालयको हुदैं हो, बजारलाई आवश्यक सीप प्रदान गर्ने, र खास गरेर, जीवनोपयोगी सीप र क्षमता प्रवर्द्धन गर्न विश्वविद्यालय शिक्षाले सक्षम बनाउने अपेक्षा रहन्छ ।

गर्ने या नगर्ने ? केन्द्रले नयाँ विश्वविद्यालयहरू खोल्ने कि नखोल्ने ? प्रदेशले आफ्नो सभाबाट नियम बनाएर आआफू विश्वविद्यालय स्थापना गर्दै जाने कि सोका लागि केन्द्रले पहिले समग्र नीति-निर्देशिका बनाउने/नबनाउने ? केन्द्रले बनाउने हो भने कहिलेसम्म ?

केन्द्रीय/प्रादेशिक विश्वविद्यालय सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगले केही समयअघि एउटा कार्यदल गठन गरेको थियो । कार्यदलको प्रतिवेदन सार्वजनिक नगरिए पनि चुहिएका सूचनाहरूका अनुसार उसले त्रिभुवन विश्वविद्यालय (त्रिवि), खुला, वन आदि केहीलाई केन्द्रीय र बाँकीलाई प्रादेशिक विश्वविद्यालय बनाउन सुझाव दिएको छ । तसर्थ, केहीलाई प्रादेशिक विश्वविद्यालय बनाउन सकिन्छ अथवा ती विश्वविद्यालयलाई रोज्ने अवसर पनि दिन सकिएला । तर, विश्वविद्यालय स्वयम्मा 'युनिभर्स' हो, केन्द्रीय र प्रादेशिक भन्नु फगत 'फन्डिङ'का लागि मात्र हो- कुन तहले लगानी गर्ने भन्ने सवालमा । त्यसमा कुनै श्रेणी हुँदैन भनेर विश्वास नदिलाउने हो भने अहिलेका कुनै पनि विश्वविद्यालय आफूलाई 'प्रादेशिक' भनाउन तयार हुने छैनन् । उनीहरूको 'खबरदारी' सुरू भइसकेको बुझिन्छ ।

खासगरी केही 'इन्सेन्टिभ मेकानिज्म' तयार गर्ने हो भने अहिलेका कतिपय विश्वविद्यालयलाई प्रादेशिकमा जान मनाउन सकिन्छ । जस्तो ' प्रादेशिक' बनाइने विश्वविद्यालयमा हाल भइरहेको भन्दा बढी लगानीको सुनिश्चितता केन्द्रले प्रदेशलाई गर्ने । 'टोकन' रकम नै सही, कथित केन्द्रीयभन्दा प्रादेशिकका अध्यापकले बढी तलब पाउने एवम् अध्ययनअनुसन्धानका लागि पर्याप्त (उदाहरणका लागि चालू खर्चको १५-२० प्रतिशतसम्म) रकमको व्यवस्था प्रादेशिक विश्वविद्यालयमा गर्न सकिन्छ । त्यस्तै, केही (जस्तो काठमान्डू विश्वविद्यालय) लाई गैरसरकारी विश्वविद्यालय तुल्याउन सकिन्छ । गैरसरकारी विश्वविद्यालय सञ्चालनम सरकारी सहयोग नदिने, तर अनुसन्धानका लागि उपलब्ध हुने 'फन्ड'मा भने अरूसरह नै सहभागी हुन सक्ने व्यवस्था गर्न सकिन्छ । प्रादेशिक भनिने विश्वविद्यालयलाई प्रारम्भदेखि नै कमजोर र तल्लो श्रेणीको भन्ने बिल्ला नभिराउने र त्यसरी व्यवहार नगर्ने हो भने अहिलेको केन्द्र र मोफसलबीचमा कायम 'हायरार्की' र असन्तुलनलाई तोड्न सकिन्छ । त्यसपछि विश्वविद्यालयलाई फगत केन्द्रीय या प्रादेशिकका हिसाबले होइन कि पढाइको हिसाबले, अनुसन्धानको हिसाबले, गुणस्तरको हिसाबले छुट्याउने आधार तयार हुन्छ ।

बहुलतायुक्त विश्वविद्यालयको स्वरूप

भौगोलिक, विस्तार, लगानी वा तहगत- जुनै हिसाबले तलमाथि परे पनि हाम्रा विश्वविद्यालयहरू एकै ढर्राका भएकोमा शङ्का छैन । सबै विश्वविद्यालयले सबै विधा, विषय पढाउनुपर्ने र त्यसमा पनि अनुसन्धान र अध्यापन र व्यावसायिक डिग्री प्रदान गर्नुपर्ने सोचले केही भ्रम सिर्जना गरेको हो । तर, सामान्य हिसाबले केलाउँदा नेपालमा पनि तीन थरी- अनुसन्धान केन्द्रित (एमफिल र पीएचडी उपाधि प्रदान गर्ने), 'टिचिङ' (या अध्ययन-अध्यापन) केन्द्रित र 'भोकेसनल' (व्यावसायिक या इलमजन्य, जसमा जति वर्षको अध्ययन हुन्छ सोहीबमोजिम कलेजको डिग्रीसरहको उपाधि प्रदान गर्ने) विश्वविद्यालय सञ्चालन हुन सक्छन् ।

तसर्थ आउँदा दिनमा केही विश्वविद्यालय मूलतः अनुसन्धानमा मात्रै केन्द्रित हुन सक्छन् । हाल सञ्चालित विश्वविद्यालयका हकमा तिनमा रहेका अनुसन्धान केन्द्रलाई नयाँ स्वरूप दिन सकिन्छ । बहुसङ्ख्यक विश्वविद्यालय टिचिङ विश्वविद्यालयको रूपमा बीए र एमए तहको अध्ययन-अध्यापनमा संलग्न हुन सक्छन्, जसका शिक्षक र विद्यार्थीलाई अनुसन्धानमा संलग्न हुनैपर्ने बाध्यता रहन्न । यद्यपि, अनुसन्धानका कोर्स त्यहाँ पढाउन सकिन्छ । व्यावसायिक विश्वविद्यालयका हकमा पनि 'क्रेडिट ट्रान्सफर' हुने व्यवस्था गर्न सकिन्छ, ताकि अहिलेको जस्तो व्यावसायिक शिक्षा लिनेका लागि अगाडि अध्ययन गर्ने बाटो नै बन्द हुने अवस्था नहोस् । त्यहाँ अध्ययन गर्ने विद्यार्थीले पनि भविष्यमा उच्च अध्ययन गर्ने चाहना गरे उनीहरूको व्यावहारिक अध्ययनलाई मूल्यांकन गरी प्रवेश परीक्षामार्फत उनीहरूले अन्य विषय पढ्न पाउने व्यवस्था हुन जरूरी छ ।

अमेरिकाको क्यालिफोर्निया राज्यमा भएको तीन विश्वविद्यालयको प्रणाली हाम्रो प्रादेशिक संरचनाका लागि पनि उदाहरण बन्न सक्छ । क्यालिफोर्नियाको विश्वविद्यालय प्रणालीभित्र विश्वका राम्रा मानिने अनुसन्धानमूलक विश्वविद्यालय छन् भने त्यहीँ क्यालिफोर्निया स्टेट विश्वविद्यालय पनि छ, जुन मूलतः टिचिङ विश्वविद्यालय हो । त्यसबाहेक, सोही प्रणालीभित्र व्यावसायिक शिक्षा प्रदान गर्ने कम्युनिटी कलेज पनि अटाएका छन् । यो उदाहरण जस्तै हाम्रा केही विश्वविद्यालयमा विभिन्न सङ्काय- विज्ञान-प्रविधि (इन्जिनियरिङ र चिकित्सा), समाज विज्ञान, मानविकी, व्यवस्थापन आदि रहलान् । केहीमा भने केही चुनिएका सङ्काय मात्र हुनेछन्- कुनै विज्ञान-प्रविधिमा केन्द्रित त केहीमा समाज विज्ञानका विभिन्नि विषय मात्र । यसको उदाहरणका लागि त्रिवि र कृषि तथा पशु विज्ञान विश्वविद्यालयलाई लिन सकिन्छ । अघिल्लोमा धेरै विषय पढाइन्छ भने पछिल्लो केही विशिष्ट विषयमा मात्र केन्द्रित छ ।

हामीकहाँ नीतिनिर्माता र अन्यमा देखिएको अर्को भ्रम विश्वविद्यालयको आकार (साइज)बारे हो । विश्वविद्यालय भन्नेबित्तिकै विशाल हुनुपर्ने र हजारौं विद्यार्थी पढ्नुपर्ने धारणा व्यापक छ । संसारभर

> सबै विश्वविद्यालयले सबै विधा र विषय पढाउनुपर्दैन । हामीकहाँ तीन थरी- अनुसन्धान केन्द्रित (एमफिल र पीएचडी उपाधि प्रदान गर्ने), 'टिचिङ' (या अध्ययन-अध्यापन) केन्द्रित र 'भोकेशनल' (व्यावसायिक या इलमजन्य, जसमा जति वर्षको अध्ययन हुन्छ, सोहीबमोजिम कलेजकोडिग्रीसरहको उपाधि प्रदान गर्ने) विश्वविद्यालयसञ्चालन गर्न सकिन्छ ।

विश्वविद्यालयको आकारमा विविधता पाइन्छ । हामीकहाँ पनि त्यस्तै बहुलता आवश्यक छः कुनै विश्वविद्यालय साना होऊन्, कुनै ठूला । दुई-तीन हजार विद्यार्थी भएका साना विश्वविद्यालयदेखि ५ देखि १५ हजार विद्यार्थी भएका मध्यमस्तरका र केही ठूला विश्वविद्यालय पनि हामीकहाँ अटाउन सक्छन् । यस्ता विश्वविद्यालयको स्थापना र सञ्चालन केन्द्र र प्रदेश दुवै तहमा हुन सक्छन् ।

स्वामित्व र लगानीका बहु-स्वरूप

विश्वविद्यालयको स्वामित्व र लगानी गर्ने स्रोतहरू विभिन्न हुन सक्छन् । ती सार्वजनिक या सरकारी हुन सक्छन् वा गैरनाफामूलक निजी अथवा दानबाट आउन सक्छन् । यस्तो बहुलताले हाम्रो समाजमा रहेको सामाजिक विविधता (वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक आदि)लाई पनि समेट्न सक्ने थप अवसर दिन्छ । र, अहिलेको जस्तो हुनेखानेको मात्र बजारमा बिकाउ भनिएका विषयमा पहुँच हुने अवस्थामा परिवर्तन ल्याउन सकिन्छ । हाम्रा लागि सरकारी/सार्वजनिक र गैरनाफामूलक लगानी र स्वामित्व मूल विकल्प हुन सक्छन् । यद्यपि, निजी स्वामित्व र लगानीलाई पनि पूर्ण रूपमा निषेध गर्ने स्थिति छैन । किनकि आखिरमा भारतलगायत विदेशका विभिन्न विश्वविद्यालयमा नेपालीहरू निजी लगानीमा ठूलो परिमाणमा पैसा तिरेर पढ्न गइरहेकै छन् । तर यस्ता विश्वविद्यालयलाई सम्बन्धन प्रदान गर्ने सुविधा दिइनुहुन्न । त्यस्तै अर्को लगानीको बाटो भनेको 'अलुम्नाई'हरू हुन् । खासगरी त्रिविको हकमा यो सम्भव हुन सक्ने बाटो हो ।

केन्द्रीय या प्रादेशिक सरकारले विश्वविद्यालय स्थापना गर्ने हो भने त्यसको वित्तीय भारबारे प्रस्टता आवश्यक हुन्छ । स्थापनाका लागि आवश्यक पर्ने पुँजीगत लगानी र त्यसपछिको नियमित खर्च (आम्दानी र तलब आदि खर्चको भिन्नता) र नियमित अन्तरालमा हुने अन्य खर्च (जस्तो नयाँ भौतिक संरचना निर्माण गर्दा या नयाँ विषय थप्दा, या अनुसन्धान केन्द्रहरू थप्दा) बारेमा सुरुमै प्रस्ट हुन जरूरी हुन्छ । सरकारले यसअघि विश्वविद्यालयहरू स्थापना गर्न लिएको 'निम्नमाध्यमिक विद्यालय' स्थापना गर्दाको जस्तो बर्सेनि एकएक कक्षा थप्दै जाने बाटो काम लाग्दैन । गतिलो पूर्वतयारी र आवश्यक रकमको जोहो नगरी सुरु गरिने विश्वविद्यालयले गति लिन सक्दैन । चाहे त्यो पूर्वाञ्चल होस् या लुम्बिनी बौद्ध या मध्यपश्चिम विश्वविद्यालय सरकारको पूर्वतयारी ज्यादै निम्छरो भएकाले तिनले गतिलो सुरुवात पाएनन्, तिनको पछिल्लो अवस्था पनि राम्रो छैन ।

अब प्रदेशहरूमा सम्बन्धित प्रदेश सभाले बनाउने कानुन मातहत रही विश्वविद्यालय स्थापना हुन सक्ने अवस्था निर्माण भएको छ, जसले विश्वविद्यालयको स्वरूपमा बहुलता ल्याउनेछ । आफ्नो प्रदेशलाई उच्च शिक्षाको महत्त्वपूर्ण स्थल बनाउन प्रदेशका कार्यकारीले विभिन्न खाले लगानीको खोजी गर्न सक्छन् । र, भोलिका दिनमा शिक्षामा लगानी गर्न चाहने सम्भावित लगानीकर्ताहरूले प्रदेशका कार्यकारीहरूसँग नाफामूलक र गैरनाफामूलक शैक्षिक संस्था या विश्वविद्यालय स्थापना गर्दा राज्यले प्रदान गर्ने सुविधाहरूबारे वार्ता (नेगोसिएसन) गर्नेछन्, जसमध्ये प्रदेशका तर्फबाट विश्वविद्यालयका लागि आवश्यक जमिन उपलब्ध गराउने तथा अनुदान र अन्य सहयोग प्रदान गर्ने हुन सक्छ भने विश्वविद्यालयका तर्फबाट प्रदेशभित्रका विद्यार्थीका लागि शिक्षण शुल्कमा विभिन्न खाले छुट या वृत्ति (स्कलरसिप/फेलोसिप)को व्यवस्था हुन सक्छ ।

प्रादेशिक विश्वविद्यालयमा प्रदेशभित्र र बाहिरका तथा अन्तर्राष्ट्रिय विद्यार्थीका लागि भिन्नभिन्न शुल्कको व्यवस्था गर्न सकिन्छ । विश्वविद्यालय स्थापना गर्न चाहने निजी लगानीकर्ताहरूसँग सम्बन्धित प्रदेश सरकारले आफ्नो प्रदेशका स्थायी बासिन्दा या मतदातालाई बढी सुविधा दिने गरी सम्झौता गर्न सक्छन् । अर्थात् स्थायी वासस्थानका हिसाबले कुनै निश्चित प्रदेशभित्रका बासिन्दाले आफ्नो प्रदेशअन्तर्गतको विश्वविद्यालयमा पाउने सुविधा अन्य प्रदेशका विद्यार्थीको भन्दा बढी हुन सक्छ । अमेरिका, बेलायतमा त्यस्तो व्यवस्था गरिएको छ, जसलाई हामीकहाँ थोरै परिवर्तन गरी ऐतिहासिक रूपले पछाडि परेका र विपन्न वर्गका प्रतिभाशाली विद्यार्थीको गुणस्तरीय उच्च शिक्षामा पहुँच बढाउन उपयोग गर्न सकिन्छ ।

उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीको सङ्ख्या बर्सेनि बढ्दै गएकाले नयाँनयाँ विश्वविद्यालय स्थापना गरिनु स्वाभाविक र आवश्यक हुन्छ । यस्ता विश्वविद्यालय केन्द्रीय र प्रादेशिक सरकारले आवश्यक ठानेका र स्थानीयले मागेका स्थानमा स्थापना हुन सक्छन् । आउँदा दिनमा मूलतः केन्द्रबाट भन्दा पनि प्रादेशिक कानुनमार्फत विश्वविद्यालय स्थापना गर्नु उपयुक्त हुन्छ ।

प्रादेशिक तहमै सार्वजनिक, निजी र गैरनाफामूलक विश्वविद्यालय स्थापना गर्ने व्यवस्था गर्न सकिन्छ । तर, ध्यान दिनुपर्ने कुरा के भने यस्ता विश्वविद्यालय हालको जस्तै त्रिवि जस्ता या सम्बन्धन मात्र प्रदान गर्ने हुनुहुँदैन । सम्बन्धन बाँडेर 'पैसा छाप्ने उद्योग'का रूपमा विश्वविद्यालयहरूको विकास नहोस् भन्नेमा एकदमै सचेत हुन जरूरी छ । खासगरी अहिलेको जस्तो सम्बन्धनमार्फत जुन व्यापार विश्वविद्यालयहरू गरिरहेका छन्, त्यो पटक्कै वाञ्छनीय छैन ।

> “सरकारले यसअघि विश्वविद्यालयहरु स्थापना गर्न लिएको “निम्नमाध्यमिक विद्यालय” स्थापना गर्दाको जस्तो बर्सेनि एकएक कक्षा थप्दै जाने बाटो काम लाग्दैन । गतिलो पूर्व तयारी र आवश्यक रकमको जोहो नगरी सुरु गरिने विश्वविद्यालयले गति लिन सक्दैन ।

विशेषताहरु* :

- विशेष काउन्टरवाट छिटो छरितो तथा सरल बैंकिङ्ग सेवा
- न्यूनतम मौज्दात रु. १००,०००/-
- चाहेको बेला जतिसुकै पनि रकम राख्न वा झिक्न मिल्ने
- अन्य बैंकिङ्ग सेवा शुल्कमा ५०% छुट**
- रु. ५००,०००/- सम्मको दुर्घटना मृत्यु विमा
- रु. ३००,०००/- सम्मको बचत सुरक्षण
- ईन्टरनेट/एस.एम.एस बैंकिङ्ग सुविधा
- निःशुल्क अन्तरशाखा बैंकिङ्ग कारोवार

**लकर, फण्ड ट्रान्सफर, ड्राफ्ट, स्टेटमेन्ट, चेक बुक, कर्जा सेवा शुल्क र अन्य सेवाहरु

*शर्तहरु लागु हुनेछन् ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

कर्पोरेट अफिसः कमलादी, काठमाडौं, सम्पर्क नं.: ९७७-०१-४२४६२१८/१९, ४२२७७४९,
इमेलः himal@himalayanbank.com

www.himalayanbank.com

सङ्घीयता र स्थानीय आर्थिक विकास

देशलाई सम्पन्नताको दिशामा अगाडि बढाउन जनतालाई अधिकार सम्पन्न र आत्मनिर्भर बनाउन तथा सबै धर्म, वर्ण, लिङ्ग र समुदायका जनताको प्रतिनिधित्व शासन प्रणालीमा गराई देश विकासको मूल प्रवाहमा समाहित गर्न सङ्घीयता महत्वपूर्ण माध्यम हुन सक्नेछ ।

पुरुषोत्तम नेपाल

नेपालको संविधानले ७ सय ५३ स्थानीय सरकार, ७ प्रदेश र १ सङ्घीय सरकारको राज्यसंरचना स्थापित गरेको छ । यी सबै तहका सरकारलाई संविधानले दिएको सीमाभित्र रहेर आफ्नो जिम्मेवारी पूरा गर्ने अधिकार छ । सङ्घको विशेष क्षेत्राधिकारभित्रको बाहेक अन्य सन्दर्भमा सङ्घले नीति तथा मापदण्ड बनाउने, प्रदेश र स्थानीय सरकारले सम्बन्धित क्षेत्रका लागि नीति, कानुन तथा कार्यक्रम बनाउने र एकआपसको सहकार्य तथा समन्वयमा तिनको कार्यान्वयन गर्नुपर्छ ।

यससँगै, गुणस्तरीय सेवाप्रवाह, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र सफा खानेपानी, कृषि र पशु प्रसार सेवा, शहरी व्यवस्थापन, भौतिक पूर्वाधार, भूउपयोग आदिसँग सम्बन्धित नीति र योजना बनाउने तथा तिनको कार्यान्वयन गर्ने जिम्मेवारी केन्द्रबाट सरेर प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको छ ।

सङ्घीयतामा राज्य व्यवस्थामा जनताको पहुँच एवम् प्रतिनिधित्व स्थापित हुने तथा साधन र स्रोतको उच्चतम उपयोग भई समृद्धिसमेत प्राप्त हुने अपेक्षा गरिएको छ । यसैले सङ्घीयतालाई एउटा महत्त्वपूर्ण राज्यस्वरूपका रूपमा ग्रहण गरिएको छ । सङ्घीयतामा कार्य जिम्मेवारी तथा स्रोत साधनको बाँडफाँटको विषय अत्यन्त पेचिलो हुने भएकोले संविधानको अनुसूचीमा नै यससम्बन्धमा स्पष्ट गर्दै अन्तरसरकारी वित्त व्यवस्थापनमार्फत सङ्घीय इकाइहरूबीच वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वित्तीय सुशासन, समन्वय र सहजीकरण गर्ने व्यवस्था गरिएको छ ।

स्थानीय र प्रदेश तहले आफूलाई सङ्घीय सरकारबाट वित्त हस्तान्तरणअन्तर्गत आउने सोतसाधन र स्वराजस्वबाट प्राप्त हुने रकम आफ्नो योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, जनचाहनाअनुसारको सेवा प्रवाह र लगानी गरी आर्थिक समृद्धि हासिलमा परिचालन गर्दछन् । देशलाई सम्पन्नताको दिशामा अगाडि बढाउन जनतालाई अधिकार सम्पन्न र आत्मनिर्भर बनाउन तथा सबै धर्म, वर्ण, लिङ्ग र समुदायका जनताको प्रतिनिधित्व शासन प्रणालीमा गराई देश विकासको मूल प्रवाहमा समाहित गर्न सङ्घीयता महत्त्वपूर्ण माध्यम हुन सक्नेछ ।

सङ्घीयता

सङ्घीयता राज्यका विभिन्न तहहरूबीच शक्ति, स्रोत तथा सार्वभौमसत्ताको बाँडफाँट गरी लोकतन्त्र प्रवर्द्धन, द्वन्द्व व्यवस्थापन, राजनीतिक स्थिरता, विकास र सरकारको प्रभावकारिता अभिवृद्धि गर्न आत्मसात् गरिएको शासकीय पद्धति हो, सङ्घीयता । अर्को शब्दमा सङ्घीयता शासन सञ्चालनको त्यस्तो तरिका हो, जसले राज्यको शासकीय संरचनालाई जनताको तहसम्म विकेन्द्रीत गर्दछ र समतामूलक समृद्धि, सुशासन र स्वशासन हासिल गर्ने महत्त्वपूर्ण माध्यमको रूपमा कार्य गर्दछ ।

यसैगरी संविधानको परिधिभित्र रही राजस्वसम्बन्धी कानुनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, क्षमता विकास तथा राजस्वको उचित व्यवस्थापनलगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त जिम्मेवारीहरू सम्पन्न गरी जनतामाझ सुशासन र समृद्धिको अनुभूति दिलाउने कार्यसमेत वित्तीय सङ्घीयताअन्तर्गत पर्दछ ।

आर्थिक विकास तथा समृद्धि

राजनीतिक सङ्क्रमण समाप्त भइसकेकोले अब राज्यको ध्यान मुलुकको आर्थिक तथा सामाजिक विकासमा केन्द्रित गर्न आवश्यक छ । सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशीलमा र सन् २०३० सम्ममा विकसित राष्ट्रमा स्तरोन्नति गर्ने उद्देश्य राखिएको छ । यो पूरा गर्न स्पष्ट र समयबद्ध लक्ष्यसहितको कार्ययोजना तयार गरी कार्यान्वयन गर्दा सबै तहका सरकारको सहकार्यलाई विशेष महत्त्व दिनु आवश्यक छ ।

मुलुकको दिगो आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण र समृद्धिका लागि यससँग अन्तरसम्बन्धित क्षेत्रमा हुने परिवर्तनलाई संस्थागत गरिनुपर्दछ । स्वास्थ्य, शिक्षा, रोजगारी, हिँडडुल गर्न तथा बोल्न पाउने स्वतन्त्रता तथा सुविधा जस्ता मापक सूचकहरू बनाई व्यक्ति, परिवार तथा राष्ट्रलाई समृद्ध वा सम्पन्न बनाउन सबैको सकृयता अपेक्षित छ । यसका लागि संयुक्त राष्ट्रसङ्घबाट निर्धारित दिगो विकासका १७ ओटा लक्ष्य र संविधानले अभीष्ट गरेको मुलुकको विकास र समृद्धि हासिल गर्न सबै तहका सरकारले साझा विकास लक्ष्य, प्राथमिकताका क्षेत्र, कानुनको शासन, मानवअधिकारको संरक्षण, लोकतन्त्र र सुशासनको प्रत्याभूति, वातावरण संरक्षण, स्वास्थ्य, शिक्षा, विपन्न एवम् सीमान्तकृत वर्ग समुदायको अधिकार र समुत्थानलाई समेट्नुपर्छ ।

प्राकृतिक स्रोतसाधन नेपालमा प्रचुर छ । आर्थिक समृद्धि र विकासको नागरिक अपेक्षा अग्लिएको छ । भूमण्डलीकरणको असरबाट राजनीतिक दलहरूको सोचमा आएको परिवर्तन आएको छ । यो पृष्ठभूमिमा वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स, सीप, पुँजी र उद्यमशीलताको उपयोग गर्ने सोच र चाहाना, वैदेशिक सहयोगमा वृद्धि, सूचना प्रविधि, यातायात र बजार विस्तारलगायतमार्फत विविधताको सम्बोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, पिछडा समुदायको सशक्तीकरण गर्न सके नेपालको समग्र विकासका सम्भावनाहरू बढेका छन् ।

प्रतिव्यक्ति आम्दानी तथा राष्ट्रिय आम्दानीको वृद्धिसँगै सामाजिक न्यायसहितको स्वतन्त्र, स्वाभिमान तथा सभ्य नागरिकका रूपमा सम्मानपूर्वक जीवनयापन गर्न पाउने अवसरसहितको अवस्थालाई आर्थिक विकास एवम् समृद्धिका रूपमा लिइन्छ ।

मुलुक स्थिरतातर्फ बढेसँगै आर्थिक विकास र समुन्नतिका लागि रोजगारी सृजना र नागरिकको आय बढाउने कार्य सबै तहका सरकारको प्राथमिकतामा परेको देखिन्छ । राजनीतिक स्थिरतासँगै उत्पादनमुखी वातावरण बन्दै जाने हुँदा सरकारले रणनीतिक उत्पादनका क्षेत्रहरू निर्धारण गरी औद्योगिकीकरण र रोजगारी सिर्जनामा जोड दिँदा समृद्धि प्राप्तिको वातावरण पनि बन्दै जानेछ ।

देशमा स्थानीय तहको निर्वाचनपछि स्थानीयस्तरमा पनि आर्थिक गतिविधि बढ्दै गएका छन् । केही गाउँपालिका तथा नगरपालिकाले स्थानीय उत्पादन, जनताको आय र पूर्वाधार विकासमा लगानी वृद्धिका साथै शिक्षा, स्वास्थ्य र सीप विकासका कार्यक्रमलाई प्राथमिकतामा राखेर उत्साहजनक ढङ्गले काम गर्न थालेका छन् । यस्तै, जनप्रतिनिधिहरू स्थानीय आर्थिक विकासका लागि विद्युत्, सिँचाइ, खानेपानी, सडक, खानी सञ्चालन, फोहोरमैला व्यवस्थापन लगायतका विकास पूर्वाधार निर्माणका क्षेत्रमा निजीक्षेत्रसँग समेत सहकार्य गरी लगानीको वातावरण बनाउन लागिपरेका देखिन्छन् । यसैगरी पर्यटन, कृषि, खनिज सम्पदा, जडीबुटी आदि क्षेत्रहरूको समुचित विकास गर्ने आदि कार्यसमेत स्थानीय तहको प्राथमिकतामा पर्दै गएको देखिन्छ ।

स्थानीय आर्थिक विकास

नेपालको आर्थिक विकासमा जल, जमिन, जङ्गल, जडीबुटी, जनशक्तिको महत्त्वपूर्ण भूमिका छ । सबै प्रदेश र स्थानीय तहको साझा विषय पनि यही हो । प्रत्येक स्थानीय तहमा कुनै न कुनै प्रकारका प्राकृतिक स्रोत छन् । निर्वाचित स्थानीय जनप्रतिनिधिले उपलब्ध साधनस्रोतको सम्भावना र जोखिम विश्लेषण गर्दै सकारात्मक नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरी लिने आर्थिक विकासको ढाँचा नै स्थानीय आर्थिक विकास हो ।

जनप्रतिनिधिले उपलब्ध प्राकृतिक, मानवीय र भौतिक स्रोतसाधन परिचालनमार्फत स्थानीय विकासको काम सुरू गरिसकेका छन् । निजीक्षेत्रका लागि लगानीको वातावरण निर्माण र स्थानीय स्रोतसाधन तथा सीप र क्षमताको अधिकतम परिचालनमार्फत स्थानीय रोजगारी सिर्जना र जनताको आय बढाउन पनि जोड दिन थालेको देखिन्छ । यस सन्दर्भमा स्थानीय आर्थिक विकासका मोडलहरू तयार पारी स्थानीय अनुकूलताका आधारमा कार्यान्वयन गर्दै जान सकिए यसले स्थानीयस्तरमै पुँजी निर्माण र जनताको बचत वृद्धिमा सघाउ पुऱ्याउनेछ । बचत वृद्धिले स्वतः अन्य लगानीका क्षेत्रको खोजी गर्दछ, जसबाट स्थानीयस्तरमा दिगो आर्थिक चक्रको निमार्ण तथा संस्थागत हुनेछ । आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो । यी जिम्मेवारीहरू स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहुने गरी सार्वजनिक निजी साझेदारीमा स्थानीय तहले काम गर्न सक्ने र आफ्नो लागत न्यूनीकरण गर्न सक्ने अवस्था छ ।

स्थानीय सरकारहरूले स्थानीय आर्थिक विकास र समृद्धिका लागि देहायका नीति तथा कार्यक्रम अवलम्बन गर्नु उचित देखिन्छ ।

क्षमतायुक्त जनशक्ति विकास

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत र माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई दिएकाले गाउँ तथा नगरपालिकाले सबैलाई अनिवार्य र व्यावसायिक

“

प्रतिव्यक्ति आम्दानी तथा राष्ट्रिय आम्दानीको वृद्धिसँगै सामाजिक न्यायसहितको स्वतन्त्र, स्वाभिमान तथा सभ्य नागरिकका रुपमा सम्मानपूर्वक जीवनयापन गर्न पाउने अवसरसहितको अवस्थालाई आर्थिक विकास एवम् समृद्धिका रुपमा लिइन्छ ।

शिक्षा, तालिम र स्थानीय सीप तथा प्रविधिको प्रवर्द्धनको वातावरण निर्माण गरी आफ्नो क्षेत्रमा उपलब्ध मानव स्रोतलाई जनशक्तिमा परिणत गर्ने विभिन्न परियोजना सञ्चालन गरेर विकासको सुरूवात गर्न सक्ने देखिन्छ ।

स्वास्थ्य समृद्धिको आधार

स्वास्थ्य क्षेत्रका सूचकमा केही प्रगति देखिए पनि कमजोर वर्ग र पिछडिएको समुदाय यो सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् । स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरू सहरकेन्द्रित रहने प्रवृत्तिले सुदूर ग्रामीण इलाकाहरू तथा सीमान्त क्षेत्रमा स्वास्थ्य सुविधा पुगेको छैन । स्थानीय तहले गाउँगाउँमा स्वास्थ्य संस्था स्थापना तथा स्तरवृद्धि, सार्वजनिक स्वास्थ्यबारे चेतनामूलक कार्य सञ्चालन, दक्ष स्वास्थ्यकर्मी उत्पादनका नीतिगत व्यवस्था, अत्यावश्यक उपकरण र औषधिका लागि बजेट व्यवस्था, प्रदेश र केन्द्रसँगको समन्वयमा रेफरल सेवा जस्ता जनस्वास्थ्य सेवाहरू सर्वसुलभ हुने प्रबन्ध गर्न सक्नुपर्दछ ।

पर्यटन प्रवर्द्धन

विश्वमा अहिले मानिसको आय बढ्दै गएकाले बिदा र फुर्सदको सदुपयोग गर्दै देशविदेशको पर्यटकीय भ्रमण गर्ने, फरक संस्कृति तथा रहनसहन, खाना र स्वादको अनुभव लिने, साहसिक कार्यहरू गर्ने जस्ता अभ्यास बढ्दै गएका छन् । नेपालमा पनि मध्यमवर्गको आय वृद्धिसँगै आन्तरिक तथा बाह्य पर्यटनको आकर्षण बढ्दै गएको देखिन्छ । यसैले स्थानीय तहले आफ्नो क्षेत्रका प्राकृतिक क्षेत्र, रहनसहन, संस्कार र संस्कृतिको प्रवर्द्धन गर्न सके रोजगारी र आम्दानी बढाउन सक्छ । यसका लागि आवश्यक नीति निर्माण र सकारात्मक वातावरण बनाउन सके निजीक्षेत्र पनि यसतर्फ आकर्षित हुनेछ ।

कृषि र पशुपालनमा व्यवसायीकरण

स्थानीय तहले सबैभन्दा सहज तरिकाले गर्न र गराउन सक्ने अर्को क्षेत्र आधुनिक खेती तथा पशुपक्षी पालन पनि हो । यसका लागि कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न प्रोत्साहन हुने गरी नीतिगत सुधार गरी प्रविधिको विकास तथा प्रयोग, यन्त्रीकरण र चकला खेती, सहकारी खेती, कृषि प्रशोधन उद्योग स्थापनालाई प्रोत्साहन गर्न सकिन्छ । यसबाट स्वदेशमै रोजगारी उपलब्ध हुने हुँदा युवा जनशक्ति स्वदेशमा नै उत्पादन वृद्धिमा लाग्नेछन् र जीविकोपार्जनमा सीमित कृषि आर्थिक समृद्धिको माध्यम बन्न पुग्नेछ । यसमा स्थानीय तहले किसानको समूह वा सहकारी गठनमा प्रोत्साहन गर्दै व्यावसायिक खेती गर्नेलाई जग्गा सामूहिक लिजमा लिनदिन सक्ने नीतिगत वातावरण बनाउन सक्छ । बजार

> स्थानीय तहले यथासम्भव आफ्ना सेवा तथा कामकारबाही आधुनिक सूचना प्रविधिअनुसार सञ्चालन गरेर जनतालाई प्रविधिसँग भिज्ने वातावरण बनाउनुपर्छ ।

मागअनुसारको पशुपक्षी पालन, तरकारी तथा नगदेबाली वा खाध्यान्न, फलफूल, दलहन, तेलहन, फूल, जडिबुटी इत्यादि खेती गर्न प्रविधिक सहयोग, मलबीउ अनुदान इत्यादिको सुविधाका साथै बजार खोजी, खेती बिमा व्यवस्था, कृषि कर्जामा ग्यारेन्टी, मालपोत तथा करमा सहुलियत, प्रविधि अनुसन्धान र बिचौलियाबाट संरक्षण जस्ता कार्यहरू गर्न सक्छ । यसो गर्नाले हालको प्रतिहेक्टर उत्पादकत्व र आम्दानी तथा रोजगारी २३ गुणाले बढ्न सक्छ ।

औद्योगिक विकास

आर्थिक विकासमा उद्यमशीलताको महत्त्वपूर्ण भूमिका हुन्छ, जसबिना आर्थिक समृद्धि सम्भव छैन । उद्यमीले व्यवसाय थालेर चुनौतीलाई अवसरमा परिणत गर्छ । स्थानीय तहले उद्यमशीलता विकासका लागि विभिन्न व्यावसायिक स्किम ल्याउन प्रविधिक सहयोग, व्यवसाय दर्ता र नवीकरणमा सहजीकरण, प्रविधिक जनशक्ति तयार गर्न तालिम, अध्ययन अनुसन्धानमा सहयोग, समस्या समाधानमा सहजीकरण र सहयोग तथा अन्य विभिन्न सहुलियत इत्यादिमार्फत प्रोत्साहित गर्न सक्छ । स्टार्टअप, औद्योगिक प्रदर्शनी र वित्तीय लगानीको सहज वातावरण निर्माण र जोखिम विमा जस्ता कार्यक्रम सञ्चालनमा निजीक्षेत्रसँग सहकार्य गर्ने नीति तर्जुमा गर्न सक्छ । यसले स्थानीय तहको नेतृत्वमा ठाउँठाउँमा औद्योगिक ग्रामहरू खुल्ने र उत्पादन तथा रोजगारीमा व्यापक वृद्धि हुन सक्नेछ । प्रदेश र स्थानीय तहले आफ्नो सम्भावना र तुलनात्मक लाभका क्षेत्रका आधारमा यसमा सकारात्मक हुँदै साना तथा मझौला उद्योग स्थापना तथा सञ्चालन गर्न स्वदेशी पुँजी तथा गैरआवासीय नेपालीको लगानीलाई प्रोत्साहन दिँदा क्रमशः वैदेशिक लगानी पनि आकर्षित हुन्छ ।

सूचना प्रविधिको विकास र उपयोग

स्थानीय तहले यथासम्भव आफ्ना सेवा तथा कामकारबाही आधुनिक सूचना प्रविधिअनुसार सञ्चालन गरेर जनतालाई प्रविधिसँग भिज्ने वातावरण बनाउनुपर्छ । यो पारदर्शिता, सुशासन र लागत प्रभावकारिताको हिसाबले पनि अनिवार्य भइसकेको छ । सूचनाप्रविधिको विकास तथा उपयोगका लागि लगानी र विशेष आईटी क्षेत्रको स्थापना, कलेज तथा तालिम केन्द्रहरूको स्थापना इत्यादि गर्न सक्छ । यसरी विकसित प्रविधिको बजार विकासमा सहजीकरण गर्ने नीति स्थानीय तहको हुनुपर्छ ।

प्रतिभाको कदर

स्थानीय आर्थिक विकासमा सहयोग पुग्ने जुनसुकै क्षेत्रको अध्ययनअनुसन्धान, खोज, आविष्कार र विकासको काम कुनै गर्ने प्रतिभाको कदर गर्ने, आबश्यकता र उपयोगको आधारमा अनुदान तथा सहुलियत र सहयोग गर्ने, कार्य वातावरण मिलाइदिने जस्ता प्रोत्साहनको नीति स्थानीय तहले लिनु आवश्यक छ । यसबाट प्रतिभाशाली मानिसको सोचलाई नयाँ प्रविधिमा परिणत गरी समाज, स्थानीय तह तथा देशले ठूलो उपलब्धि पाउन सक्छ ।

ज्ञान व्यवस्थापन

अध्ययन, अनुसन्धान, अनुभव, अभ्यासबाट खारिएको मानवीय सीप हो ज्ञान, जसको माध्यमबाट हरेक क्षेत्रमा नयाँ काम गर्न सकिन्छ । आजको विश्वविकासको मूल आधार ज्ञान व्यवस्थापनमा टिकेको छ । कृषि, उद्योग, सूचना र सञ्चारले ज्ञान व्यवस्थापनकै आधारमा क्रमशः विकास गरेको हो भने अहिलेको नवप्रबर्तन (इन्नोभेसन) ज्ञानमै टिकेको छ । त्यसैले सङ्घ, प्रदेश तथा स्थानीय सबै तहमा ज्ञान व्यवस्थापन आजको प्रमुख आवश्यकता हो ।

थप रोजगारी सिर्जना

नेपाली श्रम बजारमा वार्षिक थपिइरहेका करिब ५ लाख श्रमयोग्य जनशक्तिलाई आन्तरिक तथा वैदेशिक रोजगारीमा व्यवस्थापन गर्नु अनिवार्य भइसकेको छ । शिक्षित बेरोजगारी र शिक्षित युवा पलायन समाजको सबैभन्दा ठूलो समस्या हो । बिदेसिएका अदक्ष श्रमिक ठगी, लैङ्गिक हिंसा र बिमा तथा औषधोपचार सुविधाविहीन रहँदै अति जोखिमपूर्ण, असुरक्षित र कम आम्दानी हुने काम गर्न बाध्य छन् ।

अतः उद्यमशीलताको विकास गरी स्वरोजगार र सीपयुक्त जनशक्ति विकासमार्फत बेरोजगारी समस्या सम्बोधन गर्न सकिन्छ । स्थानीय तहको बजेट छोटो समयमा प्रवाह हुने, विकास निर्माणको काममा तीव्रता आउने र विकास व्यवस्थापनमा चुस्तता हुने हुँदा भौतिक पूर्वाधार तथा संरचना निर्माण र उद्योगधन्दा स्थापना र सञ्चालन गर्न ठूलो जनशक्ति (दक्ष अदक्ष दुवै) आवश्यक हुन्छ । स्थानीय स्तरमा सञ्चालन हुने तथा वैदेशिक लगानीमा बन्ने ठूला आयोजना निर्माणमा स्थानीय तहले समन्वय गर्न सके स्थानीयस्तरमै प्राविधिक तथा सीपमूलक तालिम उपलब्ध गराएर स्वरोजगार तथा उद्यमशीलता सिर्जनाका नयाँ आधार खुल्नेछन् ।

वित्तीय पहुँचमा सुधार

पछिल्लो समय स्थानीय तहमा लघुवित्त, सहकारीलगायत अन्य बैङ्क तथा वित्तीय संस्थाको पहुँच बढ्न थालेको छ । सर्वसाधारणमा वित्तीय शिक्षाको पहुँच पुग्दा बचत, कर्जा तथा बिमाबारे जानकार हुँदै गएका छन् । हाल स्थानीयस्तरमा नै श्रम बजारको आवश्यकताअनुकूल आवश्यक सीप विकास तालिम कार्यक्रम पनि सञ्चालन हुँदै आएका छन् । यसका साथ बचत सङ्कलन तथा पुँजी प्रवाहले स्वरोजगारमा सघाउ पुऱ्याएको छ ।

सेवाको व्यवसायीकरण तथा स्तरीकरणः स्थानीय तहले सार्वजनिक स्थलमा नागरिकले पाउनुपर्ने न्यूनतम सेवाहरू जस्तै- फोहोरमैला व्यवस्थापन तथा सरसफाई, सार्वजनिक शौचालयको सुविधा, फोटोकपी तथा कम्प्युटर सेवा, अत्यावश्यक फारमको उपलब्धता, सडकबत्तीलगायतका सेवालाई स्तरीकरण गरी निजीक्षेत्रसंग सहकार्यमा व्यवस्थापन गर्ने नीति ल्याउन सक्छन् । त्यसबाट नागरिकले सुविधा र रोजगारीको अवसर समेत पाउने थिए ।

विकासको स्थानीयकरण

अबका स्थानीय सरकारहरू विगतका स्थानीय निकाय जस्तो माथिको आदेश तामेली गर्ने, सानातिना तथ्याङ्क राख्ने, प्रमाणपत्र वितरण गर्ने, मालपोत उठाउने, सरसफाइ गर्ने र साना भौतिक पूर्वाधार बनाउने अड्डाका रूपमा मात्र सीमित छैनन् । स्थानीय सरकारसँग आमजनताका अत्यावश्यक आधारभूत सेवा प्रवाह गर्ने, तिनका लागि आवश्यक नीति र कानुन बनाउने र विकास निर्माणको नेतृत्व गर्ने जिम्मेवारी छ । स्थानीय सरकारले आधारभूत तथा अनौपचारिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाइ, कृषि विकास, साना तथा घरेलु उद्योग, भूमि व्यवस्थापन, सामाजिक सुरक्षा आदि क्षेत्रमा कानुन बनाउन र तिनलाई कार्यान्वयन गर्न सक्छन् । स्थानीय सरकारले सङ्घको

> स्थानीय स्तरमा सञ्चालन हुने तथा वैदेशिक लगानीमा बन्ने ठूला आयोजना निर्माणमा स्थानीय तहले समन्वय गर्न सके स्थानीयस्तरमै स्वरोजगार तथा उद्यमशीलता सिर्जनाका नयाँ आधार खुल्नेछन् ।

कोषबाट निश्चित आधारमा समानीकरण, ससर्त तथा विशेष र समपुरक अनुदान पाउँछन् भने आन्तरिक राजस्वको दर तोक्ने, सङ्कलन गर्ने र त्यसको केही भाग आफ्नो हितमा खर्च गर्न पाउँछन् । शासकीय सुधार र हाल केन्द्र सरकारले गरिरहेका विकास निर्माणका अधिकांश काम स्थानीय सरकार र प्रदेश सरकारमा क्रमशः हस्तान्तरण हुँदै गएकाले विभिन्न तहका सरकारले आपसी सहकार्य र समन्वयका आधारमा स्थानीय जनताको माग र आवश्यकताका सेवा र पूर्वाधार विकासका कार्य सम्पादन हुनेछन् ।

विकाससम्बन्धी निर्णय प्रक्रियामा समुदायको संलग्नता र सहभागिताले सामाजिक-आर्थिक रूपान्तरणलाई सफल र फलदायी मात्र बनाउँदैन, त्यसमा स्थानीयता, स्वामित्व र सामूहिक हित तथा सामाजिक पुँजी निर्माण सम्भव हुन्छ । यसले लोकतान्त्रिक पद्धतिलाई समृद्ध बनाउन र स्थायित्व दिनसमेत सहयोग गर्छ ।

स्थानीय आर्थिक विकासका चुनौती

स्थानीय तहका नागरिकको आर्थिक समृद्धिसँग जोडिएका बृहत्तर एजेन्डाहरू हेर्दा मुलुकको आर्थिक सामाजिक विकासमा फड्को मार्नेमा आशावादी हुन सकिन्छ । स्थानीय तह स्रोतसाधन र आर्थिक सामर्थ्यका हिसाबले पहिलेभन्दा धेरै बलियो देखिनुका साथै यसमा नागरिकको पहुँचको मात्रा क्रमशः बढ्ने देखिन्छ । तर व्यक्तिको स्वतन्त्रता, मानव अधिकार र समावेशितासहितको विकासलाई सम्बोधन गर्ने वातावरण सिर्जनामा चुनौती देखिएका छन् । आर्थिक उपार्जनका साथै पढ्ने लेख्ने तथा बोल्ने स्वतन्त्रता, आफूले रोजेको मर्यादित काम गर्ने, राजनीतिक क्रियाकलापमा सक्रिय हुन सक्ने गरी स्वस्थ र शिक्षित रहनु जस्ता आधारभूत नागरिक अधिकारका विषय समृद्धिका लागि अत्यावश्यक छन् ।

स्थानीय निकायले कुल पुँजीगत खर्चको कम्तीमा ३५ प्रतिशत समावेशी क्षेत्रमा खर्च गर्नुपर्ने विगतको परिपाटीलाई हाल निर्वाचित स्थानीयतहले बिरलै अवलम्बन गरेका छन् । समावेशी नीतिले सम्बोधन गर्नुपर्ने समुदाय आफ्नो गुनासो बोकेर केन्द्र धाउन थालेका छन् । केही स्थानीय तहमा नेतृत्व, जनप्रतिनिधि, राष्ट्रसेवक र राजनीतिक दलमा दृढइच्छाशक्ति, प्रतिबद्धता, व्यावसायिक इमानदारी र कर्तव्यनिष्ठताको संपुष्टि हुन नसक्नु हाल चुनौतीका रूपमा सतहमा आएका छन् । त्यसमाथि कुसंस्कारका रूपमा विकास भएको आफ्ना (जायज वा नाजायज) मागप्रति असन्तुष्ट हुनेको सडक आन्दोलन र बन्दहडताल गर्ने प्रवृत्तिलाई स्वाभाविक र पाच्य रूपमा लिनाले स्थानीय आर्थिक विकासमा चुनौती थपिएका छन् । अर्कोतर्फ, शान्तिपूर्ण ढङ्गले राखिएका मागलाई गम्भीरतापूर्वक नलिने र माग पूरा गर्ने प्रतिबद्धता जाहेर गरेर पनि कार्यान्वयन वा सुनुवाइ नहुने हालसम्मको परिपाटीले त्यस्ता हिंसात्मक वा अराजक गतविधिलाई प्रोत्साहित गर्ने गरेको छ । यस्तो परिपाटीबाट लगानीको वातावरण बिग्रने आर्थिक समृद्धिको चाहनामा बाधा पुग्छ ।

उपसंहार

सङ्घीयता कार्यान्वयनसँगै राज्यको पुनर्संरचनापछिका ७ सय ६१ ओटा सरकारले नागरिकका माग र आवश्यकताअनुसारका सेवा प्रवाह र विकास व्यवस्थापन गर्न स्थानीय सरकारहरूले स्थानीय आर्थिक विकास र समृद्धिका लागि माथि सुझाइएका नीति तथा कार्यक्रम अवलम्बन गर्नु आवश्यक छ ।

उक्त कार्यक्रमगत सुधारलाई कार्यान्वयन गर्दा यसमा आउने चुनौतीलाई सङ्घीय, प्रदेशिक र स्थानीय तहमा समन्वय, साझेदारी र सहकार्य गरी क्रमशः समाधान गर्दै जान सके आन्तरिक उत्पादन तथा रोजगारीमा वृद्धि र उद्योगधन्दा स्थापना तथा सञ्चालन, सेवा प्रवाह, श्रमसम्बन्ध र कर व्यवस्थामा सुधार हुनेछ । त्यसबाट राष्ट्रिय पुँजी तथा वैदेशिक लगानी आकर्षित हुने र अन्ततोगत्वा देशलाई आत्मनिर्भर र सम्पन्न मुलुकको रूपमा स्थापित गर्न सकिनेछ ।

"गुणस्तरीय उत्पादन हाम्रो पहिचान, समृद्ध नेपाल हाम्रो अभियान"

देउराली-जनता फर्मास्युटिकल्स प्रा. लि.

बि.सं २०४७ साल देखी स्वास्थ्य सेवामा निरन्तर समर्पित !

" WHO-GMP तथा ISO 9001 र 14001 सर्टिफिकेटको
एकैचोटि मान्यता प्राप्त गर्ने नेपालकै पहिलो फर्मास्युटिकल्स कम्पनी

WHO-GMP | ISO 9001 REGISTERED DNV UKAS | ISO 14001 REGISTERED DNV MGMT SYS RvA C425

देउराली-जनता फर्मास्युटिकल्स प्रा. लि.

पोस्ट बक्स : ४२३९, ३५५ हात्तिसार रोड, कमलपोखरी, काठमाण्डौं, नेपाल
टेलिफोन नं : ४४३५१६९ ईमेल : djpl@wlink.com.np

निजीक्षेत्रसँगको साझेदारीमा समृद्धि

मुलुकमा आर्थिक समृद्धिको महाअभियान सुरु गर्नुपर्ने बेला भइसकेको अवस्थामा सरकारले नारासँगै यसको कार्यान्वयनका लागि ठोस कार्यक्रम ल्याउनु आवश्यक छ ।

भवानी राणा

निजीक्षेत्र मूलतः आधुनिक अर्थतन्त्रको अभिन्न अङ्ग हो । विकसित मुलुकहरूको अभ्यासले पनि निजीक्षेत्रलाई देशको आर्थिक प्रणालीको प्रमुख अंशका रूपमा स्थापित गरिसकेको छ । व्यक्तिगत वा कम्पनीका माध्यमबाट राष्ट्रिय अर्थतन्त्र निर्माणमा निजीक्षेत्रले आफ्नो हिस्सेदारी प्रस्तुत गरिरहेको हुन्छ । यससँगै बिर्सनै नहुने कुरा, निजीक्षेत्र मूलतः नाफा कमाउने उद्देश्यले नै काम गरिरहेको हुन्छ ।

निजीक्षेत्रको चरित्र र विशेषताका विषयमा प्रस्ट नभई यसको भूमिकामाथि टिप्पणी गर्नु र यससँग अपेक्षा गर्नु स्वाभाविक हुँदैन । निजीक्षेत्रलाई सरकारको विरोधी वा अन्धसमर्थकका रूपमा चित्रित गर्ने र यसलाई राजनीतिक दलको विकल्पका रूपमा समेत यदाकदा हेर्ने गरिएको छ, जुन अतिशयोक्तिपूर्ण चिन्तन हुन् । राज्यले निर्धारण गरेको सीमाभित्र रहेर खुला प्रतिस्पर्धाका आधारमा विभिन्न साधनस्रोत परिचालन गरी व्यापार व्यवसाय गर्दै आफ्नो क्षमता देखाउने निजीक्षेत्रले सरकारलाई कर बुझाउने र रोजगारी सिर्जना गर्ने जस्ता महत्त्वपूर्ण आर्थिक औजारमा प्रत्यक्ष संलग्नता जनाइरहेको हुन्छ ।

नेपालको सन्दर्भमा २० रूपैयाँ कपको चियादेखि करोडौंको गाडी बिक्री गर्नेसम्म तथा मुठाको १५ रूपैयाँ पर्ने सागदेखि अर्बौं लगानी हुने सिमेन्टसम्म उत्पादन गर्ने सबै निजीक्षेत्रका स्वरूप हुन् । राज्यको अर्थतन्त्रलाई चलायमान गराउन किसानदेखि उद्योगपतिसम्म सबैको आफ्नो स्थानबाट उत्तिकै योगदान रहेको तथ्य हामीले बिर्सनुहुँदैन ।

समृद्धि अभियान र निजीक्षेत्र

निजीक्षेत्र मात्र नभई सिङ्गो मुलुक पूर्वाधार विकास र आर्थिक समृद्धिको मृगतृष्णामा वर्षौंदेखि छटपटाइरहेको अवस्था थियो । यसैले लामो राजनीतिक सङ्क्रमणपछि गठन भएको वर्तमान सरकारप्रति निजीक्षेत्र प्रारम्भदेखि नै निकै आशावादी छ ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि बामे सर्दै गरेको निजीक्षेत्र विगतको सशस्त्र माओवादी द्वन्द्व र त्यसपछिको अस्थिर राजनीतिक अवस्थामा गतिशील बन्न सकेन । त्यस अवधिमा मुलुकको आर्थिक विकास तथा पूर्वाधार निर्माणको अवस्था पनि निराशाजनक नै रह्यो । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले अर्थतन्त्रमा केही चहलपहल दिइरहे पनि समग्रमा हाम्रो स्रोतसाधनको उपयोग तथा आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी र निर्यातमुखी बनाउने दिशामा हाम्रा पाइला अगाडि बढ्नै सकेनन् ।

यस्तै, पृष्ठभूमिमा नयाँ संविधान निर्माणसँगै भएको निर्वाचनमार्फत मुलुकले विगतको राजनीतिक सङ्क्रमणलाई सदाका लागि अन्त्य गर्ने जनमत पाएको छ । सरकारले नीति तथा कार्यक्रम र बजेटमार्फत ल्याएको 'सुखी नेपाली, समृद्ध नेपाल'को नारा आफैंमा आकर्षक मात्र नभई मुलुकको आवश्यकता पनि हो भन्ने निजीक्षेत्रको बुझाइ छ । मुलुकमा आर्थिक समृद्धिको महाअभियान सुरु गर्नुपर्ने बेला भइसकेको अवस्थामा सरकारले नारासँगै यसको कार्यान्वयनका लागि ठोस कार्यक्रम ल्याउनु आवश्यक छ । समृद्धि अभियानमा निजीक्षेत्र सरकारसँग हातेमालो गरेर अगाडि बढ्न चाहन्छ ।

समृद्ध नेपाल, सुखी नेपालीको नारालाई यथार्थमा रूपान्तरण गर्न सबै नेपालीलाई आफ्नो योग्यता र क्षमताअनुसार आर्थिक विकासमा सहभागी गराउनुपर्छ । स्थानीयस्तरमा उपलब्ध साधनस्रोतको उपयोगमार्फत स-साना घरेलु उद्योगदेखि अधिकतम रोजगारी सिर्जना गर्ने मध्यम र ठूला उद्योग स्थापनामा सरकारले सहजीकरण गर्नुपर्छ । कृषि क्षेत्रकै उदाहरण हेर्ने हो भने पनि स्थानीयस्तरमा अहिले जस्तो एउटै गाउँमा समेत एकै खाले कृषि उपज उत्पादन नगरी आफूखुसी सानो परिमाणमा उत्पादन गर्दा न ती वस्तुले बजार पाउन सकेका छन् न त ठूला उद्योगहरू कच्चा पदार्थ सङ्कलनका लागि त्यहाँसम्म पुग्न सक्छन् । कृषकहरू उत्पादनका लागि दत्तचित्त छन् र कृषि उद्यमीहरू पनि त्यसलाई खरिद गर्न तयार छन् । तर अहिलेसम्मको अनुभवमा कृषकले उत्पादनको मूल्य पाएका छैनन् र उद्यमीले पर्याप्त वस्तु नै पाएका छैनन् ।

यहाँनिर सरकारको भूमिका आवश्यक देखिन्छ । सरकारले नीतिगत रूपमा बाध्यकारी व्यवस्था गरेर होस् वा कृषकलाई उत्प्रेरित गरेर, एक गाउँ एक उत्पादन जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्न सक्यो भने पनि किसान र उद्यमीले पछाडि फर्केर हेर्नुपर्ने अवस्था आउने थिएन । कृषि बजार सञ्चालन, भण्डारणस्थलको व्यवस्था, बीउ मलगायतको सुलभ उपलब्धता, सिँचाइ र सडक जस्ता पूर्वाधारमा लगानीलगायतमा सरकारको भूमिका रहनुपर्छ ।

कृषिभित्र पनि अर्ग्यानिक खेती, जडिबुटी, माछापालन, पशुपालनलगायत क्षेत्रमा उत्पादन विविधीकरण गर्न सकिन्छ । यसबाहेक लघु तथा घरेलु उद्योग, स्थानीय पर्यटन प्रवर्द्धनका लागि साना होटल र होमस्टे सञ्चालन जस्ता क्षेत्रमा पनि निजीक्षेत्र र सरकारबीच हातेमालो गर्दै समृद्धिको महाअभियानमा योगदान पुऱ्याउन सकिन्छ ।

'नेपाल भ्रमण वर्ष २०२०' जस्ता कार्यक्रमको तयारीकै लागि पनि सरकारले निजी लगानी प्रवर्द्धनका लागि प्याकेज घोषणा गर्न सक्छ । काठमाडौं उपत्यकामा जग्गाको अत्यधिक मूल्यका कारण पाँचतारे होटल खोलेर लगानीको प्रतिफल प्राप्त गर्न असम्भव जस्तै भइसकेका बेला सरकारले उपयोगविहीन पुराना दरबारहरू हेरिटेज होटल सञ्चालनका लागि निजीक्षेत्रलाई उपलब्ध गराउन सक्छ ।

सरकार होस् वा निजीक्षेत्र दुवैले लगानी गर्ने भनेको उत्पादकत्वका आधारमै हो । त्यसैले उत्पादक, सङ्कलक, प्रशोधकदेखि 'भ्यालु एड' गर्नेसम्म चेन विकास गरेर वस्तुको मूल्यका आधारमा नाफाको समानुपातिक बाँडफाँट प्रणालीको विकास गर्नुपर्छ । नत्र अहिले तरकारीका क्षेत्रमा भएको जस्तो किसानले न्यून नाफामा काम गर्नुपर्ने, उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने तर नाफा जति बिचौलियाले खाने प्रणालीको पुनरावृत्ति हुन सक्छ ।

आर्थिक विकासको नेतृत्व

खुला बजार अर्थतन्त्र भएका संसारभरका मुलुकको अनुभव जस्तै हाम्रोमा पनि निजीक्षेत्र अर्थतन्त्रको अभिन्न अङ्ग भइसकेको छ । निजीक्षेत्रको सहभागिता र संलग्नताबिना आधुनिक र समुन्नत अर्थतन्त्रको परिकल्पना पनि सम्भव छैन । अझ पछिल्ला दिनमा आर्थिक विकासको नेतृत्व नै निजीक्षेत्रलाई सुम्पन थालिएको छ ।

लगानी गर्ने र त्यसलाई अन्तर्राष्ट्रिय जगतसम्म पुऱ्याउने निजीक्षेत्रले नै हो । कुनै पनि क्षेत्रमा एकल वा संयुक्त लगानीले सम्भव नभए निजीक्षेत्रले बाह्य लगानीकर्तासमेत भित्र्याएर उद्योग/व्यवसायलाई बृहत् बनाउन सक्छ । तर यो बाटोमा सरकारको नीतिगत सहयोग भने सधैं हुनैपर्छ । सरकारले मार्गनिर्देश गर्ने हो । साथै भोलि केही अप्ठ्यारो परेको अवस्थामा मेरो पछाडि सरकार छ भन्ने आभास मात्रै पनि निजीक्षेत्रलाई हुन सक्यो भने यस क्षेत्रले छोटो अवधिमा उल्लेख्य उपलब्धि हासिल गर्न सक्छ ।

संसारकै ठूलो प्रजातान्त्रिक मुलुक भारत र संसारकै ठूलो कम्युनिस्ट राष्ट्र चीन दुवै संयोगवश हाम्रा छिमेकी छन् । संविधानमा समाजवादउन्मुख र व्यवहारमा उदारवादी अर्थनीतिको अभ्यास गरिरहेको मुलुक भएकाले दुवै मुलुकको अनुभव हाम्रा लागि श्रेयष्कर हुन सक्छन् । भारत र चीन दुवैले निजीक्षेत्रलाई अधिकतम विश्वास गरेका छन्, जुन नेपालले दुवै मुलुकबाट सिक्नुपर्ने कुरा हो । चीनले आफ्नो देशका कम्पनीलाई अन्य मुलुकमा लगानीका लागि प्रोत्साहित गरेको छ । भारतले पनि अन्य मुलुकमा रहेका आफ्ना उद्यमशील नागरिकलाई स्वदेश फर्काउन कुनै कसर बाँकी राखेको छैन । देशको आवश्यकताअनुसार दुवै मुलुकको नीति फरक जस्तो देखिए पनि मूलतः दुवैले निजीक्षेत्रप्रति अधिकतम विश्वास गरेको उदाहरण हो यो ।

नेपालमा निजीक्षेत्र भन्नेबित्तिकै शङ्काका दृष्टिले हेर्ने रोग राजनीतिक नेतृत्व र कर्मचारी प्रशासनमा मात्र नभई आम नागरिकसम्म छ । निश्चय पनि निजीक्षेत्र कमजोरीरहित छैन । तर आर्थिक विकासका लागि निजीक्षेत्रलाई हात बाँधेर पोखरीमा पौडन पठाउने नभई

> सरकार होस् वा निजीक्षेत्र दुवैले लगानी गर्ने भनेको उत्पादकत्वका आधारमै हो । त्यसैले उत्पादक, सङ्कलक, प्रशोधकदेखि 'भ्यालु एड' गर्नेसम्म चेन विकास गरेर वस्तुको मूल्यका आधारमा नाफाको समानुपातिक बाँडफाँट प्रणालीको विकास गर्नुपर्छ ।

शङ्काको सुविधा दिएर खुला मैदानमा छाडिदिनुपर्छ । निजीक्षेत्रप्रति सरकारले विश्वास गऱ्यो भने र निजीक्षेत्रले यसलाई प्रमाणित गर्न सक्यो भने मात्रै सर्वसाधारणमा पनि यसप्रति सकारात्मक धारणा विकास हुन सक्छ । निजीक्षेत्र नाफामुखी र करछली गर्ने समूह नभएर रोजगारी सिर्जना गर्ने, राज्य सञ्चालनका लागि स्रोत अर्थात् कर बुझाउने तथा समग्रमा देशको आर्थिक विकासको संवाहक हो भन्ने मान्यता हामी स्थापित गराउन चाहन्छौं ।

चुनौती तथ्याङ्क सङ्कलन र जनशक्ति व्यवस्थापनको

नेपालमा जनगणनाबाहेक 'मास बेस्ड' तथ्याङ्क सङ्कलन हुने गरेको छैन । निर्वाचनका लागि मतदाता नामावली सङ्कलनमा हामी जति खर्च र मिहिनेत गर्दछौं, त्यसको तुलनामा देशका विभिन्न आर्थिक साधनस्रोतको सम्भाव्यता, आवश्यकता, नागरिकको सीप/दक्षता तथा योग्यतालगायत विषयमा कुनै तथ्याङ्क नै राख्न सकेका छैनौं । जनगणनाले पनि उमेर समूहबाहेक आर्थिक विकासका लागि काम लाग्ने अन्य कुनै तथ्याङ्कीय विवरण दिन सकेको छैन । तथ्याङ्क व्यवस्थापनमा हामी कति कमजोर छौं भन्ने कुराको एउटा उदाहरण– नेपालको जनसङ्ख्या सम्भवतः ३ करोड पुग्न लाग्दा पनि कति युवा नेपालमै छन् र कति अध्ययन तथा रोजगारीका लागि बाहिरिएका छन्, कति फर्किए र कति उतै छन् भन्ने एकीकृत तथ्याङ्क मुलुकका कुनै पनि निकायसँग छैन ।

राज्यको जुनसुकै नीति निर्माण गर्दा मूलतः तथ्याङ्क विश्लेषण गरी आवश्यकताका आधारमा गर्नुपर्ने भए पनि सरकार सधैं यसमा चुकेको छ । केन्द्रीय तथ्याङ्क विभागले यसै वर्षदेखि आर्थिक गणना गरेर व्यवसायसम्बन्धी प्रारम्भिक तहको विवरण राख्न सुरू गरेको भए पनि यो पर्याप्त छैन । व्यवसायको मात्र गणना गरेर पुग्दैन । बजार अर्थात् मुलुकभित्रका आम नागरिकको पनि विस्तृत विवरण सङ्कलन गरेर त्यसको 'डिजिटाइजेसन' गर्न सकियो भने मात्र हामीले आर्थिक विकासका लागि नेपाल सुहाउँदो मोडल विकास गर्न सक्छौं ।

नेपाल उद्योग वाणिज्य महासङ्घको नेतृत्वमा पुग्नुअघि मैले मुलुकभित्रको जनशक्ति व्यवस्थापनका लागि सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता पनि व्यक्त गरेकी थिएँ । खासगरी वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक कुनै सीपबिना जाँदा न्यून आय हुने भएकालेत्यसले अर्थतन्त्रमा रेमिट्यान्सको योगदान कम रहन्छ । यसैले ठूलो सङ्ख्यामा श्रमशक्ति त्यसै खेर गइरहेको अवस्थामा उनीहरूका लागि प्राविधिक सीप उपलब्ध गराउनुपर्ने मेरो हिजोदेखिकै मान्यता हो ।

खासगरी व्यावसायिक शिक्षाका लागि राज्य र निजीक्षेत्रको सहकार्यमा सबै प्रदेशमा तालिम केन्द्रहरू खोल्न जरूरी छ । त्यसबाट उत्पादित श्रमशक्ति पहिले स्वदेशी उद्योग व्यवसायमै उपयोग गरी बाँकी रहेको मात्र वैदेशिक रोजगारीमा पठाउनुपर्छ । छिमेकी मुलुकहरूमै पनि मानव संशाधन मन्त्रालयको राम्रो अभ्यास भएको अवस्थामा हामीले परम्परागत श्रम मन्त्रालयलाई मानव संशाधन मन्त्रालयका रूपमा विकास गरी प्रत्येक नेपाली युवालाई दक्ष जनशक्तिका रूपमा स्थापित गराउन सक्छौं ।

निजीक्षेत्रले प्राविधिक शिक्षा प्राप्त गरेका युवालाई इन्टर्नसिपमा लिएरै भए पनि सरकारको अभियानमा साथ दिन सक्छ । यस्तै विदेशबाट फर्केका युवालाई स्वरोजगार मूलक अभियानमा लगाउन पनि सरकार र निजीक्षेत्रले हातेमालो गरेर 'इन्कुबेसन सेन्टर' स्थापना गर्न सक्छ । यी त केही उदाहरण मात्रै हुन्, सरकार र निजीक्षेत्रबीच सहकार्य र एकअर्काप्रति विश्वास एवम् भरोसा हुने हो भने नेपालले चाँडै नै समृद्धिको सपना पूरा गर्न सक्छ । यसैले समृद्धि अभियान सफल पार्न सरकार र निजीक्षेत्र सँगसँगै अघि बढ्नुपर्छ ।

> राज्यको जुनसुकै नीति निर्माण गर्दा मूलतः तथ्याङ्क विश्लेषण गरी आवश्यकताका आधारमा गर्नुपर्ने भए पनि सरकार सधैं यसमा चुकेको छ । बजार अर्थात् मुलुकभित्रका आम नागरिकको पनि विस्तृत विवरण सङ्कलन गरेर त्यसको 'डिजिटाइजेसन' गर्न सकियो भने मात्र हामीले आर्थिक विकासका लागि नेपाल सुहाउँदो मोडल विकास गर्न सक्छौं ।

prabhu Credit Card

Instapay Scheme

Buy Now
Pay Later

Zero % Interest Rate

Features:

- Purchase transaction should be of Rs 10,000 or above
- 6, 12 or 18 month's installment available
- Hassle free documentations

prabhu Bank

पहिला जलाधार संरक्षण

जलाधार विज्ञानलाई ध्यान नदिएर पहिरो टाल्ने र गल्छी थुन्ने काम अहिलेसम्म हुँदै आएको छ । जब कि यसका लागि हामीले पूर्वतयारी र संरक्षणका हिसाबले काम गर्नुपर्छ ।

मधुकर उपाध्या

भू संरक्षण तथा जलाधार सेवाको क्षेत्र होइन । जलाधार भनेको पानीको खेल्ने मैदान हो । आकाशबाट परेको पानी, हामीलाई प्रकृतिले लामो समयसम्म उपलब्ध गराउँछ । हामीले त्यही पानी उपयोग गरिरहेका छौं । आकाशबाट परेको पानीलाई खटन गर्ने काम भने जलाधारले गराउँछ । वर्षाको पानी सञ्चित गर्ने, बाढीका रूपमा कम पठाउने र त्यसलाई हिउँदभरि पुऱ्याउने काम जलाधारले गर्दछ । साथै जनजीविका, पर्यावरण, बोटविरूवालगायत सबैलाई पानी प्रदान गर्ने काम जलाधारले गर्दछ । उदाहरणका लागि साउनमा परेको पानी हामीले अर्को बर्खा नलाग्दासम्म पनि पाइरहेका हुन्छौं । यो जलाधारले गर्दा सम्भव भएको हो ।

जलाधार भनेको प्राकृतिक विषय हो । जलाधारले आफ्नै तरिकाले काम गर्दा मात्र मानव समृद्धिमा मद्दत गर्न सक्छ । खेती, सरसफाइ र निर्माणका कामसँग पानी जोडिएको छ । समृद्धिको केन्द्र भागमा पानी पर्दछ । पानी भयो भने खेतीपाती हुन्छ । खेतीपाती भयो भने आम्दानी हुन्छ । आम्दानी भयो भने मानिसको जीवनस्तरमा सुधार हुन्छ । दैनिकी, जनजीवन, रोजीरोटी र सभ्यताको बीचमा पानी छ । पानीबिनाको जीवन हामी कल्पनासम्म गर्न सक्दैनौं ।

नासिँदै जलाधार

समृद्धिका लागि गरिने पूर्वाधार निर्माण आदि कामले हाम्रा जलाधार नासिँदै गएका छन् । यो विषयमा ध्यान पुऱ्याउन जरूरी छ । एउटा विकासको कामबाट अर्को विनाश निम्त्याउने काम गऱ्यौं भने देश कहिल्यै उँभो लाग्न सक्दैन । अहिलेसम्म यो पाटोमा ध्यान दिइएको पाइँदैन ।

हामीले गर्ने हरेक निर्माणका कामले प्रकृतिमा बग्ने पानीलाई फरक गराइदिन्छ । यद्यपि हाम्रो हकमा हाम्रा विकास निर्माणका कामले बर्खामा बग्ने पानीको मार्ग, बाटोको चरित्रलाई के असर गर्छ भनेर हेर्न सकिएको छैन । त्यसमा ध्यान पुऱ्याउन सकेको भए क्षति कम हुन्थ्यो । हामीले आफ्नो स्वार्थ हेऱ्यौं, जलाधार र पानीको प्राकृतिक बहावको ख्याल गरेनौं ।

उदाहरणका लागि एउटा घर बनाउँदा त्यसले १ हजार वर्गमिटर ओगटेको हुन्छ । यो भनेको १ हजार वर्गमिटरको पानी जमिनमा जान नपाएर सीधै भल भएर बगेर जान्छ भनेको हो । त्यो भलमा जाने पानीलाई रोकेर जमिनमुनि पठाउने व्यवस्था गर्नुपर्छ । त्यो गर्न सक्यौं भने मात्र हामीले प्राकृतिक रूपमा हामीले पाइरहेको पानीको स्रोतलाई जोगाउन सक्छौं । अहिले पूर्वाधार निर्माणका काम गर्दा जलाधार क्षेत्रलाई ध्यान दिइएको छैन ।

यस पटकको बर्खामा जाजरकोटमा पहिरोमा पुरिएर बालबालिकाको मृत्यु भयो । त्यहाँ बाटोमाथिबाट आएको लेदो माटोले घर बगाएको हो । अर्थात् सडक निर्माणका क्रममा गरिएको लापरबाहीका कारण अनाहकमा ती बालबालिका मारिए ।

बाटो खन्ने क्रममा खोल्सीमा भएको ससाना भललाई एकत्रित गरेका कारण त्यस्तो भएको हो । आकाशबाट परेको पानी ससाना खोल्सी भएर आफ्नै किसिमले बहन्छ । जब हामी त्यसलाई बिथोलेर एकत्रित गराउँछौं, त्यहाँ भल बन्छ र त्यसले क्षति गर्छ । जाजरकोटमा

भएको त्यही हो ।

बर्खामा जति पनि पहिरो र त्यसले गरेका क्षतिका समाचार आउँछन्, प्रायः ठाउँमा पूर्वाधार निर्माणका क्रममा खोल्सीको पानीलाई एकत्रित गर्दा निम्तिएको क्षति हो । हाम्रा जलाधार मासिनुका तीन कारण छन् । हामीले भूउपयोगलाई क्षतविक्षत गऱ्यौं । जस्तो कि, जङ्गल भएको ठाउँ, खेतीपाती हुने ठाउँलाई अन्य प्रयोजनमा प्रयोग गरियो र त्यसबाट प्राकृतिक रूपमा पानी हिँड्ने बाटोलाई मासियो । त्यसैगरी सिँचाइ कुलो, खानेपानीका मुहान ध्वस्त बनाइनु र अग्ला ठाउँलाई खारेर बस्ती बसाइनु जलाधार मासिनुका मुख्य कारण हुन् । यस्ता कुराले बर्खामा बग्ने पानीको चरित्रमा फरक आँउछ ।

सरकारले ४० वर्षदेखि जलाधारको कुरा गर्दै आएको छ । तर सङ्कीर्ण सोचका कारण सीमित क्षेत्रमा काम मात्र गरियो । त्यसलाई बृहत् रूपमा अघि बढाइएन । जलाधारलाई केवल गल्छी सुधार र पहिरो नियन्त्रणका रूपमा बुझियो । अनि त्यसलाई आयोजनाका रूपमा चलाइयो । आयोजनाले त एउटा सानो सीमित क्षेत्रलाई मात्र समेट्छ । त्यसपछि विषय देखाइयो, बजेटमा पारियो । विषयगत रूपमा छुट्याइने बजेट र त्यसबाट पाइने उपलब्धि भनेको त उदाहरण मात्र हो ।

जलाधार विज्ञानलाई ध्यान नदिएर पहिरो टाल्ने र गल्छी थुन्ने काम अहिलेसम्म हुँदै आएको छ । यस्तो तरिकाले यो काम कहिल्यै सकिँदैन । हामीले पूर्वतयारी र संरक्षणका हिसाबले काम गर्नुपर्छ । तर भत्केको ठाउँमा भ्वाङ टाल्नेबाहेक अरु केही पनि गरिएन ।

पानी सानो भएर कञ्चन हुँदासम्म त्यसले क्षति कम गर्दछ । एक ठाउँमा माटो थुप्रिन थाल्यो भने पानीमा माटोको बाक्लोपन बढ्छ र क्षति गर्ने शक्तिमा चार गुणाले वृद्धि हुन्छ । जति हिलो थुप्रिँदै गयो, त्यसले गर्ने क्षति त्यति बढ्दै जान्छ । भल बन्नुअघि पानीलाई आफ्नो बाटोमा जान दिनुपर्छ । यसो गर्दा क्षति कम हुन्छ । गर्नुपर्ने काम यो थियो । तर यसमा ध्यान नै छैन ।

स्थानीय सरकार र जलाधार

अहिले स्थानीय सरकारले सडक निर्माणमा बढी जोडबल दिएका छन् । यसले झन् जोखिम बढ्ने खतरा छ । विगतमा गाउँविकास समिति र जिल्ला विकास समिति हुँदादेखि नै हामीले यस विषयमा कुरा उठाउँदै आएका हौं । विगतमा जिल्ला विकास समितिले आफ्नो बजेटको ५ प्रतिशत रकम वातावरणको क्षेत्रमा खर्च गर्नुपर्ने व्यवस्था थियो । जलाधारको अवधारणा विगतमा पनि तल्लो तहमा गएको थियो ।

तर त्यसको कार्यान्वयन पक्ष फितलो थियो । संरक्षण गर्नेभन्दा पनि पहिरो गयो भने टाल्ने भन्ने अवधारणा मात्र गयो । विगत ४० वर्षमा भ्वाङ टाल्ने मात्र काम भएका छन् ।

क्षति भइसकेपछि वृक्षरोपण गर्ने र बाँध बाध्ने कुरा त गर्नै हुन्न । यसले नेपालको अर्थतन्त्रलाई धरासयी बनाउँछ । यो अर्थतन्त्रले धान्न सक्ने विषय होइन । नेपालको पहिरो टालेर र गल्छीमा बाँध बाँधेर कहिल्यै पनि सकिँदैन । पहिरो टाल्ने र गल्छीमा ड्याम बनाउने काममा हामीले कमाउनेभन्दा धेरै खर्च हुन्छ । निर्माणको काम गर्नुभन्दा पहिल्यै क्षति कसरी कम हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्दछ । यो कुरा स्थानीय सरकारले बुझ्न जरूरी छ ।

प्रस्तुति : मुकेश पोखरेल

NEPAL TELECOM

1 HOUR

UNLIMITED PACK

VOICE

SMS

DATA

@ Rs. 18 Only

FOR SUBSCRIPTION *1415#

राष्ट्रको सञ्चार

Nepal Telecom

For more information please visit:
www.ntc.net.np

twitter.com/ndcl_nt

facebook.com/NepalTelecom.NT

instagram.com/nepaltelecomoffcial

Scan

समृद्धिका लागि तथ्याङ्क संस्कार

१९औं शताब्दी औद्योगिकीकरणमा व्यस्त भयो भने २०औं शताब्दी बजारीकरणमा । यो शताब्दी सूचनाप्रविधि र तथ्याङ्कको पनि हो । यदि अब तथ्याङ्कको अभ्यासमा जोड नदिने हो भने हामीले धेरै कुरा गुमाउनेछौं ।

मनीष झा

सरकारले भर्खरै मात्र नयाँ युगको सुरूवात भएको बिगुल फुक्दै गर्दा त्योभन्दा अगाडि नयाँ अभ्यासको सुरूवात भयो कि भएन भनेर हेर्नुपर्ने हुन्छ । नेपालको राजनीतिक, राज्य-व्यवस्था, आर्थिक, सञ्चार र सामाजिकता सबै क्षेत्रमा विगत तीन दशकदेखिको सङ्घर्ष नै परिवर्तनका लागि आवश्यक छ । हामी परिवर्तनका लागि आतुर छौं । तर प्रश्न आउँछ, के हामी जति आतुर छौं त्यति नै तयार पनि छौं ? यदि, हामी तयार छौं भने हामी नयाँ प्रक्रिया र नयाँ अभ्यास अपनाउन पनि तयार छौं भन्ने बुझिन्छ ।

यही क्रममा, हाम्रो आर्थिक क्षेत्रमा पनि एक नयाँ अभ्यास आवश्यक छ र त्यो हो, 'तथ्याङ्कको अभ्यास' । कुनै पनि निर्णय गर्न दुई कुरा आवश्यक हुन्छ- एक अख्तियारी र अर्को सूचना । हामी अख्तियारी त ओहोदाबाट पाउँछौं । तर सूचना पाउन वा खोज्न हामीलाई सही अभ्यास र स्रोतको आवश्यकता हुन्छ ।

म आबद्ध संस्था फ्याक्ट्स नेपालको एक अनुसन्धानमा के देखियो भने, नेपालमा मध्यमस्तरका प्रायः व्यवस्थापकहरूले निर्णय प्रक्रियाको क्रममा आवश्यक सूचना विभिन्न स्रोत- गुगल, पत्रपत्रिका, साथीभाइसँगको छलफल, अनुभवीको सुझाव वा औपचारिक शिक्षाको अनुभव आदिबाट लिने गरेको पाइयो । यी सबै स्रोतबाट सूचना लिने क्रममा तथ्याङ्कको अभ्यास भने निकै कमजोर देखियो ।

समृद्धिको आधार दक्ष जनशक्ति र पूर्वाधारबाट सुरू हुन्छ । तर हिजोआज समृद्धि मात्र नभएर यसको अगाडि 'दिगो' शब्द पनि थपिएको छ । संसारमा यति धेरै प्रतिस्पर्धा छ कि कोही कसैसँग पनि 'यु टर्न'का बारे सोच्ने चाहना र फुर्सद छैन । तर, अब बनाइने योजना वा समृद्धिको आधार दिगो छ वा छैन भन्ने कुरा बुझ्न सम्भाव्यता अध्ययन र पूर्ण कार्यनीति आवश्यक छ । यहींनिर हामीलाई आवश्यक पर्छ, तथ्याङ्कको संस्कार । १७औं शताब्दी मानवताको अस्तित्व खोज्नमा बित्यो भने १८औं शताब्दी अख्तियारी बटुल्नमा । १९औं शताब्दी औद्योगिकीकरणमा व्यस्त भयो भने २०औं शताब्दी बजारीकरणमा । यो शताब्दी सूचनाप्रविधि र तथ्याङ्कको पनि हो । यदि अब तथ्याङ्कको अभ्यासमा जोड नदिने हो भने हामीले धेरै कुरा गुमाउनेछौं ।

परिचयका लागि तथ्याङ्क

म एउटा तर्कमा सधैं रूमल्लिने गर्छु, हाम्रो कमजोर देश हो कि कमजोर तवरले व्यवस्थित देश ? वा भनौं कमजोर मानसिकता भएको नागरिकहरूको देश ? हामीलाई बच्चैदेखि नै नेपाल दुई ढुङ्गाबीचको तरूल हो, नेपाल एक गरिब देश हो भनेर पढाइयो । त्यो पढाउनमा वा त्यो सिकाएर हाम्रो मानसिकता कमजोर बनाउनमा कसको के स्वार्थ थियो, थाहा छैन । तर त्यो पाठको मूल्य यो देशले धेरै दिनसम्म तिरिरहेको छ । हामीलाई सधैं भारत र चीनसँग तुलना गरेर कमजोर मानसिकतासहित हुर्काउने क्रममा देशबारे रहेका तथ्यहरू जसले हामीलाई आत्मबल दिन्छ, त्यो सिकाइएन ।

हामीलाई आफ्नै देश चिन्ने र देशबारे सबै तथ्य बुझ्न सघाउने शिक्षा नहुनु कतै कसैको स्वार्थ त लुकेको छैन ? तर यदि हामीले हाम्रो देशको भौगोलिकता, क्षेत्रफल, सम्भावना र संस्कृति बुझ्ने हो भने अझै दक्ष हुन सक्थ्यौं । हामीले देश नचिनेको मूल्य निकै महँगो हुने गर्छ । एउटा उदाहरणः नेपाली राष्ट्रिय फुटबल टोली एसिया कप क्वालिफायर खेल्न कतार गयो, अपेक्षाभन्दा निकै कमजोर प्रदर्शन गरेर आयो । व्यवस्थापकको उत्तर आयो, वातावरण निकै गर्मी थियो, त्यसैले खेलाडीले खेल्नै सकेनन् । अब तपाईंले कतारमा

खेल्न जानका लागि ललितपुरमा अभ्यास गर्नु नै गलत निर्णय थियो, त्यो अभ्यास त धनगढी वा नेपालगन्जको गर्मी ठाउँमा गर्नुपर्थ्यो । काठमाडौं उपत्यकामा गर्मीमा औसत अधिकतम ३२ डिग्री हुन्छ भने धनगढीमा ४० हुन्छ । २०६४ सालमा त ४८ डिग्रीसम्म पुगेको रेकर्ड छ । तर यो निर्णय किन गरिएन भने हामीलाई हाम्रो देशको यथार्थ चिनाउने तवरले पढाएका छैनन् । हाम्रो देश अलैंचीका लागि विश्वमै पहिलो उत्पादक हो, अदुवाको दोस्रो । हजारौं खोलानाला, कोही नचढेकै हिमाल ११२ वटा छन्, हामी दक्षिण एसियाकै पुरानो देशका हौं । यो सबै सकारात्मकता हामीलाई सिकाइएन र त हामी विदेशी भूमिमा गएर देशको कुरा काट्नुलाई सफलताको प्रमुख सूचक मान्दछौं, किनकि हामीलाई आफ्नै परिचय पनि स्पष्ट रूपमा थाहा छैन ।

लगानी र बजारका लागि तथ्याङ्क

नेपाल लगानी बोर्डले उद्योग मन्त्रालयसँग मिलेर नेपालमा लगानी सम्मेलन आयोजना गर्ने तयारी गऱ्यो । त्यसका लागि आवश्यक जानकारीसहितको एक किताब बनाउने जिम्मा हामीले पायौं । लगानी गर्न सक्ने क्षेत्रहरूको अवस्था र लगानी गर्ने तरिकाबारे गाइडलाइनसहितको किताब तयार पाऱ्यौं । हामीले त्यो बेला महसुस गऱ्यौं कि हामी तथ्याङ्कमा कति कमजोर छौं । विदेशीलाई हाम्रो देशमा लगानी गर्न निम्तो दिंदै गर्दा हामी आफैं र राज्य संयन्त्र पनि कतिपय कुराहरूमा अस्पष्ट र दुई मत देखियो । निकै सङ्घर्षपश्चात् हामीले त्यो तयार गऱ्यौं । यदि हामी विदेशी लगानीका लागि साँच्चिकै इच्छुक र आतुर छौं भने हामीले त्यस किसिमको जानकारीसहितको सामग्री पर्याप्त तयार गर्नुपर्दछ । विदेशी लगानी भित्र्याउन चाहने कैयौं देश र तिनका सहरहरूले लगानीकर्ताको सहजतालाई ध्यानमा राखेर र उनीहरूलाई आकर्षित गर्न 'सिटी प्रोफाइल' बनाउने चलन छ, जसमा त्यहाँको इतिहासदेखि सम्भावनासँग सम्बन्धित सबै कुराहरू स्पष्ट रूपमा तथ्याङ्कमा प्रस्तुत गरिएको हुन्छ । हामीले विदेशी लगानीका लागि अर्थतन्त्रको ढोका खोल्दै गर्दा यस्तो प्रक्रियामा ध्यान दिन आवश्यक छ ।

लगानी आकर्षित गर्न एउटा अर्को महत्त्वपूर्ण कुरा हो, सूचनामा एकरूपता । विभिन्न स्थान र त्यहाँबाट विभिन्न तथ्याङ्क आउँदा लगानीकर्तामा अन्योल र अविश्वास जाग्न सक्छ । काठमाडौं उपत्यकाको जनसङ्ख्या कति भनेर सोध्ने हो भने समान तथ्याङ्क आउने सम्भावना कम छ । किनकि सबैले सबै किसिमको आकलन सुनाउने अभ्यास छ, हामीकहाँ । हाम्रो र राज्यले यस्तो सूचना कम्तीमा वार्षिक रूपमा प्रकाशन गरेर लगानी र बजारका लागि सघाउने अभ्यास छैन । मानौं, एक चकलेट व्यवसायीले उपत्यकाको बजारलाई लक्षित गरेर कुनै उत्पादन बजारमा ल्याउन खोज्यो भने कुन आधारमा कार्यनीति बनाउने भन्ने भरपर्दो आधार छैन । र, यदि त्यो उत्पादनले बजार बनाउन सक्दैन र असफल हुन्छ भने त्यो देशको अर्थतन्त्रको एउटा पक्षले गुमाउने अवसर पनि हो ।

> “
>
> विश्वमा चार अर्ब २१ करोड इन्टरनेट प्रयोगकर्ता छन्, जसमध्ये तीन अर्ब १९ करोड सामाजिक सञ्चार सञ्जालमा छन् । यो सङ्ख्या एक किसिमको अवसर हो ।

पत्रकारितामा तथ्याङ्क

सामाजिक सञ्चारको सञ्जाल विकाससँगै पत्रकारिताको परिभाषा पनि बदलिँदै गएको छ । पहिले पहिले सबै सूचना सञ्चारजगतले दिनुपर्थ्यो भने अहिले त्योभन्दा पहिले सामाजिक सञ्जालले दिने गर्छ र त्यसको पुष्टि र विश्लेषण गर्ने काम सञ्चारमाध्यमले गर्ने गर्छ । विश्वमा चार अर्ब २१ करोड इन्टरनेट प्रयोगकर्ता छन्, जसमध्ये तीन अर्ब १९ करोड सामाजिक सञ्चार सञ्जालमा छन् । यो सङ्ख्या एक किसिमको अवसर हो । बजारीकरण, मनोरञ्जन, मित्रता, सम्बन्ध, सामाजिकता र नयाँ संस्कारका लागि तर साथसाथै यसले नयाँ चुनौती जन्माएको छ र त्यो हो पुरानो तरिका परिवर्तन गर्ने । र, यसको प्रमुख चुनौती सञ्चारजगत्लाई परेको छ । कुनै विशेष परिस्थिति र विस्तृत जानकारी गराउनेबाहेकको सूचना र समाचार सामाजिक सञ्जालले सञ्चार गराइदिने भएपछि सामान्य कुराका लागि पब्लिक मिडिया कुर्ने अभ्यास पनि रहेन अब । तर, यो परिवर्तनसँगै पत्रकारितामा विश्लेषणको अभ्यास आवश्यक रहेको छ । खबर व्यक्तिगतस्तरमा हुन थालिसकेको छ र अब विश्लेषण सञ्चारमाध्यमले गर्नुपर्नेछ । र, तथ्याङ्क विनाको विश्लेषण कमजोर तर्क हुन जान्छ र त्यसका लागि अब पत्रकारितामा तथ्याङ्क अभ्यास आवश्यक छ ।

शिक्षामा तथ्याङ्क अभ्यास

एक जना गुरू भन्नुहुन्थ्यो कि, यदि कोही तीन भाषा बोल्छ भने त्रिभाषे हो, दुई भाषा बोल्छ भने द्वैभाषे र यदि एउटा मात्र भाषा बोल्छ भने अमेरिकी हो । अमेरिकीहरू एक भाषा मात्रै बोलेर पनि बलियै रहिरहन सक्छन् । किनकि उसको अर्थतन्त्र बलियो छ । संसार उनीहरूबाट सिक्न आतुर छ, उनीहरूले अरूबाट नसिके पनि केही फरक पर्दैन । तर हामी नेपाली र हाम्रो अवस्था निकै फरक छ । हामीले एक भाषा मात्र जानेर सहज नहुन सक्छ । त्यस्तै नयाँ कुरा नसिकेर पनि हुन्न, सिक्नु नै पर्छ । र, सिकाइको सुरूवात नै शिक्षाबाट हुन्छ । हाम्रो औपचारिक शिक्षामा तथ्याङ्क संस्कारको अभ्यास गर्नु निकै आवश्यक छ । लाखौं र हजारौं भनेर अन्दाजको भरमा बोलेर हचुवाको तालमा निर्णय गरेर अब हुन्न । अब हामीमा अलि फरक शैलीको आवश्यकता छ । तथ्य र तथ्याङ्कको संस्कारले नयाँ सोच र नयाँ अभ्यासको थालनी गर्नेछ र त्यो हामीमा आवश्यक छ ।

विकसित राष्ट्रको जनताको मानसिकता बलियो हुन्छ । किनकि उसले आफ्नो देश र सम्बन्धित सम्भावना राम्ररी बुझेको हुन्छ, आफू र देशको बारेमा तथ्यपरक रूपमा बोल्न सक्छ । तर हामीले आफ्नो र देशबारे तर्क राख्नु पर्दा तुलनात्मक रूपमा कमजोर हुन पुग्छौं । किनकि हामीले तार्किक बहस गर्न आवश्यक तथ्याङ्कको अभ्यास गरेका छैनौं । तर अब त्यो संस्कार आवश्यक छ । साथै, गलत वा अपर्याप्त सूचनामार्फत हामी गलत निर्णय गर्न सक्छौं । बरू तथ्याङ्कको अभ्यासले हामीलाई सही निर्णय गर्न सघाउँछ । आफ्नो परिचय, लागानी विकास र संस्कार सबै क्षेत्रमा हामीलाई तथ्याङ्कको अभ्यास अत्यावश्यक छ ।

HONDA 50 YEARS

सम्बन्ध नयाँ युगको

HONDA

the Future of motorcycling

X-BLADE 160cc

Introductory Price
Rs. 2,85,900

ALSO AVAILABLE IN EMI

Rs. 6,932/-
@ 9.99%

AGGRESSIVE-SCULPTED TANK DESIGN

Sharp design that sets you apart

STREET-TECH DIGITAL METER

With innovative displays like service due indicator and gear position indicator

LED HEAD LAMP & HAZARD SWITCH

Full LED Head Lamp with Flashing Indicator lights

LOW MAINTENANCE SEAL CHAIN

JYOTI

Syakar Trading Company Pvt. Ltd.

Jyoti Bhawan, Kantipath, Kathmandu
t. 4225490, 4253522
f. 4216769
www.honda.com.np

Enjoy THE QUALITY

Central Region: Putalisadak: 4428883 | Kantipath: 4258047,4255557,4267368 | Battisputali: 4497161 | Kupondole: 5526943 | Kumaripati: 5530323 | Teku: 4104509, 4104508, 4104517 | Gyaneshwor : 4433904 | Balaju: 4360680 | Kalanki: 4379429, 4277201 | Maharajgunj: 4721364, 4720326 Bhaktpur: 6611548 | New Baneshwor: 4785886 | Jorpati: 4916833 | Gwarko: 5555050 | Banepa: 660881 | Tinau: 560245 | Dhading: 520677 | Charikot: 421429 | Gaidhaghar: 6608682 | Sutungal:5108081 East Region: Ilam: 521355 | Birtamod: 540452 | Damak:585063 | Urlabari: 541542 | Biratchowk: 546455 | Itahari: 580548 | Khadbari: 9852058534 Inaruwa: 560621 | Biratnagar: 535168,531653 | Dharan: 520318 | Dhankuta: 9851046492 | Rajbiraj: 520344 | Gaighat: 421365 | Lahan: 562121 | Mirchaiya: 550337 | Janakpur: 520659, 9854025573 | Jaleshwor: 044-520517, 520528 | Bardibash: 550669 | Gaushala: 044-550101 | Sindhuli:520777 | Lubandi: 501621 | Chandranighapur: 540117 | Birgunj: 525350,534069 Jitpur: 412295 Kalaiya: 550254 | Hetauda: 526050, 520481 | Parsa: 582059 | Bharatpur: 521353 | Chanauli: 592245 | Narayanghat: 526562 | Mudi:620799 West Region: Bhairahawa: 520979, 520967 | Butwal: 540501/5667032/33,437158 | Kapilbastu: 550229 | Chandrauta: 540177 | Kawasoti:540521 | Parasi: 520969 | Bardaghat:560727 | Gulmi: 520809 | Palpa: 075-400440 | Gorkha: 420918 | Damauli: 562551 | Dulegauda: 575767 | Pokhara: 537222, 537299, 521922 | Waling: 440579 | Baglung: 521991 Dang: 561037 | Salyan: 088-400220 | Tulsipur: 520272 | Kohalpur: 541946 | Nepalgunj: 521829, 526375 | Surkhet: 521760 | Tikapur: 560248 Ianki: 540082 | Dhangadi: 416641, 417442 | Dadeldhura: 410363 | Mahendranagar: 525451

विज्ञापनदाता

समावेशिता, मानवअधिकार र विकास

विकास र मानवअधिकार एकअर्काका परिपूरक हुन् । मानवअधिकार सुनिश्चित गर्न देशको व्यापार व्यवसाय राम्रो हुनुपर्छ र व्यापार व्यवसायको प्रवर्द्धनका लागि मुलुकमा मानवअधिकारको उपयोग सही मानेमा भएको हुनुपर्छ ।

मोहना अन्सारी

लामो राजनीतिक सङ्क्रमणकाल अन्त्य गर्दै नेपाल अहिले मानवअधिकार, सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढेको छ । पहिलो पटक जनता आफैंले लेखेको संविधान जारी भएपछि त्यसको कार्यान्वयनका लागि बनेका तीन ओटा सरकारका साथै समग्र राजनीतिमा महिलाको बाक्लो उपस्थितिले देश विकास र समृद्धितर्फ पाइला टेक्दै छ भन्दा फरक पर्दैन ।

हामीले चाहेको विकास र समृद्धि हासिल गर्न विद्यमान नियम, कानुन, व्यवहार र आचारसंहिता सबैलाई व्यवस्थित गर्दै लानुपर्ने हुन्छ । साथै मुलकको समृद्धिका लागि मानवअधिकारको सुनिश्चितता र महिला सहभागितामा पनि विशेष ध्यान दिनु जरूरी छ ।

अहिले राजनीतिक रूपमा महिला सहभागिता राम्रो छ भन्दैमा अधिकार सुनिश्चित भयो भन्न मिल्दैन । किनकि नागरिक र राजनीतिक अधिकारको एउटा पाटो मात्रै अघि बढ्दैमा त्यसलाई पूर्ण विकासको आधार मान्न सकिँदैन । यससँगै, सामाजिक चेतनाको विकास पनि त्यही किसिमले हुनुपर्छ । विकास र मानवअधिकार एकअर्काका परिपूरक हुन् । मानवअधिकार सुनिश्चित गर्न देशको व्यापार व्यवसाय राम्रो हुनुपर्छ र व्यापार व्यवसायको प्रवर्द्धनका लागि मुलुकमा मानवअधिकारको उपयोग सही मानेमा भएको हुनुपर्छ ।

मानवअधिकारसँग जोडिएका विषय पूर्ण रूपमा अघि बढ्न सकेनन् भने त्यो विकास होइन । चाहे कानुनी होस् वा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार अथवा राजनीतिक अधिकारका कुरा हुन् ती सबै एकसाथ अघि बढ्नुपर्छ । विकास जति द्रुत गतिमा हुन्छ, मानवअधिकारको उपभोग पनि त्यही मात्रामा बढ्छ । सँगसँगै विकास र व्यवसाय गर्दा मानवअधिकारको मूल्य, मान्यता र मर्मलाई आत्मसात् गर्नुपर्छ ।

हामीले भर्खरै संविधान प्राप्त गरेका छौं । संविधान कार्यान्वयनका लागि त्यहीअनुसारका नीतिनियम र कानुन चाहिन्छ । तर नागरिकका हकअधिकार स्थापित गर्ने किसिमका नीति अहिलेसम्म आउन सकेका छैनन् । यस सम्बन्धमा अहिले एक किसिमको बहस भइरहेको छ । तर त्यो बहस केन्द्रमा मात्रै सीमित छ । त्यसलाई स्थानीय स्तरसम्म लैजानु आवश्यक छ । केन्द्रमा हुने बसहहरू स्थानीय तहमा बिरलै हुने गरेका पाइन्छन् । मानवअधिकारसँग सम्बन्धित विषयमा केन्द्रदेखि स्थानीयस्तरसम्म स्वस्थ बहस हुने अवस्था सिर्जना हुनुले सहर र गाउँको उन्नति प्रगति सँगसँगै भएको देख्न सकिन्छ ।

ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि न्यून हुने गर्दछन् । हाम्रा ६७ प्रतिशत जनता कृषिमा निर्भर छन् । तर देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान घट्दै गएको छ । त्यसलाई कसरी व्यवस्थित र विकसित गर्ने भन्नेमा हाम्रो ध्यान पुगेको छैन, जसले गर्दा आयात बढेर कहालीलाग्दो अवस्थामा पुगेको छ र परनिर्भरता बढेको बढ्यै छ ।

हिजो सानो जमिन कसैको छ भने त्यसमा अरू कसैले उब्जाउ गरेर खाने प्रचलन थियो । तर अहिले त्यस्तो जमिन बेचेर कसरी जीविका चलाउने भन्ने अवस्थामा समाज पुगेको छ । हिजोका खेतीयोग्य सहरका जमिनहरूमा आज बढ्दो सहरीकरणले बेचबिखन बढेको छ ।

विकासको मोडलमा दूरी

हाम्रो विकासको मोडलमा सरकार, जनता र लगानीकर्ताबीच 'ग्याप' (दूरी) देखिएको छ । व्यापार, विकास र मानवअधिकारको बहस गर्दा निजी क्षेत्र, सरकार र मानवअधिकारमा नागरिकको सहभागिता तीनै पक्ष प्रत्यक्ष जोडिन आउँछन् । तर अहिले हामीले अङ्गीकार गरेको विकासको मोडलमा व्यवहारतः सरकार र लगानीकर्ता मात्रै देखिन्छ, जनता यसमा समावेश छैनन् । जनतालाई सहभागी गराएर तीन ओटै पक्षसहितको अवधारणा अङ्गीकार गरेर विकास गर्न सकियो भने सायद जनताले अपनत्व महसुस गर्थे र मानवअधिकार पनि विकास सँगसँगै सुनिश्चित हुँदै जान्थ्यो । राज्यले लगानीकर्तालाई स्वागत गर्छ, लगानीकर्ताले स्थानीय आवश्यकताको वास्ता गर्दैन र सरकारले लगानीलाई मात्र ध्यान दिन्छ । यही सोच र अवस्थाले विकासलाई पछि पारेको छ । जनताको सहभागिता हरेक क्षेत्रमा गराउँदै गयौं भने मानवअधिकार र विकासको कुरालाई जोड्दै हामी अघि बढ्न सक्थ्यौं । अहिले हामीले व्यक्तिको दायित्व र कर्तव्य खोजिरहेका छौं । तर हरेक तह र तप्कामा जनताको सीधै पहुँच पुऱ्याउन सकिरहेका छैनौं ।

व्यापार, विकास र मानवअधिकारमा प्रमुख सरोकारवाला फरकफरक भए पनि यी तीन ओटै विषयमा सरकार, निजी क्षेत्र र नागरिकको भूमिका सँगसँगै रहन्छ । तीनखम्बे सरोकारवालाहरूको आआफ्नै प्रकारको सहभागिता, सहकार्य र समन्वयमा मात्र व्यापार र विकासको क्षेत्रमा मानवअधिकारको प्रत्याभूति हुन सक्छ । व्यापारको काम कुनै व्यक्ति वा व्यापारिक संस्थाले गर्दछन् । तर व्यापारिक कामका सरोकारवाला व्यापार गर्ने व्यक्ति वा संस्था मात्र नभएर उपभोक्ता, संस्थाका कर्मचारी, नियमन गर्ने सरकार र उक्त व्यवसायबाट प्रभावित स्थानीय पनि हुन् । यसैले यी सबै सरोकारवालामध्ये कुनै पक्ष मानवअधिकारको दाबीकर्ताका रूपमा त कोही अधिकार पूर्तिकर्ता वा संरक्षणकर्ताका रूपमा जोडिन्छन् ।

विकास मोडलमा अन्तर्राष्ट्रिय अभ्यास

संसारका विभिन्न मुलुकले विकास र समृद्धिका कुरालाई जोडतोडका साथ उठाउँदै गर्दा उनीहरूको पहिलो प्राथमिकतामा मानवअधिकारको विषय पर्दछ । अन्तर ाष्ट्रिय श्रम सङ्गठन (आईएलओ)मा आबद्ध मुलुकहरूले नै गर्ने व्यवहार र हामीले हेर्ने दृष्टिकोणमा पनि फरक छ । उनीहरू मजदुरका साथसाथ उद्योग, वातावरण, प्रविधि र बजार सुनिश्चितताको पनि कुरा गर्छन् । हाम्रो हकमा आईएलओको भूमिका राजनीतिक जनचेतनामा मात्रै सीमित देखिन्छ । आईएलओ महासन्धि सबै मुलुकका लागि समान हो । आईएलओको पक्ष राष्ट्रले कुनै लगानीकर्ताले लगानी गरेपछि त्यहाँ स्थानीयलाई निश्चित

प्रतिशत रोजगारीको प्रत्याभूत गर्नुपर्ने स्पष्ट व्यवस्था छ ।

हामीकहाँ पनि थुप्रै बहुराष्ट्रिय कम्पनी छन् । तिनले यति प्रतिशत स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रमिकलाई रोजगारको व्यवस्था गर्ने भनेका छन् । त्यो भनेको एउटा 'स्ट्यान्डर्ड' नै हो । त्यस्ता बाध्यकारी मापदण्डहरू स्थापित गरेर हाम्रा वस्तुलाई प्रतिस्पर्धी बनाउनै नै आजको आवश्यकता हो । हामीले हाम्रा जनता र मुलुकको समुन्नति खोजिरहँदा विकसित मुलुकहरूले अङ्गीकार गरेका व्यवस्थालाई पनि आत्मसात् गर्नैपर्ने हुन्छ ।

नबदलिएको आचरण

महिलाको सहभागिताबिना कुनै पनि देशको विकास सम्भव छैन । अवसर पाए महिलाहरू हरेक क्षेत्रमा सक्षम हुन सक्छन् भन्ने कुरा नेपालमा पनि पुष्टि भइसकेको छ । आयआर्जनलाई नै आधार मान्ने हो भने पनि करिब ३९ प्रतिशत महिला सेयर कारोबारमा संलग्न छन् । हामीकहाँ स्वव्यवसायलाई प्रोत्साहन गर्ने कुनै विधि छैन । राजनीतिक क्षेत्रमा महिलाको प्रगति हिजोभन्दा आज राम्रो छ, व्यावसायिक क्षेत्रमा पनि केही सुधार भएको छ ।

जुन स्तरमा वैदेशिक रोजगारी बढेको छ, ती घरको व्यवहार महिलाले नै चलाएका छन् । तर आफूसँग भएको पैसालाई सही रूपमा लगाउने भन्ने तालिम तथा ज्ञान महिलाले पाउन सकेका छैनन् । शिक्षाको पाटोमा खासै सुधार हुन सकेको छैन । अहिले सरकारले महिलाका लागि व्यवसाय प्रवर्द्धन गर्न निर्ब्याजी ऋणको व्यवस्था गरेको छ । महिलासँग इमानदारी र लचकता छ । महिलाले गरेका व्यापार व्यवसायमा छल्ने काम कम हुन्छन् । यी सबका बाबजुद सामाजिक संस्कारको सिकारमा महिला छन् ।

महिलाहरू सूचनाको पहुँचमा कमै छन् । महिलाले पाउने सेवासुविधाबारे उनीहरू स्वयम् जानकार छैनन् । द्वन्द्व प्रभावितहरूको 'ग्याप'को कुरा छ । समाजले महिलालाई हेर्ने दृष्टिकोणमा कुनै किसिमको परिवर्तन भएन र महिलाको कामको सम्मान कतै भएन । जहिले पनि महिलालाई यौनसँग मात्रै जोडेर हेरियो, जुन एकदमै दुःखद कुरा हो । अब हामीले खोज्ने भनेको कानुनी उपचार नै हो ।

सरकारले पनि विकास र मानवअधिकारलाई सँगसँगै लैजाने हो भने सूचनाको पहुँचका कुराहरूलाई अगाडि बढाउनुपर्छ र हरेक तहतप्कामा महिलालाई सहभागिता गराउनैपर्छ । विकसित मुलुकमा महिला सहभागिता उच्च देखिन्छ । विभिन्न मुलुकमा महिलाका उत्पादनलाई प्रवर्द्धन गर्न सिङ्गो सरकार लागिरहेको छ । हामीकहाँ त्यो अवस्था छैन ।

यसको परिवर्तनलाई संस्कार र धर्मसँग जोडेर हेर्ने गरिन्छ । हाम्रो संस्कार आधुनिकीकरण हुँदै गएको छ । तर धर्म परिवर्तन हुने कुरा हुँदैन । त्यसमा महिलाहरू आफैं सचेत हुनुपर्छ । जुन समाजमा महिलालाई वस्तुका रूपमा लिइन्छ, त्यो समाज कहिल्यै परिवर्तनको दिशामा अघि बढ्दैन । हामी अहिले एक्काइसौं शताब्दीमा छौं । नेपालले आफुलाई समग्र रूपमा विकसित राष्ट्रका रूपमा चिनाउनुपर्नेछ । सोहीअनुरूप हरेक क्षेत्रमा फड्को मार्ने गरी काम गर्न जरूरी छ ।

राष्ट्रियस्तरमा आशा जगाउने काम राजनीतिको हो । हाम्रो प्रशासनिक पाटो एकदमै कमजोर छ । प्रशासन सुधार गर्न सकिन्छ । राज्य र न्यायालय नै गलत गर्छ भने हामीले विधिको शासनको आभाष कसरी गर्ने, त्यसैले मानवअधिकारमुखी विकास पद्धतिमा विकासका सवालहरूको प्राथमिकीकरण गर्ने, विकासमा समुदायका व्यक्तिहरूको प्रभावकारी सहभागिता गराउने, कानुन र निर्देशिका निर्माणहरूमा सरोकारवालाहरूको रायसुझाव लिने, सरोकारवालाहरूलाई अधिकार र प्रतिफल पाएको अनुभूति गराउने इत्यादि काम गर्नुपर्दछ । यो काम निजीक्षेत्र, सचेत नागरिक, राज्य र राज्यका सबै निकायले आआफ्नो स्तरबाट हेर्न जरूरी छ ।

मौलिक पहिचानको जगेर्ना

नेपाल बहुभाषिक, बहुजातीय र धर्मनिरपेक्ष मुलुक हो । संविधानमा नै यसको स्पष्ट व्याख्या छ । हाम्रा धर्मका आआफ्नै मूल्यमान्यता छन् । हाम्रो संस्कार तथा संस्कृति फरक छ । उत्पादनको प्रयोग आफ्नै तरिकाले गर्ने प्रचलन छ । यसका बाबजुद हाम्रो मौलिकता लोप हुने अवस्थामा पुगेको छ । परम्परागत उत्पादन गरेर खाने शैली हटेको छ । समग्रमा हाम्रो सबै किसिमको विकास ओझेलमा परेको छ । जनताको उच्च सहभागितामा यति ठूलो राजनीतिक परिवर्तन भयो, भोको पेटमा आन्दोलन हुँदैन भनेर सिकायौं । तर पेट भर्नका लागि काम गर्न सिकाएनौं या सहभागिता गराएनौं । रोजगारीदेखि संरचनागत परिवर्तन आवश्यक थियो, जुन हुन सकेन, परनिर्भरता बढाउँदै गयो । समुन्नत विकासका लागि सांस्कृतिक सामाजिक, विकासको जगेर्ना गर्न र मौलिक हक स्थापित गराउन सकियो भने मात्रै पनि मानवअधिकारको केही हदसम्म उपयोग भएको देखिनेछ ।

प्रस्तुति : निरू अर्याल

> समुन्नत विकासका लागि सांस्कृतिक सामाजिक, विकासको जगेर्ना गर्न र मौलिक हक स्थापित गराउन सकियो भने मात्रै पनि मानवअधिकारको केही हदसम्म उपयोग भएको देखिनेछ ।

Hero

THE ALL-NEW

GLAMOUR 125

STAND OUT. STAY AHEAD.

MRP Rs. 201,500/-



JYOTI NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033 Ncell: 9801571023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp

आकर्षक ब्याजदरमा सरल Finance सुविधा

साथै, हरेक खरिदमा पाउनुहोस् थप ५ फाइदा

30% छुट इन्जिन आयलमा | ७% छुट स्पेयर पार्टसमा | फ्री हेल्मेट | ५ वर्षे वारेन्टी*

*शर्तहरु अनुसार

Kathmandu Valley Balaju 4361786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 4225377, 4266517 • Kumaripati 5008781 • Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812

Outside of Valley Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 526894 Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 Gaidakot 502399 • Gaighat 420032 • Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Gorkha 420560 • Guleria 420099 • Hetauda 525386 • Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 520984 • Nepalgunj 551598 • Parsa 582862 • Parsa 561825 • Pokhara 539389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 Surunga 551010 • Tikapur 560426 • Tulsipur 520808 • Urlabari 540074 • Waling 440610

समाजवाद उन्मुख विकासको कार्यदिशा

डा. युवराज खतिवडा

राजनीतिक रूपान्तरणपछि नेपालले तीव्र आर्थिक विकासको चरणमा प्रवेशको बाटो खोजेको छ । तर समग्र मानव विकास नै हाम्रो मूल लक्ष्य हो । त्यसलाई व्याख्या गरिरहँदा न्यूनतम आवश्यकता परिपूर्ति गर्न पुग्ने आम्दानी मानिसहरूसँग हुनुपर्छ । आवश्यक क्यालोरी (खाद्य एवम् पेय पदार्थ), आवास, विद्युत् र स्वच्छ खानेपानी न्यूनतम विषय हुन् । मान्छेको स्वास्थ्य, दीर्घायु र गुणस्तरीय जीवनका लागि आवश्यक शिक्षा हुनुपर्छ ।

सीपयुक्त उत्पादक नागरिक बनाउने लक्ष्य हाम्रो हो । व्यक्तिमा उत्पादक शक्ति रहुन्जेल उत्पादनका साधनमा पहुँच हुनुपर्छ । त्यसबाटै उसको गुजारा चल्ने अवस्था बन्नुपर्छ । उत्पादन प्रक्रियामा सहभागी हुन नसक्ने भएपछि उसलाई राज्यले हेर्नुपर्छ । अर्थात्, मान्छेले जीवनभर भौतिक र मानवीय सुख पाइरहोस् भन्ने हाम्रो ध्येय हो ।

जोगी भएर खुसी हुने वा अथाह सम्पत्तिबाट मात्रै सुखी हुने 'ढोंगी' कुरा हामीले खोजेका होइनौं । मान्छे गरिबिमा बस्नु भनेको अमानवीय, असामाजिक र लोकतन्त्रको उपहास हो । प्रजातन्त्रमा भोकमरी हुँदैन, कोही भोकै मर्दैन । हामीले नयाँ संविधानपछि लोकतन्त्र ल्यायौं । यसको अर्थ जनतालाई भोकै बस्न नदिने दायित्व राज्यको हो । पौष्टिक र सन्तुलित भोजनसहित भोकबाट मुक्ति अल्पकालीन चुनौती हो । खाद्य सुरक्षालाई यसैसँग जोडेर हेर्न सकिन्छ । भोकको अन्त्य भनेको खाद्य सुरक्षाको विषय हो । यो गुणस्तर, वितरण, उपभोग शैलीको कुरा मात्रै होइन, उत्पादनको विषय पनि हो । यसका लागि आपूर्ति पहिलो सर्त हो । व्यवस्थित आपूर्ति नभए उत्पादन मात्रै भएर पनि हुँदैन । यसैले कृषिजन्य वस्तुमा अल्पकालदेखि मध्यकालसम्ममा हामी आत्मनिर्भर हुनुपर्छ भन्ने सोच हो ।

विकासको प्रस्थान बिन्दु

बदलिँदो परिस्थितिमा उत्पादनका साधनहरू सङ्कुचित हुँदै छन् । जलवायु परिवर्तनका कारण पानी कम हुँदै छ । रासायनिक मलले जमिनको उत्पादकत्व कमजोर बनाउँदै छ । अर्कोतर्फ श्रमशक्ति कृषिभन्दा बाहिर आउन चाहन्छ ।

यसैले उत्पादनका साधनको न्यूनतम प्रयोगबाट अधिकतम उत्पादन गर्नु नै अबको बाटो हो । दुईतिहाइ श्रमिक लागेर कुल गार्हस्थ्य उत्पादनको एकतिहाइ उत्पादन गर्ने अहिलेको अवस्थालाई अबको पाँच वर्षमा उल्ट्याउन सक्नुपर्छ । कम्तीमा कृषिमा आश्रित जनसङ्ख्या र कुल गार्हस्थ्य उत्पादनको अनुपात

समान (एक/एक तिहाइ) बनाउनुपर्छ । हामीले त्यसो गरेनौं र कृषि आम्दानी बढाउन सकेनौं भने कृषकको क्रयशक्ति बढ्दैन । कृषकको क्रयशक्ति नबढेसम्म उद्योग र सेवा क्षेत्रको माग बढ्दैन । अर्कोतर्फ, निर्यात नभएसम्म आन्तरिक माग बढ्दैन । हामी आर्थिक वृद्धिमा माथि जान सक्दैनौं ।

सबैलाई आधारभूत स्वास्थ्य सेवा दोस्रो सर्त हो । सुरूवातमा दिगो विकासका लक्ष्यमा स्वास्थ्यका विषय शिक्षाभन्दा पछि थिए, अहिले अघि सारिएका छन् । मानिस स्वस्थ नभई उत्पादक बन्न सक्दैन । स्वास्थ्य अत्यन्त खर्चिलो कुरा हो । साधनस्रोत जुटाउँदै आधारभूत तहको स्वास्थ्य सेवा निःशुल्क र त्योभन्दा माथि योगदानमा आधारित स्वास्थ्य बिमामार्फत सेवा दिँदै जाने विधि उपयुक्त हुन्छ । सबै नागरिक कुनै न कुनै रूपमा स्वास्थ्य सुरक्षाभित्र हुनुपर्छ । त्यसका लागि योगदानमा आधारित वा सम्पूर्ण कुरा सरकारले बेहोर्नेमध्ये कुनै एउटा बाटो हुन सक्छ । शिक्षा, स्वास्थ्य र आयआर्जनको अवसर भएपछि मानव विकासको सङ्कुचित परिभाषाको दायरामा पर्न सकिन्छ ।

मान्छेहरूले आधारभूत र माध्यमिक शिक्षा पाउनैपर्छ । यो कुरा संविधानमा पनि भनिएको छ । अहिले मोटामोटी विद्यालय भर्ना हुनेसम्मको प्रवृत्ति राम्रो छ । देशका कुल बालबालिकामध्ये ९८-९९ प्रतिशत भर्ना हुने अवस्थामा छ । यसलाई शतप्रतिशत पुऱ्याउनुपर्छ । विद्यालय लैजाने मात्रै होइन, टिकाउनु पनि पर्छ । यसैले 'विद्यालय पठाऊँ, टिकाऊँ र सिकाऊँ' अवधारणा अघि सारिएको छ ।

अहिले आधारभूत तहमा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षा भनिएको छ । अब बिस्तारै माध्यमिक तहसम्मको शिक्षा अनिवार्य गर्नेतर्फ जानुपर्छ । यो अवस्थाका लागि कुनै पनि हालतमा विद्यार्थीले विद्यालय छाड्नुहुँदैन । विद्यालय छाड्ने कारण पहिचान गरी तिनको निदान गर्नुपर्छ । विद्यार्थीको परिवारको आयमा सहयोग गर्ने, रोजगारीका अवसरमा सहभागी गराउने वा अन्य सुविधा दिनेतर्फ काम गर्नुपर्छ । यी सबै कुरा गर्न क्षमता बढाउनुपर्छ ।

आर्थिक वृद्धिले ल्याउने राजस्व वृद्धिबाट मात्रै समग्र क्षेत्रलाई टेवा पुग्छ । अर्कोतर्फ माध्यमिक तहबाट निस्केका विद्यार्थीमा कुनै न कुनै सीप हुनुपर्छ । हामीलाई अहिले आवश्यक कामको प्रकृति र सिर्जना हेर्दा सबै मान्छे उच्च शिक्षामा गएर नेपालको श्रम बजारमा टिक्ने अवस्था छैन । प्राथमिक, माध्यमिक

> बदलिँदो परिस्थितिमा उत्पादनका साधनहरु सङ्कुचित हुँदै छन् । यसैले उत्पादनका साधनको न्यूनतम प्रयोगबाट अधिकतम उत्पादन गर्नु नै अबको बाटो हो ।

र उच्च शिक्षा भएका मान्छे चाहिन्छ । यसैले बजेटमार्फत प्राविधिक शिक्षामा जोड दिने भनिएको हो । मध्यकालमा ४० प्रतिशत प्राविधिक र सीपयुक्त जनशक्ति बनाउने प्रयास गर्नुपर्नेछ । सीपयुक्त जनशक्तिलाई थोरै प्राविधिक र आर्थिक सहयोग भयो भने स्वरोजगार बन्छ । त्यसतर्फ ध्यान दिने बेला भइसकेको छ ।

संविधानमा आवासको हक भनिएको छ । बहुआयामिक गरिबिमा आवासलाई पनि समावेश गरिएको छ । आवासका लागि कानुन पनि बनेको छ । मर्यादित, धान्न सकिने र सुरक्षित आवास हुनुपर्छ । आवास नभएसम्म शिक्षा र स्वास्थ्यको अवसर कुण्ठित हुन्छ । त्यसका लागि राज्यले लगानी गर्नुपर्छ । तर यो निजी व्यवसाय र गार्हस्थ्यको विषय भएकाले यसमा साझेदारी हुन सक्छ । देशभरका ५६ लाख परिवारमध्ये एकचौथाइलाई आवास दिनुपऱ्यो भने १४ लाख परिवारलाई आवास दिनुपर्ने हुन्छ । तर जनता आवास कार्यक्रममार्फत १४ हजार घर बनाउन सकिएको छैन ।

धेरै हिसाबले गरिबीसँग जोडिएको विषय स्वच्छ खानेपानी हो । सबैलाई तीन वर्षभित्र आधारभूत खानेपानी र आधुनिक ऊर्जाको पहुँचमा पुऱ्याउने भनेका छौं । संविधानप्रदत्त मौलिक हकभित्र परेका विषय पूरा नगरी विकासमा अरू कुरा खोज्ने ठाउँ छैन ।

यसका अतिरिक्त सामाजिक सुरक्षाका विषयमा पनि जानुपर्छ । श्रम बजारमा जोडिन नसक्ने, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई राज्यले संरक्षण गर्नुपर्छ । सीमान्तकृत र लोपोन्मुख जातिलाई विकासको मूल प्रवाहमा ल्याउनुपर्छ, त्यसो गर्न नसकुन्जेल अल्पकालीन सुरक्षा दिनुपर्छ ।

कुनै पनि वर्ग वा जाति सीमान्तकृत रहनु राम्रो होइन । यसैले उनीहरूको मूल प्रवाहीकरण जरूरी छ । अपाङ्गता भएका व्यक्तिलाई अवस्थाअनुकूल श्रम बजारमा आबद्ध गराउनुपर्छ । उत्पादक नागरिक बनाउन नसकिनेहरूका लागि सामाजिक सुरक्षा लागू गर्नुपर्छ र त्यो धान्न सकिने पनि हुनुपर्छ । त्यसका लागि सम्पूर्ण सामाजिक सुरक्षाका प्रक्रियालाई सुदृढ, एकीकृत र पुनर्परिभाषित गर्नु आवश्यक छ । त्यति भएपछि लोककल्याणकारी राज्यको एउटा अवस्थामा नेपाल पुग्नेछ र संविधानले परिकल्पना गरेका कार्यहरू पनि हुनेछन् ।

समाजवादको यात्रा

अहिलेकै प्रणालीले साधनस्रोत उत्पादन गर्छ, आम्दानी गर्छ । त्यसलाई राज्यको शक्ति, वित्तीय उपकरण इत्पादिमार्फत बाँडफाँट गरेर हामी लोककल्याणकारी राज्यमा पुग्छौं । तर हाम्रो गन्तव्य समाजवाद हो ।

आयको पुनर्वितरणले समाजवादमा पुगिँदैन । उत्पादनका साधनमा सबैको पहुँच समाजवादमा पुग्ने बाटो हो । यसका लागि सामूहिक उत्पादन प्रणाली र उत्पादनबाट भएको आम्दानीमा समान बाँडफाँट हुनुपर्छ ।

त्यो बाटोमा जान हामी अहिले तीनचार ओटा माध्यम खोजिरहेका छौं । भूमि एउटा माध्यम हुनुका साथै उत्पादक शक्ति पनि हो । यद्यपि उत्पादक शक्तिका दृष्टिले भूमिको भूमिका घट्दै जाने अवस्था आइरहेको छ । थोरै जमिनमा धेरै उत्पादकत्व हुने र त्यो पुँजीप्रधान पनि हुँदा भूमि आफैंमा सबैथोक नभई त्यसमाथि प्रयोग गरिने प्रविधि निर्णायक हुन जान्छ । भूमिको महत्त्वलाई प्रविधिले गौण बनाउन सक्छ । यसका बाबजुद केही आधार भूत पक्षमा भूमि अपरिहार्य हुन्छ । आवासका लागि जमिन चाहिन्छ । राज्यले दिएका कतिपय सुविधालाई सुनिश्चित गर्न पनि भूमि

आवश्यक हुन्छ । तर वास्तवमै समृद्धिको बाटोमा अघि बढ्न भने प्रविधिमा सबैको पहुँच पुऱ्याउन र त्यसलाई सहयोग गर्ने पुँजी परिचालन गर्नुपर्छ, जसलाई बजार प्रक्रियाले वितरण गर्छ । राज्यले पुँजी र प्रविधि वितरण गर्दैन ।

राज्यको काम बजारको प्रक्रियालाई समन्यायिक बनाउने हो । समाजवादी बजार अर्थतन्त्र (सोसलिस्ट मार्केट इकोनोमी) त्यसमा आउँछ । समाजवादी बजार अर्थतन्त्रको खाकामा राज्यले निगरानी गरिरहेको हुन्छ । तर बजारको आधारभूत तत्वलाई आफैं चल्न दिन्छ । र बजार आधारभूत रूपमा चलेन भने राज्यले हस्तक्षेप गर्छ ।

यसबाट उत्पादनका साधन आफैं वितरण हुन पाउँछन् । वितरणमा आउने असमानता वा अन्यायमा राज्यको निगरानी रहन्छ । आर्थिक वृद्धिको प्रक्रियामा जति धेरै समानुपातिक वा समन्यायिक सहभागिता भयो र उत्पादित वस्तुको आम्दानीमा हिस्सा रह्यो, त्यसले स्वतः आयको असमानता हटाउँछ । र समान्यायिक समाजतर्फ लैजान्छ ।

समन्यायिक विकासको कुरा गर्दा समावेशीको विषय उठ्न सक्छ । 'समावेशी' साङ्केतिक कुरा हो । 'समन्यायिक' भनेको हिस्सेदारी नै समान हुने व्यवस्था हो । शिक्षित, स्वस्थ र साधनमाथि पहुँच हुने नागरिक समाज सिर्जना गरेपछि अवसरको बाँडफाँट जब समुचित हुन्छ, त्यसपछि आफैं वितरण प्रणाली बन्दै जान्छ ।

प्राविधिक उच्च शिक्षा, राम्रो स्वास्थ्य सेवा, प्रविधिमाथिको पहुँच र बजारकै प्रक्रियाबाट प्राप्त हुने पुँजीको अवसर सबैलाई भएन भने यसले असमानता ल्याउँछ । जब साधनस्रोतको पहुँचको अवसरमै असमानता हुन्छ, त्यसपछिको आर्थिक वृद्धि समानता उन्मुख हुनै सक्दैन । यसैले आर्थिक वृद्धि 'बिल्ट इन डिस्ट्रिब्युटिभ' हुनुपर्छ ।

त्यसो नगर्ने हो भने राज्यका अरू उपकरण समानता ल्याइहाल्नेतर्फ जान सक्दैनन् । त्यसको सीमा संविधानले कोरेको छ । संविधानले निजी सम्पत्तिको अधिकारलाई स्वीकार गरेको छ । असीमित पुँजी परिचालन गर्न पनि सुनिश्चित गरिदिएको छ । यस्तो अवस्थामा कुनै न कुनै प्रकारले अरूको पनि पहुँच बढाउने गरी बजार संयन्त्रबाट संविधानको मर्मअनुसार जाने हो भने पनि त्यसका लागि धेरै लामो समय लाग्छ । तर समाजवादको बाटोमा पुग्न सकिन्छ ।

यद्यपि उत्पादनका साधनको पुनर्वितरण त्यति सजिलो छैन । एउटा उदाहरण, २०२१ सालदेखि सुरू गरेको भूमिसुधार अझै पूर्ण कार्यान्वयन भएको छैन । त्यसैले समाजवादतर्फ लैजाने बाटोमा पनि अन्तरद्वन्द्व छ ।

एकथरीको भाषामा समाजवादको बाटो भनेको पुँजीवादको उच्चतम विकासपछिको गन्तव्य हो । औद्योगिक विकास, राजस्वको उच्च वृद्धि र विज्ञान प्रविधिमा अधिकतम फड्को मारिसकेपछि एउटा राज्यक्रान्तिबाट समाजवादमा ल्याउने भन्ने तर्क छ । तर त्यो गरिदिन्छ कसले ?

अहिले रोबोटले काम गर्ने बेला आइसक्यो । बैङ्क रोबोटले चलाउन थाल्यो । औद्योगिक श्रम सम्बन्धहरू पुनर्परिभाषित भइरहेका छन् । श्रमिकहरू कारखानाका मालिक हुने बेला आइसक्यो । कुनै कम्पनीले आफ्ना श्रमिकलाई पनि सेयर दिनुपर्छ र व्यवस्थापनको हिस्सा बनाउनुपर्छ भनेर हामीले भनेका छौं । अब हामीले समाजवादतर्फको बाटोमा जाँदा गर्ने श्रम बजारको परिभाषाभित्र मर्यादित र उत्पादकत्वअनुसारको ज्याला, श्रम शोषणको अन्त्य, जोखिमपूर्ण काममा श्रम तथा श्रमिकको व्यवस्थापन, कम्पनीले काम बन्द गर्छ वा श्रमिकलाई कामबाट हटाउँछ भने त्यसको क्षतिपूर्ति र अर्को काम नपाउन्जेल राज्यले सामाजिक सुरक्षाको जिम्मेवारी लिने अवस्था आओस् भन्नेलगायत कुराहरू पर्छन् ।

अर्काले दिएको खानेभन्दा आफैं काम गरेर खाने नागरिकको सबलीकरण गर्नुपर्छ । यसैले हामीले उत्पादक शक्तिकै विकास गर्नुपर्छ । त्यस्तो शक्ति वितरित भइरहँदा उनीहरू कुनै न कुनै रूपमा आफैं मालिक वा स्वरोजगार हुन्छन् ।

अब यो शक्ति क्रान्तिकारी हुन्छ र परिवर्तनका लागि सहयोगी हुन्छ भन्ने प्रश्न आउँछ । त्यसमाथि निजी स्वतन्त्रताका यावत् कुराहरू पनि छन् । उत्पादनका साधन र अवसरमा पहुँचबाट हामीले विकास र समाजवादको लामो बाटो हिँड्नुपर्नेछ । विकृत पुँजीवादको विकास गर्ने र एउटा स्विच थिचेर समाजवाद आउँछ भन्ने बाटो मैले देखेको छैन । संविधानले पनि त्यो बाटो रोकिदिएको छ ।

विकास दृष्टिकोण

विकास कसरी गर्ने भन्ने सन्दर्भमा हामीभित्र दुई ओटा सोच छन् । आफ्नै स्रोतले मात्रै विकास गर्ने कि अन्तर्राष्ट्रिय सहयोग लिएर विकास गर्ने भन्ने अलगअलग विचार देखिन्छ । नेपाल जस्तो सानो मुलुकमा आन्तरिक उपभोगको मात्रै आधारबाट दुई अङ्कको आर्थिक वृद्धिको फड्को मार्न सकिँदैन । कुनै न कुनै अवस्थामा स्रोत अभाव हुन्छ ।

हामीले आफूलाई आवश्यक पर्नेभन्दा धेरै वस्तु र सेवा उत्पादन गरेका हुन्छौं । त्यसलाई बेच्ने ठाउँ चाहिन्छ । साना मुलुकको विकासको अवस्था यही हो । यसैले हामी बहिर्मुखी हुनैपर्छ ।

बहिर्मुखी भइरहँदा वस्तु तथा सेवा व्यापार, पर्यटन, रेमिट्यान्सलगायतका विषय पनि सँगै आउँछन् । तिनीहरूलाई पनि सम्बोधन गर्नुपर्छ । पुँजी धेरै भएका मुलुकले पुँजी निर्यात गर्छन् र श्रम धेरै हुनेले श्रम । हामीसँग पुँजी कम भएकाले पुँजी आयात गर्छौं र हाम्रो प्राथमिकता र हितमा मात्रै त्यसको प्रयोग गर्छौं । श्रम निर्यात गर्दा पनि हामीले श्रमिकको सुरक्षा, राष्ट्रिय हित तथा

> वास्तवमै समृद्धिको बाटोमा अघि बढ्न भने प्रविधिमा सबैको पहुँच पुऱ्याउन र त्यसलाई सहयोग गर्ने पुँजी परिचालन गर्नुपर्छ, जसलाई बजार प्रक्रियाले वितरण गर्छ ।

श्रमिकको न्यूनतम अधिकार हेर्छौं । हामीले १० वर्षपछि वैदेशिक रोजगारीमा जाने क्रम रोक्छौं भनेका छौं ।

पुँजी, श्रम, प्रविधि, पर्यटन र वस्तु व्यापारका माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्धहरू विकास गर्नुपर्छ । हाम्रा उत्पादन बिक्री गर्ने बजार खोज्दै जानुपर्छ । आयको वितरण एउटाबाट अर्को देशमा गर्ने एउटा माध्यम त्यही नै हो । त्यसो नगर्ने हो भने हाम्रो जस्ता कम विकसित मुलुक आफैंले खपत गरेर आवश्यक परिमाणको पुँजी निर्माण गर्न सक्दैन ।

यसकारण कहीँ न कहीँ बाहिरबाट पुँजी आउने बाटो बनाउनुपर्छ । लगानीको प्रतिफल केही समयपछि तिर्न थाल्नुपर्छ । त्यसका लागि निर्यात गर्नुपर्छ । निर्यात नबढाएसम्म केही हुँदैन । बाह्य सम्बन्धलाई व्यवस्थित गर्ने र क्षेत्रीय अर्थतन्त्रको लाभ लिने गरी हामी जानुपर्छ । चीन र भारतको उच्च आर्थिक वृद्धिको लाभ नेपालले लिनुपर्छ । हाम्रो वस्तु व्यापारको बजार तिनै हुन् । नेपालको पर्यटनको सम्भावना पनि त्यहीँ छ ।

तेस्रो क्षेत्र लगानी हो । चीन अहिले पुँजी बचत भएको मुलुकतर्फ जाँदै छ । विश्वको विदेशी मुद्रा सञ्चितिको एकचौथाइ उसैले लिएर बसेको छ । अहिले अमेरिकामा लगानीको अवस्थामा अलि कडाइ हुनेबित्तिकै चिनियाँ पुँजी अन्यत्र पोखिन थालेको छ । नेपालमा पनि त्यही अवस्था देखिन्छ । भारत पनि क्रमशः त्यसतर्फ उन्मुख हुँदै छ ।

विदेशी लगानीका रूपमा पुँजीसँगसँगै नेपालले प्रविधि पनि भित्र्याउनुपर्छ । विकासोन्मुख देशको प्रविधि हाम्रा लागिसमेत उपयुक्त हुन्छ । हामीले लगानीको वातावरण पनि निजीक्षेत्रमैत्री बनाउनैपर्छ । समाजवादी बजार अर्थतन्त्रमा पनि यो कुरा लागू हुन्छ । यो देश समाजवादी भयो, व्यवसायको राष्ट्रियकरण गर्छ भन्ने भयो भने कुनै पनि लगानीकर्ता आउँदैन । त्यसैले निजी लगानीलाई स्वतन्त्रतापूर्वक काम गर्न दिन्छौं, 'कर तिर, नाफा लैजाऊ' भनिएकाले हामी पनि बजार अर्थतन्त्रमै छौं । प्रगतिशील कर प्रणालीमा आऊ, कर तिर, श्रमिकलाई शोषण नगर, वातावरण नबिगार, नागरिकप्रति जिम्मेवार होऊ भन्छौं हामी ।

यससँगै प्रविधिको पहुँचमा हामी जानैपर्छ, आफ्नो पैसाले प्रविधि अन्वेषण र आर्थिक रूपमा फड्को मार्न समय लाग्छ । त्यसैले यसका लागि अन्तर्राष्ट्रिय सहयोगतर्फ हामी अघि बढ्छौं, द्विपक्षीय र बहुपक्षीय एवम् निजी सहयोग लिन्छौं । मुलुकको साख बढाएर हामी उनीहरूसँग सहकार्य गर्छौं ।

नेपालमा गरिएको लगानीबाट प्रतिफल सुनिश्चित छ भन्ने कुरा देखाउन सक्नुपर्छ । तर एउटा निश्चित समयपछि विदेशी सहायता लिनु नपर्ने गरी हामी अघि बढ्न सक्छौं कि भन्ने सोच छ । पुँजी आउनेजाने त निरन्तर चलिरहन्छ नै, तर अनुदान माग्ने स्थिति सन् २०३० भन्दा पछि हुँदैन । हामीले राम्रो आर्थिक वृद्धिलाई अघि बढाउन सक्यौं भने त्यो अवधिमा मध्यम आय भएका मुलुकमा स्तरोन्नति भइसकेका हुनेछौं । दिगो र बलियो आर्थिक वृद्धिका लागि हामीलाई बजारको आवश्यकता पर्दछ । देशमा उत्पादकत्व बढाएर प्रतिस्पर्धी हुनै पर्छ ।

लगानी आवश्यकता

आर्थिक विकासका लागि केही आधार भूत पूर्वाधारमा लगानी गर्नुपर्छ । त्यस्ता केही पूर्वाधारमा लगानीको विषय हामीले निर्वाचन घोषणापत्र एवम् चालू आर्थिक वर्षको बजेटमार्फत पनि भनेका छौं ।

हामीलाई यातायात खर्च नघटाई भएको छैन । त्यसका लागि रेल आवश्यक छ । रेलको कुरा नगर, गरिबी र भोकमरी छ भन्ने पनि छन् । आर्थिक विकास गर्नु छ, निर्यात गर्नु छ, यातायात खर्च घटाउनुपर्ने छ र पेट्रोलियम पदार्थको आयात पनि कम गर्नुपर्ने छ । अबको दुईतीन वर्षमा विद्युत् उपभोग बढाउँदै लैजानुपर्ने छ । अर्कोतर्फ मुख्य व्यापारिक मार्गमा सडक यातायातको सुविधालाई बलियो बनाउनुपर्ने छ ।

५० लाख पर्यटक ल्याउने आकाङ्क्षा राख्दै छौं भने त्यो हासिल गर्न केही अन्तर र्राष्ट्रिय विमानस्थल त चाहिन्छ नै । त्यसो हुनाले पूर्वाधारमा हामीले लगानी भित्र्याउनु छ ।

यी पूर्वाधारमा सहायताबाटै लगानी हुने सम्भावना छैन । अहिले विश्वव्यापी रूपमा लगानीका विभिन्न नयाँ 'स्किम' आएका छन् । यसमा 'ब्लेन्डेड फाइनान्स', 'क्राउड सोर्सिङ', 'प्राइभेट इक्विटी फन्ड' इत्यादि मोडल पनि विकास भएका छन् । यस्ता धेरै ओटा स्किमबाट हामीले लगानी ल्याउन सक्छौं । लगानीमा विदेशी विनिमयको समस्या नहोस् भनेर हेजिङको विषय पनि बजेटमा लेखिएको छ । हामीले अब विश्वासको राजनीतिक वातावरण बनाइदिनु छ ।

ऋण लिएर कहिलेसम्म देश चल्छ भन्ने प्रश्न छ । तर ऋणको सदुपयोग गर्ने गरी गइएन भने हाम्रो मात्रै पैसाले बजेटको आकार १० प्रतिशतले बढ्ला, जब कि हामीलाई दोब्बर गर्नुछ । त्यसबाहेक निजीक्षेत्रबाट दुईतिहाइ लगानी गर्नु छ । हाम्रो आवश्यकता त्यही हो । निजी, सरकारी एवम् विदेशी एक्जिम बैङ्कबाट ऋण लिनुपर्ने छ ।

यद्यपि, ऋण धान्न सकिने र पारदर्शी तरिकाबाट लिनुपर्छ । त्यसका लागि विधि चाहिन्छ । विधिबिना गरिएका निर्णय ठीक भए पनि विवादित हुन्छन् । अहिले त्यही विधि बनाउने काम भइरहेको छ । हामीले सम्पूर्ण नियामकीय, कानुनी र व्यावहारिक सुधारका काम गरिरहेका छौं । विकासको बाटोमा यी सुधार पूर्वसर्त पनि हुन् । यसबाट सरकारले गर्ने लगानीको प्रतिफल आउँछ, लगानीको सदुपयोग हुन्छ र सरकार ऋणमा डुब्दैन ।

उपसंहार

हामी पुग्ने गन्तव्य एउटै छ । तर धेरै बाटोमा काम गर्नुपर्ने छ । आर्थिक, सामाजिक, पूर्वाधार, कानुनलगायत क्षेत्रमा सुधार गर्दै जानुपर्ने छ । ती काम गर्दै जाँदा सामुदायिक संस्थाहरूलाई छाड्नुहुँदैन । 'बिल्ट इन डिस्ट्रिब्युटिभ ग्रोथ' र उत्पादनका साधनको सामूहिकीकरणका लागि ती संस्थाको महत्त्वपूर्ण भूमिका हुन्छ ।

आयको वितरण गर्न कठिन हुँदा उत्पादनको साधनमै पहुँच मिलाउन सहकारितालाई अघि बढाएको हो । केही ठूला सहकारी वित्त कम्पनी जस्तै गरी चले भनेर गाली पनि गर्छौं । तर उत्पादन क्षेत्रमा सहकारीले उत्पादनका साधनहरूलाई 'पुलिङ' गरेर राम्रो काम गरिरहेका छन् ।

बजारमा आधारित उत्पादनका साधनको सामूहिकीकरण महत्त्वपूर्ण कुरा हो । राज्यले नियन्त्रण गरेर काम गर्नेभन्दा त्यो विधि राम्रो हुन्छ । राज्यनियन्त्रित प्रणाली त 'कम्युन' देखियो । कम्युनहरूले पनि केही काम गरे तर ती अन्य मुलुकमा पनि राम्रो भएन । किनभने त्यहाँ प्रोत्साहन भएन । प्रोत्साहनसहितको काम भनेको सहकारी हो । काम गऱ्यो, भएको नाफा आफैं लियो ।

यो मोडलबाट हामीले अन्य सामुदायिक संस्थालाई पनि अघि बढाउनुपर्छ । यसले हामीलाई संविधानको फ्रेमभित्र पनि राख्छ । यसले हामीलाई संविधानले परिकल्पना गरेको आधारभूत आर्थिक विकासको बाटोमा पुऱ्याउँछ ।

प्रस्तुति : सविन मिश्र

मेगा Bancassurance

अझ बढी जिम्मेवारी अनि

विश्वासिलो र सुरक्षित

म, हामी र हाम्रो मेगा बैंक

मेगा बैंकमार्फत सरल तथा झन्झटरहित बीमा गर्नुहोस् आफू र आफ्नो परिवार, घर, गाडी, स्वास्थ्य तथा विदेश यात्रा सुरक्षित एवं ढुक्क बनाउनुहोस् ।

यहाँहरुको विश्वास जित्दै... मेगा बैंक अघि बढ्दै...

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड, राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, फोन: २७७-१-४१६२२५०, फ्याक्स: २७७-१-४१६२२६०

आर्थिक वृद्धि र न्यायपूर्ण वितरणको प्रश्न

असमानताको विषयलाई सम्बोधन नगरे त्यसले निम्त्याउने तगाराहरूले आर्थिक वृद्धिको गतिलाई पनि अघि बढ्न दिँदैनन् । त्यसैले आर्थिक वृद्धिलाई वितरणसँगै जोडेर अघि लैजान अपरिहार्य छ ।

डा. विश्व पौडेल

संसारभरिका अर्थशास्त्री, विकासविद् हरूले लामो समयदेखि पहिला विकास कि वितरण भन्नेमा बहस गर्दै आएका छन् । भारतमा अमर्त्य सेनसहितका अर्थशास्त्री वितरणलाई सुरूमा ध्यान दिनुपर्ने तर्क गर्छन् भने जगदीश भगवतीसहितका अर्थशास्त्री आर्थिक वृद्धि पहिलो प्राथमिकतामा पर्नुपर्ने बताउँछन् । नेपालमा पनि सन् १९९० पछि सुरू गरिएको उदारीकरणको नीतिमा प्रशस्तै मन्थन हुने गर्छ । सन् '९० पछिको आर्थिक विकासको मोडलले न्यायोचित वितरणलाई अघि नबढाएर आर्थिक वृद्धिलाई मात्र ध्यान दिँदा द्वन्द्व बढाएको भन्ने तर्क पनि गरिन्छ ।

कम्युनिस्ट शासन भनेर चिनिएको छिमेकी चीनमा भने सुरूमा आर्थिक वृद्धिलाई प्राथमिकताका साथ अघि बढाएपछि मात्रै वितरणको बाटो समातियो । चीनका ग्रामीण भेगमा सन् २०११ पछि मात्रै सामाजिक सुरक्षा (वेलफेयर)का कार्यक्रममा प्राथमिकताका साथ लगानी सुरू गरिएको हो । दुई दशकभन्दा बढी तीव्र आर्थिक वृद्धि हासिल गरेपछि चीनले आम्दानी गरेको वैदेशिक मुद्रालाई पूर्वाधारमा लगानी गऱ्यो र त्यसले उत्पादनलाई सघायो । आर्थिक वृद्धिलाई मात्र ध्यान दिएर सामाजिक सुरक्षालाई बेवास्ता गरिएको भन्दै चीनमा किसान र मजदुरहरूले विरोध जनाएका अभिलेख भेट्न सकिन्छ । सन् २००३/०४ तिर चीनमा वर्ष दिनभित्र किसानहरूले ३ लाखको सङ्ख्यामा विरोध कार्यक्रम आयोजना गरेको अभिलेख छ । आर्थिक वृद्धिको लाभ पाउन नसकेको एवम् शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाहरू महँगो हुँदा यस्ता विरोध भएको बुझ्न सकिन्छ । चीनले सुरूमा समुद्री तटका क्षेत्रमा आर्थिक विकासको अभियान अघि बढायो र विकासको लाभ पनि तटीय क्षेत्रका बासिन्दाले मात्र पाए । तर चीन यस अर्थमा भाग्यमानी ठहरियो कि, किसानहरूको प्रदशैनले उग्र रूप लिन पाएन, आन्दोलन बिस्तारै सेलाएर गयो । जोसेफ स्टालिनसहित संसारका धेरै कम्युनिस्ट शासकले सहरी आन्दोलनलाई मत्थर पार्न सक्दा सरकारविरूद्धका विप्लव रोक्न सकिने धारणा राख्दै आएका छन् । एक अर्थमा यो ठीकै पनि हो । चीनको सहरी क्षेत्रमा अहिले सरकारविरोधी प्रदर्शन निकै कम हुन्छन् । नेपालमै पनि काठमाडौंमा घनीभूत प्रदर्शन नभई ठूला आन्दोलन सफल नभएका उदाहरण छँदै छन् ।

असमानताको भड्खालो

नेपालमा समन्यायिक वितरणलाई पछाडि धकेल्दाका परिणाम सुखद छैनन् । सरकारहरूकै लामो समयदेखिको विभेदकारी नीतिका कारण समाजमा पछौटेपन कायम रहेको र निश्चित समूहले मात्र लाभ पाएको भएको भन्न अप्ठ्यारो मान्नुपर्दैन । किनभने, शासकहरूले लामो समय आफ्ना सन्तान-दरसन्तानलाई शासनमा स्थापित गराउँदै उनीहरूलाई लाभ सुनिश्चित गर्दै जाने अभ्यास गरे । जातपातको प्रथाले पनि विभेद कायम राख्यो र शासकको सन्तान-दरसन्तानलाई नै पोस्यो । नेपालको शासनको मुख्य भूमिकामा सेनाको स्थान सधैं कायम रह्यो र यसले नै राजस्वको ठूलो अंश परिचालन गर्दै आयो । सेनाभित्रको प्रवेश र पदोन्नतिमा पनि सुरूदेखि नै विभेद कायम रहेको प्रस्ट नै देखिन्छ । परिणाम– शासनमा रहेका वा शासकको नजिक

रहेकाहरू सधैं धनी र शक्तिशाली हुने तथा पहुँच नभएकाहरू गरिब नै रहँदै गए । जनताहरू अझै चरम गरिबीमा छन् । किनकि एक त उत्पादन बढ्ने गरी पुँजीवाद आएको छैन भने अर्को बजार प्रणाली लागू भएको केही दशक मात्रै भएकाले बजारको लाभ सर्वसाधारणसम्म पुगिसकेको छैन । हाम्रो समाजमा लामो समय कायम असमानताको असर अहिले पनि कायम छ ।

असमानताको विषयलाई सम्बोधन नगरे त्यसले निम्त्याउने तगाराहरूले आर्थिक वृद्धिको गतिलाई पनि अघि बढ्न दिँदैनन् । त्यसैले आर्थिक वृद्धिलाई वितरणसँगै जोडेर अघि लैजान अपरिहार्य छ । हुन त, अहिले पनि हाम्रो आर्थिक नीतिको प्राथमिकतामा समन्यायिक वितरण र सामाजिक सुरक्षा भए जस्तो देखिन्छ । हामीले कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत हाराहारी रकम सामाजिक सुरक्षामै बाँडिरहेका छौं । तर अहिलेको वितरण प्रणालीका दुईतीन ओटा कमजोरी छन् । पहिलो, निश्चित उमेर पुगेपछि जुनसुकै पृष्ठभूमिका मानिसले बिनाशर्त सामाजिक सुरक्षाको रकम पाउँछन्, जुन न्यायपूर्ण होइन । यसको तत्काल पुनः समीक्षा आवश्यक छ । अर्थसामाजिक रूपमा पछाडि परेका चार दर्जन जिल्लामा औसत आयु ६५ वर्षको हाराहारीमा मात्रै छ । ती जिल्लामा वृद्धभत्ता पाउने उमेर विकसित जिल्लाको भन्दा कम नराखे न्याय हुँदैन । वृद्धभत्ता कार्यक्रम सुरू गरेको दुई दशक भइसकेको छ । यसको पुनः समीक्षा गर्ने र सुधार गर्दै न्यायपूर्ण बनाउने दिशामा काम भएको छैन, बरू यसलाई बिकाउ चुनावी नारा बनाइएको छ । सामाजिक सुरक्षाका दर्जनौं कार्यक्रम सञ्चालन भइरहे पनि लाभ कसले र कसरी पाइरहेका छन् र तिनको प्रभावकारिता कस्तो छ भनेर निरन्तर पुनर्मूल्याङ्कन गरिन जरूरी छ ।

हामीकहाँ रहेको जातीय, भाषिकलगायतका विविधता असाध्यै गम्भीर विषय हुन् । १ सय २५ जातजाति एवम् समुदाय र १ सय २३ भाषा रहेबाट पनि हाम्रो सामाजिक बनोटको विविधता बुझ्न सकिन्छ । जातीय विविधता भएको समाज द्वन्द्व र गृहयुद्धका लागि जहिले पनि जोखिमपूर्ण मानिन्छ । द्वन्द्व छेडियो भने देशको विकासको गति दशकौं पछाडि पर्छ । द्वन्द्वकालीन समयमा पर्यटक आउँदैनन्, उद्योग विकासको गति अवरूद्ध हुन्छ, सार्वजानिक क्षेत्रका कर्मचारीले काम गर्दैनन् । ती सबैको परिणाम देशको अर्थ सामाजिक विकासको गति नै अवरूद्ध हुन्छ । त्यसमाथि, द्वन्द्वको मूल्य यति महँगो हुन्छ कि बर्सौं पछिसम्म पनि चुकाउनुपर्छ । श्रीलङ्का ऋणको पासोमा पर्नुका पछाडि युद्धकालको हातहतियारसहितको सुरक्षा खर्च पनि एक कारण हो । युद्धको दुश्चक्रमा परेका मुलुकहरूमा हातहतियार एवम् सुरक्षा खर्चमा व्यापक अनियमितता हुने गर्छ, जसले देशलाई क्रमशः खोक्रो बनाउँदै लैजान्छ । त्यसमाथि, द्वन्द्वको चक्रव्यूहमा परिसकेपछि त्यसबाट निस्कन असाध्यै कठिन हुन्छ, किनभने द्वन्द्वले थप विग्रह र युद्धको वातावरण आफैं तयार गर्दै लैजान्छ । नेपालको सुखद पक्षचाहिँ, एक दशक लामो लडाइँ भोगे पनि यस्तो दुश्चक्रमा भने परेन । र थप बर्बादीमा जानबाट बचियो । त्यसैले द्वन्द्व समाधान एवम् समन्यायिक वितरणमा हाम्रो ध्यान जानैपर्छ ।

२००८ सालको हाम्रो पहिलो बजेटका प्रमुख दुई लक्ष्य थिए- आर्थिक विकास बढाउने र असमानता घटाउने । यसको अर्थ, प्रजातन्त्र स्थापनापछि हामीले समातेको नीतिगत प्रस्थान एकदमै ठीक थियो । अहिले पनि समात्नुपर्ने बाटो यही हो । तर आर्थिक वृद्धि र असमानता न्यूनीकरणबीच सन्तुलन कायम राख्नु भने ठूलै चुनौती हो । यो चुनौती नेपालमा मात्र होइन, विकसित देशमा पनि छ । किनभने असमानता विकसित देशहरूमा पनि ठूलो छ । अमेरिकाको यौटै सहरमा बस्ने फरक जातिका मानिसहरूको औसत आयु फरक भएबाट पनि यस्तो असमानताको अनुमान गर्न सकिन्छ । संसारका धेरै देशको उदाहरणले भन्छ– असमानतालाई सामान्य रूपमा लिएर उपेक्षा गर्न थालियो भने त्यसको ठूलो मूल्य चुकाउनुपर्ने हुन सक्छ । हामीकहाँ पनि विभिन्न संस्थाहरूमा असमानता छ, त्यसलाई कसरी न्यायपूर्ण बनाउने भनेर समीक्षा गरिनैपर्छ ।

विकासको प्रस्थानबिन्दु के ?

आर्थिक विकास र न्यायपूर्ण समाज बनाउने लक्ष्य हासिल गर्न कस्तो पाइला चाल्ने, प्राथमिकता कसरी छनोट गर्ने भन्ने विषय महत्त्वपूर्ण हुन्छ । हाम्रो विकासको सन्दर्भमा सबैभन्दा चुनौतीपूर्ण भनेको छरिएर रहेका बस्ती हुन् । उदाहरणका लागि, नेपालको ६० प्रतिशत जनसङ्ख्यामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको छ, बाँकी ४० प्रतिशत यसबाट वञ्चित छन् । र बाँकी स्थानमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याउन ६० प्रतिशत जनसङ्ख्यालाई विद्युत् पुऱ्याउँदा गरिएको भन्दा बढी खर्च हुन्छ । किनभने छरिएर रहेका दुर्गम क्षेत्रमा राष्ट्रिय प्रसारण लाइनको बिजुली पुऱ्याउन ठूलो खर्च लाग्छ । स्वास्थ्य सेवा, शिक्षा, खानेपानी, सडकलगायतका पूर्वाधार ग्रामीण क्षेत्रमा विस्तार गर्न पनि उस्तै महँगो र चुनौतीपूर्ण छ ।

त्यसैले ठूलो जनसङ्ख्यालाई एकत्रित गरेर सहर विकास गर्दा त्यसले सेवाको सहज उपलब्धता मात्रै हुँदैन, ठूलो बजारको अवसर समात्न उद्योगधन्दाको विकास र आर्थिक क्रियाकलापको विस्तार पनि सँगै हुन्छ । बजारको

> निश्चित उमेर पुगेपछि जुनसुकै पृष्ठभूमिका मानिसले बिनाशर्त सामाजिक सुरक्षाको रकम पाउँछन्, जुन न्यायपूर्ण होइन ।

असीमित अवसर देखेर ठूला सहरहरूमा वैदेशिक र आन्तरिक लगानी बढेको देखिन्छ । चीनको हनान प्रान्तका एक व्यवसायीलाई मैले अमेरिकामा भेट्दा काठमाडौंमा फोहोरबाट बिजुली बाल्ने उद्योगमा लगानीको प्रस्ताव गरेको थिएँ । साङ्घाईको स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको स्वामित्व भएका उनले चीनमा फोहोरबाट बिजुली निकालेर ठूलो रकम कमाएका थिए । मेरो प्रस्ताव सुनेपछि उनको पहिलो प्रश्न थियो, 'काठमाडौंको जनसङ्ख्या कति छ ?' ५० लाख भन्दा कम जनसङ्ख्या भएको सहरमा फोहोरबाट बिजुली निकाल्दा आर्थिक रूपमा फाइदा नहुने उनको प्रत्युत्तर थियो । यसको अर्थ, ठूला सहरहरू विकास हुन सके मात्रै ठूला लगानीका अवसर भेटिन सक्छन् । मेट्रो रेल, फराकिला सडक तथा पूर्वाधारमा खन्याएको ठूलो रकमको औचित्य सावित हुन सहरको जनसङ्ख्या पनि पर्याप्त हुनुपर्छ । अन्यथा, ठूलो रकम खर्च गरेर दुर्गममा बाटो पुऱ्याएको आर्थिक लागतको लाभ के भन्ने प्रश्न उठ्छ । भौगोलिक न्यायका लागि दुर्गममा बाटो बनाउनुपर्ने तर्क सही नै होला । तर अर्थतन्त्रका लागि त्यो असाध्यै महँगो पर्न जान्छ ।

सहर विकास गर्ने भनेर मात्र पुग्दैन, मानिसहरूलाई त्यहाँ कसरी तान्ने भन्ने विषय पनि महत्त्वपूर्ण छ । मानिसहरू ग्रामीण क्षेत्रको जीविकोपार्जन छोडेर त्यसै सहरमा एकत्रित भइहाल्दैनन् । धेरै निरङ्कुश शासकहरूले ग्रामीण क्षेत्रका जनतालाई बलजफ्ती सहरमा ल्याउन पहल नगरेका होइनन् । तान्जनियामा जनतालाई सहरमा बसाउने भनेर गाउँमा फर्केर जानै दिइएन । मानवशास्त्री जेम्स स्कटले मानिस मूलभूत रूपमा अराजकतावादी भएकाले जबर्जस्ती शासकले सहरमा ल्याउने कृत गलत भएको उल्लेख गरेका छन् । हुन पनि मानिसहरूलाई बलजफ्ती सहरमा ल्याउने तरिका पूर्णतः गलत हो । त्यसैले सहरमा जीविकोपार्जनका उपाय सिर्जना गरेर वा रोजगारीका अवसर दिएर मात्र मानिसलाई आकर्षित गर्नु बुद्धिमानी हुन्छ । बरू उद्योगधन्दा विकास, पूर्वाधार विकासमा सहयोग गरेर सरकारले सहरहरूको स्थापना तथा विस्तारमा विकासमा सघाउन सक्छ ।

आर्थिक विकासका लागि ससाना परियोजना र कार्यक्रममा कनिका छर्ने होइन, ठूला दूरदृष्टिका परियोजना योजनाबद्ध ढङ्गमा अघि बढाउनुपर्छ । छरिएका बस्तीका जनतालाई तानेर योजनाबद्ध सहरहरूको निर्माण हाम्रा लागि प्राथमिक विषय हो । मेरो विचारमा, हाम्रो विकासको प्रस्थानबिन्दु यही हुनुपर्छ । सहरहरूमा व्यक्तिगत जग्गाको क्षेत्रफल थोरै तर सार्वजनिक स्थान, पार्क, खुला क्षेत्र धेरै हुनु राम्रो मानिन्छ । हङकङ, सिङ्गापुर जस्ता देशमा यस्तै देखिन्छ । काठमाडौंलाई विस्तार गरेर सुविधासम्पन्न ठूलो सहरका रूपमा विकास गर्न सकिने सम्भावना छ । नुवाकोट, चित्लाङ वा आसपासका क्षेत्रसम्म काठमाडौंलाई विस्तार गर्दा वरिपरिको डाँडाको हरियाली तथा वातावरणलाई विनाश नगरीकनै ठूलो जनसङ्ख्यालाई यसले थेग्न सक्छ ।

नेपालमा जनसङ्ख्यालाई एकत्रित गरेर सहर बसाउने पहल विगतमा पनि नभएका होइनन् । तर ती ससाना प्रयास मात्रै थिए । महेशचन्द्र रेग्मीका अनुसार विसं १८४३ मा शिव खड्कालाई पोखरामा सहर विकास गराउन भनेर सरकारले कर छूट दिएको थियो । साँखुमा पृथ्वीनारायण शाहले धेरै स्थानीय नेवारहरूको जग्गा हडपेका तर सहर बनाउने भन्नेलाई कर छूट दिएको विवरण भेटिन्छ । हेटौंडा व्यवस्थित बसोवासका लागि बसाइएको सहर हो । तराईमा पनि सहर विकासका लागि सुरूतिर भारतीयहरूलाई जग्गा बाँडिएको देखिन्छ । पूर्वाधार बन्दै गयो भने पनि सहर बन्दै जान्छ । उदाहरणका लागि, भारतीय रेल नेपालको सीमाक्षेत्रमा आउँदा नेपालमा वीरगन्ज, नेपालगन्ज, विराटनगर र रङ्गेली गरी चार सहर निर्माण भएको महेशचन्द्र रेग्मीसहितका इतिहासकारहरूले लेखेका छन् । भारतीय मारवाडीहरू आएर अस्थायी बजार चलाएको नेपालगन्जमा पारिपट्टि भारतीय रेल आएपछि स्थायी बसोवास र सहर निर्माण सुरू भएको हो । साहिबगन्जमा रेल आएपछि रङ्गेली बजार बनेको र विराटनगर पनि सहरको रूपमा विकसित भएको भनिन्छ । केरूङसम्म चिनियाँ रेल आयो भने रसुवालाई ठूलो हिमाली बजारका रूपमा विकसित गर्न सकिन्छ । तर केरूङ र रसुवाको जनसङ्ख्या र भौगोलिक स्थितिका कारण तराईको जस्तो सहर नै बन्छ भनिहाल्नचाहिँ कठिन छ ।

२००७ सालतिर २ प्रतिशत जनसङ्ख्या मात्रै सहरी क्षेत्रमा बस्ने गरेको २०११ को जनगणनामा उल्लेख छ । त्यस बेला, ५ मुख्य सहरमा ५० हजार जनसङ्ख्या रहेको देखिन्छ । त्यसो त, नेपालमा सहरहरूको जनसङ्ख्या वृद्धिदर ठूलै छ । अहिले १० लाखभन्दा धेरै जनसङ्ख्या भएको सहरको जनसङ्ख्या वृद्धिदर १० प्रतिशत बढी छ । यसले सहरमा जनसङ्ख्या क्रमशः एकत्रित भइरहेको देखाउँछ । अहिले नेपालसँग यसअघिभन्दा लगानी गर्न पुँजी जुटाउन सकिने सामर्थ्य बढेको छ । तसर्थ, योजनाबद्ध विकासका लागि छरिएका बस्ती समेटेर सहरहरूको निर्माणमा लगानी गर्न अहिले उपयुक्त समय हो ।

प्रस्तुति : रमेशकुमार

> २००८ सालको हाम्रो पहिलो बजेटमा प्रमुख दुई लक्ष्य थिए- आर्थिक विकास बढाउने र असमानता घटाउने । अर्थात्, हामीले समातेको नीतिगत प्रस्थान एकदमै ठिक थियो, छ । तर, आर्थिक वृद्धि र असमानता न्यूनीकरणबीच सन्तुलन कायम राख्नु भने ठूलै चुनौती हो ।

छिटो भनेकै WORLDLINK

For More Information:

Dial: 9801523052 | **Email:** sales@**worldlink**.com.np | www.**worldlink.com**.np | www.facebook.com/**wlink.np**

उच्च दरले कर चुहावटको जोखिम

वार्षिक १० लाखसम्म करयोग्य आय हुनेको हकमा करका दरमा भएको पुनरवलोकनले खासै फरक पारेको छैन । १० लाखभन्दा माथि करयोग्य आय हुनेको हकमा भने यस वर्ष विगतका वर्षहरूको तुलनामा बढी दरमा कर लगाउने व्यवस्था छ ।

डा. शान्तराज सुवेदी

बेन्जामिन फ्र्याङ्कलिनले कर र मृत्युलाई मात्र शाश्वत सत्य भनेका छन् । यसबाट पनि करबाट कुनै पनि व्यक्ति उम्कन सक्दैन भन्ने स्पष्ट हुन्छ । नेपाली उखान नै छ, 'बरू काललेे छोड्ला, करले छोड्दैन ।' त्यसैले करलाई पन्छाउनै नसकिने बाध्यात्मक दायित्वका रूपमा हेरिन्छ ।

करको उत्पत्ति र विकास पनि प्राचीनकालमै भएको ऐतिहासिक अभिलेख र दस्तावेजले देखाउँछन् । औपचारिक र सङ्गठित राज्यको स्थापना हुनुअघि पनि मानव बस्तीमा लुटपाट र जबर्जस्ती असुली हुने गरेको पाइन्छ । कालान्तरमा यसैको विकसित रूपमा मुखिया, नाइके हुँदै सम्राट्का रूपमा आफूलाई स्थापित गरी शासन सञ्चालन गर्न थालियो । त्यसपछि व्यवस्थित रूपमा आफ्नो क्षेत्रका जनतालाई शान्तिसुरक्षा, न्याय र लोककल्याणकारी कार्यका लागि आवश्यक रकम करका रूपमा असुल गर्न थालियो ।

सैद्धान्तिक पक्ष

कर तिर्नेले आफूलाई प्राप्त फाइदा, क्रयशक्ति तथा आफ्ना आवश्यकतालाई त्याग गरेर कर तिर्छ । अर्थात्, आफूले प्राप्त गर्ने वस्तु वा सेवाबाट प्राप्त फाइदा सरकारलाई बुझाउनुपर्छ । त्यसैले कर लगाउने र असुल गर्ने काम निश्चित सिद्धान्तका आधारमा हुनुपर्छ । समयसमयमा करका विभिन्न सिद्धान्त प्रतिपादन भएका छन् । सरकारले कुन आधारमा कर लगाई असुल गर्न उपयुक्त हुन्छ भन्ने विषयमा यिनै सिद्धान्त मार्गदर्शक हुन्छन् । करका केही सिद्धान्त यस्ता छन्–

(क) सेवाको मूल्य सिद्धान्त

करको सबैभन्दा पुरानो यस सिद्धान्तअनुसार सरकारले जनताको कल्याण तथा फाइदाका लागि प्रदान गरेको सेवाको मूल्य हो कर । व्यक्तिले त्यतिसम्म कर तिर्नुपर्छ, जति उसले राज्यद्वारा प्रदान सेवाबाट फाइदा पाएको हुन्छ । जसले जति बढी वस्तु वा सेवा प्राप्त गर्छ, त्यसले उति नै बढी कर तिर्नुपर्छ । यद्यपि, यो सिद्धान्तलाई विभिन्न कारणले नामञ्जुर गरिएको छ । जसमध्ये केही कारण यस्ता छन्:

(ख) फाइदाको सिद्धान्त :

यसअनुसार राज्यबाट प्राप्त गरेको लाभको अनुपातमा अर्थात् फाइदाबराबरको कर तिर्नुपर्छ । यसरी हेर्दा सेवाको मूल्य सिद्धान्त र यो सिद्धान्त मिल्दाजुल्दा देखिन्छन् । तर मूल्य सिद्धान्तले करलाई राज्यका दृष्टिबाट हेर्छ । र राज्यले प्रदान गरेको सेवा र वस्तुको मूल्यको अनुपातमा कर तिर्नुपर्ने उल्लेख गर्छ । तर फाइदाको सिद्धान्तमा फाइदा प्राप्त गर्नेको दृष्टिबाट करको समस्यालाई हेरिन्छ ।

सत्रौं शताब्दीमा सबैले स्विकारेको करको फाइदासम्बन्धी यस अवधारणाको व्यापक विरोध वा आलोचना भएका छन् । अव्यवहारिक यो कर सिद्धान्त अहिले प्रचलनमा छैन ।

(ग) तिर्न सक्ने क्षमताको सिद्धान्त

यो बहुप्रचलित एवम् बहुस्वीकार्य मानिएको सिद्धान्त हो, जसअनुसार व्यक्तिले आफ्नो क्षमता र सामर्थ्यले भ्याएसम्म राज्यलाई सहयोग गर्नुपर्छ । क्षमताअनुसार कर तिर्नुलाई करको आदर्श आधार मानिएको छ ।

आधुनिक कर प्रणाली

परम्परागत कर प्रणालीलाई समयसापेक्ष परिवर्तनको पछिल्लो स्वरूप हो 'स्वयंकर निर्धारण प्रणाली', जसको माध्यमबाट कर प्रणालीमा व्यापक सुधारको थालनी भयो । करदाताको स्वैच्छिक सहभागितामा वृद्धि र राजस्व सङ्कलनमा थप प्रभावकारिता ल्याउन यो प्रणाली प्रचलनमा आएको हो । पछिल्ला वर्षमा विकसित मात्र होइन, विकासोन्मुख देशले पनि आर्थिक स्रोतसाधनमा आत्मनिर्भर बन्न आफ्ना परम्परागत कर प्रणालीमा व्यापक सुधार गरिरहेका छन् । आधुनिक कर प्रणालीका माध्यमबाट मात्र यथेष्ट राजस्व सङ्कलन गर्न सकिने वास्तविकतालाई ध्यानमा राखेर नै कर प्रणालीमा सुधारको प्रयास थालनी गरिएको हो । नेपालको राजस्व प्रशासनलाई पनि अन्तर्राष्ट्रियस्तरको राजस्व प्रणालीका रूपमा विकास गर्न विभिन्न प्रयास भएका छन् ।

कर प्रणालीको प्रभाकारिता र मूल्याङ्कन

कुनै पनि देशले अपनाएको कर प्रणालीको समग्र अर्थतन्त्रमा परेको वा पर्न सक्ने प्रभावलाई मूल्याङ्कन गर्ने विभिन्न परिसूचक छन्, ती हुन् - (क) कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान, (ख) कर परिचालन (कुल खर्चमा यसको योगदान), (ग) कर सहभागिता लागत (कम लागतमा वढि सङ्कलन हुनुपर्ने), (घ) प्रशासनिक खर्च (यो खर्च पनि धान्न सकिने किसिमको र कम हुनुपर्ने), (ङ) कर निर्धारण गरी सङ्कलन गरिएको रकम र (च) कुल बक्यौता लगतमा बक्यौता असुली (बक्यौता असुलीबाट सङ्कलन बढाउनुपर्ने) ।

नेपालमा आयकर

२००८ सालको बजेट वक्तव्यमा सर्वप्रथम आयकरको सोच उल्लेख भए पनि यसको वास्तविक सुरूवात भने २०१६ बाट भयो । आर्थिक ऐन (२०१६) ले व्यापार, मुनाफा तथा पारिश्रमिक कर प्रस्ताव गरी

५ देखि २५ प्रतिशतसम्म करको व्यवस्था गर्यो । सो ऐनले सहरी क्षेत्रको घरजग्गा र विदेशी लगानीमा पनि कर लाग्ने व्यवस्था गरेको थियो । २०१९ सालमा सबै किसिमका आयमा आयकर लगाउने गरी आयकर ऐन, २०१९ लागू गरियो । त्यसअनुसार अघिल्लो आर्थिक ऐनले व्यवस्था गरेकामा थप घरजग्गा बहाल, लगानी, कृषि, बिमा, एजेन्सी र अन्य कुनै स्रोतबाट प्राप्त आयमा समेत आयकर लगाउने व्यवस्था गरी आयकरको दायरालाई फराकिलो पार्यो ।

२०३१ सालमा आयकरको दायरा थप विस्तार गरी यसलाई राजस्वको प्रमुख स्रोतका रूपमा विकास गर्न आयकर ऐन, २०३१ लागू गरियो । त्यसअनुसार आयका स्रोतहरूलाई कृषि, उद्योग, व्यापार, पेसा, व्यवसाय, पारिश्रमिक, घरजग्गा बहाल र अन्य स्रोतमा विभाजन गरियो । त्यसबाट प्राप्त नगद वा जिन्सीमा आयकर लगाउने प्रावधानसमेत गरियो । तर कृषि आयमा लागेको कर आर्थिक वर्ष २०३४/३५ देखि खारेज गरी कृषि आयलाई आयकरको दायराबाहिर राखियो । यसैगरी, करदातालाई आफ्नो आयको घोषणा स्वयम् गरी आयकर निर्धारणमा प्रोत्साहन गर्ने उद्देश्यले २०५० सालमा आयकर ऐन २०३१ संशोधन गरेर स्वयंकर निर्धारणको व्यवस्था सुरू गरियो ।

यसै क्रममा २०५८ चैत १९ देखि साविकको ऐन खारेज गरी आयकर ऐन, २०५८ लागू गरियो । अहिले यही ऐनअनुसार आयकरको प्रशासन भइरहेको छ । नयाँ आयकर ऐनले संस्थागत आयकर, व्यक्तिगत आयकर, बहाल कर, ब्याजकर, पारिश्रमिक कर, पुँजीगत लाभ कर, आकस्मिक लाभकर, सामाजिक सुरक्षा करलगायत व्यवसाय, रोजगारी र लगानीबाट प्राप्त सबै किसिमका आम्दानीलाई आयकरको दायरामा समेटेको छ । व्यक्तिगत आयको हकमा आर्थिक वर्ष २०७५/७६ मा निम्न तालिकाबमोजिम आयकर लाग्ने गरी करका दर निर्धारण गरिएको छ ।

करका दर

नेपालमा व्यक्तिगत (एकल तथा दम्पती) आयकरको पहिलो स्ल्याव १ प्रतिशत सामाजिक सुरक्षा करका रूपमा लगाइन्छ भने त्यसपछिको थप १ लाखमा १० प्रतिशत कर लाग्ने व्यवस्था छ । उक्त सीमाभन्दा माथि थप २ लाखमा २० प्रतिशत र सो सीमाभन्दा वढी आयमा थप आयको हकमा ३० प्रतिशत कर लाग्छ । २० लाखभन्दा बढी वार्षिक करयोग्य आय हुने प्राकृतिक व्यक्तिको हकमा २० लाखभन्दा माथिको आयमा ३६ प्रतिशतका दरमा आयकर लाग्छ । आयकरको साविकमा भएको व्यवस्थामा आव २०७५/७६ को लागि आयकरको दरमा परिवर्तन गरी केही वृद्धि गरिएको छ । यस वर्षको परिवर्तनमा सामाजिक सुरक्षा कर लाग्ने पहिले स्ल्याबमा कुनै फरक नगरिए पनि त्यसपछिका थप आयहरूमा करको दर पुनरवलोकन भएको छ । त्यसैले भुक्तानी गर्नुपर्ने रकम पनि फरक पर्नेछ ।

वार्षिक करयोग्य आय ४ लाख ५० हजारसम्म हुनेको हकमा मात्र नभई ६ लाख ५० हजार करयोग्य आय हुनेले समेत गत वर्षको तुलनामा १५ हजार कर घटी तिरे पुग्छ । कुनै व्यक्तिको आय १० लाखभन्दा कम भएमा यस वर्ष गत वर्षभन्दा बढी कर तिर्नुपर्दैन । तर १० लाख वा सोभन्दा बढी करयोग्य आय हुने प्राकृतिक व्यक्तिको हकमा भने गत वर्षको तुलनामा बढी आयकर तिर्नुपर्छ । गत वर्षसम्म सामाजिक सुरक्षा कर लाग्ने सीमाभन्दा माथिको थप १ लाख आयमा १५ प्रतिशत र त्यसपछिको आयमा २५ प्रतिशत कर लाग्ने व्यवस्था भएकोमा यस वर्षदेखि पहिलो स्ल्याबपछिको थप १ लाखमा १० प्रतिशत र त्यसपछिको २ लाखमा २० प्रतिशत मात्र करको दर कायम गरी कम आय हुने निम्न र मध्यमवर्गका लागि करभुक्तानीमा केही राहत दिन खोजेको देखिन्छ ।

वार्षिक १० लाखसम्म करयोग्य आय हुनेको हकमा करका दरमा भएको पुनरवलोकनले खासै फरक पारेको छैन । १० लाखभन्दा माथि करयोग्य आय हुनेको हकमा भने यस वर्ष विगतका वर्षहरूको तुलनामा बढी दरमा कर लगाउने व्यवस्था छ । कनै व्यक्तिको करयोग्य आय २० लाख भएमा निजले गत वर्षभन्दा ५२ हजार ५ सय रूपैयाँ बढी आयकर तिर्नुपर्छ । २५ लाख आय हुनेले गत वर्षभन्दा १ लाख ७ हजार ५ सय बढी कर भुक्तानी गर्नुपर्छ । गत वर्षसम्म वार्षिक २५ लाखभन्दा बढी करयोग्य आय हुनेको हकमा २५ लाखभन्दा बढी आयमा लाग्ने करमा थप ४० प्रतिशत अतिरिक्त कर (लागू हुने करको दर ३५ प्रतिशत) लाग्ने व्यवस्थालाई परिवर्तन गरी यस वर्ष २० लाखभन्दा बढी आय हुनेको हकमै सो बढी आयमा लाग्ने करको २० प्रतिशत अतिरिक्त कर लगाउने व्यवस्थाले २० लाखभन्दा बढीको करयोग्य आयमा ३६ प्रतिशतको दर कायम भएको छ ।

अघिल्लो र चालु आर्थिक वर्षमा निर्धारित करका दर र तिर्नुपर्ने करको रकम हेर्दा मध्यम वर्गसम्मलाई केही राहत दिन खोजेको देखिन्छ । उच्चमध्यम वर्गले भने अलि बढी नै कर तिर्नुपर्ने भएको छ । गत वर्षसम्म २५ लाखभन्दा बढी आयमा अतिरिक्त कर लगाउने व्यवस्थामा यस वर्षदेखि भएको परिवर्तनले २० लाखभन्दा बढी आय हुने व्यक्ति अतिरिक्त करको दायरामा आउनुपर्ने भएको छ । तिर्न सक्ने क्षमताका आधारमा करको दर निर्धारण गरी कर प्रणालीलाई थप प्रगतिशील बनाउन यसो गरिएको हो ।

छिमेकी मुलुक भारतमा अतिकतम ३०, पाकिस्तानमा ३५, बङ्गलादेशमा २५, चीनमा

४५ र श्रीलङ्कामा १५ प्रतिशत व्यक्तिगत आयकरको दर कायम छ । यस्तै, अस्ट्रेलियामा ४७, क्यानडामा ५८.७५, फ्रान्समा ४९, जापानमा ५६, बेलायतमा ४७ र अमेरिकामा ५२ प्रतिशत अधिकतम आयकर दर कायम छ ।

उच्च करको दरमा करदाताको असहमति

विश्वका कतिपय देशमा सरकारले लगाएका करका दरमा सहमत हुन नसकेर आफ्नो पेसा, व्यवसाय वा रोजगारी नै त्यागेर अन्यत्र पलायन भएका उदाहरण पनि छन् । सरकारले उच्च दरमा कर लगाउँदा आयको अधिकांश हिस्सा सरकारलाई बुझाउनुपर्ने हुन्छ । त्यसबाट व्यवसाय विस्तारमा सङ्कुचन आउने, रोजगारी बढाउन नसकिने एवम् प्रतिस्पर्धात्मक क्षमतामा कमी आई सामाजिक कार्यमा समेत सहयोगी हुन कठिन हुने भनी उच्चदरको करकै कारण आफ्नो मातृभूमिको नागरिकता त्यागेर फ्रान्सकै धनीमध्येका मानिने अर्बपति बर्नाड अर्नोलले बेल्जियमको नागरिकता लिएका थिए । सन् २०१२ मा फ्रान्समा समाजवादी पृष्ठभूमिका होल्यान्ड राष्ट्रपति निर्वाचित भएपछि वार्षिक ७ लाख ८० हजार युरोभन्दा बढी आय हुने व्यक्तिलाई ७५ प्रतिशत कर (जसलाई 'सुपरट्याक्स' पनि भनिएको थियो) लगाएपछि उनले उक्त उच्च करको दरमा असन्तुष्टि जनाएर मुलुकबाटै पलाएन भएका थिए । त्यस्तै अर्का एक लोकप्रिय कलाकारले पनि फ्रान्सको नागरिकता त्यागी बेल्जियम पलायन भई पछि रसियन नागरिकता लिएर उतै बसेका थिए । सुपरट्याक्सको असहमतिमा उच्च आय हुने फुटबल खेलाडीहरूले सरकारविरूद्ध जेहाद नै छेडेका थिए, जसका कारण सरकार केही समयपछि करको दर पुनरवलोकन गर्न वाध्य भएको थियो ।

त्यस्तै, आयकरको उच्च दरकै कारण नागरिक पलायन हुने अर्को मुलुकमा अमेरिका पनि पर्छ । यहाँ केन्द्र सरकारको आयकर तथा सामाजिक सुरक्षा करका अतिरिक्त राज्य सरकारले पनि कर लगाउन सक्ने व्यवस्था छ । यसैअनुरूप मेरिल्याड राज्यले सन् २००७ मा वार्षिक १० लाख डलरभन्दा माथिको आय हुने करोडपतिहरूलाई बढी आयमा थप ६.२५ प्रतिशतका दरमा 'मिलेनियर ट्याक्स' लगाएको थियो । यसबाट सन् २००७ देखि २०१० सम्मको अवधिमा ३१ हजार धनाढ्य मेरिल्यान्डबाट पलायन भई छिमेकी राज्य फ्लोरिडा स्थानान्तरण भएका थिए । उच्च दरमा कर लगाएकै कारण मेरिल्यान्डले तीन वर्षको अवधीमा एक अर्ब ७० करोड डलर बराबरको राजस्व गुमाएको थियो । यी उदाहरणले उच्चदरको कर लगाउँदा मुलुकलाई हुने सकारात्मक प्रभाव विश्लेषण गरेर मात्र करका दर बढाउनुपर्छ भन्ने देखाउँछन् ।

करका दर निर्धारणमा के विचार पुऱ्याउने

अर्थतन्त्र सबल नभएका मुलुकमा करका दरमा गरिएको वृद्धिबाट आर्थिक मन्दी सिर्जना हुने, रोजगारी र ज्याला घट्ने र अन्ततोगत्वा सरकारको राजस्वमै सङ्कुचन आउने हुन सक्छ । यसबाट उच्चदरको गरिबी घटाउन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत आवश्यकता र पूर्वाधारका क्षेत्रमा लगानी बढाउन स्रोतको न्यूनता हुँदै जान्छ । राज्यको लगानी घट्न गएमा आर्थिक र सामाजिक विकासका सूचक कमजोर हुँदै गई मुलुक झन् गरिबीको चपेटामा पर्न सक्छ ।

अर्कोतर्फ, चर्को र धेरै किसिमका करकै कारण व्यवसायीको मनोबल कमजोर हुने, पुँजी पलायन हुने, अनौपचारिक आर्थिक क्रियाकलापमा वृद्धि भई राजस्व चुहावट अत्यधिक बढ्दै जाने र समानान्तर अर्थतन्त्रले मुलुक धरासयी हुन सक्ने जस्ता भयावह अवस्था आउन सक्नेतर्फ पनि सचेत हुनु आवश्यक छ ।

नेपालको वर्तमान कर प्रणाली र करका दरलाई औसत रूपमै हेरिन्छ । संस्थागत आयकरतर्फ पनि सामान्य करको दर २५ प्रतिशत धेरै होइन । अझ उद्योगहरूलाई यो २० प्रतिशत कायम गरिएको छ । उद्योगको उत्पादन क्षमता, रोजगारी र भौगोलिक/क्षेत्रीय अवस्थितिसमेतलाई ध्यानमा राखेर थप सुविधा पनि दिइएको छ । त्यस्तै, पूर्वाधार विकास (जलविद्युत्)का क्षेत्रमा लगानी आकर्षित गर्न ५ देखि १० वर्षसम्म पूरै आयकर छुट हुने र त्यसपछि निश्चित अवधिसम्म ५० प्रतिशत आयकर छुट हुने व्यवस्थाले लगानी आकर्षण हुने बाटो चौडा बनाएको छ । बैङ्क तथा वित्तीय संस्था एवम् चुरोट मदिरालगायत व्यवसाय सञ्चालन गर्ने निकायलाई करको दर ३० प्रतिशत राखिएको छ । तर यी निकायको कारोबारको अवस्था, लगानी सुनिश्चितता र उपभोग निरूत्साहन गर्नुपर्ने बाध्यात्मक अवस्था जस्ता कारणले पनि यो दरलाई उच्च मान्नुपर्दैन ।

करिब १८ लाख २ हजार ५ सय करदाता आयकरको दायरामा छन्, जसमध्ये व्यावसायिक करदाता १० लाख ३६ हजार २ सय ४६ र व्यक्तिगत लेखा नम्बर लिने ७ लाख ६६ हजार २ सय जति छ । मुलुकमा बढिरहेको आर्थिक गतिविधि, व्यवसायमा भएको विस्तार एवम् मुलुकको जनसङ्ख्याको अनुपातमा यो सङ्ख्या न्यून हो । त्यसले अब करको दायरामा नआएका सबै पेसा व्यवसायलाई लक्ष्य गरी करदाता शिक्षा र करदर्ता अभियान घनीभूत रूपमा सञ्चालन गरी करको दायरा वृद्धि गर्नुपर्छ ।

आव २०७४/७५ को सङ्कलन हेर्दा आयकरको योगदान कर राजस्वमा २४.२४ प्रतिशत मात्र छ । आयकरमा दर्ता भएर विवरण नै नबुझाउने ननफाइलर करदाताको सङ्ख्या ४८.४ प्रतिशत छ भने कर भुक्तानीमा शून्य योगदान भएका करदाता ५९ प्रतिशत रहेको आन्तरिक राजस्व विभागको तथ्याङ्कले देखाउँछ ।

यो तथ्याङ्कबाट पनि अब कर प्रशासनको अर्जुनदृष्टि कानुनको परिपालना गराउनुपर्नेमा देखिन्छ । अनौपचारिक कारोबारलाई औपचारिक दायरामा ल्याई कर सङ्कलनमा प्रभावकारिता वढाउनेतर्फ जोड दिन सके फराकिलो दायराबाटै कर सङ्कलनमा वृद्धि हुनेछ । जति उच्च करका दर त्यति नै कर चुहावटको जोखिम भन्ने मान्यतालाई ध्यानमा राखी अबको कर प्रशासन अघि बढ्नुपर्छ ।

> अब कर प्रशासनको अर्जुनदृष्टि कानुनको परिपालना गराउनुपर्नेमा देखिन्छ ।

The Banker
Bank of the Year 2017
NEPAL

NMB

उच्च ब्याजदरले ल्यायो तरङ्ग

एनएमबि बैंक उमङ्ग वचत खाता

७%
वार्षिक ब्याजदर

*शर्तहरू लागू हुनेछन् ।

थप सुविधाहरू*

डिलाइट कार्ड मार्फत नेपालभर जुनसुकै बैंकको एटिएमहरूबाट रकम निकाल्दा शुल्क नलाग्ने ।

निःशुल्कः एबिबिएस सेवा | डिम्याट खाता

डिलाइट कार्ड, इन्टरनेट बैंकिङ्ग तथा मोबाइल बैंकिङ्गको सेवाशुल्क एकमुष्ठ रू. २५०/- मात्र

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौ | फोनः ९७७-०१-४२४६१६०
टोल फ्रि नं. १६६००१२५२५२ | इमेलः call@nmb.com.np | वेबः www.nmb.com.np

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

Member of
global alliance for banking on values

अब सोच बदलौं

हाम्रो जस्तो मुलुकमा महिला उद्यमशीलतालाई अघि नबढाएसम्म देश आर्थिक र सामाजिक रूपमा विकास गर्न सक्दैन ।

शारदा रिजाल

पछिल्लो एक दशकमा नेपालले महिला अधिकारका दृष्टिले निकै ठूलो उपलब्धि हासिल गरेको छ । पहिलो पटक जनताले आफ्नो भाग्य आफैंले कोर्न पाउने स्वर्णिम अवसर पाएका छन् । यस्तै, लामो समयपछि हासिले राजनीतिक उपलब्धि संस्थागत गर्न हालै गठित तीनओटै सरकार, हरेक तह र तप्कामा महिला सहभागिता बढ्नुले पनि महिला अधिकारका दृष्टिले बलियो हुँदै गएको सावित भएको छ ।

यद्यपि राजनीतिक नारा र सहभागिताले मात्रै महिला अधिकार सुनिश्चित हुन सक्दैन । चुलोचौकोमा सीमित महिलालाई घरबाहिर ल्याउनु, शिक्षा, स्वास्थ्य र रोजगारका अवसर प्रदान गर्दै र आर्थिक रूपमा महिलालाई अब्बल बनाउनु र सम्पत्तिको अधिकार महिलामा स्थापित गर्नु आजको आवश्यकता पनि हो ।

नेपालले राजनीतिक रूपमा महिला अधिकारका क्षेत्रमा हासिल गरेको उपलब्धिलाई राज्यको नीति निर्माण तहमा सहभागिता बढाउन सफल भए पनि यसको दिगोपना अर्थात् निरन्तरताका लागि महिला उद्यमशीलता विकास र महिला सशक्तीकरण नै एक मात्र विकल्प हो, जसबाट सरकारले चाहेको दिगो विकासको लक्ष्य र 'समृद्ध नेपाल सुखी नेपाली'को नारा स्थापित हुन संभव छ । त्यस्तै हाम्रो जस्तो मुलुकमा महिला उद्यमशीलतालाई अघि नबढाएसम्म देश आर्थिक र सामाजिक रूपमा विकास गर्न सक्दैन ।

नेपालमा महिला उद्यमशीलताको इतिहास लामो छैन र ठूलो सङ्ख्यामा महिला उद्यमीहरू क्रियाशील रहेको अवस्था पनि छैन । साना र घरेलु उद्योगमा महिलाको उपस्थिति केही सुधारोन्मुख एवम् आशालाग्दो भए पनि ठूला उद्योगमा महिलाको उपस्थिति ज्यादै न्यून छ । सबै देशका लागि महिला उद्यमशीलता अत्यावश्यक कुरा हो । यसले आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउँछ भन्ने सोचको अझै विकास नहुँदा महिला उद्यशीलतामा सोचेअनुरूप प्रतिफल पाउन सकिएको छैन ।

उद्यमशीलताका विषयमा विकसित मुलुकहरूमा महिला र पुरूषबीच भिन्नता छैन । विश्वका विकसित देशका महिलाले उद्यमशीलताका क्षेत्रमा फड्को मारिसकेका छन् । हाम्रो समाज पुरूषमा लगानी गर्दा सुरक्षित र महिलामा लगानी गर्दा असुरक्षित हुन्छ भन्ने सोचबाट ग्रस्त छ । बढी लगानी लगाएर उद्योग खोले भने त्यसलाई महिलाले सञ्चालन गर्न सक्दैनन् भन्ने दृष्टि छ । हाम्रो सोचमा परिवर्तन नल्याएसम्म जस्तोसुकै कानुन बनाए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन कठिन छ । हालै सार्वजनिक भएको एउटा प्रतिवेदनले दक्षिण एसियासहितका करिब २० मुलुकले महिलालाई अवसरका रूपमा मात्रै उपयोग गरेको देखाएको छ । यसले पनि महिलाहरू अझै चुनौतीको चौघेरामा छन् भन्ने कुराको पुष्टि गरेको छ ।

हाम्रो इतिहासलाई हेर्ने हो भने पनि पहिलेदेखि नै महिलाहरू चुलोचौकोमा मात्रै सीमित रहने र जहाँ महिलालाई सार्वजनिक क्रियाकलामा कुनै अधिकारको उपयोग गर्न कठिन हुने अवस्थामा राखियो, जसले विभिन्न बाधाअडचनले महिलाहरू घेरिए र निर्णय लिने अधिकार पुरूषमा भर पर्ने र शिक्षा, स्वास्थ्य, रोजगार, आयआर्जनलगायतका व्यावहारिक क्रियाकलापमा पुरूष नै सक्रिय हुने अवस्थाले गर्दा महिलाहरू तुलनात्मक रूपमा पछि पर्नुलाई स्विकानैपर्छ ।

पछिल्लो तथ्याङ्कअनुसार तुलनात्मक रूपमा महिलाहरू केही अघि आए पनि शैक्षिक क्षेत्रमा पुरूषभन्दा कमै छन् । नेपालमा ७१.६ प्रतिशत पुरूष साक्षर हुँदा महिलाहरूको साक्षरता दर ४४.५ प्रतिशत छ । जब कि महिलाको हिस्सा ५१ प्रतिशत छ । महिलाहरूकै कडा परिश्रमका बाबजुत पनि आर्थिक क्रियाकलापका क्षेत्रमा कमै सहभागी छन् । जति महिलाहरू आर्थिक क्रियाकलापमा सक्रिया छन्, उनीहरूको पहुँच तथा ज्यालादर पनि एकदमै न्यून रहने र त्यो पनि सहर केन्द्रित छ ।

यद्यपि पछिल्लो समय यस क्षेत्रका महिलाहरूमा पनि चेतनाको विकास भएको छ । केही गर्नुपर्छ भन्ने भावना पलाएको छ । हालको तथ्याङ्कअनुसार पनि जम्मा उद्यमीहरूमध्ये महिलाको हिस्सा ३० प्रतिशत छ, त्यसमा अधिकांश साना उद्योग नै छन् । गत आर्थिक वर्षसम्म जम्मा उद्यमीको सङ्ख्या ३६ हजार ६ सङ्ख्या ४२ रहेकोमा त्यसमध्ये महिला उद्यमी १० हजार ७ सय ३८ छन् । घरेलु तथा साना उद्योग विभागले उपलब्ध गराएको यो तथ्याङ्क हेर्दा पछिल्लो ६ वर्ष अवधिमा महिला उद्यमीको हिस्सा १० प्रतिशतले वृद्धि भएको छ । साना र मझौला उद्योग नै ठूला उद्योगको आधारशीला भए पनि नेपालले अहिलेसम्म ठूला उद्योगमा महिलाको सहभागिता बढाउन सकेको छैन । महिलाले नै नेतृत्व गरेका ठूला उद्योग औंलामै सीमित छन् ।

महिलाको आर्थिक सशक्तीकरणलाई हेर्ने हो भने नेपाल दक्षिण एसियाली क्षेत्रमा मध्यमस्तरमा छ । एक अध्ययनअनुसार नेपालभन्दा अगाडि श्रीलङ्का र भुटान छन् भने भारत र पाकिस्तानभन्दा नेपाल अगाडि छ । बङ्गलादेश र नेपाल उस्तैउस्तै छ । दक्षिण एसियामा साना तथा मझौला उद्यमीको समग्र सङ्ख्या १० प्रतिशत रहेकोमा नेपालमा भने ३० प्रतिशत हुनुलाई कमजोर रूपमा हेर्न मिल्दैन । नेपालभन्दा प्रतिशतका आधारमा भुटानमा महिला उद्यमीको सङ्ख्या बढी हुनु र नेपाल-भुटानबीचको भौगोलिक अवस्थिति उस्तै रहेकाले नेपालमा अझै पनि महिला उद्यमीको सङ्ख्या बढ्न सक्छ भन्ने देखिएको छ । अर्कातर्फ नेपालले छिमेकी मुलुकका महिलासँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था नै छैन ।

नेपालमा यति बेला महिला उद्यमीको सङ्ख्या बढाउने आवश्यकता छ भने अर्कातर्फ साना तथा मझौला उद्यमीलाई कसरी माथि ल्याउने भन्ने चुनौती पनि छ । महिला उद्यमशीलता विकासको अवरोधका रूपमा रहेको बजार, सीप विकास, लगानीलगायत

> नेपालको जैविक तथा सामाजिक र सांस्कृतिक विविधताअनुसार कुनै पनि वस्तुको व्यापक उत्पादनभन्दा स्थानीय आवश्यकताअनुसारका मौलिक वस्तु उत्पादन पनि उत्तिकै जरुरी छ ।

समस्या समाधान गर्न सरकारको भूमिका पनि महत्त्वपूर्ण पाटो हो भने महिलामा थप चेतनाको विस्तार पनि उत्तिकै आवश्यक छ । अहिले तथ्याङ्कमा महिलाले सञ्चालन गरेका उद्योगको सङ्ख्या कम देखिनु वा महिला उद्यमीकै सङ्ख्या कम देखिनुको मूल कारण भने महिलाहरू बढी मात्रामा अनौपचारिक रूपको उद्यममा व्यस्त रहनु नै हो । हालसम्म महिला उद्यमी वा लगानीकर्ताको सङ्ख्या केकति छ भन्ने आधिकारिक तथ्याङ्क कुनै पनि निकायसँग छैन । तथापि सरकारले औद्योगिक नीति, ०६७ मा महिला उद्यमीहरूका लागि छुट्टै व्यवस्था गरेपछि साना तथा घरेलु उद्योगमा महिला उद्यमीहरूको आकर्षण बढेको छ, यसैलाई पूर्ण मान्न सकिँदैन ।

औद्योगिक नीतिले महिलाका नाममा दर्ता हुने उद्योगलाई ३५ प्रतिशतसम्म दर्ता छुट गर्नुपर्ने व्यवस्था गरेको छ । यसबाहेक सरकारले महिलाको नाममा घरजग्गा, उद्योग दर्ता गर्दा सरकारी दस्तुरमा छुटको व्यवस्था गरेको छ । महिलाले दर्ता गरे २० प्रतिशत छुट दिने व्यवस्था छ । स्वदेशी श्रम, सीप, पुँजी र प्रविधिको प्रयोगले सञ्चालन हुने यस्ता उद्योग महिलालाई उद्यमशील बनाउन मात्र नभई मुलुकको दिगो आर्थिक विकासका लागि पनि उत्तिकै उपयोगी हुन सक्छन् ।

नेपालको आर्थिक विकासका लागि महत्त्वपूर्ण मानिएका कृषि, पर्यटन र जलस्रोत तीन क्षेत्रमध्ये जलस्रोतबाहेकका क्षेत्रमा महिलाको उपस्थिति लोभलाग्दो देखिन्छ । तथापि महिलालाई हेर्ने सामाजिक दृष्टिकोणमा भने परिवर्तन गर्नु आजको आवश्यकता पनि हो । किनकि अधिकांश युवा कामको खोजीमा बिदेसिएकाले नेपालको कृषिक्षेत्र महिलाले नै धानेका छन् भन्दा पनि फरक पर्दैन ।

नेपालको आतिथ्य संस्कारमा आधारित पर्यटन क्षेत्रमा पनि महिलाको उपस्थितिले यो क्षेत्रको दिगो विकासमा उल्लेख्य सहयोग गरेको पाइन्छ । दुर्गम क्षेत्रमा समेत महिलाले होटल र रेस्टुराँ सञ्चालन गरेर आफूलाई स्वावलम्बी सावित गरिरहेका छन् । यस्तै, महिलाले घरमै बसेर गलैंचा, पस्मिना, फेल्ट जस्ता व्यवसायको मूल्य अभिवृद्धिका लागि पुऱ्याइरहेको योगदानको जति प्रशंसा गरे पनि कम हुन्छ । समग्रमा नेपालको जैविक तथा सामाजिक र सांस्कृतिक विविधताअनुसार कुनै पनि वस्तुको व्यापक उत्पादनभन्दा स्थानीय आवश्यकताअनुसारका मौलिक वस्तु उत्पादन पनि उत्तिकै जरूरी छ । यसका लागि लघु घरेलु उद्योगको विकास र विस्तार तथा यसको आधुनिकीकरणका माध्यमले महिला सशक्तीकरण अघि बढाउन सकिन्छ । यसका लागि महिला उद्यमी महासङ्घले अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको पनि छ । महिला उद्यमशीलताको वकालत पनि गरिरहेको छ ।

यस्तै महिला उद्यमशीलताका लागि वित्तीय पहुँच बढाउने, सहुलियतपूर्ण ऋण उपलब्धताका लागि प्रक्रिया थाल्नेलगायत काम महासङ्घले गरिरहेको छ । महिला उद्यमशीलताका क्षेत्रमा भइरहेका कामलाई एकीकृत गरी अगाडि बढाउन सकियो भने आउँदो दशकसम्म हामीले उत्साहजनक नतिजा पाउन सक्छौं । नेपाल महिला उद्यमशीलताका लागि संसारकै उपयुक्त गन्तव्य पनि हो भन्ने सत्यलाई स्थापित गर्नु आजको चुनौती पनि हो ।

यसर्थ महिलालाई जिम्मेवारी दिइयो भने जुनसुकै काम सफल रूपमा गर्न सक्छन् भन्ने कुरा देशको उच्च पदमा महिलाले गरेको नेतृत्वबाट पनि पुष्टि भइसकेको छ । भर्खरै वामे सर्दै गरेको महिला उद्यमशीलताको विकासका लागि हाम्रो सामाजिक संस्कार, संरचना र आचरणमा परिवर्तन गर्नु जरूरी छ । यससँगै नीतिगत व्यवस्थामा सुधार, हरेक क्षेत्रमा महिलाको पहुँच र स्थानीय उत्पादनको बजार प्रवर्द्धनमा राज्यले ध्यान दिन सकेमा नयाँ नेपालको विकास र समृद्धिको लक्ष्य साकार हुन सक्छ ।

Panchakanya
GROUP

sheltering solutions

Panchakanya STEEL
Panchakanya WIRES
Panchakanya HDPE PIPES
Panchakanya PVC PIPES & FITTINGS
Panchakanya PP-R PIPES & FITTINGS
Panchakanya CPVC PIPING SYSTEM
Panchakanya RMC READYMIX CONCRETE
Panchakanya SS STAINLESS STEEL WATER TANK
Panchakanya SS STRUCTURAL STEEL
Panchakanya PROFILE
EXPLORE INTERNATIONAL
Ujjwal Energy (P.) Ltd.
EXPLORE EARTH MOVERS PVT. LTD.
Nepal Bitumen & Barrel Udyog Ltd.
Nepal Cylinders (P) Ltd.

Panchakanya Bhawan, Krishna Galli, Lalitpur • Tel: +977-1-5526551 • www.panchakanya.com • Toll Free No. 1660-01-70007

सम्पत्ति, स्वामित्व र सार्वजनिक हितमा सर्वोच्च अदालतका तीन फैसला

सम्पत्तिको स्वामित्व र सार्वजनिक हितको मामिलामा नेपालको न्यायालय कस्तो विधिशास्त्रीय मान्यता स्थापित गर्दै छ ?

शिव गाउँले

(१) कालिमाटी-नागढुङ्गा सडक विस्तार

सरकारले कालीमाटी-नागढुङ्गा खण्डमा सडक विस्तार आयोजना सञ्चालन गर्दा आफ्ना घरटहरा भत्काउन खोजेको भनेर सडक आसपासका बासिन्दाले क्षतिपूर्ति माग गरेर सर्वोच्च अदालतमा मुद्दा दर्ता गरे । त्यसबारेमा एक वर्षअघि सर्वोच्चको पूर्ण इजलासले गरेको एउटा आदेश निकै गम्भीर थियो । आदेशको सार, 'निजी सम्पत्तिमाथि राज्यले आफ्नो हक स्थापित गर्दा त्यसको क्षतिपूर्ति दिनु जरूरी हुन्छ' भन्ने थियो ।

'नागरिकको निजी सम्पत्ति निजको स्वेच्छाले बाहेक सरकारले प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेको प्रक्रिया पूरा गरी मुआब्जा वा क्षतिपूर्ति प्रदान गर्नू' भन्ने सो आदेश सर्वोच्चका तीन न्यायाधीश केदारप्रसाद चालिसे, हरिकृष्ण कार्की र पुरूषोत्तम भण्डारीको पूर्ण इजलासले २ असोज २०७४ मा गरेको थियो । आदेशको मुख्य अंश यस्तो थियो–

(१) नागरिकको निजी सम्पत्ति निजको स्वेच्छाले बाहेक सरकारले प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेको प्रक्रिया पूरा गरी मुआब्जा वा क्षतिपूर्ति प्रदान गर्नुपर्ने देखिन्छ भन्ने कानुनको अनिवार्य सर्त हो भन्ने सर्वोच्च अदालतका यसअघिका फैसलाको मर्म रहेको पाइन्छ । त्यसको अनिवार्य पालना हुनु जरूरी छ ।

(२) कानुनबमोजिम आर्जित र सञ्चित सम्पत्तिको सुरक्षाका लागि क्षतिपूर्ति प्रदान गरी नागरिकको सम्पत्तिको हकको सुनिश्चितता प्रदान गर्न मौलिक हकको प्रावधान संविधानमा राखिएको हो ।

(३) सार्वजनिक सडक ऐनले सडक सीमाका निम्ति जग्गा प्राप्त गर्नुपर्ने व्यवस्था गरेको हुँदा जग्गा प्राप्त गरेर मात्रै सडक सीमा तोक्ने काम गर्नू ।

(४) आवासका हकबाट वञ्चित गर्ने कार्यलाई अत्यन्तै संवेदनशील रूपमा ग्रहण गर्नू । विकल्पहीन अवस्थाबाहेक आवासको सुरक्षालाई प्रतिकूल असर पर्ने कार्य नगर्नू र नगराउनू ।

(५) सहज, सरल, प्रभावकारी र निर्विविवाद रूपमा जग्गा प्राप्त गर्ने माध्यम वार्ता भएको हुँदा विज्ञ समूहबाट सरोकारवालासँग वार्ता गरी जग्गा प्राप्त गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नू ।

सर्वोच्चको फैसलाले के स्पष्ट पार्छ भने व्यक्तिको निजी सम्पत्ति प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनुपर्छ । बिनाक्षतिपूर्ति कसैको सम्पत्ति राज्यले समेत आफ्नो बनाउन खोज्नु संविधान र कानुनको उल्लङ्घन हो । व्यक्तिको सम्पत्तिको संवैधानिक संरक्षण हुने व्यवस्था उद्धृत गर्दै अदालतले भनेको छ, 'कानुनी रूपमा आर्जन गरेको सम्पत्तिको संरक्षण व्यक्तिको संवैधानिक हक हो । तसर्थ सरकारले यसमा अन्यथा गर्न पाउँदैन ।' यसमा सम्बन्धित व्यक्तिको सहमति खोज्न प्रेरित गर्दै अदालतले वार्ताको माध्यमद्वारा जग्गा प्राप्त गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्नू भनेको छ ।

अदालतको यो फैसलाको उत्तिकै आलोचना पनि भएको छ । कतिपयले यसलाई सार्वजनिक पूर्वाधार निमार्णका क्षेत्रमा कालो धब्बासमेत भनेका छन् । उनीहरूको तर्क छ, 'वार्ताद्वारा व्यक्तिको सहमतिमा जग्गा प्राप्त गर्न करिबकरिब असम्भव छ । यदि चलनचल्तीको दरमा व्यक्तिलाई सहमत

गराएर जग्गा प्राप्त गर्ने हो भने पनि यो यति महँगो सावित हुन्छ कि राज्यले सडक विस्तारको कामै गर्न सक्दैन ।' सार्वजनिक पूर्वाधारको क्षेत्रमा काम गर्ने एक उपल्लो तहका सरकारी अधिकारीका भनाइमा 'आदेशअनुसार जाने हो भने अहिले चलिरहेकै परियोजना सम्पन्न गर्न झन्डै १ खर्ब रूपैयाँ पर्न आउँछ ।' सार्वजनिक पूर्वाधार निर्माण मामिला बुझेका एक सांसदको भनाइमा सर्वोच्चले आफ्नो आदेशको पुनरवलोकन गरेन भने अब सार्वजनिक पूर्वाधार निर्माण प्रक्रिया अघि बढ्नै सक्दैन ।

व्यक्तिको सम्पत्तिमाथिको अधिकार र सार्वजनिक हितमा राज्यले यसको उपयोग कसरी गर्न पाउँछ ? यसको प्राथमिकता कसरी निर्धारण हुन्छ ? व्यक्तिको अधिकार पहिले कि सार्वजनिक हित पहिले ? यस मामिलामा नेपाली मिडियामा पर्याप्त छलफल हुन बाँकी छ । मेरो बुझाइमा अहिलेसम्म मिडिया एक प्रकारले यता न उता देखिएको छ ।

> व्यक्तिको सम्पत्तिमाथिको अधिकार र सार्वजनिक हितमा राज्यले यसको उपयोग कसरी गर्न पाउँछ ? यसको प्राथमिकता कसरी निर्धारण हुन्छ ? व्यक्तिको अधिकार पहिले कि सार्वजनिक हित पहिले ?

(२) स्कुलको जग्गा सार्वजनिक हो, भाडामा नलगाऊ

अदालत भन्छ- *सामुदायिक विद्यालयका नाममा रहेको जग्गा स्कुलको जग्गा मात्रै होइन, त्यो त सार्वजनिक सम्पत्ति हो ।*

सर्वोच्च अदालतको अर्को एउटा फैसलाले देशभर सामुदायिक विद्यालयका नाममा रहेको जग्गालाई 'सार्वजनिक सम्पत्ति' भनेको छ । अदालतले त्यस्तो सार्वजनिक सम्पत्ति बेच्न, मास्न र बेचेसरह हुने गरी भाडामा लगाउनसमेत बन्देज लगाएको छ ।

अधिवक्ता देवेन्द्र न्यौपानेसहित चार जनाले चितवन माविको ९ बिघा जग्गा ४९ वर्षका लागि भाडामा दिने विद्यालय सञ्चालक समितिको निर्णयविरूद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । डेढ वर्षअघि फैसला भएर २०७५ असारमा पूर्ण पाठ तयार भएको सो फैसला न्यायाधीशद्वय विश्वभरप्रसाद श्रेष्ठ र आनन्दमोहन भट्टराईको संयुक्त इजलासले गरेको हो ।

सार्वजनिक सम्पत्ति भनेको के हो ? यसको प्रयोग कसरी गरिनुपर्छ ? यस्तो सम्पत्ति प्रयोग वा संरक्षण गर्ने जिम्मेवारी भएका व्यक्ति वा समितिको दायित्व के हुन्छ ? सर्वोच्चले बडो सरल भाषामा स्पष्टसँग बोलेको छ । फैसला भन्छ, 'सार्वजनिक सम्पत्तिको सही र उचित व्यवस्थापन नै सामुदायिक विद्यालयको चुरो कुरा हो । सार्वजनिकको अर्थ जसलाई जे मन लाग्यो, त्यो गर्न पाउनुपर्छ भन्ने कदापि होइन । जुन उद्देश्यका लागि त्यो सम्पत्ति अर्पण गरिएको हो, त्यही प्रयोजनामा त्यसको उपयोग गरिनुपर्छ । यस्तो सम्पत्तिको जिम्मा लिएकाहरू त्यही उद्देश्यमा बाँधिनुपर्छ । उनीहरूले समुदायको हितको काम गर्नुपर्छ ।'

फैसलामा भनिएको छ, 'विद्यालयको सम्पत्तिको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन हितलाई ध्यानमा राखी व्यवस्थापन गर्नुपर्छ । त्यस्तो व्यवस्थापनको केन्द्रमा त्यहाँ पढ्ने विद्यार्थीहरू रहनुपर्दछ । उनीहरूका लागि शैक्षिक शारीरिक, मानसिक र सामाजिक विकासका लागि विद्यालयमा उपयुक्त वातावरण निर्माण गरिनुपर्छ । कुनै जमानामा ९ बिघा क्षेत्रफलमा फैलिएको विद्यालयको आज कुनै खेल मैदान छैन भनिनु दुःखको कुरा हो । शिक्षा ऐन

र नियमावालीको पनि यो अपेक्षा होइन ।'

सार्वजनिक सम्पत्तिमा मनलाग्दी गर्ने परम्परा चुलिएको बेला आएको सर्वोच्चको यो आदेश ऐतिहासिक महत्त्वको छ । आज मुलुकभर सामुदायिक विद्यालयको स्रोत स्थानीय सिकारू राजनीतिक कार्यकर्ताको दोहनको स्रोत बनेको छ ।

चुनाव जितेर पदमा पुगेपछि सार्वजनिक सम्पत्तिमा मनलाग्दी गर्न पाइन्छ भन्ने मनोगत चिन्तन हाबी भएको बेला अदालतले जनताको नासो जनतासँगै राख भनेको हो । यसले स्कुल नानीहरूका लागि खेल मैदान, खुला ठाउँको संरक्षण र विद्यालय हाताभित्र शारीरिक, शैक्षिक, मानसिक र सामाजिक अभ्यासका खेलहरू खेलाउन, पढाउन ती ठाउँहरू जरूरी छन् भन्ने सिकाएको छ ।

सार्वजनिक सम्पत्तिको संरक्षणका पक्षमा सर्वोच्चले गरेको यति महत्त्वपूर्ण फैसला सार्वजनिक आमसञ्चार माध्यमका लागि भने खासै ठूला समाचार बनेनन् । केही विषयगत प्रकाशनहरूले बाहेक मूल धारमध्येका थोरैले मात्रै यसबारेमा औपचारिक समाचार दिए । मुलुकमा अहिले पनि सयौं बिघा जमिन हुने विद्यालय थुप्रै छन् । तिनको सम्पत्ति सार्वजनिक सम्पत्ति हो भन्ने चेतना यो फैसलाले दियो मात्रै भने पनि ठूलो उपलब्धि हुनेछ । राजधानीभित्रै ललितपुर सातदोबाटोको महेन्द्र आदर्श मावि र पाटनढोका नजिकैको मदन स्मारक मावि जस्ता विद्यालयका जमिन सहरी अतिक्रमणको चपेटामा पर्नबाट यो फैसलाले जोगाउला/नजोगाउला भन्नेमा मिडियाको ध्यान गएको देखिँदैन ।

> सार्वजनिकको अर्थ जसलाई जे मन लाग्यो, त्यो गर्न पाउनुपर्छ भन्ने कदापि होइन । जुन उद्देश्यका लागि त्यो सम्पत्ति अर्पण गारिएको हो, त्यही प्रयोजनामा त्यसको उपयोग गारिनुपर्छ । यस्तो सम्पत्तिको जिम्मा लिएकाहरु त्यही उद्देश्यमा बाँधिनुपर्छ । उनीहरुले समुदायको हितको काम गर्नुपर्छ ।

(३) फेवाताल संरक्षण गर, प्रकृतिले यो पुस्तालाई सुम्पिएको नासो हो त्यो

प्रकृतिले दिएको नासो हामीले आउँदो पुस्ताका लागि पनि उत्तिकै सुरक्षित छाडेर जान पर्दछ- सर्वोच्च अदालत

सार्वजनिक सम्पत्ति जोगाउने पक्षमा सर्वोच्च अदालतबाट भएको अर्को आदेश हो– फेवाताल संरक्षणसम्बन्धी । सर्वोच्चको संयुक्त इजलाससले ६ महिनाभित्र फेवातालको चार किल्ला कायम गर्न सरकारका नाममा आदेश दिएको छ । न्यायाधीशद्वय ओमप्रकाश मिश्र र सपना प्रधान मल्लले व्यक्तिको नाममा दर्ता भएको तालको जमिन एक वर्षभित्र तालकै नाममा स्थापित गर्न आदेश दिएको हो ।

१० माघ २०६७ मा अधिवक्ता खगेन्द्र सुवेदीले फेवाताल संरक्षण गर्न सार्वजनिक महत्त्वको रिट दर्ता गराएका थिए । नागरिक दैनिकको एक रिपोर्टअनुसार फेवाताल संरक्षणका पक्षमा दिएको आदेशको पूर्ण पाठमा सर्वोच्च अदालत भन्छ, 'फेवातालको अतिक्रमण जग्गा छानबिन गर्न गठित समितिले बुझाएको प्रतिवेदनमा उल्लेख भएअनुसार यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र फेवातालको चार किल्ला कायम गर्नू, गराउन आवश्यक निर्णय गर्नू भनेर नेपाल सरकार मन्त्रिपरिषद्को सचिवालयलाई आदेश दिएको छ । तालको पुरिएको भाग जमिनमा परिणत भई विभिन्न व्यक्तिहरूको नाममा समेत दर्ता भएको देखिएकाले त्यस्तो जमिन पनि तालकै नाममा हुने व्यवस्था गर्नू ।'

आदेशमा भनिएको छ, 'फेवातालमा पुगेको र थप पुग्न सक्ने क्षतिबाट ताल संरक्षण गर्न आवश्यक र निरोधात्मक उपाय तत्काल अवलम्बनका निमित्त साविकमा फेवाताल पुरिएर बनेको केकति जमिन व्यक्तिविशेषको नाममा दर्ता भएको छ ? यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र छानबिन गरी, गराई त्यस्तो दर्ता बदर गरी तालको नाममा दर्ता गर्ने गराउनेतर्फ भूमि सुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार काठमाडौं, मालपोत कार्यालय कास्की, नापी विभाग मीनभवन काठमाडौंसमेतले समन्वय गरी आवश्यक निर्णय गर्नू गराउनू ।'

यसैगरी अदालतले तालको ६५ मिटर भूभागमा पर्ने घर टहरा प्रदेश सरकारसँग समन्वय गरेर ६ महिनाभित्र हटाउन भनेको छ । आदेशमा भनिएको छ, '६५ मिटरसम्मको भूभागमा भवनलगायत तालको संरक्षणमा असर पर्ने कुनै भौतिक संरचना निर्माण गर्न नपाउने गरी संरक्षण क्षेत्र कायम गर्ने भनी कास्की जिल्ला परिषद्को मिति २०६४ असार १५ को तथा पोखरा उपत्यका नगर समितिको बोर्ड बैठकको मिति २०६४ साउन २८ को निर्णय भएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गण्डकी प्रदेशको कार्यपालिकाबीच समन्वय कायम गरी अनधिकृत रूपमा निर्माण भएका त्यस्ता घर, होटललगायतका स्थायी वा अस्थायी संरचना ६ महिनाभित्रै हटाउने व्यवस्था गर्नू, गराउनू ।'

अदालतले 'फेवाताल संरक्षणका लागि थप जग्गाको आवश्यकता परे जग्गा प्राप्ति ऐन, २०३४ तथा सम्बन्धित अन्य कानुनको रित पुऱ्याई फेवाताल आसपासका व्यक्तिगत जग्गासमेत आवश्यकताअनुसार अधिग्रहण गरी तालको दीर्घकालीन संरक्षण गर्न, गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय ताल विकास संरक्षण समिति, मालपोत कार्यालय कास्की, पोखरा उपत्यका नगर विकास समितिसमेतले समन्वय गरी आवश्यक निर्णय गर्नू, गराउनू' भनेको छ ।

यसबारे सञ्चारमाध्यमहरूले अदालती फैसलामा आधारित भएर समाचार लेखे पनि यो फैसलाको गम्भीरता, यसको दीर्घकालीन प्रभाव र प्रकृति संरक्षणमा स्थापना गर्न खोजेको विधिशास्त्रबारे थोरै मात्रै चर्चा भयो । मुख्यतः 'प्रकृतिलाई हामीले जस्ताको तस्तै अर्को पुस्तालाई हस्तान्तरण गर्नुपर्छ' भन्ने अदालती फैसला दीर्घकालीन महत्त्व राख्ने खालको छ । तर धेरै मिडिया फेवाताल वरिपरिका घर, रेस्टुराँ र चर्चित पर्यटन व्यवसायी कर्ण शाक्यको होटल वरिपरि मात्रै सीमित छन् ।


NEW
PROstyle
SOFT & SHINY HAIR OIL FOR MEN
I HAVE THE
X-FACTOR
I HAVE PROstyle SOFT & SHINY
Anmol KC
Actor
Ad Media/018
PROstyle
SOFT & SHINY
HAIR OIL
FOR MEN
ALMOND & ALOE VERA
FOR HAIR FALL CONTROL
"PROstyle for my man"

समृद्धिका लागि सार्वजनिक शिक्षाको सुदृढीकरण

विद्यार्थीमा २१औं शताब्दीमा सफल हुन चाहिने अनुसन्धान, सूचनाको संश्लेषण र विश्लेषण, समूहमा काम गर्ने तथा नेतृत्व लिन सक्ने क्षमता र सीप विकासका लागि हामीले राष्ट्रिय शिक्षा नीतिमा विश्वव्यापी अर्थतन्त्रको र प्रविधिको तीव्र विकाससँगै अगाडि बढ्न सक्ने दूरगामी दृष्टिकोणसहितको पाठ्यक्रम र परीक्षा व्यवस्थापन गर्नुपर्छ ।

शिशिर खनाल

लामो राजनीतिक अस्थिरतापछि गत वर्ष मात्र नेपालले स्थायी सरकारको नेतृत्व पाएको छ । स्थायित्वको आशासँगै समृद्धि र विकासको आकाङ्क्षा राजनीतिक नारा र जनमानस दुवैमा बढेको छ । समृद्धिको एउटा आधार भनेको देशका लागि आवश्यक सक्षम नागरिक र जनशक्ति उत्पादन गर्ने शिक्षा हो । त्यसमा पनि मूलतः सर्वसुलभ सार्वजनिक शिक्षा नै हो । तर नेपालको पछिल्लो समयको सार्वजनिक शिक्षाको अवस्था भने त्यति आशालाग्दो छैन । त्यसैले सार्वजनिक शिक्षाको सबलीकरण र समग्र शिक्षाको पुनर्संरचनामा काम गरिनुपर्ने आजको मुख्य आवश्यकता बनेको छ ।

अन्य विकासोन्मुख तथा अति कम विकसित मुलुकहरूको दाँजोमा नेपालले पछिल्लो समय शिक्षाको पहुँचमा निकै राम्रो प्रयास गरेको छ । शिक्षा मन्त्रालयका अनुसार ५-६ वर्ष उमेर समूहका ९७ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएका छन् । विद्यालय पुगेका विद्यार्थीमा धेरै हदसम्म लैङ्गिक र जातीय समानता पाइएको छ । त्यसैगरी प्रारम्भिक बालकक्षाको पहुँच पनि ८० प्रतिशतभन्दा बढी विद्यार्थीमा रहेको तथा आधार भूत तहमा शिक्षिकाहरूको सङ्ख्या ४५ प्रतिशत हाराहारीमा पुगेको छ । यसरी हेर्दा पहुँच र समानता बढाउन गरिएका पछिल्ला प्रयासहरूले सफलता पाएको देखिन्छ । अब हाम्रो सार्वजनिक शिक्षाको मूल समस्या भनेको खस्कँदो गुणस्तर र विश्व परिस्थितिमा अनुपयुक्त र अप्रासङ्गिक शिक्षा हो ।

विद्यालयको तल्लो कक्षामा निकै राम्रो भर्नादर देखिए पनि औसतमा एकतिहाइ विद्यार्थी मात्र कक्षा १० सम्म पुगेर एसएलसीमा (हाल एसईई) सम्मिलित हुन्छन् । सन् २००५ मा झन्डै १५-१६ लाख विद्यार्थी कक्षा १ मा भर्ना भएको तथ्याङ्क शिक्षा मन्त्रालयको फ्लास रिपोर्टमा देखिन्छ । तर १० वर्षपछि सन् २०१५ मा एसएलसी दिने विद्यार्थी जम्मा ४ लाख २९ हजार जति मात्र रहे । त्यसमा पनि ५० प्रतिशतभन्दा कमले एसएलसी उत्तीर्ण गरे । अझ निजी विद्यालयको योगदान हटाउने हो भने त सरकारी विद्यालयको एसएलसी उत्तीर्ण दर प्रतिशत औसतमा ३० प्रतिशतको हाराहारीमा मात्र छ ।

निजी र सरकारी विद्यालयबीचको भिन्नता एसईईको नतिजामा मात्र होइन, तल्लो कक्षादेखि नै शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको नतिजाहरूमा सजिलै देख्न सकिन्छ । सन् २०१५ को कक्षा ५ को परीक्षणमा निजी विद्यालयहरूका विद्यार्थीको सिकाइ उपलब्धि ६०.८ हुँदा सरकारी विद्यालयहरूमा जम्मा ४४.५ मात्र रह्यो । अङ्ग्रेजी विषयमा त यो फरक झन् बढी छ ।

अङ्ग्रेजीतर्फ निजी विद्यालयहरूको सोही कक्षामा सिकाइ उपलब्धि ७३ रहँदा सरकारी विद्यालयमा मात्र ३८ रह्यो । सरकारी विद्यालयका तल्लो कक्षामै देखिने यस्तो कमजोर सिकाइ उपलब्धिका कारणले अभिभावकहरूमा सरकारी विद्यालयप्रति विश्वास घट्दै गई निजी विद्यालयहरूमा आकर्षण बढेको छ । सन् २०११ मा सरकारी विद्यालयमा ८७ प्रतिशत विद्यार्थी रहेकोमा सन् २०१७ घटेर ८३ प्रतिशत मात्र छ भने निजीमा १३ बाट बढेर १७ प्रतिशत पुगेको छ ।

सार्वजनिक शिक्षाको यस्तो भयावह अवस्था रहँदा पनि टिच फर नेपालको पछिल्लो पाँच वर्षको अनुभवले भइरहेकै अवस्थामा पनि राम्रो

सुधार ल्याउन सकिन्छ भन्ने एकातिर देखाएको छ भने अर्कोतर्फ यस्ता साना तर नवीन प्रयासहरूलाई नीतिगत परिवर्तनद्वारा संस्थागत गर्न सक्दा समग्र शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन सकिन्छ भन्ने हाम्रो सिकाइ छ । यस अर्थमा सार्वजनिक शिक्षा सुदृढीकरणका लागि गर्नैपर्ने- हाम्रो अनुभव र सिकाइका केही बुँदाहरू राख्ने प्रयास गरेको छु ।

उत्कृष्ट युवाको परिचालन

सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरू मूलतः अङ्ग्रेजी, गणित र विज्ञान विषयमा निकै कमजोर छन् । एसएलसी (एसईई) परीक्षामा सरकारी विद्यालयबाट अनुत्तीर्ण हुने ९० प्रतिशतभन्दा बढी विद्यार्थी तिनै विषयमध्येबाट हुने गरेको थियो । कारण- यी विषय राम्रोसँग पढाउन सक्ने शिक्षकहरूको निकै ठूलो अभाव छ । यसबाहेक राम्रा र उत्कृष्ट नतिजा ल्याउने नेपाली युवाहरूमा शिक्षण पेसाप्रति कुनै आकर्षण नै भेटिँदैन । यसको सामाजिक, सांस्कृतिक र नीतिगत कारण देखिने गर्दछ । हामीकहाँ एसएलसीपछि नै एउटा विद्यार्थीले विषयगत र विशेषज्ञताको बाटो समात्नुपर्ने हुन्छ । एसएलसीमा राम्रो नतिजामा उत्तीर्ण गर्ने विद्यार्थीमाथि घर, परिवार र समाजले विज्ञान र प्रविधिसम्बन्धी विषय अध्ययन गरेर भविष्यमा डाक्टर वा इन्जिनियर बनिदेयोस् भन्ने अपेक्षा राख्छन् । तर शिक्षण सङ्कायको अध्ययन गर्न भने सबैभन्दा कम अङ्कमा उत्तीर्ण गरेकालाई खुला राखिएको छ ।

त्यसैले शिक्षण पेसा सामाजिक रूपले कम सम्मानजनक र कम अवसर भएको तथा अन्य कहीँ काम भएन भने गर्ने पेसाका रूपमा दरिएको छ । शिक्षा सङ्कायमा अध्ययन गर्न सानैदेखि राम्रो जग र उपलब्धि हासिल गरेका विद्यार्थीहरूलाई न समाजले न त राज्यको नीतिले प्रोत्साहित गरिरहेको छ ।

यस्तो अवस्था चिर्न र राम्रा युवाहरूलाई शिक्षा क्षेत्रमा प्रोत्साहित गर्न टिच फर नेपालले २०७० देखि टिच फर नेपाल फेलोसिप कार्यक्रममार्फत 'उत्कृष्ट नेपाली युवाहरूलाई' सरकारी विद्यालयमा दुई वर्षका लागि स्वयम् सेवक शिक्षकका रूपमा परिचालन गर्न थाल्यो । पहिलो वर्ष ३० जना युवाहरूबाट ललितपुर जिल्लाका दुर्गम गाउँहरूबाट सुरु गरेको यो अभियानमा हालसम्म २ सय ५० भन्दा बढी युवाहरूले सहभागिता जनाइसकेका छन् । २०७५ मा ११० युवाहरू नेपालका ६ जिल्लाका ५१ विद्यालयहरूमा पढाउने र सामाजिक परिवर्तनका काममा सक्रिय छन् ।

यसरी राम्रा युवाहरू विद्यालयमा जाँदै गर्दा त्यसले निकै राम्रो नतिजा देखिएको छ । गएको एसईई परीक्षामा टिच फर नेपालका स्वयम्सेवकहरू काम गर्ने विद्यालयहरूमा कक्षा ११ पढ्न चाहिने न्यूनतम जीपीए (१.६) ल्याउने ९५ प्रतिशत विद्यार्थी थिए । राष्ट्रिय औसतचाहिँ मात्र ७६ प्रतिशत थियो, जसमा निजी विद्यालयको तथ्याङ्क पनि समेटिएको हुन्छ ।

यस्तो नतिजा प्राप्त गर्न टिच फर नेपालले स्वयम्सेवकहरू छनोटमा विशेष ध्यान दिने गर्दछ । सन् २०१४ देखि सन् २०१८ को बीचमा टिच फर नेपालमा ४ हजार १ सय ४४ आवेदन परे । त्यसमध्ये छनोट भएर स्वयम्सेवकका रूपमा काम गर्ने जम्मा ६ प्रतिशतको हाराहारीमा मात्रै छन् । कम्तीमा पनि स्नातक अध्ययन पूरा गरेको व्यक्तिले मात्र दरखास्त दिन पाउने यो कार्यक्रममा सबैभन्दा बढी इन्जिनियरिङ पढाइ पूरा गरेकाहरू छनोट भएको देखियो । शिक्षा सङ्कायबाट अध्ययन गर्नेहरू सबैभन्दा कम (१ प्रतिशत जति मात्र) छनोट भएका छन् । छनोट प्रक्रियामा सङ्कायमा भन्दा जोड विषयगत क्षमताको मापनमा रहेको छ । सामान्यतया शिक्षकका रूपमा काम गर्नुपर्ने कार्यक्रममा शिक्षा सङ्काय स्नातकहरू यति कम छानिनुले हाम्रो शिक्षक र शिक्षण तालिम गर्ने विश्वविद्यालयको उत्पादन निकै नै कमसल रहेकोतर्फ इङ्गित गर्छ । जबससम्म शिक्षक अब्बल हुँदैन, तबसम्म विद्यार्थीको सिकाइको अवस्था सुध्रिन सक्दैन ।

व्यवस्थापनमा सुधार

२०७२ सालको चैतसम्म ग्वार्को चोकबाट ४-५ किलोमिटर दक्षिणतर्फ रहेको भानोदय प्राविमा जम्मा २० जना विद्यार्थी थिए । चार जना दरबन्दीका शिक्षक, तीन कक्षासम्म र मात्र २० जना विद्यार्थी रहेको विद्यालयमा कुनै जमानामा सयौं विद्यार्थी कक्षा आठसम्म पढ्दथे । तर विद्यार्थीको निरन्तर गिरावट देखेर जिल्ला शिक्षा कार्यालयले भानोदयलाई बन्द गरी 'मर्जर'तिर जाने सूचना विद्यालय प्रशासन र व्यवस्थापन समितिलाई दियो । सहरीकरण र आम्दानीको अवसर बढ्दै गएपछि सहरी क्षेत्रहरूमा सरकारीभन्दा निजी विद्यालयहरूमा विद्यार्थीहरूको भर्ना बढ्दै गएको छ, जसले गर्दा सरकारी विद्यालयहरूको अवस्था दयनीय र धेरै क्षेत्रहरूमा बन्द वा 'मर्ज' गरिएका समाचारहरू नियमित रूपमा देखिन्छन् । तर के साँच्चै सरकारी विद्यालयहरू प्रतिस्पर्धा गर्नै नसक्ने हुन् त ?

विद्यालयलाई सुधार्ने जमर्को टिच फर नेपालका दुई 'अलम्नाई' (दुई वर्षको सेवा अवधि पूरा गरिसकेका स्वयम्सेवक)ले लिए । विद्यालय व्यवस्थापन समितिसँग औपचारिक सहमति गरिसकेपछि २०७३ को वैशाखदेखि भइरहेको संरचनामा शिक्षक र प्रधानाध्यापकसँग मिलेर कार्यक्रम बनाए । शिक्षक तालिम गरे । अनि पाठयोजनाअनुसार काम हुन थाल्यो । अत्यन्त निम्न आय भएका र बुवाआमा अरूका लागि काम गर्न जाँदा खाना पनि नपाउने थाहा पाएपछि दिवा

> राम्रा र उत्कृष्ट नतिजा ल्याउने नेपाली युवाहरुमा शिक्षण पेसाप्रति कुनै आकर्षण नै भेटिँदैन । यसको सामाजिक, सांस्कृतिक र नीतिगत कारण देखिने गर्दछ ।

खाजा कार्यक्रमको सुरूवात गरे । स्थानीय व्यक्ति र अन्य संस्थाहरूसँगको सहयोगमा स्कुल ड्रेसको व्यवस्था गरियो । अघिल्लो वर्षसम्म विद्यार्थी उपस्थिति दर ५० प्रतिशत भएकोमा वर्षको अन्त्यसम्म झन्डै ९० प्रतिशत पुग्यो । नयाँ शैक्षिक सत्र सुरू हुँदा विद्यालयमा नयाँ विद्यार्थी भर्ना हुन थाले । २०७५ को शैक्षिक सत्रमा भानोदयमा १ सय ५० जति विद्यार्थी भर्ना भएका छन् । ३५ जना जति निजी विद्यालय छाडेर भानोदयमा आए ।

यसरी यति छोटो समयमै सही व्यवस्थापन र नेतृत्व हुने हो भने सरकारी विद्यालयहरूले पनि निजीसँग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने यो एउटा उदाहरण मात्रै रह्यो ।

राम्रो मानिएको काठमाडौंको ज्ञानोदय मावि होस् या बुटवलको कालिका मावि, सबैको उत्कृष्टताको कारण प्रधानाध्यापकको नेतृत्व र विद्यालय व्यवस्थापन समितिसँगको राम्रो सहकार्य नै देखिन्छ । यस्ता राम्रा केही सफल उदाहरण हुँदाहुँदै पनि हाम्रो शिक्षा प्रणालीमा कस्तो व्यक्ति प्रधानाध्यापक हुने भन्ने कुरामा स्पष्टता छैन । धेरै विद्यालयमा वरिष्ठता वा व्यवस्थापन समितिसँगको राजनीतिक सामीप्यता नै प्रधानाध्यापक हुने आधार बन्छ । यसले गर्दा हाम्रा अधिकांश विद्यालयमा सही नेतृत्वको खडेरी छ । यस अर्थमा शिक्षा सुधार गर्ने नै हो भने व्यवस्थापकीय सुधारमा विशेष पहल हुनुपर्ने देखिन्छ ।

शासकीय र नीतिगत सुदृढीकरण

'सरकारी काम कहिले जाला घाम' भने जस्तै शिक्षकहरू काम नै गर्दैनन् भन्ने सामान्य गुनासो सुनिन्छ । तर, शिक्षकहरूसँगको अन्तरक्रियामा भने केही कुरा यस्तो सुनिन्छ– 'राम्रो गरे नि भा'को छ, नराम्रो गरे नि भा'को छ; राम्रो गरे नि स्यावासी छैन, नराम्रो गरे नि दण्ड छैन । नेपालको शिक्षा प्रणालीमा अनुगमन र पृष्ठपोषणको निकै ठूलो अभाव छ ।'

३०-३५ ओटा विद्यालयमा काम गर्ने सयौं शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने एक जना स्रोत व्यक्तिको व्यवस्था छ । हामीले केही समयअगाडि दाङको तुलसीपुरमा गरेको एक अध्ययनअनुसार निजी र सरकारी गरी १ सय ५० भन्दा बढी विद्यालय, एक हजार जना जति शिक्षक र ४० हजार जनाभन्दा बढी विद्यार्थी भएको उपमहानगरपालिकामा जम्मा दुई जना स्रोत व्यक्ति, एक जना निरीक्षकका रूपमा अधिकृत र एक जना उपसचिव हुनुहुन्छ । चार जनाको यो समूहले विद्यालय कहिले अनुगमन गर्ने ? कहिले तालिमको व्यवस्था गर्ने ? वा अन्य प्रशासनिक काम गर्ने ?

यस्तो कमजोर प्रणालीमा दायित्वबोध र जिम्मेवारीबोध निकै कम रहन्छ । अझ यसको नीतिगत व्यवस्थाले निकै जटिलता थप्छ । कुनै विद्यालयमा कुनै शिक्षकले खोजेको वा चाहेको जस्तो काम गरेन भने उसलाई पदबाट हटाउने त निकै परको कुरा, सरूवा गर्न पनि निकै गाह्रो हुने व्यवस्था छ । एकातिर समुदाय र स्थानीय सरकारलाई विद्यालयको दैनिकी धान्नुपर्ने कर छ । अर्कोतिर उसलाई शिक्षक जस्तो महत्त्वपूर्ण पदको भर्ना, सरूवा वा हटाउने सक्ने कुनै व्यवस्था छैन । यसले शिक्षकको पूरै जिम्मेवारीबोध केन्द्रमा रहेको शिक्षा मन्त्रालय वा विभागसँग मात्र जोडिन्छ ।

पाठ्यक्रम र परीक्षा प्रणालीमा नयाँ दृष्टिकोण

हाम्रो राष्ट्रिय शिक्षाले विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । तर अझै पनि हाम्रा परीक्षामा तथ्य र सूचनाको जानकारीलाई प्रमुख रूपमा लिन्छौं । हाम्रो प्रणालीमा पशुपतिको ढोकाको सङ्ख्या, इतिहासमा कुनै शासक वा नाम चलेको व्यक्तिको जन्म वा मृत्युको मिति, कुनै सिद्धान्तको प्रतिपादक आदिको जवाफ दिन सक्ने व्यक्ति मात्र उत्कृष्ट मानिन्छ । कुनै समयमा यस्ता सूचनाको सङ्ग्रह गर्न सक्दा व्यक्तिगत विकासको बाटो खुल्ने थियो । तर सूचनाप्रविधिको पहुँच बढ्दै गर्दा यस्ता सूचना हामी सजिलै प्राप्त गर्न सक्छौं ।

तर विद्यार्थीमा २१औं शताब्दीमा सफल हुन चाहिने अनुसन्धान, सूचनाको संश्लेषण र विश्लेषण, समूहमा काम गर्ने तथा नेतृत्व लिन सक्ने क्षमता र सीप विकासमा हाम्रो प्रयास निकै कम छ । त्यसैले हामी नेपालमा डिग्री भएका तर सीप नभएका र बदलिँदो राष्ट्रिय र विश्वव्यापी परिस्थितिमा प्रतिस्पर्धा नै गर्न नसक्ने अदक्ष र अर्धदक्ष नागरिकहरू उत्पादन गर्दै छौं । झन् प्रविधिको विकाससँगै स्वचालित प्रविधिहरू, 'आर्टिफिसियल इन्टेलिजेन्स'को विकास हुने क्रमको तीव्रतासँगै सीमित सीप र ज्ञानले अबको पुस्तालाई जीविकोपार्जनको बाटो दिँदैन । तर पनि हाम्रो सार्वजनिक छलफल र बहसमा भने २०औं शताब्दीलाई तयार गरिएको 'व्यावसायिक शिक्षा'लाई बढी जोड दिइएको छ ।

अहिलेको अवस्थाबाट अगाडि बढ्न हामीले राष्ट्रिय शिक्षा नीतिमा विश्वव्यापी अर्थतन्त्रको र प्रविधिको तीव्र विकाससँगै अगाडि बढ्न सक्ने दूरगामी दृष्टिकोणसहितको पाठ्यक्रम र परीक्षा व्यवस्थापन गर्नुपर्छ ।

"

हाम्रो राष्ट्रिय शिक्षाले विश्वव्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । तर अझै पनि हाम्रो प्रणालीमा पशुपतिको ढोकाको सङ्ख्या, इतिहासमा कुनै शासक वा नाम चलेको व्यक्तिको जन्म वा मृत्युको मिति, कुनै सिद्धान्तको प्रतिपादक आदिको जवाफ दिन सक्ने व्यक्ति मात्र उत्कृष्ट मानिन्छ ।

NEPAL'S FIRST CABLE CAR

Picturesque and Peaceful
A Pilgrimage with Pleasure

Since centuries, Manakamana Devi has been widely believed to fulfill the wishes of her

Installed by the world renowned Doppelmayr of Austria, our cable cars are at par with the best in the world.

ISO 9001:2008 Certified

मनकामना दर्शन (प्रा.) लि.
MANAKAMANA DARSHAN PVT. LTD.

P.O.Box No.: 4416, Naxal Nagpokhari, Kathmandu, Nepal.
Tel.: 01-4434648, 4434825, 4434860, Fax: 977-1-4434515
Cheres Station, Tel.: 064-460044, 056-410012
@cablecarmanakamana

www.chitawoncoe.com.np/manakamana
E-mail: info@chitawoncoe.com.np

दोहोरो अङ्कको वृद्धि सूत्र

राज्यले सुशासन र प्रविधिको प्रयोग बढाउने हो भने राज्य संयन्त्रको प्रभावकारिता बढ्न गई मुलुकले दुई अङ्कको आर्थिक वृद्धि दशकौंसम्म दिगो रुपमा हासिल गर्न सक्छ । यसो गर्दा नेपाल ४० वर्षमा समृद्ध मुलुकको कोटीमा दर्ज हुन पुग्छ ।

डा. सतीश देवकोटा

नेपालको समग्र तथा दिगो आर्थिक विकासका लागि कृषि र ग्रामीण क्षेत्रको विकास गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकारले सन् १९९५ मा दीर्घकालीन कृषि योजना (एग्रिकल्चर पर्स्पेक्टिभ प्लान) १९९५/९६-२०१४/१५ को तर्जुमा गरेको थियो । त्यस योजनाका मुख्य उद्देश्यहरू (१) कृषि क्षेत्रको आर्थिक वृद्धिलाई प्रतिशतले वृद्धि गरी सन् १९९४/९५ को २.९ प्रतिशतबाट बढाई ४.९ प्रतिशतमा पुऱ्याउने, (२) कृषि क्षेत्रको प्रतिव्यक्ति आय ०.५ प्रतिशत बाट ६ गुणाले बढाएर ३% मा पुऱ्याउने, र (३) तराईको ग्रामीण क्षेत्रमा विद्यमान गरिबी ३३ प्रतिशतबाट घटाएर प्रतिशतमा झार्ने र पहाडको ग्रामीण क्षेत्रमा रहेको गरिबी ६३प्रतिशत बाट घटाएर १९ प्रतिशतमा झार्ने थिए ।

उक्त दीर्घकालीन कृषि योजनाले तय गरेका उद्देश्यहरू हासिल गर्न कृषि विकास रणनीति पनि तयार गरिएको थियो । तर कृषि क्षेत्रसँग सम्बन्धित सरकारी नेतृत्व र नीति निर्माताहरूले सो रणनीतिलाई सही ढङ्गले आत्मसात् गर्न नसक्दा लक्षित उद्देश्य पूरा हुन सकेनन् । उक्त योजनाको २० बर्से कार्यावधिमा कृषिक्षेत्रको आर्थिक वृद्धिदर ०.२५ प्रतिशतले मात्रै वृद्धि भएर सरदर आर्थिक वृद्धिदर ३.१ प्रतिशत मात्रै पुग्यो । यस्तै, कृषि क्षेत्रको प्रतिव्यक्ति आय ०.५ प्रतिशतबाट बढेर १.१ प्रतिशत मात्रै कायम हुन गयो । त्यसमा प्रतिव्यक्ति आय बढ्नुको मुख्य कारण पनि कृषिको उत्पदकत्व बढ्नु सट्टा कृषिमा आश्रित जनसङ्ख्या घट्नु हो ।

यसैगरी आर्थिक वर्ष २०७३/७४ बाट लागू हुने गरी नेपाल सरकारले पुनः बीसबर्से कृषि विकास रणनीति कार्यान्वयनमा ल्याएको छ । मुलुकको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले कृषि क्षेत्रलाई दिगो, प्रतिस्पर्धी र समावेशी बनाएर खाद्य सम्प्रभुताको संरक्षण गर्दै नागरिकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्य यसको छ । सरकारको यो रणनीतिको लक्ष्य कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर हालको सरदर ३.१ प्रतिशतबाट बढाएर ६ प्रतिशतमा पुऱ्याउने, कृषि क्षेत्रमा आश्रित जनसङ्ख्या हालको सरदर ६६ प्रतिशतबाट ३० प्रतिशतमा ल्याउने र ग्रामीण क्षेत्रको गरिबी हालको सरदर २८ प्रतिशतबाट १० प्रतिशतमा झार्ने रहेका छन् । कृषि क्षेत्रको विकासका लागि सरकारले जमिनलाई कृषि तथा पशुको पकेट क्षेत्र, आद्योगिक क्षेत्र, सहरी क्षेत्र, आवास क्षेत्र आदिमा वर्गीकरण गरिने र कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न किसानलाई अनुदानसहित अन्य उत्पादन अभिवृद्धि कार्यक्रमहरूमा सहभागी गराइने उक्त रणनीतिमा उल्लेख छ ।

नेपालमा रहेको कुल कृषियोग्य जमिनमध्ये हाल १८ प्रतिशतमा मात्रै सिँचाइ पहुँच पुगेको छ । तर सन् २०३५ सम्ममा सो सुविधा ८० प्रतिशत जमिनमा पुऱ्याउने सरकारको लक्ष्य यस रणनीतिमा छ । सोही अवधिमा कृषि क्षेत्रको व्यापारघाटा पहिलो पाँच वर्षमै शून्यमा झारेर अघिल्लो २० वर्षमा ५ प्रतिशतसम्म नाफा कमाउने लक्ष्य पनि राखिएको छ । यी लक्ष्य प्राप्त गर्न सरकारले कृषि तथा पशु विकास मन्त्रालयमार्फत हरेक वर्ष ५० अर्ब रूपैयाँ खर्च गर्ने भनिएको छ ।

तर, विगत २० वर्षमा दीर्घकालीन कृषि योजनाले लक्ष्य गरेका उद्देश्यअनुरूप हासिल भएका उपलब्धिहरू, कृषियोग्य जमिनको अत्यधिक खण्डीकरण, कृषि क्षेत्रमा आबद्ध कर्मचारीको कार्यदक्षता र मुलुकको मुख्य श्रमशक्तिका रूपमा रहेका युवा जनशक्तिको पलायन जस्ता सबै कारणलाई एकै ठाउँमा राखेर मूल्याङ्कन गर्दा सरकारले २०७३/७४ मा तयार गरेको बीसबर्से कृषि विकास रणनीतिले तय गरेका लक्ष्यहरू प्राप्त

गर्न ज्यादै कठिन देखिन्छ ।

आर्थिक वृद्धि र पुँजी निर्माण

कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणसँगसँगै त्यस क्षेत्रमा कार्यरत श्रमशक्तिको उत्पादकत्व बढ्छ । यसबाट हुने कृषि उत्पादनको बचत (सर्प्लस) किसानहरूले सहरबजारसम्म आपूर्ति गर्न सक्छन्, जसका कारण कृषिजन्य वस्तुहरूको मूल्य घट्छ भने सहरी क्षेत्रमा कार्यरत श्रमशक्तिको ज्याला त्यस क्षेत्रको उत्पादकत्वको तुलनामा बढ्दैन । फलस्वरूप, उद्योगको नाफा बढ्छ र त्यसलाई पुनः लगानी गर्दा त्यस क्षेत्रको आर्थिक वृद्धिदर पनि बढ्न जान्छ । यसको परिणामस्वरूप समग्र आर्थिक वृद्धि हुन जान्छ ।

कृषि क्षेत्रको उत्पादकत्व बढ्दै जाँदा किसानहरूको आम्दानी वृद्धि भई बचत हुन गएको पुँजी बैङ्किङ क्षेत्रमार्फत अन्य क्षेत्रको विकासमा उपयोग गर्न सकिन्छ, जसले पुनः मुलुकको आर्थिक वृद्धिमा टेवा पुऱ्याउँछ ।

कृषि क्षेत्रको उत्पादन बढ्दा त्यस क्षेत्रका किसानहरूको बढेको आम्दानीमा कर लगाउन सकिन्छ । करबाट उठेको पैसालाई पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा लगाउन सकिन्छ । यसैगरी, कृषिक्षेत्रमा काम गर्ने श्रमशक्ति र किसानहरूलाई उनीहरूको आम्दानीमा सानो प्रतिशत सामाजिक सुरक्षा कर लगाएर उनीहरूलाई पेसाबाट अवकास प्राप्त जीवनमा सामाजिक सुरक्षा भत्ता पनि दिन सकिन्छ ।

कृषि क्षेत्रको उत्पादकत्व वृद्धिसँगै उत्पादन बचतलाई निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न पनि सकिन्छ, जसले मुलुकको समग्र अर्थतन्त्रको स्थिरताका लागि सहयोग पुऱ्याउँछ ।

कृषि क्षेत्रको विकाससँगै कृषि औजार, बीउबिजन, मलखाद र अन्य प्राविधिकहरूको माग बढ्छ । यसबाट सम्बद्ध उद्योगहरूको विस्तार हुन जान्छ । कृषि क्षेत्रको आम्दानीमा वृद्धि हुँदा सो क्षेत्रमा कार्यरत श्रमशक्तिको माग वृद्धि भई औद्योगिक उत्पादनको माग पनि बढ्छ । यसले एकातिर औद्योगिक क्षेत्रको रोजगारी बढाउँछ भने अर्कोतिर औद्योगिक उत्पादन बढ्न गई समग्र अर्थतन्त्रको आर्थिक वृद्धि हुन जान्छ ।

कृषि क्षेत्रको औद्योगिक क्षेत्र र सेवा क्षेत्रसँग माथि भनिए जस्तो विभिन्न किसिमका अन्तरसम्बन्ध रहने हुँदा कृषिक्षेत्रको विकासले गैरकृषि क्षेत्रको विकासमा गुणात्मक असर सिर्जना गर्दछ । त्यो असर करिब १.५ (डेढ गुणा) बराबरको हुन्छ ।



ठूला उद्योगहरू स्थापना गर्न अत्यधिक पुँजी आवश्यक पर्ने र त्यस्ता उद्योगहरूले आफ्नो उत्पादनको लागत र गुणस्तर दुवैमा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नुपर्ने हुँदा साना र विकासशील अर्थतन्त्रमा त्यस्ता उत्पादनको उत्पादन गर्ने क्षमतामा तुलनात्मक लाभ नहुन पनि सक्छ । तर त्यस्ता अर्थतन्त्रहरूले कृषि र कृषिमा आधारित उद्योगहरूको स्थापनाबाट तुलनात्मक लाभ लिन सक्छन् ।

नेपाल जस्तो सानो र अल्पविकसित राष्ट्रमा ग्रामीण क्षेत्रमा बसोवास गर्दै आएका कृषकहरू अत्यधिक मात्रामा गरिब रहेका कारण कृषकहरूको जीवनस्तर उठ्दा दिगो रूपमा गरिबी निवारण हुन सक्छ ।

कृषि विकासका सम्भावना र चुनौती

खेतीयोग्य जमिनलाई बाह्रै महिना सिँचाइ सुविधा दिन सक्ने हो भने हावापानीका हिसाबले नेपालमा वर्षमा ३ बालीसम्म खेती गर्न सकिन्छ । हालसम्म नेपालका धेरैजसो खेतीयोग्य जमिनमा वर्षमा एक बाली र कहीँ वर्षमा दुई बालीसम्म खेती गरिँदै आएको छ । यस खेती पद्धतिलाई परिवर्तन गरी वर्षमा तीन बाली लगाउने व्यवस्था गर्न देहायका चुनौतीहरू छन् ।

- अत्यधिक मात्रामा जग्गाको खण्डीकरण
- कृषि क्षेत्रमा श्रमशक्तिको अभाव
- पूर्वाधारको अभाव
- बजार व्यवस्थापन तथा आपूर्ति संयन्त्रको अभाव, र
- प्रविधिको प्रयोग अभाव

यी चुनौतीहरूलाई चिरेर सम्पूर्ण खेतीयोग्य जमिनमा आधुनिक प्रविधिको प्रयोग गरेर तीन बाली खेती गर्न सक्ने हो भने कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व दुवै दोब्बर गर्न सकिन्छ ।

जबसम्म कृषि क्षेत्रमा रहेको जग्गाको अत्यधिक खण्डीकरणलाई समायोजन गरेर एकीकृत कृषि प्रणालीमा जान सकिँदैन, तबसम्म कृषिक्षेत्रका चुनौतीहरूलाई सङ्गठित रूपमा समाधान गर्न पनि सकिँदैन । त्यसैले कृषि क्षेत्रका चुनौतीहरूलाई समाधान गर्दै यस क्षेत्रको एकीकृत विकास गर्न सामुदायिक खेती र 'कन्ट्र्याक्ट फार्मिङ'को नीति अघि बढाउनुपर्ने हुन्छ ।

क्षेत्रको वृद्धिसँगै गैरकृषि क्षेत्रमा सिर्जना हुने ' मल्टिप्लायर इफेक्ट'का कारण गैरकृषि क्षेत्रको उत्पादनको वृद्धिदर करिब १२.२ प्रतिशत हुन जान्छ । फलस्वरूप नेपालको सरदर आर्थिक वृद्धिदर १० प्रतिशत हुन जान्छ । यसका साथै राज्यले सुशासन र प्रविधिको प्रयोग बढाउने हो भने राज्य संयन्त्रको प्रभावकारिता बढ्न गई मुलुकले दुई अङ्कको आर्थिक वृद्धि दशकौंसम्म दिगो रूपमा हासिल गर्न सक्छ । यसो गर्दा नेपाल ४० वर्षमा समृद्ध मुलुकको कोटीमा दर्ज हुन पुग्छ ।

यस आर्थिक नीतिले उच्च आर्थिक वृद्धिसँगै गरिबी निवारण गर्ने, गरिबीको रेखाबाट माथि आइसकेका तर पुनः गरिबिमा फर्कन सक्ने सम्भावना बोकेका वर्गलाई दिगो रूपमा गरिबीबाट बाहिर निकाल्ने, आयमा रहेको असमानता कम गर्ने र समाजमा रहेको विपन्न वर्गलाई पनि सामाजिक सुरक्षाको व्यवस्थाभित्र ल्याउन सक्ने हुँदा यो आर्थिक नीति समावेशी हुनेछ । र यो प्रक्रियाबाट प्राप्त हुने समृद्धि पनि समावेशी हुनेछ ।

सामुदायिक खेतीअन्तर्गत किसानहरूले समूह निर्माण गरी एकीकृत खेती गर्दछन् । कन्ट्र्याक्ट खेती पद्धतिमा भने निजीक्षेत्रले कृषकको जग्गा भाडामा लिइ खेती गर्छन् ।

यी दुवै मोडलमा कृषि क्षेत्रको मुख्य लगानीकर्ता निजीक्षेत्र हुन्छ भने सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्छ । उत्प्रेरकका रूपमा सरकारले सिँचाइ, मलखाद, आधुनिक बीउबिजनको प्रयोग, कृषिमा प्रयोग हुने ऊर्जा र प्रविधिमा केही समयका लागि आवश्यकताका आधारमा अनुदान वा सहुलियत दिन सक्छ । यसका साथै सरकारले पूर्वाधार विकासअन्तर्गत ग्रामीण कृषि सडक निर्माण र विशेष परिस्थितिमा हरित केन्द्र निर्माणसमेत गर्न सक्छ । कृषकहरूले हरित केन्द्रको प्रयोग गरेबापत निश्चित दस्तुर लगाउन सक्दछ ।

कृषि, पर्यटन र समृद्धि

पर्यटन क्षेत्रको विकाससँगै त्यसले कृषि क्षेत्रमा 'ब्याकवार्ड लिङ्केज' प्रभाव सिर्जना गर्छ । पर्यटकको सङ्ख्यामा वृद्धिसँगै खाद्य वस्तुको माग बढ्ने हुँदा त्यो मागलाई आन्तरिक उत्पादनबाट पूर्ति गर्न सक्दा कृषि क्षेत्रमा रोजगारी र उत्पादनसमेत बढाइदिन्छ, जसका कारण कृषि र पर्यटन क्षेत्रहरू एकैसाथ सङ्गठित क्षेत्रका रूपमा विकास हुन गई ती क्षेत्रका चुनौतीहरूलाई एकैसाथ समाधान गर्न सक्षम हुन जान्छन् ।

अल्पकालीन कृषि विकास नीतिअन्तर्गत हरेक प्रदेशमा एकएक ओटा सामुदायिक खेती र कन्ट्र्याक्ट फार्मिङ मोडलहरूलाई प्रयोग गरी एकीकृत कृषि प्रणालीको विकास गर्न सकिन्छ । त्यस पद्धतिमा आएका समस्या र चुनौतीहरूलाई पहिचान गरी तिनको समाधान गर्नुपर्छ । मध्यकालीन कृषि विकास नीतिअन्तर्गत अल्पकालीन विकासमा पहिचान गरिएका चुनौतीहरूलाई समाधान गरी हरेक प्रदेशमा केही सामुदायिक खेती र केही कन्ट्र्याक्ट फार्मिङ मोडलमा एकीकृत कृषि प्रणालीको प्रयोग र विकास गर्न आवश्यक छ । यस प्रक्रियामा आएका चुनौतीहरूलाई समाधान गरी दीर्घकालीन कृषि विकास नीतिअन्तर्गत राष्ट्रियस्तरमा एकीकृत कृषि प्रणालीको विकास गरी त्यसलाई सम्भव भएसम्म हरेक समय पर्यटनसँग जोड्नुपर्छ ।

माथि प्रस्तावित मोडलमा कृषि र पर्यटनको विकास गर्न सक्ने हो भने कृषि क्षेत्रको उत्पादन बीसबर्से कृषि नीतिले परिकल्पना गरे जस्तै हालको हाराहारी ३ प्रतिशतबाट बढेर ६ प्रतिशत पुग्न सक्छ । यसबाट कृषि

> अल्पकालीन कृषि विकास नीतिअन्तर्गत हरेक प्रदेशमा एकएक ओटा सामुदायिक खेती र कन्ट्र्याक्ट फार्मिङ मोडलहरूलाई प्रयोग गरी एकीकृत कृषि प्रणालीको विकास गर्न सकिन्छ ।

BAJAJ MOTORCYCLES

pulsar TECHNOLOGY OF POWER

THE CHAMP IS HERE

AWESOME TO LOOK AT - INCREDIBLE TO RIDE ON

INTRODUCING

pulsar 150 TD

SPORTIER SPLIT SEATS

WIDER 120MM REAR TYRE

260MM FRONT DISC

230MM REAR DISC

THICKER 37MM FRONT FORK

LONGER WHEEL BASE

AVAILABLE COLOR

BLACK BLUE | BLACK RED | CHROME BLACK

SOLE DISTRIBUTOR FOR NEPAL

HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/pulsarnepal

Bajaj 24x7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Banepa 660295, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Suredhara 4650914, Gwarko 5007553, Thimi 6631386 , Satungal 9813687774

EASTERN REGION:
Illam 520906, Birtamode 540724, Damak 582109, Urlabari 9852641189, Pathari 556082, Biratchowk 545383, Itahari 585442, Biratnagar 526242, Inarwa 561657, Dharan 533996, Khandbari 560251, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9801500751, Mirchaiya 550585, Katari 450207

CENTRAL REGION:
Charikot 421925, Nuwakot 561817, Dhading 521326, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Gaur 521599, Nijgadh 540079, Jitpur 412170, Birgunj 523837, Kalaiya 551525, Hetauda 522498, Parsa 583176, Tadi 563303, Bharatpur 526510, Narayangadh 571089

WESTERN REGION:
Abukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Dulegauda: 9813466422, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bardaghat 580387, Parasi 9802629498, Bhairahawa 521855, Butwal 437849, Tamghas 520419, Rampur 400480, Syangja: 9846345779, Waling 9856055684, Jeetpur (4 No.) 550249, Arghakhachi : 420964, Chandruata 540123

MID-WESTERN REGION:
Pyuthan 460755, Ghorahi 082562423, Tulsipur 523402, Kohalpur 540320, Nepalgunj 522751, Guleriya 420375, Surkhet 521358, Jumla 520205

FAR-WESTERN REGION:
Lamki 540365, Tikapur 560807, Attariya 9851134362, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 410116, Darchula 9858751055

मेरुदण्डीय यातायात प्रविधि कुन ?

१९औं शताब्दीको सुरुवाततिरै रेलवे आयो । रेल सस्तो र चाँडो भएकाले जल यातायात विस्थापित भयो । लगभग दोस्रो विश्वयुद्धपहिलेसम्म रेलवेकै दबदबा रह्यो । तर रेल पनि बिस्तारै 'आउटडेटेड' भयो ।

डा. सूर्यराज आचार्य

हाम्रो यातायात प्रणाली कस्तो हुने ? यो दुईतीन ओटा कारणले सबैभन्दा मोटो प्रश्न हो । पहिलो त यातायात प्रणाली भनेको असाध्यै महँगो भौतिक संरचना हो र त्यसको आयु लामो हुन्छ । कुनैकुनै भौतिक संरचना सयौं वर्षसम्म रहन्छ । ती भौतिक संरचनाले यातायात मात्रै बनाउने होइन, हाम्रा अरु भौतिक विकास जस्तै– सहर कहाँ हुने, हाम्रा गाउँहरू कहाँ राख्ने, उद्योग कारखाना र व्यापार व्यवसाय कहाँ हुने भन्नेलगायतको पनि निर्धारण गर्ने हुँदा यो बहुआयामिक हुन्छ । त्यसैले हामीले यातायात प्रणालीको योजना तर्जुमा गर्दा अथवा संरचना निर्माण गर्दा नै अल्पकालीन रूपमा यात्रु र सामान ढुवानी गर्न मात्र भन्ने सोच राख्न हुँदैन, दीर्घकालीन ढङ्गले हेर्नुपर्छ । साथै यातायातको सम्बन्ध भौतिक विकाससँग मात्र होइन, सँगसँगै प्रविधिको विकास पनि आउने हुँदा त्यसतर्फ पनि ध्यान दिनुपर्छ ।

यातायात प्रविधिको इतिहास हेर्ने हो भने १८औंदेखि १९औं शताब्दीसम्म पश्चिमा देशहरूमा पनि ठुल्ठूला नहर तथा नदीहरूमार्फत जलयातायात नै प्रमुख थियो । १९औं शताब्दीको सुरुवाततिरै रेलवे आयो । रेल सस्तो र चाँडो भएकाले जल यातायात विस्थापित भयो । लगभग दोस्रो विश्युद्धपहिलेसम्म रेलवेकै दबदबा रह्यो । तर रेल पनि बिस्तारै 'आउटडेटेड' भयो ।

दोस्रो विश्वयुद्धभन्दा केही अगाडि जर्मनीबाट ठूलो राजमार्ग सुरू भयो । दोस्रो विश्वयुद्धलगत्तै अमेरिकाले पनि जर्मनीको राजमार्गबाट प्रभावित भएर ठूला राजमार्ग बनाउन थाल्यो । त्यसपछि गाडी र सडक यातायातले रेललाई एकदमै चाँडो विस्थापित गऱ्यो । एक हिसाबले भन्ने हो भने आधुनिक विकासको मूल कुरा नै सडक र गाडी बन्यो । त्यो चाहे समाजको तहमा होस् वा पारिवारिक स्तरमा । गाडी र सकभर घर पनि 'अमेरिकी ड्रिम' भन्ने गरिन्थ्यो । अहिले पनि गाडी किन्ने भनेको यातायातको साधन मात्र होइन, सामाजिक प्रतिष्ठाको बिम्ब पनि हो ।

बीसौं शताब्दीको अन्त्यसम्म लगभग ५० वर्ष संसारभर नै सडक यातायात प्रमुख रह्यो । पछिल्लो चरणमा आएर संसारले जलवायु परिवर्तनलाई चासो दिन थाल्यो । गाडी थोरै हुँदा सडक यातायातलाई जलवायुका सम्बन्धमा खासै असर गरेको थिएन । तर सडक यातायात डिजेल, पेट्रोलबाट निर्देशित हुने भएकाले ७०-८० को दशकमा आइपुग्दा विकसित मुलुकहरूमा यो समस्याका रूपमा देखियो । त्यसपछि बिर्सिसकेको रेलवे प्रविधि उन्नत भएर फेरि आयो ।

हुन त १९६४ मा जापानले टोकियो-ओसाकाको पहिलो बुलेट रेल लाइन खोल्दा देशै दुई पक्षमा विभाजित थियो । एकथरी यो पैसाको नाश हो भन्ने थिए भने अर्कोथरी यो आवश्यक हो भन्ने थिए । रेलवेको पक्षमा हुने खासगरी इन्जिनियर समुदाय थियो । 'जापान जस्तो थोरै भूमि भएको देशमा सडक यातायातका लागि युरोप अमेरिका जस्तो फराकिला राजमार्ग बनाउन ठाउँ नै छैन, हामी धान्न सक्दैनौं, त्यसैले रेलवे उचित हो' भन्ने तर्क थियो । तर त्यसमा पनि पुरानो जस्तो ५०-६० किलोमिटरको गतिमा चल्नेले हुँदैन, द्रुत गतिको रेलवे भनेर एक किसिमले जापान सरकारले जोखिम उठाएर लगभग ५ सय ५० किलोमिटरको उक्त टोकियो-ओसाका रेलवे लाइन निर्माण गऱ्यो । उक्त रेल लाइन खुल्नेबित्तिकै साढे ५ सय किलोमिटर अढाइ घण्टामा तय हुने मात्र नभएर उक्त करिडोरको समग्र आर्थिक विकासमा सोच्दै नसोचेको सकारात्मक प्रभाव

ल्यायो । त्यसपछि जर्मनी, फ्रान्स हुँदै पछिल्लो चरणमा चीनले उच्च गतिको रेलमा जसरी फड्को मारेको छ । त्यसले २१औं शताब्दीको सुरुका दुई दशकमा फेरि रेलवे यातायात प्रणालीको केन्द्रमा आयो । त्यसअघि २०औं शताब्दीमा हवाई यातायातलाई पनि उत्तिकै महत्व दिइएको थियो । अहिले हवाई यातायात पनि निकै सस्तो भइसकेको छ ।

यातायात प्रविधि र प्रणालीहरूका सन्दर्भमा संसारको अनुभवबाट सिकेर पनि हामीले सबैभन्दा पहिला हाम्रो भूगोल, अर्थतन्त्र र हामीसँग भएका प्रविधि, स्रोतसाधन अनि भविष्यमा हाम्रो भौतिक विकासको स्वरूप कस्तो बनाउने हो भन्ने कुरालाई ध्यानमा राखेर सबैभन्दा पहिला कस्तो यातायात प्रणाली हामीलाई चाहिने हो भन्ने निचोडमा पुग्नुपर्छ । तर अहिलेसम्म व्यवस्थित हिसाबले प्रणालीगत र तार्किक हिसाबले त्यो बहस अहिलेसम्म सुरू नै भएको छैन भन्दा हुन्छ । अब अहिलेसम्म भएको के छ त भने, हाम्रो राजनीतिक तहमा, सरकारको कर्मचारीतन्त्र तहमा, योजनाको तहमा यातायातका केही आयोजनाहरू जुन रणनीतिक प्रकृतिका पनि छन्, तिनैलाई टिपेर हामी त्यसैको समष्टिगत रूपलाई यातायात पूर्वाधारका प्राथमिकता भनिँदै छ । जस्तो- चीन र भारत जोड्ने एउटा-दुइटा रेलवे, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल । र अहिले हरेक जिल्लामा भएका पुराना विमानस्थल पुनः सञ्चालनमा ल्याउने, पूर्व-पश्चिम राजमार्ग दुई लेनलाई चार लेन र चार लेनलाई ६ लेन बनाउने भन्ने कुरा पनि सुनिँदै छ । अहिले हाम्रो योजना र छलफल यिनै विषयमा सीमित छ, जसमा बिल्कुलै सही दृष्टिकोण अपनाइएको छैन ।

किनकि, सर्वप्रथम त हामीलाई उपयुक्त कुन प्रविधि र कस्तो प्रणाली भन्ने महत्वपूर्ण पाटो हो । हाम्रो सन्दर्भमा तत्काल सडक, रेल, हवाई र जल यी चार विकल्प देखिन्छन् । त्यसमा पनि जल त्यति प्राथमिकतामा पर्दैन । नदी पारवहन भनेका छौं, ठूला नदीमा पानीजहाज ल्याउने भन्ने कुरा असम्भव पनि छैन । तथापि यसको प्रभावकारिता र सान्दर्भिकता कतिसम्म हुने हो भन्ने प्राविधिक अध्ययनको पाटो हो । तर जेजति भए पनि प्रमुख रूपमा यो आउँदैन । प्रमुख रूपमा बाँकी तीन ओटा आएका छन् ।

प्राथमिकता दिनुपर्ने रेलवे

अहिलेसम्म भएको सडक र हवाई हो, रेलवेको चर्चा चलिरहेको छ । त्यसमा हामीले अब सबैभन्दा पहिले निप्ट्याउनुपर्ने कुरा राष्ट्रिय यातायात सञ्जालमा मेरूदण्डीय प्रविधि कुनलाई अपनाउने भन्ने पहिलो निर्णय गर्नुपर्छ । अहिले भइरहेको मेरूदण्डीय प्रणाली सडक यातायात हो । पूर्व-पश्चिम राजमार्ग, मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग र अहिले मदन भण्डारी लोकमार्ग प्रस्तावित छ । त्यस्तै उत्तर-दक्षिण राजमार्ग छन् । सडकका सन्दर्भमा केही निर्माण व्यवस्थापनका समस्या भए पनि पहाडी बाटो र पुलहरू पनि हामी आफैंले बनाउने क्षमता भइसकेको छ, त्यसैले, अब हामी सतह यातायातको मूल प्रविधि सडक नै हो भनेर जाने हो भने त्यसमा एउटा किसिमको निष्कर्ष निस्कन्छ । तथापि, हाम्रो जस्तो पहाडी भूभागमा सडक यातायातको गतिको सीमा हुन्छ । त्यसैले यसमा हवाई यातायात आकर्षित भइहाल्छ । यसकारण अहिले भइरहेकै प्रणालीलाई निरन्तरका दिने हो भने त्यसले एउटा किसिमको योजना तर्जुमा खोज्छ, जसमा भएकै सडकहरूलाई चौडा पार्ने, पहाडी क्षेत्रमा नयाँ बनाउने, अलिक धेरै घुम्ती वा उकालोओरालो भएका सडकमा सुरुङमार्ग पनि बनाउने र अलि टाढाको ठाउँमा आन्तरिक विमानस्थल पनि बनाउने आदि पर्दछन् ।

> रेल हाम्रै जलविद्युत् आयोजनाले चल्ने भएकाले पनि रेलको सान्दर्भिक बढी छ, जसले यसले पेट्रोलियम इन्धनप्रतिको निर्भरता घटाउँछ ।

तर यसमा नजाने, हामी अन्तर्राष्ट्रिय अनुभवबाट सिकेर पछिल्लो समयमा नयाँ आएका प्रविधिमा जाने हो भने खासगरी रेलको सान्दर्भिकता हाम्रोमा के छ भनेर हेर्नुपर्छ । दोस्रो विश्वयुद्धपछि महँगो भनेर खारेज भइसकेको थियो । द्रुत गतिको रेल बनाउने कम्पनीहरू जापानी, जर्मन, फ्रेन्चलगायतमा मात्र त्यसको लागतको तुलनामा अहिले धेरै सस्तो भइसकेको छ । तर पछिल्लो चरणमा चिनियाँहरूले जसरी बृहत् स्तरमा उच्च गतिको रेल विकास गरे लगभग ४० प्रतिशतले सस्तो बनेको छ रेल प्रणाली । त्यसै भएर थाइल्यान्ड, ब्राजिल, टर्कीदेखि धेरै विकासशील देशहरूले समेत गएको १० वर्षमा द्रुत गतिको रेल प्रणाली निर्माण सुरू गरेका छन्, कतिमा सञ्चालनमा आइसकेको छ । अब हामीले पनि प्राविधिक विकासको यो पक्षलाई ध्यानमा राखेर हाम्रोमा रेलको भूमिकालाई विश्लेषण गर्नुपर्छ । प्रथम त रेल विद्युत्बाट चल्छ । हुन त अहिले विद्युतीय सवारीसाधनको चर्चा पनि उत्तिकै छ । तर, कार पहिला होला, बस र ट्रक नै विद्युतीय चल्नका लागि हाम्रोमा केही वर्ष लाग्छ । फेरि विद्युतीय सवारीसाधन पनि ब्याट्री प्रविधिमा आधारित हुन्छ, जुन रेलभन्दा महँगो नै पर्छ । तर रेल हाम्रै जलविद्युत् आयोजनाले चल्ने भएकाले पनि रेलको सान्दर्भिक बढी छ, जसले यसले पेट्रोलियम इन्धनप्रतिको निर्भरता घटाउँछ ।

त्यस्तै हाम्रो देशमा अहिले नै राष्ट्रिय राजमार्गहरूका लागि जग्गा अधिग्रहण गर्नुपर्‍यो भने असाध्यै गाह्रो भइसकेको छ । रेलको एउटा विशेषता, सडक यातायातको तुलनामा यो त्यति नै चौडा जमिनमा यसको भारवहन क्षमता चारदेखि पाँच गुणा बढी हुन्छ । करिब १० मिटरको चौडाइमा बनाइएको रेलको डबल लाइनले करिब ८ देखि १० लेनको द्रुतमार्गबराबरको भारवहन क्षमता राख्छ । टनेल नै बनाउनुपर्दा पनि ६ वा ८ लेनको राजमार्गका लागि जति फराकिलो टनेल बनाउनुपर्छ, त्यति नै क्षमताको रेलमार्गमा जाँदा २ लेनबराबर चौडा सुरुङ बनाउँदा हुन्छ । यसले निर्माण लागत धेरै नै सस्तो पर्छ ।

हाम्रो पूर्व-पश्चिमको लम्बाइ करिब एक हजार किलोमिटर छ र काठमाडौंबाट महेन्द्रनगर वा भद्रपुर पाँचछ सय किलोमिटर पर्छ । अब त्यसमा हामीले द्रुत गतिको रेल प्रणाली अपनायौं भने कुल एक हजार पाँच सयदेखि दुई हजार किलोमिटर रेलमार्गले हामीलाई पुग्छ । त्यो भयो भने हामीलाई आन्तरिक हवाई सेवा नै चाहिँदैन । किनकि काठमाडौंबाट पोखरा, निजगढ र पोखराबाट भैरहवा द्रुत रेलमार्गले जोड्ने हो भने प्लेनमा भन्दा रेलबाट आउजाउ गर्दा चाँडै हुन्छ । त्यसैले यी कुराहरूमा पुग्न सबैभन्दा पहिले रणनीतिक तहमा हाम्रो मेरूदण्डीय प्रविधि कुन अपनाउने भन्ने निर्णय गरियो भने त्यसले राष्ट्रिय यातायात सञ्जाल प्रणाली निर्धारण

मेरो Citizens बचत खाता

७ प्रतिशत व्याजदर प्रदेशमै उपलब्ध प्रमुख विशेषताहरु

१) न्यूनतम मौज्दात रु १००/- मात्र
२) नि:शुल्क अन्तर शाखा कारोबार (ABBS)
३) नि:शुल्क सिटिजन्स स्मार्ट (मोबाईल) बैंकिङ्ग सुविधा*
४) अनलाइन कारोबार गर्न सुरक्षित प्रविधि (3-D e-com) मा नि:शुल्क दर्ता*
५) नि:शुल्क भिसा डेबिट कार्ड*
६) लकर वार्षिक शुल्कमा ५०% छुट
७) विदेशी मुद्रामा ड्राफ्ट/स्विफ्ट जारी गर्दा ५०% छुट

*शर्तहरु लागु हुनेछ ।

Citizens Fixed Deposit

१०% १० वर्ष सम्म !

- व्यक्तिगत मुद्दती खातामा सिमित अवधिको लागि ।
- निक्षेप रकमको ९०% सम्म कर्जा उपलब्ध हुने ।
- व्याजदर ०.५% थप गर्न सकिने ।

शामेन्द्र मल्ल
उप-कप्तान
नेपाल क्रिकेट टिम

Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

CORPORATE OFFICE
P.O.Box 19681, Narayanhiti Path, Kathmandu
Tel : +977- 4427842/43/24, Toll Free: 16600166667
Fax 977-01-4427044, SWIFT : CTZNNPKA

Email: info@ctznbank.com
Facebook.com/ctznbank
Visit: www.ctznbank.com
instagram.com/citizenbankofficial

हुन्छ । तर त्यो निर्णय अहिलेसम्म सरकारको परियोजना तहका नीतिमा अहिलेसम्म अलमल हो कि भन्ने देखिन्छ ।

रेल भारत र चीनसँग सीमाबाट जोड्ने मात्रै हो, हाम्रो राष्ट्रिय यातायात मेरूदण्ड बनाउने होइन भन्ने हो भने एक किसिमको रेलवे नीति हुन्छ । होइन, रेलका फाइदाहरूलाई हेर्दा हाम्रो प्रमुख यातायात प्रणालीका लागि यो सान्दर्भिक छ भनेर अघि बढ्ने हो भने अर्को किसिमको नीति आउनुपर्छ । त्यति बेला सडक यातायातलाई रेलमार्गसँगको समन्वयमा बनाउनुपर्छ, सम्भवतः सबै ठाउँमा ६-८ लेनको सडक नचाहिन सक्छ । पूर्व-पश्चिम रेलमार्गसँग समानान्तर एकपछि अर्को राजमार्ग सान्दर्भिक नहुन सक्छ अथवा तिनको रिडिजाइन गर्नुपर्ने हुन सक्छ । किनकि, रेल र सडक दुइटैले बोक्ने मान्छे उही हुन आउँछ, त्यस्तो बेला महँगो प्रविधि रेल व्यावसायिक रूपमा असफल वा सरकारको अनुदानमा चलाउनुपर्ने सेतो हात्ती हुन सक्छ ।

यद्यपि मेरो बुझाइमा रेलवेलाई मेरूदण्डीय राष्ट्रिय यातायात बनाएर जानु उपयुक्त देखिन्छ । त्यससँगै सहरी यातायातमा, खासगरी काठमाडौंमा मास ट्रान्जिटका लागि केही मेट्रो लाइनहरू नबनाई यातायात व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण हुन्छ । त्यो हाम्रो छनोटको विषय नभएर अनिवार्य बाध्यता भइसकेको छ । यसमा जति ढिला गर्छौं, त्यति जटिलता आउँछ । कहिलेकाहीँ यातायात व्यवस्थापनका लागि फ्लाइओभर बनाउने चर्चा हुने गरेको छ, जुन अत्यन्त अल्पकालीन समाधान हो । किनभने अहिले हामीसँग जति सडक सञ्जाल छ, त्यसको अवस्था हेर्दा ठूला बसले मात्र धान्न सक्दैन ।

काठमाडौंभन्दा बाहिर जनसङ्ख्याको आकार हेर्दा मास ट्रान्जिटमा गइहाल्नुपर्ने अवस्था बनेको छैन, हरियालीसहितका फराकिला सडक बनाएर सार्वजनिक बस र साइकलले नै पनि पुग्छ । सहरी विकास अथवा क्षेत्रीय विकासको अवधारणाले यातायात योजनामा भन्छ- नागरिकले लिनुपर्ने सेवा केन्द्रहरू घटाइदिएर उसले यात्रा गर्नुपर्ने आवश्यकता नै घटाइदिने । सङ्घीयताको एउटा मर्म त त्यो पनि हो कि सबैलाई काठमाडौं आउनुपर्ने बाध्यता घटाइदिनु, जसले यातायातको माग नै घटाइदिन्छ ।

अलमलमा सरकार

हुन त पहिले भरिया लगाएर नुनतेल पुऱ्याउनुपर्ने ठाउँमा अहिले धूलो उडाउँदै ट्र्याक्टर नै पुगेको भए पनि नागरिक त्यसमा खुसी हुनु स्वाभाविकै हो । तर त्यो पूर्णसूचित खुसी होइन । यद्यपि राज्यको तहबाट हेर्दा गएको ३०-४० वर्षमा जेजस्ता बाटाघाटा, पुलपुलेसा वा यातायात संरचना बने त्यो नीतिगत सफलता होइन । समयले ल्याएको स्वाभाविक परिवर्तन हो त्यो । नीतिगत रूपमा राज्यले काम सफलता हासिल गरेको हुन्थ्यो भने अहिलेसम्म हाम्रा कतिपय राष्ट्रिय गौरवका यातायात पूर्वाधार बनिसकेका हुन्थे होलान् । तर हामी मुग्लिङको ३६ किलोमिटर बाटो दुई वर्ष लगाएर पचासौं जनाको ज्यान गएर बन्दा पनि खुसी हुनुपरेको छ । हाम्रो सरकारी नीति, निर्माण व्यवस्थापन, स्रोत परिचालन, सरकारी निकायलाई प्रभावकारी रूपमा परिचालन गर्ने तहमा पछिल्ला २०-३० वर्षको अनुभव सुखद होइन, यो समयले ल्याएको परिवर्तन हो भन्ने यसले इङ्गित गर्छ ।

अहिलेको सरकारले पनि यातायातका ठूलाठूला नारा अघि सारेको भए पनि पछिल्ला सातआठ महिनामा भए गरेका कामबाट सुखद सङ्केत देखिएको छैन । राष्ट्रिय यातायात सञ्जालको प्राथमिक प्रविधि कुन हो भन्ने टुङ्गो छैन । रेलमार्ग बनाउने भनेर अर्बौं रकम विनियोजन र खर्च भइरहेको छ, त्यसका लागि कुन गेज बनाउने भन्ने अहिलेसम्म सरकारको निर्णय छैन । पूर्वपश्चिम रेलमार्ग निर्माण भइरहेको छ । तर त्यसको डिजाइन स्पिड कति हो, त्यो द्रुत गतिको हो कि हिस्दुस्तानको जस्तै छुकछुके हो भन्ने पत्तो छैन । सरकारले कम्तीमा संरचनागत तहमा वा अध्ययनकै तहमा पनि केही महत्वपूर्ण बाटो समात्नुपर्ने थियो । तर कामचलाउ शैलीमा नै सरकार अलमलिएको छ ।

नियतवश नभए पनि प्राविधिक र कानुनी सुझबुझसहित आवश्यक स्तरको गृहकार्य भएको छैन । आधुनिक विकास र आर्थिक समृद्धिका लागि हामीलाई चाहिने यातायात पूर्वाधार र सेवाले पुऱ्याउन सक्ने टेवाको सन्दर्भमा यस क्षेत्रमा सरकारको जस्तो 'पर्फमेन्स' हुनुपर्थ्यो, पछिल्लो ७-८ महिनामा त्यो आशालाग्दो छैन । यद्यपि गर्नै नसकिने भने होइन । यहाँबाट सुरू गरेर पनि राष्ट्रियस्तरको योजना तर्जुमादेखि कार्यान्वयनसम्मको चरणका सम्पूर्ण कडीहरूलाई सरकारले गम्भीरतासाथ लिए बाँकी अवधिमा राष्ट्रिय यातायात प्रणाली विकासमा पर्याप्त काम गर्न सक्छ ।

प्रस्तुति : मधुकर दाहाल

> गएको ३०-४० वर्षमा जेजस्ता बाटाघाटा, पुलपुलेसा वा यातायात संरचना बने त्यो नीतिगत सफलता होइन । समयले ल्याएको स्वाभाविक परिवर्तन हो त्यो ।

IMS Motors
accelerating the future

Head Office:
KB Plaza Building, Kamaladi, Kathmandu, Nepal
Phone: +977 1 4251545 / 4251318
Fax: +977 1 4251413, Website: www.ims-np.com

Showroom:
Naxal (Opposite to Police Headquater)
Phone: +977 1 4412055 / 9802002778
Email: info@imsmotors-np.com
https://www.facebook.com/imsmotors https://www.instagram.com/imsmotors

एभरेष्ट बैंक

- ९.५ लाख भन्दा बढी सन्तुष्ट ग्राहकहरु
- पञ्जाब नेशनल बैंकसँगको मजबुत र अन्तर्राष्ट्रिय साझेदारी
- बृहत आन्तरिक तथा बाह्य सञ्जाल
- विश्वको कुना-कुनाबाट रेमिटेन्स सुविधा

सगरमाथा

एभरेष्ट बैंक लिमिटेड

EVEREST BANK LIMITED

(A joint-Venture with punjab national bank, India)



> विकास र राजनीतिको कुरा गर्दा हामी अहिलेसम्म यसको गहिराइमा पुगेकै छैनौं । बढी राजनीतिकेन्द्रित भयौं । व्यवस्था ल्याएपछि स्वचालित किसिमले विकास भइहाल्छ भन्ने प्रक्षेपण हाम्रो रह्यो । यो भ्रम रहेछ ।

समुन्नत नेपालको न्यारेटिभ

डा. स्वर्णिम वाग्ले

हरेक दशकजसो मूलधारको विकासका मोडलमा पुनर्विचार भइरहने गरेको छ । विकास अर्थशास्त्रमा राजनीति, धर्म वा दर्शनशास्त्रमा जस्तो जडसूत्र हुँदैन । तथ्य, प्रमाण र वस्तुगत अनुभवका आधारमा 'डेभलपमेन्ट रिथिन्किङ' निरन्तर भइरहन्छ । विश्वमा ठूलाठूला परिवर्तन आएका छन्- चुनौती, प्रविधि, सामर्थ्य र सोचमा । सन् २०३० सम्मको दिगो विकास लक्ष्य (एसडीजी)को एजेन्डा आएको छ । जलवायु परिवर्तन पृथ्वीको अस्तित्वसँग नै गाँसिएको छ । यस सन्दर्भमा पाँच कोणबाट पुनर्विचारको प्रक्रिया थाल्न सकिन्छ ।

पहिलो, 'कन्टेन्ट अफ डेभलपमेन्ट' (विकासको सार) के हो ? समुन्नत र समावेशी आर्थिक वृद्धिमा कसरी मानव विकास, रोजगारी र पर्यावरणलाई सन्तुलनमा राख्ने ? दोस्रो, 'फाइनान्सिङ अफ डेभलपमेन्ट' (वित्तीय स्रोत) कहाँबाट ल्याउने ? बहुपक्षीय विदेशी अनुदानको निर्भरताबाट क्रमशः हामी अब ऋणमा आधारित निजी स्रोतहरूमा आश्रित हुँदै जानुपर्ने बाध्यता छ । इमर्जिङ चीन, भारत जस्ता देश, डायसपोरा लगानीका नयाँ कुरा छन् ।

तेस्रो, एजेन्सी अफ डेभलपमेन्ट । विकासको मियो को हुने ? केन्द्र, प्रदेश र स्थानीय सरकारबीच जिम्मेवारीको बाँडफाँट पुराना दाता र नयाँ स्रोतको सन्तुलन निजीक्षेत्र, समुदाय र नागरिकका भूमिका । विकासमा बहुआयाम छ, फरकफरक कर्ताहरूबीच समन्वय कसले र कसरी गर्ने ?

चौथो, लोकेसन अफ डेभलपमेन्ट । विकास भनेको ठाउँको हो कि व्यक्तिको ? यो दार्शनिक प्रश्न छ । नेपाल गाउँ नै गाउँको देश हो, १० जनामा नौ जना गाउँमा बस्छन् भनेर अस्तिसम्म पढ्दै थियौं । तर आज ६० प्रतिशत जनता नगरपालिकामा बसेका छन् । सहरीकरण तीव्र छ । कृषिमा दुईतिहाइ जनता आबद्ध छन् । तर राष्ट्रिय उत्पादनमा यसको अंश २७ प्रतिशतमा झरिसक्यो । सामाजिक मूल्य चुकाएर भए पनि आप्रवासनले गर्दा मान्छे त बनिरहेका छन् । तर ठाउँ बनेका छैनन् ।

पाँचौ, विकासको वैधता । भौतिक नतिजा त तानाशाहले पनि दिन्छ । तर मान्छेको मौलिक

स्वतन्त्रता, सामूहिक निर्णय प्रक्रियाले ल्याउने सद्भावसहितको समतामूलक समाज निर्माण हुने विकास प्रक्रिया अपनाउनुपर्नेछ ।

आवश्यक स्पष्टता

नेपालको आगामी १२/१५ वर्षको विकासको खाका कोर्दै गर्दा केही कुरामा स्पष्टता आवश्यक छ । अहिले नेपाली अर्थतन्त्र र समाजमा गइरहेका भुइँचालाहरू केके हुन् ? समाज र अर्थतन्त्रलाई के चिजले हल्लाइरहेका छन् ? अहिलेको हाम्रो न्यारेटिभ के हो ?

पहिलो त जनसाङ्ख्यिक बनोट (डेमोग्राफी) नै हो । नेपाल र अफ्रिकाका केही मुलुकमा तरूण जनसङ्ख्या छ । विकसित राष्ट्रहरू प्रौढ समाजमा परिणत भइसके । डेमोग्राफीको नयाँ फोहराले द्वन्द्वलाई मलजल गऱ्यो र हामी 'रेमिटेन्स इकोनोमी' बन्यौं । मिडियन उमेर अहिले २४ वर्षको छ । हामी २०५४ पछि मात्र प्रौढ समाज बन्छौं । डायस्पोराको धन पनि बढिरहेको छ । गाउँमा पुरूष नहुँदा महिलामा अर्थतन्त्र केन्द्रित भएको छ । तराईमा यन्त्रीकरण त भएको छ, तर अपरिपक्व ।

जनसङ्ख्याको नयाँ स्वरूपले बसाइँ सराइलाई पनि व्यापक बनाइदियो । २१ जिल्लामा द्रुत गतिमा निर्जनीकरण भइरहेको छ । डेमोग्राफी र बसाइँ सराइले कृषिको हिस्सा अर्थतन्त्रमा घटिरहेको छ । टिपिकल होइन 'एटिपिकल' संरचनागत रूपान्तरणमा हामी गएका छौं, जुन बीसौं शताब्दीको विश्व अनुभवभन्दा पृथक् छ । कृषिबाट मान्छे बाहिर आउँथे, उद्योगले त्यसलाई टिप्थ्यो । अर्थतन्त्र परिपक्व हुँदै गएपछि सेवा क्षेत्र उन्नत बन्थ्यो । अहिले कृषिबाट मानिस बाहिर निस्कन थाले । तर उद्योग खुम्चिएको छ । सोझै निम्नस्तरीय सेवा क्षेत्रमा प्रवेश गरेका छन् । उत्पादनमूलक उद्योगको योगदान कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा ६ प्रतिशत मात्र छ । सीधै सेवा क्षेत्रमा गइयो तर अर्थतन्त्र परिपक्व भइसकेको छैन ।

सरकारको नीति र लगानी अनि रेमिट्यान्सले कनेक्टिभिटी व्यापक बढेको छ । बहुदल आउँदा मुलुकमा ७१ हजार ५ सय ६० ओटा मात्र फोन थिए । अहिले तीन करोड सेलफोन छन् । भौतिक विकास हेर्ने हो भने बाटो ८३ हजार किलोमिटर पुगेको छ । तर सबै हामीले खोजे जस्तो गुणस्तरको छैन । ३५ हजार किलोमिटर सडकमा कालोपत्रे वा ग्राभेल छ । डोजरे विकासले विनाश पनि ल्याएको छ । तर कनेक्टिभिटीले बजारसम्मको पहुँच र लागत घटाउन सहयोग पुऱ्याएको छ । अहिले अर्को ठूलो फड्को शासकीय शैलीमा आएको छ– २ सय ५० वर्षको एकात्मकताबाट हामी सङ्घात्मक राज्यमा गएका छौं ।

अर्थतन्त्रको 'टेल-विन्ट'

हवाइजहाजमा हावाले धकेल्यो भने टेल-विन्डका कारण गन्तव्यमा छिटो पुग्न सकिन्छ । आजको अर्थतन्त्रलाई अघि बढाउनका लागि कुन तत्त्व टेल-विन्डको रूपमा छ त ? एउटा डिजिटलाइजेसन । यसले ई-गभर्नेन्समार्फत भ्रष्टाचारमुक्त सेवा प्रवाहमा चुस्तता ल्याउँछ । भूपरिवेष्ठित राष्ट्रमा सूचना प्रविधिले ठूलो अवसर ल्याएको छ । व्यापारका मोडलहरू परिवर्तन भएका छन् । डिजिटलाइजेसनले भ्यालु चेनको सम्भावना अगाडि ल्याएको छ । वित्तीय समावेशितामा पनि डिजिटलाइजेसन र आईसीटीले ठूलो योगदान दिन सक्छ ।

दोस्रो- पानी र स्वच्छ ऊर्जा, जसमा थप व्याख्या आवश्यक रहेन । तेस्रो, पर्यटनसँग गासिएको आकर्षक भूगोल र ल्यान्डस्केप विविधता । चौथो, विश्व आर्थिक ग्राभिटीको केन्द्रबिन्दु नेपालतिर सोझिनु ।

ली क्वान यू स्कुल अफ पब्लिक पोलिसीका डिनले देखाएका छन्- सन् १९५० अर्थात् ५० वर्षअघि उक्त केन्द्रबिन्दु एटलान्टिक महासागरको मध्यतिर थियो, अब सन् २०५० मा भारत र चीनको बीचमा हाम्रै हिमालयमा आएर बस्दै छ । बजार, पर्यटन र लगानीका लागि यो अवसर हो । अन्त्यमा, विश्वमा नेपालको ब्रान्ड नाम अझै माथि छ । हामीप्रति सहानुभूति छ । अहिले उत्पादन गर्न सक्ने हो भने क्षमता भइदिएको भए अन्तरराष्ट्रिय बजार अनुकूल छ ।

विकासको साध्य समुन्नतिको सिर्जना, वितरण र दिगोपन हो भने साधन वा औजार के हुन् त ? योजना आयोगमा परम्परागत दस्तावेज बनाइन्छ, जहाँ क्षेत्रगत वर्णन बढी हुन्छः कृषि, खानेपानी, उद्योग आदिका छुट्टै अध्याय । क्षेत्रक्षेत्रको चर्चाभन्दा विषयगत ढाँचा बढी उपयोगी छ भन्ने मलाइ लाग्छ ।

पहिलो मुद्दा हो- उत्पादकत्वमा वृद्धि । मान्छे कृषिमै बसे हुन्छ । तर उत्पादकत्व बढाउनुपऱ्यो । ल्याटिन अमेरिकाको चिलीले गरेर देखायो । पहिला माछा बेच्थ्यो, अहिले त्यसलाई प्रोसेस गरेर सामान प्याकिङ गरेर उच्च मूल्यमा बेच्न थाल्यो । पहिला अङ्गुर टिप्थ्यो, अहिले अङ्गुरलाई वाइन बनाएर विश्वबजारमा बेच्छ । कृषिक्षेत्रबाट उद्योग, उद्योगबाट सेवामा जाने भन्ने प्रवृत्तिमा बदलाव आएको छ । कृषि, उद्योग, सेवा जहाँ बसे पनि उच्च उत्पादकत्वमा जानुपऱ्यो ।

दोस्रो, औपचारिकीकरणतिर जानुपऱ्यो । यसले करको आधार बढ्छ, राज्य दह्रो हुन्छ । तर अझ महत्त्वपूर्ण, यसमा सामाजिक सुरक्षाको सवाल जोडिन्छ । औपचारिक जागिर छ भने उसले तलबअनुसार कर तिर्ला, पेन्सन पाउला, उपदान पाउला, बिरामी परे उपचार होला । अहिले नेपालमा सयकडा पाँच प्रतिशत मात्र औपचारिक क्षेत्रमा छन् । यसलाई पाँचबाट ५० पुऱ्याउनुपऱ्यो । जेजे

> हवाइजहाजमा हावाले धकेल्यो भने टेल-विन्डका कारण गन्तव्यमा छिटो पुग्न सकिन्छ । आजको अर्थतन्त्रलाई अघि बढाउनका लागि कुन तत्व टेल-विन्डको रुपमा छ त ?

गर्दा औपचारिकता बढ्छ, त्यो गर्नुपर्‍यो ।

तेस्रो, ग्रिनर अर्बनाइजेसनको कुरा छ । अब हरित सहरीकरणतिर जानुपर्‍यो । विद्युतीय सवारी साधन बढाउनुपर्‍यो, जैविक इन्धनप्रति परनिर्भरता घट्नुपर्‍यो । पहिला बाटो नै सुधारौं । भन्सार विधिमा पुनरवलोकन गरौं । राति चार्ज गरे फ्री भनेर भन्दिऊँ । सहरलाई पनि व्यवस्थित गर्दै, डिजिटल नेटवर्कको एकीकृत योजना बनाउने कुरा अघि बढाउनुपर्‍यो ।

